मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राम्वी

संचेतना द्वैमासिक

पूर्णाङ्क ५७-५८
जेठ ०६३

प्रतिनिधिसभाको घोषणा-२०६३

५. राजदरबार सम्बन्धमा

५.१ राजगद्दी उत्तराधिकारसम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ।

५.२ श्री ५ का खर्च र सुविधा प्रतिनिधिसभाको निर्णयबमोजिम हुनेछ।

५.३ श्री ५ को निजी सम्पत्ति र अलमालि कानूनबमोजिम कर लाग्नेछ।

५.४ श्री ५ बाट भए गरेका कामहरूका बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ।

५.५ विद्यमान राजप्रासाद सेवालाई निजामति सेवाको अंग बनाइनेछ।

५.६ राजदरबारको सुरक्षा पूर्णरूपले सशस्त्रप्रहरी व्यवस्था गरेबमोजिम हुनेछ।

जनसम्प्रभुताको घोषणा

जनआन्दोलन २०६२/०६३ को १९ दिने निर्णायक चरण
मानवअधिकार उल्लंघन सम्बन्धी विवरण

Jana Andolan-II
A Witness Account

Edited By *Kundan Aryal* ● *Upendra Kumar Poudel*

बजारमा उपलब्ध छ ।

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष १४, पूर्णाङ्क ५७-५८, जेठ २०६३

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
योगीश खरेल

आवरण ले-आउट
गोविन्द प्रसाद त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा इन्सेक
सूचना विभाग

व्यवस्थापन
शैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.insec.org.np
www.inseconline.org

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं, फोन : ४७७१४४८

८ जनसम्प्रभुताको घोषणा

- अधिकार अनुगमन १९
- गैसस अभियान : सर्वसत्तावाद विरुद्धको संघर्ष २६
- टिप्पणी : शान्ति प्रक्रियाका पुर्वाधारहरूको निर्माण ३७
- अध्ययन : व्यक्तिक स्वतन्त्रता ४३
- टिप्पणी : महिला अधिकार संरक्षण ४७
- अन्तर्राष्ट्रिय संयन्त्र ५०
- अनुभूति यथार्थ : जनआन्दोलन पर्यवेक्षणका १९ दिन.... ५३
- बहस : लोकतन्त्र र जनताका सवालहरू ५६

नियमित स्तम्भहरू

- यथावत २
- कार्टून २
- इतिहासको पानाबाट ४
- पाठक-पत्र ४
- सामयिक ५
- अवतरण ७
- समय सन्दर्भ १६
- जिल्ला ५९
- मानवअधिकार संस्कृति ६२
- पुस्तक परिचय ६४
- लघुकथा ६५
- कविता ६५
- मानवअधिकार सामान्य ज्ञान ६६
- अन्तर्वार्ता ६७

यथावत

"हामी शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धाद्वारा नै नेपाललाई नयाँ युगमा प्रवेश गराउन चाहिराखेका छौं। तर अमेरिकाले धम्की दिए जसरी शाही सेनाका कमाण्डरले फेरि षड्यन्त्र गर्ने हो भने हामी अन्तिम समयसम्म युद्ध गर्ने तयारीमा छौं। अमेरिकाको दबाब र धम्कीका अगाडि झुक्ने पक्षमा हामी छैनौ।"

प्रचण्ड
अध्यक्ष, नेकपा (माओवादी)
नेपाल, अंक ४०, २०६३

"माओवादीहरूले हत्या, हिंसा र हतियार पूर्ण रूपले त्यागेर दिगो शान्तिका लागि अग्रसर भए भने उनीहरूको क्षमता र योग्यताको आधारमा शाही नेपाली सेनामा समाहित गराउन सकिन्छ।"

प्यारजंग थापा, प्रधान सेनापति
सीएनएन, १२ वैशाख २०६३

"सेनालाई भर्तीका दिनदेखि नै राजा र दरबारप्रति उत्तरदायी बनाउने पाठ सिकाइन्छ । अब सेनाको मानसिकता परिवर्तन गर्दा लोकतन्त्र र जनताको पक्षमा गर्नुपर्छ। सेनालाई लोकतन्त्र र जनताका पक्षमा प्रशीक्षण दिन तत्कालै योजनाबद्ध ढंगबाट काम सुरु गर्नुपर्छ। र, राजसंस्थालाई पनि दलले प्रस्ट रुपमा यो घोषणा जनताको 'म्यान्डेट' भएकाले यसलाई पालना गर्न भन्नुपर्छ।"

अर्जुन कार्की
नेपाल साप्ताहिक, वर्ष ६, अङ्क ४३, २०६३

"शक्ति बन्दुकको नालबाट निस्कन्छ" भन्ने उक्तिलाई माओवादीहरूले मूलमन्त्र बनाइरहँदासम्म सैनिकीकरणको त्रासदीबाट मुलुकलाई मुक्त गर्न सकिँदैन। अन्तत सबैखाले अतिवादहरूको प्रभावकारी विकल्प दलीय अभ्यासमै खोज्नुपर्ने हुन्छ। दलका नेताहरूको हुर्मत लिएर लोकतन्त्र संस्थागत हुन सक्दैन।"

सिके लाल
हिमाल पाक्षिक, पूर्णाङ्क १७१, २०६३

कार्टून



बुधबार साप्ताहिक
वर्ष ११, अंक २७,
२०६३ जेठ १७ गते

सातदलद्वारा आह्वान गरिएको जनआन्दोलनले पहिलो चरणको सफलता प्राप्त गरेको छ। वास्तविक सफलता त्यतिखेर प्राप्त भएको ठहरिनेछ जब नेपाली जनताले निर्भयतापूर्वक लोकतन्त्रको अभ्यास गर्न पाउने छन्। सशस्त्र नेकपा (माओवादी) र सात राजनीतिक दलहरूबीचको १२ बुँदे समझदारीको भूतलमा सम्पन्न आन्दोलनको प्रतिफलस्वरूप प्रतिनिधिसभा पुनर्स्थापित भएको छ। यसबाट स्पष्ट भएको छ- दमन र राज्य आतंकको भरमा जनसमर्थन प्राप्त गर्न सकिँदैन।

संक्रमणकालीन अवस्थामा रहेको मुलुक - एउटा स्पष्ट गन्तव्यको खोजमा छ। त्यो गन्तव्यको रेखा कोर्ने अभिभारा भने निसन्देह सात राजनीतिक दलहरूलाई जनताले सुम्पिएका छन्। यद्यपी राजनीतिकदलहरूको विगत निष्कलङ्कित र विवादरहित भने छैन। त्यसैकारण सशंकित औ उत्तिकै चनाखो भएर उनीहरूका गतिविधिलाई ध्यान दिएर खबरदारी गर्दैछन्।

राजनीतिक दलहरू, अझ खासगरी नेपाली कांग्रेस र नेकपा (एमाले) को मात्र होइन दश वर्ष अघि हतियार उठाउने नेकपा (माओवादी)को समेत अग्नी परीक्षाको थालनी भएको छ। माओवादीको हतियार अब कुनै पनि हालतमा उठ्न हुन्न भन्ने जनभावनाको बेवास्ता किमार्थ सह्य नहुने कुरो पनि प्रखरताकासाथ मुखरित भएको छ।

जनउत्तरदायित्व, देशभक्ति र लोकतन्त्रप्रतिको तिनको निष्ठाको कठीनतम परीक्षाको घडी यही संक्रमण काल नै हो। तिनका अघिल्तिर चुनौतीका विशाल श्रृङ्खला छन्। तिनलाई सहजतासाथ पार गर्न सम्पूर्ण नेपालीको सहयोगको आवश्यकत त पर्छ नै। त्यसको लागि जनताको विश्वास जित्ने वातावरण तयार गर्न नागरिक समाजको भूमिका उत्तिकै आवश्यक पर्दछ। त्यसका लागि मानवअधिकार समुदाय आफ्नो कर्तव्य सम्झेर सम्पूर्ण उर्जा खर्चिन तम्तयार छ। तर सबै पक्षले मानवअधिकारको पूर्ण पालनाको प्रत्याभूति भने गर्नै पर्दछ।

अन्त्यमा प्राचीकै बारेमा,

विभिन्न कारणवश प्राचीको यो अङ्क संयुक्तरूपमा प्रकाशित भएको छ। यसबाट पर्न गएको असुविधाको लागि प्राची परिवार क्षमायाचना गर्दछ।

उत्सर्गको गाथा

त्याग र बलिदानको गाथा थुलोमा पुरिनु नपर्ने हो। यो राष्ट्रको, जनताको र बलिदान पोखिएको यो माटोको किन अपमान हुन खोजिरहेछ ? यही बिडम्बनापूर्ण प्रश्नको जवाफ खोज्न हामी आतुरता प्रस्तुत गरिरहेछौं। निरंकुशतावादीहरूको निर्मम दमन र हिंसक हमलाबाट बगेको आन्दोलनकारी जनताको रक्तधारा यति छिट्टै मूल्यहिन बन्नु नपर्ने हो। घाइतेहरू अहिले पनि खाटा बस्नै नसकेका मानसिक र शारीरिक घाउहरू लिएर बाँच्न विवश छन्। काख रित्तिएका र सिउँदो पुछिएकाहरू सिर्फ रित्ता सम्झनाहरूलाई कोतरी रहेका छन्। उनीहरूको अब न कहिलै काख भरिने छ न सिउँदो पुरिने छ। जीवन पर्यन्त घोची रहने र पोली रहने यी घाउहरूमा समयले मलहमको सट्टा नुन खोर्सानी हालिरहेको छ किन ??

यही वर्तमानको पीडा र विडम्बनाको जगबाट उठेको प्रश्नको मोहोरीलाई लिएर ०४६ सालको जनआन्दोलनमा सरिक विभिन्न क्षेत्रका महानुभावहरूसँग यस पटक प्राची पुग्यो। कोही पनि सन्तुष्ट छैन- वर्तमानसँग। वर्तमानको विसगत वातावरणसँग। आन्दोलनका उपलब्धीहरू केवल सत्ता स्वार्थमा अनुवाद भएका छन्। यस कुरामा अधिकांश सबैले असहमति प्रकट गरे। हामी पनि असहमति प्रकट गर्छौं। यसो हुनु हुँदैन भन्दै खबरदारी जनाउन प्राचीको प्रस्तुत अंक कति सफल भयो कति असफल भयो- हामी भन्न सक्दैनौं।

हामी तपाईहरूसँगै छौं र तपाईहरूकै मन भावनालाई मूर्त रूप दिन प्रयत्नरत छौं। तपाई हामी सबैको मनमा उब्जिइरहेको साझा अभिव्यक्ति यही हैन र ? जनआन्दोलनले स्थापित गरेका आदर्शको आगोलाई सुरक्षा गरौं, जोगाऔं। बलिदानको यो विरासतलाई प्रजातन्त्र स्थापनाको निम्ति भएको उत्सर्गको गाथालाई पुस्तौंपुस्ता हस्तान्तरण गर्दै जाऔं। प्राचीको यो अंक बलिदानका तिनै नायक नायिकाहरूमा सादर समर्पित छ।

(प्राची द्वैमासिक, वर्ष ५, पूर्णाङ्क २२, ०५४/५५)

पाठक-पत्र

श्रीमान् सम्पादकज्यू,
प्राची संचेतना द्वैमासिक

प्राचीको अङ्क ५६ पढ्ने अवसर मिल्यो। मानवअधिकार सम्बन्धी विविध ज्ञान हासिलका निम्ति यो पत्रिका विगत पाँच वर्षदेखि नियमित पढ्दै आइरहेको छु। पत्रिकाले उठाएका सवालहरू महत्वपूर्ण हुने गर्दछ। त्यही भएर पनि प्राची नपढी मनले मान्दैन।

अङ्क ५६ को पृष्ठ ५६ मा प्रकाशित "सम्भारको प्रतिक्षामा धादिङ्ग जेल" भन्ने शीर्षकमा छापिएको रुपक मैले लेखेको हो। तर लेखकको नाम सीताराम अधिकारी छापिएकोमा मलाई दुःख लागेको छ। रेडियो श्रोता क्लबका सदस्यहरूले लेखेको लेख छाप्न नमिल्ने भएर हो वा अन्य कुनै कारणले गर्दा त्यसो भएको हो, जवाफ आगामी अङ्कमा पढ्न पाउने अपेक्षा गरेको छु।

केशव अधिकारी
रिलेक नेपाल (हाल धादिङवेसी)

(गल्ती औंल्याइदिनु भएकोमा कृतज्ञ छौं। यसै अङ्कमा भूल सुधार पनि प्रकाशित छ। कुनै संस्था विषेशको सदस्य भएकै कारणले कसैको लेख रचना नछाप्ने भन्ने प्रश्नै उठ्दैन। त्यस्तो छेकबार हुनु पनि हुँदैन। प्राचीलाई सुहाँउदो लेख रचनाको जहिले पनि स्वागत छ। स)

सरकार-माओवादी शान्ति प्रक्रियामा सहमतिका आधारहरू

सुबोधराज प्याकुरेल

०६३ वैशाख ११ गतेको राजाको घोषणाले मुलुकमा कुलीन सामन्तवादको पराजयको सन्देश दियो। सात दल र माओवादी बीच ०६२ मंसिर ७ गते भएको १२ बुँदे समझदारीले शान्तिका आधारको रुपमा बुँदा ४ मा भविष्यमा अपनाइने राजनीतिक प्रणाली र नागरिक अधिकारको बारेमा जनतामा व्याप्त चिन्तालाई सम्बोधन गरेको थियो। बुँदा १२ ले सम्वादद्वारा समाधान गर्ने सिद्धान्तप्रतिको वचनबद्धता पनि लिपिबद्ध गऱ्यो। यसपछि जनआन्दोलन अजेय यात्रामा अगाडि बढ्यो।

दश वर्षको जनयुद्ध, आपसी घृणा र शत्रुवत व्यवहारको दशकको रूपमा बित्यो। माओवादीले हतियार र युद्ध बाहेक जोगिने उपाय नरहेको निष्कर्ष खिचेको थियो। जनता जोगाउनका लागि माओवादी मार्ने भनेर लागि परेको सरकार दरबार र सेनाको चेपुवामा परेर लथालिङ्ग भएको अनुभव नेपाली जनताले विगत तीन वर्षदेखि गरिरहेका थिए।

अहिले पुनर्स्थापित प्रतिनिधि सभा छ। जनआन्दोलनको प्रतिनिधित्व गर्छु भन्नेहरूको सरकार पनि छ।

नेपाल अधिराज्यको संविधान-२०४७ मऱ्यो कि प्रतिनिधिसभासँगै ब्युँझियो अझै टुङ्गो छैन। पुरानै दमनकारी अत्याचारी र भ्रष्टाचारमा मुछिएकाहरू पनि फेरि सांसद भएका छन्। प्रतिनिधिसभाले युगान्तकारी घोषणा र निर्णयहरू गरेको छ। जनताले राजनीतिक रूपमा सम्प्रभुसत्ता स्थापना गरेका छन्। तर, त्यसलाई कानुनी सम्प्रभुसत्तामा बदल्न बाँकी छ। सुरक्षा, प्रशासन र न्यायालयलाई अक्षरमा, दफाहरूमा प्रष्ट्याएर तर्जुमा गरिएको कानुन चाहिन्छ। त्यो कानुन राजनीतिक सम्प्रभुसत्ता र राजकीय सत्ताको मातहतकै हुन्छ। तर किटानी हुनै पर्छ अमूक कार्य गर्न पाइन्न, गरेमा अपराध ठहरिन्छ भनेर पुग्दैन। कुन कानुन अन्तर्गत गर्न पाइन्न र गरेमा कुन कानुनको कुन दफा अनुसारको के सजाय हुने हो, किटानी चाहिन्छ। नत्र सुरक्षा, प्रशासन र न्यायालय सबैले आफूखशी अर्थ लगाउँदा अराजकता हुन्छ। प्रतिनिधिसभाले नेपाल अधिराज्यको संविधान-२०४७ लाई विस्थापन गरेको छैन। अर्थात् संसद भन्नाले प्रतिनिधिसभा, राष्ट्रिय सभा र श्री ५ बुझिन्छ भन्ने कानुनी परिभषा ज्यूँका त्युँ छ। संसदको विशेष अधिकार हुन्छ र त्यसमा अदालतले हस्तक्षेप गर्न पाउँदैन भन्ने ठालुहरूले बुझ्नु पर्ने हो कि यस्तो ठुलो तर्क सर्वोच्च अदालत र राजनीतिक मुद्दाहरूमा लागू हुन्छ। गरिब, निम्छराको मुद्दा चल्ने जिल्लाअदालत, पुनरावेदन अदालत र स्थानीय प्रशासनमा यो तर्क चल्दैन।

माओवादी र सरकार बीच युद्धविराम आचार संहितामा पनि सहमती भइसक्यो। मानवअधिकार समुदायले राज्यले अनुमोदन गर्न बाँकी ९ वटा अन्तर्राष्ट्रिय मानवअधिकार, मानवीय कानुन र अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विधानलाई अनुमोदन गर्नुस् र आचार संहितामा राज्यपक्ष भएका ती अन्तर्राष्ट्रिय मानवअधिकार, मानवीय कानुनलाई दुवै पक्षले जुनसुकै परिस्थितिमा पनि परिपालना गर्नेछन् भनेर उल्लेख गरिदिनुस् भनेर बारम्बार अनुरोध गऱ्यो। तर सुनुवाई भएन। हिजोका दिनमा आफैले खानुसम्म हण्डर खाएको विषयमा पनि नचेल्ने पुनर्स्थापित सांसद र मन्त्री, प्रधानमन्त्रीप्रति जनताले विश्वास गर्ने आधार यस्तै व्यवहारकाकारण खस्कँदै गएको छ।

अहिले सात दल र माओवादी बीचको समझदारी आ-आफ्नो कार्यक्रम र राजनीतिक लक्ष्यमा भएको होइन। सबै पक्षले प्रणालीका रूपमा बहुदल, मानवअधिकार र जनताको शान्तिपूर्वक जीवनयापनका सन्दर्भमा आवश्यक पर्ने मौलिक अधिकारहरूमा आफ्नो सहमति जनाएका हुन्। जनतालाई त्यति भए पुग्छ। नेताहरू साम्यवाद, समाजवाद, जनताको बहुदलीय जनवाद जे जे भनेर आऊन् तर भन्न र प्रचार गर्न आऊन्। मार्न, भकुर्न र जबरजस्ती गर्न गाउँ बस्तीमा नआऊन्। एकले अर्कोलाई रोक्न, छेक्न पनि नआऊन्। जनताले चाहेको यति मात्र हो ।

तत्काल माओवादी र सरकारका बीचमा देखिएको मनमुटाव र अविश्वासलाई कम गर्न तथा जनतामा बढ्दै गएको निरासालाई सम्बोधन गर्न निम्न प्रक्रिया अपनाउनु उपयुक्त देखिन्छ:

१. अन्तरिम शासन विधान जारी गरी ०४७ को संविधानलाई विस्थापन गर्नु पर्छ। अन्तरिम शासन विधानले प्रतिनिधिसभाको सबै घोषणालाई कानुनी स्वरुप दिनेछ र माओवादीको प्रस्तावनाहरूमा सहमति भएमा लागू गर्न सकिने गरी ढोका खोल्ने छ।

२. केन्द्रीय निर्देशन समिति निर्माण गरी माओवादी सहितका आठ पार्टीका शीर्षस्थ नेताहरूको संलग्नतामा यो समिति परिचालित हुनेछ। सम्पूर्ण राजनीतिक निर्णयहरू यो समितिले गर्ने छ। मन्त्रिपरिषद् र प्रतिनिधिसभाले समितिको निर्णयलाई औपचारिक र कार्यविधि सम्मत् बनाउने काम गर्नेछन्।

३. संविधानसभा व्यवस्थापन आयोग बनाइने छ। यो आयोगको गठन समावेशी हुनेछ। यसले संविधानसभाको निर्वाचन क्षेत्र, समानान्तर र आरक्षित निर्वाचन क्षेत्र लगायत निर्वाचन विधिका बारेमा व्यापक जनबहस चलाउने छ। यसको सुझाव अनुसार निर्वाचन सम्पन्न गर्न प्राविधिक र प्रशासनिक काम निर्वाचन आयोगले गर्नेछ।

४. माओवादी जनसेना र सरकारी सेना व्यारेकमा रहने छन्। कम्ब्याट ड्रेस र हतियार सहित बाहिर निस्कने छैनन्। दुवै सेनाको व्यारेकमा रहेका जनशक्ति एवम् हातहतियारको परिमाण र प्रकारका बारेमा जनतालाई सुसूचित गरिने छ।

५. राज्यले नियमित रूपमा आर्थिक सहयोग वा भरणपोषण गर्नुपर्ने माओवादी सेनाहरूलाई मासिक भत्ता स्वरुप बैंकहरू मार्फत् भत्ता प्रदान गरिने छ। र यो पारदर्शी हुनेछ। पार्टीलाई एकमुष्ट रकम दिइने छैन।

६. विदेशमा बस्ने र विस्थापित नेपालीहरूले हुलाकद्वारा राजदूतावास मार्फत् र अन्य उपायद्वारा संविधानसभामा मतदान गर्ने प्रबन्ध मिलाइने छ।

७. दुवै सेनाको अनुगमन राष्ट्रिय स्तरका मानवअधिकार संस्थाहरूको सहयोग र संलग्नतामा संयुक्त राष्ट्र संघले गर्ने छ।

८. शान्ति वार्ताकाल भरि मानवअधिकार समुदायसँग निरन्तर सम्पर्क र सल्लाह दुवै पक्षले प्राप्त गर्न सक्ने गरी संरचनात्मक प्रबन्ध गरिने छ।

९. दुवै पक्षको संयुक्त उजुरी केन्द्र स्थापना गरिने छ। प्राप्त उजुरी र त्यस उपरको कारवाहीलाई उजुरीकर्ताले नै रोकेकोमा बाहेक सार्वजनिक गरिने छ।

१०. जनयुद्ध सुरू भएयता भएका सबै गम्भीर प्रकृतिका घटनाहरूको भरपर्दो छानवीन गर्न आयोगको निर्माण गरिने छ। दण्डहीनतालाई छुटकारा दिइने छैन। अपराध र अपराधीको किटानी पहिचान गरिने छ।

११. बेपत्ता पारिएको, ज्यान मारेको, जबरजस्ती विस्थापनमा पारेको र दुर्दान्त यातना दिएको जस्ता गम्भीर अपराधलाई अन्तर्राष्ट्रिय प्रचलन र छानवीन प्रक्रिया अनुरूप भूतलक्षी कानुन बनाएर भए पनि कारवाही गरिने छ।

१२. अपराध स्थापित भएका वा अपराध कबोल्नेलाई क्षमा दिने अधिकार पीडित वा उनको अनुपस्थितिमा पीडितका परिवारलाई मात्र रहन्छ भन्ने कुराको ग्यारेन्टी गरिने छ। यसका लागि सत्य तथा समायोजन आयोगको निर्माण गरिने छ।

अरू पनि थुप्रै कुराहरू छन्। आम रूपमा यी विषयमा केन्द्रित भएर दुवै पक्षले प्रयास गरेमा विश्वासको वातावरण निर्माण गर्न सजिलो हुनेछ। दुवै पक्षले हरेक विषयमा व्यापक जनबहस होस् भन्ने चाहना राख्नु पर्छ।

माओवादी र सात राजनीतिक दलबीचको समझदारी-पत्र

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो। त्यसका निम्ति प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं। निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ। त्यसैले निरंकुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरूले निरंकुश राजतन्त्रका विरुद्ध आ–आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी भएको छ ।

२. आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिबद्ध छन्। आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा.(माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीचमा सम्वाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ। त्यसैले हामी निरंकुश र जतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरि वेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ। वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, कानुनी राज्यको अवधारणा, मौलिक हक आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा.(माओवादी) ले आफ्नो प्रतिबद्धता प्रस्टताका साथ संस्थागत ढंगले सार्वजनिक गर्दै तदनुरुप आफ्ना गतिविधिहरु अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

५. ने.क.पा.(माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरुको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरुलाई निर्बाध ढंगले राजनैतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

६. विगतका गल्ती कमजोरीहरुको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा.(माओवादी) ले प्रतिबद्धता व्यक्त गरेको छ।

७. सात राजनीतिक दलहरुले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्यमान्यताहरुलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ।

९. जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ–आफ्नो ढंगले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आह्वान गरि एको छ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरु नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरु पूर्ण रुपले प्रतिबद्ध छौं। शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरुसंग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरु खासगरी भारत र चीनसंग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो। परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन र देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरुले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरुको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरु र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौं।

११. लोकतन्त्र शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा संचालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय संघ–संगठनहरु सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजीवीहरु र आम नेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौं ।

१२. विगतमा दलहरुबीच भएका अनुपयुक्त व्यवहारहरुको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानविनको माग गरेका घटनाहरुको सम्बन्धमा छानविन गर्ने र दोषी पाइएमा दोषीलाई कार्वाही गरी सार्वजनिक रुपमा जानकारी गराउने साझा प्रतिबद्धता व्यक्त भएको छ। अब उपरान्त दलहरुबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर सम्वादको माध्यमबाट समस्याहरुको समाधान गर्ने समझदारी भएको छ ।

मिति : २०६२ मंसिर ७ गते

अवतरण

हामीले बिताएको एक वर्ष

कुन्दन अर्याल

अमेरिकी सिनेटर पेट्रिक लेहीले ०६२ माघ १९ गते गत एक वर्षको अवधिमा नेपालमा शान्ति स्थापना प्रक्रियालाई अझ कठिन तुल्याइएको विश्लेषण अघि सारे। उनले बितेको एक वर्षलाई नेपाल र नेपालीका निम्ति खेर गएको समयका रूपमा चित्रित गरेका छन्। डेमोक्र्याटिक पार्टीका लेहीले सात समुन्द्र पारीबाट पनि हाम्रो अवस्थाको सटिक चित्रण गरे। तर एक वर्ष बित्दा नबित्दै प्रष्ट भएको अर्को तथ्य के छ भने बितेको एक वर्षको समय नेपालमा ठूलो आँधी आउनु अघिको सन्नाटाको समय थियो।

राजाले सारा अधिकार आफ्नो हातमा लिएपछिको एक वर्ष नेपालले हरेक क्षेत्रमा अधोगति बेहोर्नु परेको छ। बितेको एक वर्षमा शाही सरकारले मानवअधिकार र शान्ति प्रयासका विरूद्ध जाईलाग्न कुनै उपाय बाँकी राखेको छैन। तर ०६१ साल माघ १९ गतेदेखि ०६२ साल माघ १९ सम्म आइपुग्दा नपुग्दै सबै वर्ग र तहका आम नेपाली राजाको शासनका विरूद्ध खुलेर मैदानमा ओर्लिएका छन्।

राजधानीमा ०६२ माघ ७ गते सात राजनीतिक पार्टीहरूद्वारा वृहत् जनप्रर्दशन गर्ने घोषणा गरिएपछि राजाको सरकारले व्यापक धरपकड शुरू गऱ्यो। नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल र त्यही पार्टीका स्थायी कमिटी सदस्य भरतमोहन अधिकारीलाई माघ ६ गते सबैरैदेखि घर–घरमै बन्दी बनाइयो। प्रदर्शनको आयोजना गरिएको दिन राजधानीमा बिहान ८ बजेदेखि बेलुकी ६ बजेसम्म कर्फ्यू लगाइयो।

त्यस्तै परिवेशमा बन्दी अवस्थामै माघ ८ गते बिहान यस पंक्तिकारसहितका मानवअधिकारकर्मीहरूको टोलीसँग नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला भन्दै हुनु हुन्थ्यो–"हामीले आफ्नो संघर्ष त्यसबेलासम्म जारी राख्नु पर्छ, जबसम्म हामीले निरंकुश शासनको अन्त्य, शान्तिको स्थापना र पूर्ण प्रजातन्त्रको ध्येय प्राप्त गर्न सक्ने छैनौं। स्वतन्त्र सार्वभौम र विकसित नेपालको स्थापनाका लागि हामीले संघर्ष गरिरहनु पर्छ। जनताको अधिकार जनतालाई नै फिर्ता गर्न संघर्ष गरिरहेका सबै साथीहरूलाई म यही अपील गर्न चाहन्छु। साठी वर्षदेखि प्रजातन्त्रका निम्ति लडिरहेको म प्रजातन्त्रको मूल्यमा कुनै संझौता गर्ने छैन्।" ०६२ माघ १९ गतेसम्म आइपुग्दा गिरिजाप्रसाद र माधव नेपालको आह्वानलाई देशले साँच्चै आत्मसात गरिसकेको छ।

०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले सम्पूर्ण राजकीय अधिकार आफ्नो हातमा लिंदा राजनीतिक सहमतिका आधारमा बनेको राजनीतिक पार्टीहरूसहितको सरकारलाई अपदस्थ गरेका थिए। राजाको त्यो कदमबाट नेपाली राजनीतिमा छयालीस सालमा स्थापित कोशेढुंगा पूर्णतः क्षतिग्रस्त हुन पुगेको थियो। तर घोषित रूपमा मौलिक हकहरूउपर बन्देज लगाएर अधिनायकवादी दुस्साहसकासाथ अग्रसर भएको राज्यले तत्कालैदेखि असहमतिको समवेत स्वरको सामना गर्दै आउनु परेको छ। एक वर्ष बित्दा नबित्दै त्यो स्वर राष्ट्रव्यापी गर्जनमा परिणत भइसकेको छ।

राजाको निरंकुशतावादी कदमका विरूद्ध प्रमुख राजनीतिक पार्टीहरूले तत्कालै कडा असहमति जाहेर गरेका थिए। सचेत नागरिक राजाको कदमका विरूद्ध दृढतापूर्वक खडा भएका थिए। नागरिक अधिकारको संरक्षण र सम्वर्धनको दिशामा वर्षैदेखि संघर्षरत् मानवअधिकार संस्थाहरू पनि त्यसैगरी कम्मर कसेर मैदानमा ओर्लिएका थिए। देशका तमाम उत्तरदायी संघ–संस्थाहरू त्यो विषम परिस्थितिमा संकटकालका नाममा जथाभावितन्त्र चलाउन पाइँदैन भन्ने उद्घोषका साथ देशव्यापी रूपमा मौनता तोड्ने अभियानमा संलग्न भएका थिए।

समग्र राष्ट्र, अन्तर्राष्ट्रिय समुदाय र सचेत बुद्धिजिवी तथा मानवअधिकार समाजको व्यापक विरोधकै कारण राजाले ०६२ साल वैशाख १६ गते संकटकाल फिर्ता लिएको घोषणा गर्न बाध्य हुनु परेको थियो। तर विश्व समुदायको आँखामा छारो हाल्नका निम्ति फिर्ता लिइएको संकटकालपछिका दिनमा पनि नेपाली जनताले नागरिक हकको उपभोग गर्न पाएका छैनन्। ०६१ माघ १९ गतेपछिका यी तीनसय पैंसठ्ठी दिनहरूको अवधिमा सारा नेपाल कारागारमा परिणत भएको छ। स्वेच्छाचारी गिरफ्तारी, गैरकानुनी हत्या, गिरफ्तार गरिएकालाई बेपत्ता पार्ने क्रममा तीव्रता, आवतजावतमा रोक र न्यायालयको स्वतन्त्रतामाथिको आक्रमणका कारण नेपाली जनता यस अवधिमा अत्यन्त आक्रान्त भएका छन्।

राजाको अधिनायकवादी घोषणापछिका दिनहरूमा सम्पूर्ण राज्ययन्त्रको कसरी दुरूपयोग गरिएको छ भन्ने तथ्य सम्पूर्ण विश्वसामू घाम झैं छर्लंग छ। माघ १९ गतेको लगत्तै केही महिनासम्म त निरंकुशतावादीहरूको ज्यादतीले सीमा नाघेको थियो। राज्य शक्तिको टेकोपुँडोमा ठाउँ–ठाउँमा माओवादीको प्रतिकारका नाममा भिजिलान्तेहरूले ताण्डव नै मच्याएका थिए। माघ १९ को मातमा फागुन ६ र १३ गते कपिलवस्तुमा राज्यपोषित भिजिलान्तेहरूले ६ सय ८० घरमा आगो लगाएर तीन जना निहत्थाहरूलाई कुटीकुटी मारेका थिए। माघ १९ गतेपछिको पहिलो सय दिनभित्र त राज्यको ज्यादती पराकाष्ठामा पुगेको थियो। ०६१ माघ १९ देखि ०६२ वैशाख ३१ गतेसम्म अड्चालीसओटा घटनामा चालीस जनालाई त्रिभूवन विमानस्थलबाट काठमाण्डौ बाहिर जान नदिइ फर्काइएको थियो। ०६१ माघ १९ गतेपछि फागुन महिनाभित्रै राजनीतिक कार्यकर्ता, बुद्धिजीवी, पत्रकार वा मानवअधिकारकर्मी गरी ३ हजार ३ सय १९ जना पक्राउ परेका थिए। यो क्रम संकटकालको समाप्तिपछि पनि जारी छ।

विक्रम सम्वत २०६१ सालको माघ १९ गते नेपालको राजनीतिक इतिहासको कालो पृष्ठमा अंकित भइसकेको छ। आउँदा दिनहरूमा यसका विषयमा अनेक विमर्श र मिमांशा अवश्य हुने छन्। एक्काइशौं शताब्दीमा जागेको सोह्रौं शताब्दीको भूतको यो कथा नेपालका आगामी पुस्ताका सन्ततिले इतिहासको पाठका रूपमासमेत पढ्ने छन्। इतिहासले सिकाएको यस्तो पाठ, जसको अध्ययनबाट पुस्ता दरपुस्ताले प्राप्त अधिकारहरूको संरक्षणका निम्ति आवश्यक पर्ने चौतर्फी सजगता र सर्तकतामा जोड दिन जान्ने छन्।

राजा ज्ञानेन्द्रको चुलिंदै गएको राजनीतिक महत्वाकांक्षाको उपल्लो परिणतिका रूपमा आएको माघ १९ छयालीस सालको संविधान अनि राष्ट्रिय अन्तराष्ट्रिय मानवअधिकार कानुनहरूको ठाडो उल्लंघन थियो। माघ १९ को घोषणा मानवअधिकारको नग्न उल्लंघन थियो। त्यसपछिको एक वर्षको अवधिमा यो तथ्य झन झन प्रष्ट हुँदै गएको छ। नेपालमा ०६१ माघ १९ पछिका दिनमा मानवअधिकारको कुरा उठाउनु एउटा निरंकुश र निर्लज्ज शासक वर्गलाई निशस्त्र जनताको नैतिक बलले बाँध्ने प्रयत्न थियो। निहत्था जनताउपर अस्त्र शस्त्रकासाथ दमनमा ओर्लिएको त्यस्तो शासक वर्गलाई शक्तिविहीनहरूको त्यो शक्तिले धेरै हदसम्म बाँध्ने सफलता पनि प्राप्त गऱ्यो। शान्तिकामी आमजनताको त्यही शान्तिपूर्ण तर सशक्त प्रयासको सफलतातर्फको अग्रसरताकै कारण आज हामी यसरी माघ १९ को कालो दिन फेरि दोहोरिन नदिने सार्वजनिक प्रतिबद्धता गर्न सक्ने भएका छौं। हामी निरंकुशता विरोधी नेपाली जनताको आफ्नै पहल र सकृयताकै कारण एक वर्ष बित्दा नबित्दै माघ १९ मा टाउको उठाउने निरंकुशताको पूर्ण पराजयको दिन गन्ति शुरू भएको छ।

(०६२ माघ १९ गते, कलंकी, स्युचाटार)

वैशाख-११ , २०६३

राजा ज्ञानेन्द्रबाट राष्ट्रको नाममा बक्सेको शाही घोषणा

प्यारा देशबासीहरू,

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम् गर्दै वर्तमान जनआन्दोलन मार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठवन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्दलगायत समग्र समस्याहरूको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधिसभालाई यसै घोषणा मार्फत पुनस्थापित गरिबक्सेका छौं । बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवं समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी वहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरूलाई आह्वान गर्दछौं । पुनस्थापित प्रतिनिधिसभाको बैठक २०६३ साल वैशाख १५ गते शुक्रवार दिनको १ बजे संसदभवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिबक्सेकाछौं ।

नेपाल र नेपालीको वृहत्तरहित यो संसदबाट हुनेछ भन्ने हामीलाई विश्वास छ ।

जन आन्दोलनमा जीवन गुमाएका प्रति समवेदना र घाइते एवं आहत भएका सबैप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्णप्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं ।

श्री पशुपतिनाथले हामी सबैको कर्याण गरून् !

जय नेपाल !

जनसम्प्र

प्रतिनिधिसभाको घोषणा-२०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन-उत्सर्ग र सहभागिताप्रति उच्च सम्मान गर्दै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सात दल-नेकपा (माओवादी) बीचको बाह्रबुँदे समझदारीअनुरुप नेपाली जनताले संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुन:संरचनासहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने सङ्कल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकता सुदृढ गर्नसार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै,

"राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सावभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्व लगायत समग्र समस्याको समाधान गन" २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकारसम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्णलोकतन्त्र स्थापनाका दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्णअधिकारहरू प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ र राज्यशक्ति यही प्रतिनिधिसभामार्फत प्रयोग हुने भएकाले देहायको घोषणा गर्दछ-

१. व्यवस्थापिकाका सम्बन्धमा

१.१. नेपालको व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ। कानुन निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ।

१.२. संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकताअनुसार निर्धारण गर्नेछ।

१.३. प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहायबमोजिम हुनेछ-

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिसमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको

भुताको घोषणा

एक चौथाई सदस्यहरूले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ।

१.४. प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ।

२. कार्यकारिणीका सम्बन्धमा

२.१. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ।

"श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिनेछ।

२.२. प्रतिनिधिसभा सदस्य नरहेको व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन्।

२.३. मन्त्रिपरिषद् र प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ। मन्त्रिपरिषद् र मन्त्रीहरु सामूहिकरुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगतरुपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछन्। प्रशासन, सेना, प्रहरीलगायत सम्पूर्ण कार्यकारी अंगहरु प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन्।

२.४. सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ।

३. सेनाका सम्बन्धमा

३.१ "शाही नेपाली सेना" को नाम परिवर्तन गरी "नेपाली सेना" रहनेछ।

३.२. राष्ट्रिय सुरक्षा परिषद्सम्वन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ। नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ।

३.३. नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ।

३.४. सेनाको परमाधिपतिसम्वन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ।

३.५. सेना परिचालनसम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ।

३.६ नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ।

४. राजपरिषद्का सम्बन्धमा

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ। त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरेबमोजिम हुनेछ।

५. राजदरबार सम्बन्धमा

५.१. राजगद्दी उत्तराधिकारसम्वन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ।

५.२. श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णयबमोजिम हुनेछ।

५.३. श्री ५ को निजी सम्पत्ति र आयमाथि कानुनबमोजिम कर लाग्नेछ।

५.४. श्री ५ बाट भए गरेका कामहरुका बारेमा प्रतिनिधि सभा र अदालतमा प्रश्न उठाउन सकिनेछ।

५.५ विद्यमान राजप्रासाद सेवालाई निजामति सेवाको अंग बनाइनेछ।

५.६. राजदरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ।

६. मुलुकमा रहेको नागरिकताको समस्यालाई शीघ्र समाधान गरिनेछ ।

७. प्रचलनमा रहेको "राष्ट्रिय गान" लाई वैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।

८. नेपाल धर्म निरपेक्ष राज्य हुनेछ।

९. विविध

(क) राज्यका सबै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यसप्रति निष्ठावान रही सबैले आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरुले प्रतिनिधिसभाबाट तोकिएको ढाँचामा तोकिएको शपथ लिनेछन्। शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन्।

(ग) यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरु बाझिएको हदसम्म अमान्य हुनेछन्।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनै पनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ।

(ङ) उपरोक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहनेछ।

"घोषणाका प्रत्येक शब्द र हरफ जनताको बलिदानको रगतले लेखिएको छ ।" ०६३ जेठ ४ गते आफ्नो सम्बोधनको क्रममा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भने- "कसैले यो घोषणापत्रको अवमूल्यन गर्न खोज्छ भने त्यसले दुस्परिणाम बेहोर्नेछ र फेरि तिनले जनताको आक्रोश खेप्नुपर्नेछ ।"

संक्षिप्त मन्तव्यपछि आफ्नो स्वास्थ्यका कारण आफूले घोषणापत्र पढेर सुनाउन नसक्ने बताउँदै उनले प्रतिनिधिसभाको घोषणा-२०६३ सभामुख सुवास नेवाङ्गलाई पढ्न दिए । शायद उनले ठानेका थिए प्रतिनिधिसभाको घोषणापत्र सरकारप्रमुखले वाचन गर्नुभन्दा सभामुखले वाचन गर्नु उपयुक्त हुन्छ ।

गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री

यो घोषणाको प्रत्येक शब्द र हरफ जनआन्दोलनका सहिदहरूको बलिदानको रगतबाट लेखिएको छ। कसैले दुस्साहस गरेर यसको अबमूल्यन गर्न खोज्छ भने दुष्परिणाम बेहोर्नेछ। शान्तिपूर्ण जनआन्दोलनबाट अधिकार फिर्ता ल्याएर सार्वभौम र राजकीय शक्तिको स्रोत जनता हुन् भन्ने स्थापित तथ्यलाई स्थायित्व दिने काम संविधानसभाको माध्यमबाट हामीले गर्नुपर्छ।

०६३ जेठ ४ गते नेपालको इतिहासमा युगान्तकारी निर्णय भएको दिन थियो। तयस दिन प्रतिनिधिसभाको घोषणा सुन्न विदेशी कुटनीतिज्ञहरूको उल्लेख्य उपस्थिति थियो। धेरैजसो राजदूत आफै उपस्थित भएका थिए। संयुक्त राष्ट्रसंघीय नियोगका नेपाल स्थित आवासीय प्रतिनिधि मैथ्यु कहाने तथा राष्ट्रसघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयका प्रमुख इयान मार्टिन पनि उपस्थित थिए।

घोषणाले सात सालमा राणा शासन फालेर प्राप्त गरेको प्रजातन्त्रलाई पूर्णता दिएको छ। ०४६ सालको जनआन्दोलन वा प्राप्त प्रजातन्त्रलाई पनि उतिबेला अत्यन्त महत्वपूर्ण उपलब्धी ठहर गर्दै नयाँ संविधानको निर्माण गरिएको थियो जसलाई समय समयमा विश्वकै उत्कृष्ट संविधान भनेर व्याख्या गरियो। तर ०४६ को उपलब्धी र ०६३ सालको उपलब्धीमा भने केही मुलभूत अन्तर भने प्रष्ट देखिन्छ।

०४६ सालको आन्दोलन बाम, कांग्रेस र राजाबीचको त्रिपक्षीय सम्झौतामा टुङ्गिएको थियो र तत्कालीन राजालाई सम्मानित स्थानमा राखेको थियो। तर भर्खरै समाप्त भएको आन्दोलन र त्यसबाट प्राप्त उपलब्धीमा राजाको कुनै स्थान हुनु त परै जाओस् यसले राजसंस्थामा राजनीतिक शक्ति नभएको प्रष्ट पार्दै घोषणाद्वारा राजपरिषद् खारेज, राजगद्दी उत्तराधीकारीसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभालाई, राजाको खर्च र सुविधाको निर्णय प्रतिनिधिसभाले गर्ने, राजाको सम्पत्तिमा कर लाग्ने, राजाका कामहरूका बारेमा प्रतिनिधसभा र अदालतमा प्रश्न उठाउन पाइने, दरबारको सुरक्षा प्रवन्ध मन्त्रिपरिषद्ले गर्ने, राजप्रसाद सेवालाई निजमती सेवाको अङ्ग बनाइने सेनाको परमाधिपति पदकों खारेजी भएको छ। यसबाहेक यही प्रतिनिधिसभाबाट

माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)

जनता, संविधान र कानुनमाथि कोही पनि नहुने नयाँ नेपाल बनाउने संकल्प सहितको अठोट यो घोषणाले गरेको छ। तर प्रतिगामी तत्वहरूले यो परिवर्तनलाई आत्मसात् गरेका छैनन्, त्यसैले हामीले उच्चस्तरको सर्तकतासाथ अघि बढ्नुपर्छ। सेना, प्रहरी र राजदरबारको लोकतान्त्रिकरण, सबै खाले विभेद उन्मूलन, दण्डविहीनता अन्त्य गरेर वास्तविक रुपमा नेपाललाई सार्वभौम बनाउने बाटो खुलेको छ।

सुशील कोइराला
उपसभापति, नेपाली कांग्रेस

घोषणाविरुद्ध कसैले टाउको उठाउने वा बन्दुक प्रयोग गरेर तर्साउने काम गरे ऊ आफै सिद्धिने छ। विश्वमै जनबलका अघि अब कुनै पनि तानाशाहले टाउको उठाउन सक्दैनन् भन्ने ऐतिहासिक प्रेरणा नेपाली आन्दोलनले दिएको छ। यो गौरवमय इतिहासको दिनले आज हाम्रो टाउको उठेको छ, यो घोषणा सुनौलो अक्षरमा अंकित रहनेछ।



संविधानसभा जसलाई माओवादीसँगको वार्ताको प्रथम सेतु मानिन्छ त्यसलाई पनि घोषणाले समेटेको छ। समग्रमा यो घोषणले चारओटा पक्षमा ध्यान दिएको छ। ती हुन्-

क. प्रतिनिधिसभा सर्वशक्तिमान निकाय भएको छ
ख. अब उप्रान्त राजाको अधिकार सीमित छ र प्रतिनिधिसभाको निगरानीमा राजा रहनुपर्ने छ
ग. प्रतिनिधिसभाको विश्वासको आधारमा मन्त्रिपरिषदको मातहतमा सेना रहने
घ. मुलुकको संरचना संविधानसभाले तय गर्ने।

प्रतिनिधिसभा घोषणाले प्रतिनिधिसभालाई प्रमुख कार्यकारिणी र व्यव्यस्थापकीय अधिकार त सुम्पेको छ तर संवैधानिक विषयमा भने घोषणासँग बाझिएका संवैधानिक र कानुनी प्रावधान बाझिएको हदसम्म अमान्य हुने भनिएको छ। घोषणाले संविधान संशोधन गरेको हो वा अन्तरिम विधान जारी गरेको हो प्रष्ट गर्न सकेको छैन। संसद सर्वोच्च भएको छ यो चाहीँ प्रष्ट छ। तर न्यायपालिकाको कार्य सम्पादनबारे घोषणा मौन छ। न्यायपालिका नेपाल अधिराज्यको संविधान २०४७ अनुरुप नै चल्ने हो भने कार्यपालिका र व्यवस्थापिकाको एकलौटी अधिकार पाएको संसद घोषणा अनुसार सुचारु हुन सक्दैन। त्यसकारण संसदले न्यायपालिका कार्यविधि यथासक्य चाँडो तर्जुमा गरिहाल्नु अत्यावश्यक देखिन्छ। यस बाहेक संविधान अनुसार संसद भनेको प्रतिनिधिसभा, राष्ट्रियसभा र श्री ५ हुन्छ। संसदमा श्री ५ को स्थान नराख्ने हो भने त्यस अनुसारको थप प्रावधानहरू गरिहाल्नु पर्छ।

०१७ सालमा र ०५९सालमा संविधानकै प्रयोग गरेर राजाले निरङ्कुश शासन शुरु गरेको तीतो अनुभव पुनः दोहरिन नदिन राजाको अधिकारलाई यस घोषणापत्रले पूर्णत कटौती गरेको छ। अब राजाले गरेको काम कारवाहीमा अदालतमा प्रश्न उठाउन पाउने व्यवस्था पनि भएको छ। राजालाई कुनै अधिकार नै नदिएको अवस्थामा उनको काम कारवाहीमाथि प्रश्न उठाउने प्रावधानको आवश्यकता ? राजाले असंवैधानिक काम गर्न सक्लान् भन्ने संशयका आधारमा यो व्यवस्था गरिएको हुन सक्ने अनुमान मात्र गर्न सकिन्छ। यसबाहेक राजगद्दी उत्तराधिकारीसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभालाई हुने, श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाले तोकेबमोजिम हुने, राजा र राजपरिवारको निजी सम्पत्ति र आयमा अब कर लाग्नेछ। यसरी नेपाली राजतन्त्रलाई प्रतिनिधिसभा घोषणाले जनताको अधीन राखेको छ। राष्ट्रप्रमुखको हैसियत भने यथावत छ किनभने ०४७ सालको संविधानले स्वीकार गरेको यो पक्षमा भने घोषणाले सम्बोधन गरेको छैन। यसरी घोषणाले २३७ वर्षदेखि प्रजाका मालिक भएर बसेका नेपाली राजालाई जनताको निगाहमा राखेर ऐतिहासिक महत्वको निर्णय गरेको छ।

प्रतिनिधिसभा घोषणाले मुलुकका लागि नयाँ संभावनाको ढोका त खोलदिएकै छ साथै चुनौती पनि उत्तिकै थपिदिएको छ। राजनीतिक दलका नेताहरूको विगत निष्कलंक र विवादरहित नभएको कारणले नै हुन सक्छ जनता खबरदारी जुलुस गर्दैछन्,

शेरबहादुर देउवा
सभापति, नेपाली काँग्रेस (प्रजातान्त्रिक)

जनताको अभुतपूर्व बलिदानबाट ऐतिहासिक उपलब्धि प्राप्त भएको छ। यसको खिलाफमा जानेहरु आफै समाप्त हुनेछन्। उपलब्धिको खिलाफमा कोही गए त्यसले आफ्नो खाल्डो आफै खन्नेछ। राजाबाट बारम्बार धोका खाएको म घोषणापत्रबाट अत्यन्त खुशी भएको छु।

पशुपतिशमशेर राणा
अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी

प्रजातन्त्र र शान्तिको मामिलामा राप्रपाले निशर्त समर्थन गर्दछ। सात दलले शान्ति र प्रजातन्त्र पक्षमा अविचलित रहेको प्रतिपक्षसँग घोषणापत्र तयार क्रममा परामर्श समेत नगरेकामा गुनासो थियो। संविधानसभा, सेना संसदमातहत र सम्प्रभुसत्ता जनताको पक्षमा हुनुपर्छ भनेर निरन्तर लागेको प्रतिपक्षी राप्रपालाई विश्वासमा लिन त परै जाओस्, परामर्शसमेत गरिएन, प्रतिपक्षलाई बेवास्ता गरेर संसदको गरिमा बढ्दैन।

विभिन्न कार्यक्रममार्फत चेतावनी पनि दिइरहेका छन्। सात दल र माओवादीबीच भएको १२ बुँदे समझदारीअनुरुप आम हडताललाई नेपाली जनताले निर्णायक आन्दोलनमा रुपान्तर गर्दा के आस गरेका थिए भने अब मुलुकले हिंसात्मक द्वन्द्ववाट सदाका लागि मुक्ति पाउने छ। त्यस्तै प्रजातन्त्रको सुदृढीकरणसँगै माओवादी समस्याको अन्त गर्नु प्रतिनिधिसभाको मुख्य कार्य हो। सात दल र माओवादीबीच १२ बुँदे समझदारी भएबमोजिम संविधानसभाको निर्वाचन गर्ने विषयमा घोषणामा स्पष्ट गरिएको छ। संविधानसभाको निर्वाचन हुनुपूर्व गरिनु पर्ने व्यवस्थापन नै अहिलेको प्रमुख चुनौतीको विषय हो। विगत ११ वर्षदेखि सशस्त्र राजनीति गर्दै आएको नेकपा (माओवादी)को विश्वास जितेर उनीहरूप्रति विश्वास जगाउने गम्भीर दायित्व प्रतिनिधिसभा र सरकारको हो। यो गुरुत्वर अभिभारा अन्य कसैसँग बाँड्न सकिँदैन। त्यसका लागि नागरिक समाजले पुऱ्याउन सक्ने योगदान भने आफ्नो ठाउँमा छँदै छ।

माओवादीको हतियार व्यवस्थापनबारे संयुक्त राष्ट्रसंघीय मध्यस्थताको कुरो अब सरकारले पनि उठाउन थालेको छ। यसको लागि कुटनीतिक कुशलता पनि खाँचो पर्न जान्छ। सात दलद्वारा समझदारी विपरीत काम नगर्न बारम्बार अनुरोध गर्नु परिरहेको माओवादीलाई अन्तरिम सरकारमा सहभागी गराउनु अघि नै हतियार व्यवस्थापन भइसक्नुपर्छ। अन्यथा अन्तर्राष्ट्रिय कानुन अनुसार सरकारलाई मान्यता दिने वा नदिने विवाद सृजना हुन सक्छ जो मुलुककोलागि हितकारी हुँदैन।

नेपाली सेना र माओवादी जनसेनाबीचको तादाम्यता उत्तिकै महत्वपूर्ण पाटो हो। राजभक्तिलाई नै देश भक्ति मान्दै आएका एक लाख सेनाको व्यय भार मुलुकले किन खप्ने ? सेनाको संख्या किन नघटाउने ? यस्ता प्रश्नका साथै माओवादी जनसेनालाई नेपाली सेनामा समाहित गर्नु पर्ने चर्चा पनि उत्तिकै भइरहेको छ र दुई सेनाबीचको एकीकरण र सम्मिलन जस्तो संवेदनशील प्रक्रियालाई सहज बनाउनु उत्तिकै चुनौतीपूर्ण छ।

माओवादी अध्यक्ष प्रचण्डले घोषणको स्वागत गर्दै एक वक्तव्यमार्फत घोषणाप्रति केही असहमती पनि प्रकट गरेका छन्। नेपाल र नेपाली जनताको आवश्यकता र आकांक्षालाई समग्रतामा व्यक्त नगरेको टिप्पणी उनले गरेका छन्।

मुलुकका सम्पूर्ण समस्याको समाधान गर्ने उद्देश्य यो घोषणाको हुँदा पनि होइन। घोषणालाई लोकतन्त्र स्थापना र सशस्त्र द्वन्द्वको अन्त्य गर्ने प्रयासको पहिलो खुड्किलोको रुपमा मात्र लिनु पर्दछ।

नेकपा (माओवादी) लगायतका राजनीतिक दलहरूमा जननताप्रति इमान्दारिताको अभाव भएन भने सुन्दर, शान्त नेपालको निर्माण गर्न घोषणाले मार्ग प्रशस्त गरेको छ।

सूर्यबहादुर थापा
अध्यक्ष, राष्ट्रिय जनशक्ति पार्टी

आफ्नो जीवनको उत्तरार्द्धमा सम्प्रभुसत्तासम्पन्न नेपाली नागरिकको प्रतिनिधिसभाको सदस्य हुन पाएकोमा गैरवान्वित भएको बताउँदै प्रतिनिधिसभालाई सार्वभौम बनाउने ऐतिहासिक घोषणामा आफ्नो पनि सहमति गाँसिएको यो घोषणापत्र कल्पना वा व्यक्तिको नभई परिस्थिति र पृष्ठभूमिको उपज हो। माओवादी समस्यामा हात तल नपारी उचित र न्यायसंगत समाधान गरी प्रजातन्त्रलाई सग्लो रुपमा राख्न सक्नु भयो भने सात दलका लागि त्यो ऐतिहासिक ठहर्नेछ।

परि थापा
जनमोर्चा

"घोषणापत्रले राजनीतिक सत्ता र राज्यको रुपान्तरण बारे ऐतिहासिक कुरा बोलेको भन्दै नयाँ नेपाल बनाउन जनताको जीवनस्तर उकास्ने कार्यक्रम चाहिने बताए। जनआन्दोलन दबाउन परिपत्र जारी गर्नेहरू पनि आज ऐतिहासिक घोषणाका पक्षमा देखिएका छन्।"

नारायणमान विजुक्छे
अध्यक्ष, नेमकिपा

घोषणापत्र प्रतिगामी व्यवस्थाको मृत्यु प्रमाणपत्र हो। राजालाई नागरिक राजा वा थपना राजाका रूपमा राखे पनि फरक पर्दैन। 'यो घोषणापत्रपछि हामी राजालाई स्क्यान्डेनिभियन राष्ट्रहरूका राजा जस्तै नागरिक राजाका रूपमा देखिरहेका छौं।"

हृदयेश त्रिपाठी
महासचिव, सद्भावन, (आनन्दीदेवी)

घोषणापत्रमार्फत् जनताको जित लिपिबद्ध भएको। सात सालदेखि थाती रहेको राजकीय र सार्वभौमसत्ता जनतामा रहने निर्णय गर्न आन्दोलन सफल भएको। २ सय ३७ वर्षदेखि प्रयोगशाला बनाइएको नेपाललाई अब त्यस्तो बनाइयोस्।

यज्ञजित शाह
नेपाल सद्भावना

२ सय ३७ वर्षदेखि दास र रैती भएका जनता त्यसबाट मुक्त भएका छन्।

चित्रबहादुर केसी
जनमोर्चा नेपाल

शान्ति स्थापनाका लागि तत्काल माओवादीसित वार्ता गरी निकास निकाल्नु पर्ने बताए। हामीले आफूलाई जित्न सक्यौं भने जनताको जितलाई सुनिश्चित गर्न सक्नेछौ, करोडौले मन नपराएर पनि श्री ५ को सरकार र शाही सेना भन्नु परिरहेको थियो, आजदेखि ती दिन गए।

वर्तमान मन्त्रिपरिषद

राजाबाट २०६३ वैशाख १९ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा गठन गरिएको मौजुदा मन्त्रिपरिषद्मा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिसमा देहायअनुसार थप नियुक्ति तथा कार्य विभाजनमा हेरफेर गरिएको छ। मन्त्रिपरिषद्को गठनविधि तथा कार्यविभाजन यसप्रकार छ-

श्री गिरिजाप्रसाद कोइराला	प्रधानमन्त्री राजदरबारसम्बन्धी रक्षा, स्वास्थ्य तथा जनसंख्या र उद्योग, वाणिज्य तथा आपूर्ति
श्री केपी शर्मा ओली	उपप्रधानमन्त्री परराष्ट्र
श्री गोपालमान श्रेष्ठ	मन्त्री भौतिक योजना तथा निर्माण
श्री महन्थ ठाकुर	मन्त्री कृषि तथा सहकारी
डा. श्री रामशरण महत	मन्त्री अर्थ
श्री नरेन्द्रविक्रम नेम्वाङ्ग	मन्त्री कानुन, न्याय तथा संसदीय व्यवस्था
श्री कृष्णप्रसाद सिटौला	मन्त्री गृह
श्री प्रभुनारायण चौधरी	मन्त्री भूमिसुधार तथा व्यवस्था
श्रीमती चित्रलेखा यादव	मन्त्री जलस्रोत
श्री राजेन्द्रप्रसाद पाण्डे	मन्त्री स्थानीय विकास
श्री प्रदीपकुमार ज्ञवाली	मन्त्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
डा. श्री मङ्गलसिद्धी मानन्धर	मन्त्री शिक्षा तथा खेलकुद

राज्यमन्त्री

श्री गोपाल राई	राज्यमन्त्री वन तथा भूसंरक्षण
श्री दिलेन्द्रप्रसाद बडु	राज्यमन्त्री सूचना तथा सञ्चार
श्री उर्मिला अर्याल	राज्यमन्त्री महिला, बालबालिका तथा समाजकल्याण
श्री मानबहादुर विश्वकर्मा	राज्यमन्त्री वातावरण, विज्ञान तथा प्रविधि
श्री धर्मनाथप्रसाद शाह	राज्यमन्त्री सामान्य प्रशासन
श्री रमेश लेखक	राज्यमन्त्री श्रम तथा यातायात व्यवस्था

आन्दोलन, दमन र पर्यवेक्षण

लोकतन्त्रको स्थापनाका लागि सात राजनीतिक दलहरूले आह्वान गरेको आन्दोलनमा नेपाली जनाताको अभूतपूर्व सहभागिता रह्यो। अन्य मानवअधिकार संस्थाहरूसँग हातेमालो गर्दै देशभरका इन्सेक कार्यकर्ताहरू आन्दोलनको अनुगमनमा जुटे। शान्तिपूर्ण आन्दोलनमा उत्रेका जनतामाथि प्रहरी, सशस्त्र प्रहरी तथा तत्कालीन शाही नेपाली सेनाले निर्ममतापूर्वक अत्याधिक बल प्रयोग गरे। काठमाडौंको गोगंबुमा एकजना प्रहरी अधिकृतकै घरबाट चलेको गोलीलाई माओवादीको आक्रमण भन्दै आन्दोलनकारीमाथि चर्को दमन गरियो। सुरक्षाकर्मीले आन्दोलनकारीलाई गिरफ्तार गर्नुभन्दा अमानवीय ढंगले प्रहार गरी घाइते बनाउने गरेको देखिन्थ्यो। एकजना आन्दोलनकारीलाई दर्जनौ प्रहरीले पिट्ने गरेका थिए। गोपीकृष्ण हल पछाडि प्रहरीले एकजना आन्दोलनकारीलाई पिट्नुसम्म पिटेर घरको छतबाट तल फालिदिएका थिए। एक जना सर्वसाधारणलाई बसुन्धारामा पिट्दै भिरबाट करिब ३० मिटर तल झारेका थिए । गोगंबुमा कोठाभित्र बसिरहेका मानिसहरूलाई भित्र पसेर समेत पिटेका थिए। यसपटकको आन्दोलनमा इन्सेकका कार्यकर्ताले अनुगमन मात्र गरेनन्, घाइतेहरूलाई उद्धार तथा उपचारपछि घर-घरसमेत पुऱ्याए। त्यस क्रममा इन्सेकका केही कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले अभद्र व्यवहार र कुटपिट पनि गरे। प्रस्तुत फोटोहरू जुन क्यामाराले खिचेको हो त्यसलाई उनीहरूले फुटाउन समेत खोजेका थिए।

● बिमलचन्द्र शर्मा

कर्फ्यू तोड्दै उर्लेको जनसागर

पाटन अस्पतालमा रहेका घाइतेसँग जानकारी लिदै इन्सेकका कार्यकर्ता

गोगंबुदेखि शान्तिपूर्ण रुपमा आएको जुलुसलाई सानेपाको कालोपुलमा प्रहरीले गरेको दमन

आन्दोलित महिलाहरु

बसुन्धारामा प्रहरीले निर्घात पिटेर करिब ३० मिटर अग्लो भिरबाट फालिएका एकजना सर्वसाधारण

कलंकीमा सेनाको ट्यांक अघि सुतेर विरोध गर्दै एक प्रदर्शनकारी

घाँटीमा प्रहरीको लाठी प्रहारबाट घाइतेलाई उद्धार गर्दै इन्सेकका कार्यकर्ता

लोकतन्त्र प्रतिको मोह

गोगंबुबाट कलंकीतर्फ बढ्दै गरेको जुलुस

कलंकीको शान्तिपूर्ण प्रशर्दनमा गोली प्रहार गर्दै प्रहरी

गोगंबुमा माओवादीले फायर गरेको झुठो कुरा फैलाएर पोजिशनमा बसेका सशस्त्र प्रहरी

गौशालामा प्रहरीले निर्मम लाठी प्रहार गरी घाइते पारेका पत्रकारको उद्धार गर्दै इन्सेकका कार्यकर्ताहरु

गोगंबुमा एक घरको छानाबाट अर्को घर भित्र पसी कोठामा बसेकाहरूलाई पिटेर फर्कंदै प्रहरीहरू

गोगंबुमा आन्दोलनकारीलाई पिट्दै सशस्त्र प्रहरी

पर्यवेक्षणमा मानवअधिकार रक्षकहरू

मानवअधिकारको रक्षा र शान्ति अभियानका जनसरोकारहरू

- सुशील प्याकुरेल

जनआन्दोलन २०६२/०६३ वैशाख ११ गते राति ११:३० बजेदेखि एउटा नयाँ चरणमा प्रवेश गरेको छ। यो चरण वढी चुनौतिपूर्ण, कठिन एवम् निर्मम पनि छौं। वढी ध्वंसको चरणबाट अब हामी पुर्नसंरचनाको चरणमा प्रवेश गरेका छ। यस्तो बेलामा मानवअधिकारको रक्षा अनि शान्ति अभियानबारे छलफल हुनु, सान्दर्भिक मात्र हैन आवश्यक पनि छ।

एक दशक लामो हिंसात्मक द्वन्द्व अनि निरंकुश शैलीको राज्य व्यवस्थाभित्र शान्ति र मानवअधिकारका सवालहरू जनताको अपूर्ण आकांक्षा जस्तो भएका थिए । अब ती आकांक्षाहरूलाई मूर्त रूपमा जनताले भोग्ने स्थितिको सृजना गर्नु हामी सबैका लागि चुनौती भएको छ।

जनआन्दोलन-२ नामाकरण गरिएको व्रर्तमान जनआन्दोलन नेपाल र दक्षिण एशियाका लागि मात्र हैन विश्वकै लागि मननयोग्य हुन पुगेको छ। नेपाल जस्तो विविधतायुक्त मुलुकमा जनआन्दोलन राष्ट्रिय एकताको केन्द्र बन्यो। सबै सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक क्षेत्र आन्दोलित भयो। हामी जस्तो सामाजिक कार्यकर्ताहरूले सोच्नु परेको छ। आखिर किन यस्तो भयो ? के हो यो राष्ट्रिय एकताको चुरो ? कुन तत्वले सम्पूर्ण नेपाललाई आफूतिर आकर्षित गऱ्यो?

परिवर्तनको चाहना र अर्न्तवस्तु

मेरो विचारमा सबैको केन्द्रबिन्दु भनेको "जनताको परिवर्तन" प्रतिको चाहना र यथास्थिति प्रतिको वितृष्णा थियो। सयौं वर्षको सामन्ती उत्पीडन र एकाङ्गी जीवनका कारण परिवर्तनको कुनै बाटो नदेखेका जनता त्यस अवस्थाबाट उन्मुक्ति चाहन्थे। यसै पृष्ठभूमिमा १२ वर्षसम्मको हिंसात्मक गतिविधिमा पनि उनीहरू अविचल रहिरहे। कतिले समर्थन गरे, कति मौन रहे। आफ्ना प्रियजन गुमाएर पनि परिवर्तन हुन्छ भने, ज्यादै सीमित रूपमा प्राय: केही भौतिक संरचना भत्काएर भए पनि र आफ्नो शान्तिपूर्वक परिवारजनसित बस्न पाउने र बाँच्ने उत्कट अभिलाषालाई बिर्सेर भए पनि उनीहरू एक या अर्को रूपमा हिंसात्मक द्वन्द्वको परिस्थितिमा रहिरहे। जतिदिन जसरी उनीहरू रहे र बाँचे उनीहरूको आशा र उत्कण्ठा भनेको "परिवर्तन" वा त्यस्तो परिस्थितिबाट मुक्ति नै थियो।

समाज, राष्ट्र र विश्वका सबै चेतनशीलहरूले जनताको यस्तो अवस्थालाई उर्वरा जमिनको रूपमा पाउँछन् र आ-आफ्नो विचार, लक्ष्य र उद्देश्य प्राप्तिका लागि उपयोग गर्छन्। यस्तै परिप्रेक्ष्यमा कहिलेकाँही तानाशाहहरू पनि जन्मिन्छन्। त्यस्ता तानाशाहहरूले एउटा चरित्र र स्वरूपको उत्पीडनलाई अर्को आवरणमा रूपान्तरण गर्छन्। तैपनि जनता "परिवर्तन"का लागि वलिदान गर्न तम्तयार रहन्छन्।

हामीले जनआन्दोलन ०६२–६३ लाई यसै परिप्रेक्ष्यमा बुझ्नु पर्दछ। वास्तवमा जनताको यो परिवर्तनको उत्कण्ठाको "सार" के हो ? उनीहरुले के कस्तो परिवर्तन चाहेका हुन् ? वा परिवर्तन कसरी सुगम र समय सापेक्ष हुन्छ? भन्ने जस्ता प्रश्नहरुको उत्तर खोज्ने क्रममा नै हामी "मानवअधिकार र शान्तिको लागि जनसरोकार" का विषयहरूका सम्वन्धमा व्यवहारिक निष्कर्षमा पुग्न सक्छौं।

वर्तमान जनआन्दोलनको आह्वान गर्नेहरू, यसको सफलताका निम्ति जनपरिचालनमा सघाउनेहरू र संलग्न हुने विभिन्न क्षेत्र, समुदाय र वर्गका अगुवाहरूले जनता "अमुक" माग पूरा गराउनका लागि आन्दोलनमा सहभागी भएको बताउने गर्दछन्। वास्तवमा उनीहरू जनताको नाममा "आफ्ना इच्छा, आकांक्षा र उद्देश्य" अभिव्यक्त गरिरहेका छन्। यसरी सोच्नु जनतामाथिको "ज्यादती" हुन जान्छ।

झापाको केचनादेखि सगरमाथाको उचाईसम्म अथवा महाकालीदेखि मेचीसम्मको भूभागमा बसोबास गर्ने सबै आन्दोलित भए। सबै बलिदानको लागि तयार भए। यसको अर्थ उनीहरू कुनै खास एउटा मात्र आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनको लागि अग्रसर भएका भने थिएनन्।

सहजै बुझ्न सकिन्छ, मुस्ताङ र मनाङका जनता वा सिरहा र कैलालीका जनताको सबै उही थिएनन्। तराईका उत्पीडित 'चमार' र 'डोम' अनि जुम्ला र हुम्लाका 'कामी र दमाई' को एउटै माग होला ? निश्चय पनि परिवर्तन उनीहरूको साझा सवाल हुनसक्छ। तर परिवर्तनको उत्कट चाहना भित्र अन्तर्निहित विषयवस्तुहरू फरक–फरक हुन्छन्।

- महिलाका लागि परिवर्तन के हो ?
- हलीका लागि परिवर्तन के हो ?
- विपन्न दलितका लागि परिवर्तन के हो ?
- अल्पसंख्यक समुदायका लागि परिवर्तन के हो ?
- जनजातिको लागि परिवर्तन के हो ?

यो सूचीलाई निकै लामो बनाउन सकिन्छ। तर बुझ्नु पर्ने कुरा के हो भने जनताका सवालहरूमा विविधता छ र यसको समग्र सम्बोधन नै जनसरोकारको प्रमुख सवाल हो।

भनिन्छ, नेपालमा प्रत्येक दशकको सेरोफेरोमा कुनै न कुनै रूपमा जनताको आक्रोश सतहमा उत्रिन्छ, परिवर्तनको माग सतहमा आउँछ। अनि त्यसको खेती गर्ने गरिन्छ। तर जनताले वाली भित्र्याउन

पाउँदैनन्। जनताको नाममा ढुकुटी भने केही सीमितले भर्छन्। त्यही कारण जनता पटक पटक बलिदानको लागि अगाडि आउनु परेको छ।

सन् नब्बे र दुईहजारका वितेका वर्षहरुको मूल्यांकन गर्ने हो राजनीतिमा अपराधिकरण, राजनीतिक भ्रष्टाचार, माफियाकरण, मूल्यहीनता, राजनीतक चरित्रको स्खलन, जवाफदेहिताको कमी, प्रजातान्त्रिक संस्थाहरुको प्रभावकारितामा ह्रासका साथै बाँधा माजदूर, भूमिहीन, आदिवासी, जातीय छुवाछूत, महिलाउपरको भेदभाव, आर्थिक शोषणआदिका कारण उत्पन्न निराशा र आक्रोशलाई सम्बोधन गरिएन। उल्लेखित जनसरोकारका विषयहरुको वेवास्तकै कारण नेपाली समाज हिंसात्मक द्वन्द्वको चपेटामा समेत पऱ्यो। त्यसैले आजको सन्दर्भमा जनसरोकारका विषयकहरूको चर्चा गर्दा जनताको जीवनमा प्रभाव पार्दै आएको यी तमाम विषयहरु उल्लेख गर्नै पर्ने हुन्छ ।

शान्तिको अर्थ

जनताले शान्ति अहिले मात्र चाहेको होइन। शान्ति मानव जातिकै विकाससँगै अनिवार्य रहेको छ।

शान्ति कस्तो अवस्थालाई भन्ने ? शान्तिका अधारहरू के के हुन् भन्ने बारेमा धेरै चिन्तनहरू भएका छन्। शान्तिको परिभाषा पनि भिन्दाभिन्दै रूपमा गरिने र यसप्रतिको दृष्टिकोण पनि फरक पाइन्छ। तर समाजशास्त्रीहरू, चेतनशील जनताहरू र विज्ञानका श्रष्टाहरूले शान्तिलाई आर्थिक, राजनीतिक, सांस्कृतिक र सामाजिक परिवेशको आधारमा हेर्ने गरेका छन्। मानिसलाई बलजफ्ती पनि चूप लगाउन सकिन्छ, काम लगाउन सकिन्छ, खास चिन्तनलाई स्वीकार्न दबाब दिन सकिन्छ। विकास पनि उपलब्ध गराउन सकिन्छ। त्यस अवस्थालाई "मौनता" भन्न सकिएला, शान्ति भन्न सकिदैन। उन्नाइसौं शताब्दीको उत्तरार्द्धदेखि बिसौं शताब्दीको आधासम्म शान्तिको आधारको खोजी गर्दागर्दै दुईओटा विश्वयुद्ध र उपनिवेशवादी

मानवअधिकारको विश्वव्यापी घोषणा

१० डिसेम्बर १९४८ तदअनुसार वि.सं. २००५ साल मङ्सिर २५ गते संयुक्त राष्ट्रसंघको साधारणसभाको निर्णय सङ्ख्या २१७ क (३) द्वारा पारित तथा घोषित

प्रस्तावना

मानव परिवारका सबै सदस्यको आत्मसम्मान तथा उनीहरूले पाउनुपर्ने, पन्छाउनै नमिल्ने बराबरीको अधिकारलाई मान्यता दिनु नै स्वतन्त्रता, न्याय र शान्तिको जग बलियो पार्नु हो।

त्यसैले,

मानवअधिकारप्रति अवहेलना तथा अनादर गरिएकोले नै जङ्ली व्यवहार हुन गई मानव जातिको मर्ममा चोट पुगेको छ। मानव जातिले धर्म मान्न, बोल्न-लेख्न पाउनुपर्छ तथा डर र अभावबाट मुक्ति पाउनुपर्छ भन्ने सर्वसाधारण जनताको इच्छा छ।

त्यसैले,

मानिसले अत्याचार र दमनलाई पन्छाउने अरू बाटो नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने नठानुन्। त्यसो भन्ने हो भने मानवअधिकारहरूको कानुनी शासनद्वारा रेखदेख हुनु जरुरी छ।

त्यसैले,

राष्ट्रका बीच मित्रता बढाउनुपर्ने भएकोले, हामी संयुक्त राष्ट्रसंघका जनता मानव जातिका मौलिक अधिकारहरू र मानवको आत्मसम्मानको कदर गर्दै नर-नारीहरूका समान अधिकारहरूप्रति विश्वास छ भन्ने कुरा पुनः दोहोऱ्याउँछौं। हामीले बढी स्वतन्त्रताका आधारमा सामाजिक प्रगति गर्ने र जीवनको स्तर बढाउने निश्चय गरेका छौं।

त्यसैले,

संयुक्त राष्ट्रसंघका सदस्य देशहरूले यस घोषणाको सहयोगमा मानवअधिकारहरू र मौलिक स्वतन्त्रताहरूप्रति विश्वव्यापी सम्मान वृद्धि गर्ने र त्यसको पालना गर्ने प्रतिज्ञा गरेका छन्।

त्यसैले,

त्यस्तो प्रतिज्ञा पूरा गर्नका लागि तल लेखिएका अधिकार र स्वतन्त्रताहरूबारे साझा समझदारी र जानकारी राख्नु अति जरुरी भएकोले,

सदस्यहरू र ती राष्ट्रहरूका नियन्त्रणमा रहेका प्रादेशिक खण्डका जनतामा समेत ती अधिकार र स्वतन्त्रताका विश्वव्यापी र प्रभावशाली मान्यता दिइनुपर्दछ। त्यसका लागि हरेक व्यक्ति र समाजको हरअङ्गले यस घोषणालाई सधैं मनमा राखी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्रगतिशील पाइलाहरूद्वारा यसप्रति श्रद्धा बढाउन प्रयत्न गर्नुपर्छ। यहीहेतुले यो साधारणसभा मानवअधिकारको यो विश्वव्यापी घोषणालाई सबै जनता र राष्ट्रका निम्ति एउटा साझा मापदण्डका रूपमा घोषणा गर्दछ ।

र साम्राज्यवादी उत्पीडन विश्वले भोग्नु पऱ्यो। युद्धको विरोध किन भयो भन्ने बारे जान्न उत्सुक जनमतले जब जनताका न्यूनतम आवश्यकताको परिपूर्ति हुँदैन, जबसम्म जनताले आफ्नो जीवनमा परिवर्तन बोध गर्न सक्दैन, जबसम्म त्यो परिवर्तन गर्ने "सामर्थ्य" सहज रूपमा प्राप्त हुँदैन, तबसम्म जनता जुनसुकै मूल्य चुकाएर पनि परिवर्तनको आकांक्षा राख्छन् र त्यसको उपयोग युद्ध, विखण्डन, घृणा, इत्यादिको लागि पनि हुन सक्छ। त्यसैले शान्तिको आधारका रूपमा जनताका न्यूनतम आवश्यकताहरूलाई अधिकारको रूपमा स्थापित गरियो।

द्वितीय विश्वयुद्धको विभिषिकाबाट पीडित विश्वसमुदायले शान्ति स्थापनाको लागि "युद्ध नगर" भन्ने नीतिलाई अवलम्बन गर्दै समानता र विश्व बन्धुत्वका आधारहरू तयार पार्न १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना र "बडापत्र" जारी गरे। संयुक्त राष्ट्र संघले १९४८ मा मानवअधिकारको घोषणापत्र जारी गर्दै उत्पीडन र दमनको विरुद्ध हिंसातर्फ जानुपर्ने बाध्यतामा जनतालाई नतान्ने हो भने मानवअधिकारको प्रत्याभूति भएको विधिको शासन स्थापित हुनुपर्ने बताएको छ। मानवअधिकार घोषणापत्रले राजनीतिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई "सबैको लागि सदाको लागि" भन्ने सिद्धान्त प्रतिपादित गरेको छ। २० औं शताब्दीको उत्तरार्द्धमा आउँदा नआउँदै हरेक मानिसका अधिकार हुन्छन् र त्यसको आधार पनि मानवअधिकार नै हुन्छ भन्ने स्थापित भइसकेको छ।

जनताका निम्ति परिवर्तन

वर्तमान जनआन्दोलन र लोकतन्त्रको स्थापनाका आधारहरू मानवअधिकार नै हुन्। मानवअधिकारको सिद्धान्तले मानिसलाई अर्थात् जनतालाई सार्वभौम सत्ता सम्पन्न इकाईको रूपमा हेर्दछ। मानवअधिकारको सिध्दान्त अनुसार जनताले आफ्ना आवश्यकताहरूको परिपूर्ति अर्थात परिवर्तनको चाहनालाई व्यवहारमा उतार्न "राज्यसत्ता" को स्थापना गर्दछन् जो "विधिको शासन" को सीमाभित्र सञ्चालित हुन्छ। तयसैले भनिन्छ, मावनअधिकारको आधार नै सार्वभौम जनताको सार्वभौमिकता र विधिको शासन हो।

उपरोक्त सैद्धान्तिक आधारमा नै हामी मानवअधिकार र सामाजिक कार्यकर्ताले वर्तमान अवस्थामा शान्तिको आधार जनताका सरोकार वा उनका परिवर्तनका आकांक्षालाई सम्बोधन गर्ने राज्य संरचनाको स्थापनाको लागि काम गर्नु हो। जनसरोकार के के हुन् भनी यहाँ अझै किटान गर्न सक्दैनौ- गर्नु हुँदैन। जनताको परिवर्तनको आकांक्षा वा विकासमा बाधक के के हुन् ? त्यस्ता बाधा–अड्चनबाट कसरी मुक्ति पाइन्छ भन्ने विषयमा जनताले कसरी सोचेका छन् भन्ने अध्ययन जरुरी छ। त्यसपछि परिवर्तनका सम्बन्धमा जनताबाट अभिव्यक्त प्रक्रिया र संरचनाको बारेमा भने हामीले छलफल गर्नु आवश्यक छ।

राजकीय सत्ताको स्रोत जनता हुन। तर त्यो स्रोतको प्रतिनिधिका रूपमा जोसुकैलाई राजकीय सत्तामा सहभागी बनाएर मात्र पुग्दैन। उनीहरुको सत्तामा सहभागिता रहेको अनुभव कसरी हुन सक्छ भन्ने बारेमा छलफल हुनु आवश्यक छ। त्यस्तै विभिन्न क्षेत्र, समुदाय र विविध सांस्कृतिक पहिचान भएका जनताहरूले के कस्ता परिवर्तनले उनीहरूले भोग्नु परेको यथास्थितिलाई तोड्न सक्छ भन्ने ठानेका छन् ? यस बारेमा हामीले जनतासित नै छलफल गर्नु आवश्यक छ।

धुनषाकी एउटी महिलाले कस्तो लोकतन्त्र चाहिएको बारेमा परिभाषा दिन सक्दिन्न होला। तर उनले उनको जीवनमा परिवर्तन कसरी हुन सक्छ बताउन सक्छिन्। उनले भोग्नु परेको घर भित्र र बाहिरका उत्पीडनका विषयमा सबैलाई बुझाउन सक्छिन् र त्यसपछि त्यस्ता समस्याहरूबाट मुक्तिको आकांक्षा पनि व्यक्त गर्न सक्छिन्।

वर्तमान जनआन्दोलनलाई यो वा ऊ कोणबाट आफ्नो नेतृत्व वा विचार वा दिशा निर्देशले सफल बनाएको भन्ने दावीहरूबाट छापाहरू ढाकिन थालेका छन्। तर जोसुकै अधिकारकर्मीले बुझेको कुरा हो जनताले "शान्ति" चाहेका थिए र जब सबै राजनीतिक शक्तिबाट भविष्यमा शान्तिको लागि काम गर्ने प्रतिबद्धता आयो, उनीहरू आन्दोलनमा होमिए। यहाँनिर हामी सबै सचेत हुनुपर्ने कुरा के छ भने जनताको शान्तिप्रतिको चाहना भनेको "मौन" बस्ने आकांक्षा होइन। यो त उनीहरूले भोग्नु परेको यथास्थितिमा परिवर्तनको अर्थात् उनका विकासका अवरोधहरू हटाउने र विकासका आधारहरू तयार पार्ने इच्छा हो।

१९९० पछि स्वेत शासनबाट मुक्तिको बाटोमा संक्रमणमा लागेका बेलामा नेल्सन मण्डेलाले नयाँ बन्न लागेको संविधानको खेस्रामा दक्षिण अफ्रिकाका प्रत्येक जनताले छलफल गर्न पाउनु पर्छ भनेका थिए। मण्डेलाको आशय सार्वभौम जनताले आफ्नो भविष्य निर्धारण गर्ने दस्तावेज आफै बनाउन पाउनुपर्छ भन्ने सिद्धान्तमा आधारित थियो। अर्थात् जनताको सार्वभौमिकता प्रतिको निष्ठा थियो।

सारांश

हामी सबै स्वयम्सेवी संस्थामा कार्यरत सामाजिक कार्यकर्ताहरूले वर्तमान संक्रमणको अवस्थामा विगतका मानवअधिकार हनन्का कारणहरू सम्बोधन गर्न जरुरी छ। ती समस्याहरुको निराकरणको लागि अपनाइने प्रक्रियाहरूमा जनताको सहभागिता बारे छलफल अघि बढाउन आवश्यक छ। शान्ति स्थापना अधिकारहरूको निर्बाध उपभोग गर्न पाउने परिस्थितिमा मात्र हुन सक्छ भन्ने हामी सबैले बुझ्नु पर्छ। अहिलेको परिवर्तित परिस्थितिमा हामी अधिकारकर्मीहरूले जनतालाई परिवर्तनका कार्यसूचीलाई सतहमा उजागर गर्ने प्रकृयाको थालनी गर्नु पर्छ।

(०६३ वैशाख २४ गते, काठमाण्डौं)

शान्तिपूर्ण भेलामा सरकारी हस्तक्षेप र मानव अधिकार हनन्

प्रजातान्त्रिक आन्दोलनमाथिको दमन

प्रेक्षा ओझा

राजाको प्रत्यक्ष शासनका क्रममा मानिसको नागरिक तथा राजनीतिक अधिकार पूर्ण रूपमा उल्लंघन भयो। बोल्ने, हिंडडुल गर्न पाउनेलगायत शान्तिपूर्ण रुपमा प्रदर्शन गर्न पाउने अधिकारलाई शाही सरकारले पूर्णत: लत्यायो। राजाको प्रत्यक्ष शासनकालको अन्तिम समयमा पछिल्लो पटक शान्तिपूर्ण प्रदर्शनका क्रममा अत्यधिक बल प्रयोगबाट १९ जनाको ज्यान जानुका साथै लाठी, अश्रुग्याँस तथा गोली प्रहारबाट पाँच हजार भन्दा बढी घाइते भए। ती मध्ये केही अङ्गभङ्ग हुनाका साथै केही लामो समयसम्म हुने स्थितिसम्म पुगेका छन्। यसबाट मानवअधिकारको विश्वव्यापी मान्यता र सिद्धान्त एवम् अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका साथै राष्ट्रिय कानुनको समेत घोर उल्लंघन भएको छ। उल्लंघनकर्ताहरूलाई कानुनबमोजिमको सजायको व्यवस्था गरेर दण्डहीनताको प्रवृतीलाई अन्त्य गर्नु आज अपरिहार्य भएको छ। नत्र जनताको सार्वभौमिकता र मानवअधिकारको पक्षमा प्राण आहुती गर्ने अमर सहिदहरूले धिक्कार्ने छन्।

०६२ चैत २४ गतेबाट सुरु भएको आन्दोलनप्रति ऐतिहासिक जनसमर्थन प्राप्त भयो। सेना र प्रहरीबाहेक सम्पूर्ण तह र तप्काका व्यक्ति तथा संस्थाहरूले शाही सत्ताको विरोध र लोकतन्त्र स्थापनाकालागि ऐक्यबद्धता प्रकट गरे। कतिपय ठाउँमा सुरक्षाकर्मीका परिवार समेत आन्दोलनमा ओर्लिए। शिक्षण संस्थाहरू, अधिराज्यभरी रहेका विभिन्न सरकारी कार्यालयका कर्मचारीहरू, संस्थाका कर्मचारीहरू, चिकित्सकहरू, व्यापारिक संघ संगठनहरू, युवा संघहरू यहाँ सम्मकी मुमाबडामहारानी रत्नराज्यलक्ष्मी संरक्षक रहेको नेपाल बाल संगठनले पनि शाही सरकारको निरंकुश चरित्रको विरोध गर्दै लोकतन्त्रको पक्षमा ऐक्यबद्धता जाहेर गरेको थियो। नेपाल बाल संगठनले ०६३ वैशाख ६ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी उक्त विरोध जनाएको थियो। सात राजनीतिक दलले आव्हान गरेको आन्दोलनमा प्रत्येक दिन अधिराज्यभरीबाट नै लाखौंको संख्यामा जनसाधारण प्रदर्शनमा सहभागी भए। प्रदर्शनकारीहरूले प्रहरीले उनीहरूमाथि गर्ने दमनलगायत कर्फ्यूको समेत अवज्ञा गर्दै दिनहुँ प्रदर्शन जारी राखेका थिए। नेपालको इतिहासमै यत्रो ठूलो सहभागिता अहिलेसम्मको आन्दोलनमा देखिएन भन्दा अत्युक्ति नहोला।

सात राजनीतिक दलद्वारा आयोजना गरिएको शान्तिपूर्ण प्रदर्शनमा अमानवीय तरीकाले सुरक्षाकर्मीले प्रदर्शनकारीमाथि अत्यधिक वल प्रयोग गरे। ०६२ चैत २९ गते गंगबुमा भएको आतंक, ०६३ वैशाख ७ गते कंलकीको घटना, वैशाख ९ गते त्रिपुरेश्वरमा भएको घटना, वैशाख ६ गते झापामा भएको घटना ०६२ चैत २६ गते पोखरामा सेनाद्वारा मारिएका भीमसेन दाहाल लगायतका घटनाहरू मानवअधिकार उल्लघनको पराकाष्टा हो। वैशाख ७ गते कंलकीमा भएको जनप्रदर्शनमा एसएसपी दुर्जकुमार राईले प्रदर्शनकारीमाथि ताकेर गोली हाने। व्यापक रूपमा लाठी र अश्रुग्याँस प्रहार गरियो। यस घटनामा चारजनाको ज्यान जानुका साथै सैयौं घाइते भए। उक्त दिन प्रशासनले नेपालस्थित संयुक्त राष्ट्र संघको कार्यालय, एम्बुलेन्स,

पत्रकारहरू र मानवअधिकार संघसंस्थाहरू कसैलाई पनि कर्फ्यू पास उपलब्ध गराएको थिएन। मानवीय संवेदना समेत नभएका दुर्जकुमार राईजस्ता प्रहरीहरूले ताकी ताकी गोली प्रहार गर्नुका साथै घाइते भएर मर्ने स्थितिमा रहेकाहरूलाई समेत केही समयसम्म उपचारकालागि अस्पताल लैजान दिएनन्। त्यस दिन सम्झदा अहिले पनि जीउ सिरिङ्ग हुन्छ। इन्सेकका म लगायत केही साथीहरू कार्यालयमै बसेर घटनाहरूको सूचना बाहिर पठाइरहेका थियौं भने केही कंलकीमा अनुगमनकालागि जानु भएको थियो। उहाँहरूलाई पनि प्रहरीले तितरवितर पारेछ। घाइते भएर लडेकाहरूलाई उपचारकालागि लग्न नदिएपछि स्थानीय बासिन्दाले माइकिंग गर्दै उनीहरूको उपचारकोलागि मानवअधिकारकर्मीहरूलाई पहल गरदिन अनुरोध गरेका शव्दहरू इन्सेक कार्यालयमा बसिरहँदा हामीले सुन्यौं। कल्पनै नगर्ने खालको एक किसिमको त्रास कंलकी क्षेत्रमा परेको थियो। कर्फ्यू पास नभएका कारण एम्बुलेन्सहरूपनि घटनास्थलमा आएका थिएनन। तर इन्सेकको कार्यालयबाटै हामीले विभिन्न अस्पताल ह्याम्स, मोडेल अस्पताल लगायतका एम्बुलेन्सहरू, रेडक्रस, ओ एच सि एच आर, सीविनको एम्वुलेन्हरूलाई धमाधम फोन गर्यौं। हामीले उहाँहरूलाई प्रहरीको १०० नम्वरमा फोन गरेर स्कर्टिङ्ग गरेर भएपनि तपाईंहरू आईदिनुस भनेपछि उहाँहरू धमाधम घटनास्थल तिर आउनु भयो। धेरैपछि मानवअधिकारकर्मीहरूको दवावमा मात्र घाइतेहरूलाई उपचारकालागि एम्बुलेन्सद्वारा अस्पताल लान दिइयो। यसैक्रममा कर्फ्यू पास नभएपनि कर्फ्यूको अवज्ञा गर्दै आफ्ना ज्यानको परवाह नगरी इन्सेकका गाडी चालक प्रेम खड्गीले आठ जना सख्त घाइतेहरूलाई इन्सेकको गाडीमा अस्पताल पुऱ्याउनु भयो। उहाँको यो योगदान संधैकालागि अनुकरणीय रहनेछ। वैशाख ७ मा कंलकीमा भएको गोलीकाण्डबाट चार जनाको ज्यान गइसकेको छ भने अझै केही जीवनकालागि अस्पतालमा संघर्ष गरिरहेका छन्। ०६२ चैत २९ गते पनि यस्तै प्रकारको आततायी घटना गंगबुमा भयो। प्रदर्शनमा आतंककारीहरूको संलग्नता रहेको भन्दै ठूलो संख्यामा रहेका प्रदर्शनकारीहरूमाथि डि एस पी माधव थापाले आफ्नो घरबाट सादा पोशाकमा रहेका सुरक्षाकर्मीहरूलाई गोली चलाउने आदेश दिएका थिए। सादा पोशाकमा रहेका सुरक्षाकर्मीहरूले चलाएको गोली लागी झण्डै दुई सय जना व्यक्तिहरू घाइते भए। यसैगरी त्रिपुरेश्वरमा भएको प्रदर्शनमा पनि प्रहरीले गोली तथा अश्रुग्यास प्रहार गर्दा दुई जनाको मृत्यु हुनाका साथै पचासौं घाइतें भए।

शान्तिपूर्ण रूपमा रहेको जुलुशमाथि सेनाले समेत हस्तक्षेप गऱ्यो। शान्तिपूर्ण रूपमा भएको प्रदर्शनका क्रममा सेनाले गोली चलाउँदा पोखरा, झापा र नवलपरासी गरी चार जना व्यक्तिहरूले अकालमा ज्यान गुमाउनु पऱ्यो। झापाको चन्द्रगढीमा प्रदर्शन सकिएर भेला भएका प्रदर्शनकारीहरूमाथि सेनाले अन्धाधुन्ध गोली चलाउँदा दुई व्यक्तिको मृत्यु हुनाकासाथै दुई सय भन्दा बढी घाइते भएका थिए। विभिन्न ठाउँमा सेना र प्रहरीबाट भएका यस्ता आक्रमण संयुक्त राष्ट्र संघद्वारा अनुसरण गरिएको कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको आचार संहिता र बल तथा बन्दुक प्रयोग सम्बन्धी आधारभूत सिद्धान्त विपरीत छ।

सात राजनीतिक दलहरूले ०६२ वैशाख २४ गतेदेखि २७ गतेसम्म आह्वान गरेको हड्तालमाथि सरकारले व्यापक दमन गरेपश्चात् उक्त आन्दोलन लम्बिएर १९ दिनमा पुगेर टुगियो। वैशाख ११ गते राती ११.३० बजे राजाद्वारा संसद पुनस्थापना गरिएको घोषणा गरेपछि उक्त आन्दोलन टुंगो लागेको थियो। प्रतिगमनका विरूद्ध तथा लोकतन्त्रको पक्षमा भएको उक्त आन्दोलनमाथि सरकारले गरेको अत्यधिक वल प्रयोगको राष्ट्रिय मात्र नभएर विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले व्यापक विरोध गर्दै यस मुद्दालाई संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले हेर्नुपर्ने भनी विशेष जोड दिएका छन्।

सात राजनीतिक दलले आयोजना गरेको आन्दोलनलाई सफलताको विन्दुमा पुऱ्याउन अन्तराष्ट्रिय समुदायको दवाव महत्वपूर्ण रह्यो। विभिन्न अन्तराष्ट्रिय समुदायले नेपालमा भएको शान्तिपूर्ण प्रदर्शनमाथि गरिएको हस्तक्षेपका विरूद्ध उठाएको आवाज नेपालको इतिहासमै अनुकरणीय रहनेछ।

संयुक्त राष्ट्र संघका महासचिव कोफी अन्नानले अप्रिल पाँचमा एक विज्ञप्ति प्रकाशन गरी नेपालमा बढ्दै गएको मतभेदप्रति ध्यानाकर्षण जनाउनु भएको थियो। विज्ञप्तिमा उहाँले सात दलद्वारा आयोजना गरेको विरोध प्रदर्शनको पूर्व सन्ध्यामा सरकारबाट गरिएको प्रदर्शन गर्न नदिन लगाइएको प्रतिबन्ध र कर्फ्यूप्रति आफ्नो ध्यानाकर्षण भएको। जनाउँदै ठूलो संख्यामा आफ्ना विरोधिहरूलाई गिरफ्तार गरेको घटनाप्रति चिन्ता व्यक्त गर्नु भएको थियो। कानुन तथा निर्देशनहरू व्यवस्थापन गर्नु राज्यको दायित्व भएको भन्दै उहाँले सुरक्षाको कारणका आधारमा जनताको शान्तिपूर्ण प्रदर्शन गर्न पाउने अधिकारलाई

नकार्न नहुने बताउनु भएको थियो। तर सरकार यसका विरूद्ध प्रदर्शनकारीहरूमाथि जाई लागेको थियो। तत्कालीन गृहमन्त्री कमल थापा सरकारले संयुक्त राष्ट्र संघमा आफूहरूले यसबारेमा उत्तर दिनुपर्छ भन्ने यथार्थलाई बेवास्ता गर्दै सरकारी सञ्चार माध्यमबाट भिड नियन्त्रण गर्न गोलीसम्म चलाउने आदेश दिंदै थिए।

संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्च आयुक्त लुईस आर्वरले सरकारले अत्यधिक बल प्रयोग गरी प्रदर्शन दबाउन खोजेको भन्दै ०६२ चैत ३१ गते एक प्रेस विज्ञप्ति प्रकाशित गर्नु भएको थियो। विज्ञप्तिमा उहाँले नेपालमा शान्तिपूर्ण आन्दोलन दबाउन सुरक्षा निकायले गरेको अत्यधिक बल प्रयोग र स्वेच्छाचारी गिरफ्तारका कारण आफू स्तब्ध भएको बताउनु भएको थियो। नागरिकको शान्तिपूर्ण आन्दोलन दबाउन चैत २९ गते हालसम्मकै अत्यधिक बल प्रयोग गरिएको आफ्नो नेपालस्थित कार्यालयका अधिकृतले देखेको पनि उहाँले बताउनु भएको थियो। यस्तो किसिमको बल प्रयोग यो अवधिको सबैभन्दा ठूलो भएको बताउँदै उहाँले मानवअधिकार हननमा संलग्न भएका प्रहरीको नामावली राष्ट्रसंघको शान्ति अपरेसन विभागलाई उपलब्ध गराउने चेतावनी दिनुभएको थियो।

एम्नेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच, इन्टरनेशनल कमिशन अफ जुरीस्ट, ओ एम सि टी, फोरम एशिया, लगायतका अन्तरष्ट्रिय मानवअधिकार संस्थाहरूका साथै विभिन्न देशहरूले छुट्टाछुट्टै मितिमा विज्ञप्ति प्रकाशित गरी नेपालको यस मुद्दालाई संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदले हेर्नुपर्नेका साथै लक्षित नाकाबन्दी लगाउन समेत आग्रह गरेका थिए।

सरकारवाट भएको हस्तक्षेपको क्रमलाई हेर्ने हो भने सरकारलाई आन्दोलनको नाम सुन्नै नहुने भएको थियो । प्रतिगमनका विरूद्ध प्रदर्शनको घोषणा गर्ने वित्तिकै आन्दोलन हुन नदिनकालागि नेता तथा कार्यकर्ताहरूलाई धमाधम गिरफ्तार गर्न थालिहाल्ने कि फोन बन्द गर्ने कि कर्फ्यू लगाइहाल्ने, जस्ता लज्जास्पद प्रवृतिलाई आन्दोलन अवधिभर यथावत राखियो।

शान्तिपूर्ण रूपमा नगर निर्वाचनको बहिष्कार गर्ने कार्यक्रम आयोजना गर्ने सात राजनीतिक दलहरू विरूद्ध सरकार यसरी खनियो कि उसले आफ्ना घोषणाहरूमा व्यक्त गरेका प्रतिवद्धताहरूलाई कुनै वास्तै गरेन। ०६२ माघ ७ गते सात राजनीतिक दलहरूले घोषणा गरेको आमसभा बिथोल्न सरकारले अघिल्लो दिन बिहानदेखि नै विभिन्न राजनीतिक नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गऱ्यो। यसकालागि सरकारले रातीदेखि नै नेता तथा कार्यकर्ताहरूका घरहरू घेराउकासाथै खानतलासी गर्ने कार्य गऱ्यो। शान्ति सुरक्षाको कारण देखाई उपत्यकामा बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म राजधानीमा कर्फ्यु लगाई आफ्नो असहिष्णुता र निरंकुशताको परिचय विश्वलाई देखायो।

मनमा डर भएका वेला वा अत्तालिएका वेला मानिसले जे पनि गर्न सक्दछ। उसलाई के गरे भन्ने होस हुँदैन। हतास मनस्थिति भएका वेला आफूले गरेका सबै गलत निणर्यहरू ठिक लाग्दछ। यही कुरालाई साबित गरेको छ शाही सरकारको निरंकुशतावादी चरित्रले। राजा जनताको अभिमत बटुल्न यस्तो आक्रामक स्थितिका अवस्थामा देशको दुर्गम जिल्लाहरूमा भ्रमण गरेर आफ्नो साथमा जनता छन् भन्ने देखाउन थाले। राजाले आफूले जति पनि ग्रामीण भेगका जनताको साथ पाएका छन् त्यो पनि गुम्ने हो कि भन्ने डरले राजधानीलगायत अधिराज्यका विभिन्न ठाउँहरूबाट आयोजना गरिने भनिएको विरोधप्रदर्शनमा आफ्नो विरूद्धमा प्रदर्शन गर्नु अगाडि नै धमाधम तीन महिने पूर्जी नेताहरूलाई थमाउँदै जथाभावी गिरफ्तार गर्न पछाडि परेन। यसअघि माघ ७ गतेबाट सुरू हुने भनिएको आन्दोलनका क्रममा पनि काठमाण्डौका प्रमुख जिल्ला अधिकारी सुशील घिमिरेद्वारा हस्ताक्षर गरिएको तीन महिने पूर्जी दिई शान्ति सुरक्षा उल्लंघन गर्ने आरोप जबरजस्ती थोपरी नेताहरूलाई थुन्ने आदेश दिइयो। नेकपा (एमाले) का स्थायी कमिटी सदस्य प्रदीप नेपाल विरामी भई घर बसेको अवस्थामा ०६२ माघ ६ गते उहाँलाई कलंकीमा शान्ति सुरक्षा विथोल्न खोजेको भनेर पक्राउ पूर्जी दिइएको थियो। पछि विभिन्न क्षेत्रबाट उहाँको तत्काल रिहाइकालागि दवाव बढेपछि माघ ९ गते रिहा गरिएको थियो।

०६२ माघ १९ गते फेरी नेपालमा अघिल्लो माघ १९ कै जस्तो अवस्था श्रृजना भएको सबैले महसुस गरे। फोन तथा मोबाईलका लाईन काटिनेलगायत नेता तथा मानवअधिकारकर्मीहरूलाई विभिन्न वहानामा पक्राउ गर्ने कार्य शाही सरकारले गऱ्यो। काटिएका फोन मोवाइलका लाइनहरू केही समयपछि सञ्चालन गरिएपनि विभिन्न राजनीतिक पार्टीका नेताहरूको भने धेरै पछिसम्म फोन लाइन काटिएको थियो। राजनीतिक पार्टीका नेताहरूको कुनैपनि समय फोन तथा मोवाइल लाइन काटिने र सञ्चालन गरिने क्रम सरकारले गरेको थियो भने माधवकुमार नेपालको घरवाट त उहाँले प्रयोग गर्नेसम्पूर्ण सञ्चारसँग सम्वन्धी सामानहरू ०६२ चैत ९ गते सुरक्षा निकायले उहाँको घरवाट लगेको थियो। माघ ७ गतेवाट सुरू गर्न लागिएको प्रदर्शनका क्रममा निषेधाज्ञा तोडेको भन्ने निहुँमा प्रदर्शन सुरू हुनु अघि नै तीन महिनाको पूर्जी नेताहरूलाई थमाइएको थियो। सबैले सहजै अनुमान लगाउन सक्छ यो प्रदर्शनलाई दमन गर्ने मात्र नभएर त्यसवेला नजिकै आईरहेको नगर निर्वाचनका अवसरमा उनीहरूको मुख थुन्न यसो गरिएको थियो। तर केही नेता तथा कार्यकर्ताहरूलाई चुप लगाएर सम्पूर्ण जनता जो यो सरकारको विरूद्धमा उर्लिए उनीहरूको आवाजलाई सरकारले वन्द गराउन सकेन। यसको उत्तर नगर निर्वाचनको सहभागिताले प्रष्ट रूपमा दिएको छ। प्रदर्शन हुन नदिन सरकारले कर्फ्यु लगाउँदा समेत ०६२ माघ ७ गते जनताहरू राजधानीका विभिन्न कुनाहरूबाट सडकमा उत्रिए। सुन्धारामा सो दिन नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का भरतविमल यादवको नेतृत्वमा दिउँसो जुलुश निस्केको थियो। उक्त जुलुशमा प्रहरीले हस्तक्षेप समेत गरेको थियो। सोही दिन गौशालाको धर्मशालामा रामवरण यादवको नेतृत्वमा धर्मशाला भित्रै सरकारका विरूद्ध नाराहरू लगाइएको थियो। गौशालास्थित

आन्दोलन दबाउन अत्यधिक बल प्रयोग: अन्तर्राष्ट्रिय मान्यता विपरीत

लुमासिंह विश्वकर्मा, अधिवक्ता

नेपाल संयुक्त राष्ट्रसंघद्वारा पारित मानवअधिकार सम्बन्धी विभिन्न सन्धिहरू अनुमोदन गरी पक्षराष्ट्र भएकोछ। मानवअधिकार सम्बन्धी सन्धिहरूको नेपाल पक्षराष्ट्र भइसकेपछि ती सन्धिहरूमा उल्लेखित दायित्वहरू अनिवार्य पूरा गर्नु पर्दछ। कुनै पनि सन्धिको पक्षराष्ट्र भइसकेपछि उक्त सन्धिको सम्मान गर्नु, सन्धिले तोकेका दायित्वहरू पूरा गर्नु र सन्धिको संरक्षण गर्नु सम्बन्धित राष्ट्रको दायित्व हुन्छ। मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि उल्लेखित दायित्वहरू पूरा गर्नु पर्नेमा सो विपरीत तत्कालीन सरकारले सात राजनीतिक दलद्वारा आयोजित देशव्यापी आमहड्तालका क्रममा शान्तिपूर्ण आन्दोलन दबाउन प्रदर्शनकारी माथि अन्तर्राष्ट्रिय मान्यता विपरीत अत्यधिक बल प्रयोग गऱ्यो। साथै सुरक्षाका नाममा शान्तिपूर्ण जुलुसमा शाही नेपाली सेनाको परिचालन गरियो। प्रदर्शनका क्रममा सेना र प्रहरी समेतका सुरक्षाकर्मीले प्रहार गरेको गोलीबाट १९ जनाले सहादत प्राप्त गरे भने कयौं घाइते भए।

सभा जुलुस नियन्त्रण सम्बन्धी कानुनी व्यवस्था

शान्तिपूर्ण तरीकाले भइरहेको कुनै सभा जुलुसलाई नियन्त्रण गर्नु पर्ने आवश्यकता देखिए स्थानीय प्रशासन ऐन २०२८ बमोजिम प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम प्रहरीको बल प्रयोग गरी नियन्त्रण गर्न सकिने व्यवस्था गरिएको छ।[१] हिंसात्मक वा ध्वंसात्मक कार्य तर्फ यदि कुनै सभा जुलुस उन्मुख भएको स्थितिमा मात्र सभा जुलुस नियन्त्रण गर्ने अधिकार स्थानीय प्रशासन ऐनले प्रदान गरेकोछ। उल्लेखित अवस्थामा सभा जुलुस नियन्त्रण गर्नु पर्ने अवस्था सृजना भए प्रहरीको मद्दतले लाठी चार्ज, अश्रु ग्याँस, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार प्रयोग गर्न सक्ने अधिकार दिइएको छ। सभा जुलुस नियन्त्रण गर्नु पर्ने आवश्यकता देखिएमा बल प्रयोग गर्ने तरीका र प्रक्रिया पनि स्पष्ट रुपमा स्थानीय प्रशासन ऐनमा तोकिएको छ। लाठी चार्ज, अश्रु ग्याँस, हवाई फायर गर्दा पनि शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नु भन्दा अगाडि सभा जुलुस भीडलाई हट्दैनौ भने गोली चलाईने छ भनी स्पष्टसंग बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्ने भयो भने घुँडा मुनि पारी गोली चलाउनका निमित्त आदेश दिन सक्ने व्यवस्था गरिएको छ।[१]

कर्फ्यूको समयमा बल प्रयोगको तरिका र प्रक्रिया

कर्फ्यूको घोषणाको समयमा कर्फ्यू लगाइएको क्षेत्र भित्र पनि बल प्रयोग गर्दा अपनाउनु पर्ने आधारभूत प्रक्रिया पनि स्थानीय प्रशासन ऐन २०२८ मा स्पष्टरुपमा उल्लेख गरिएको छ।[१] कर्फ्यूको आदेश उल्लघन गर्ने व्यक्तिलाई प्रहरीले गिरफ्तार गर्ने र प्रमुख जिल्ला अधिकारीले उपयुक्त देखेमा एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्ने व्यवस्था छ। त्यसैगरी प्रमुख जिल्ला अधिकारीले प्रहरीलाई गोली चलाउन आदेश दिन सक्ने व्यवस्था गरेको छ। प्रहरीले गोली चलाउनु पर्ने आवश्यकता परेमा गोली चलाउनु अघि परिस्थिति अनुसार लाठी चार्ज, अश्रु ग्याँस, फोहरा वा हवाई फायर गर्नु पर्ने र त्यति गर्दा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई हटेन भने गोली चलाईनेछ भनी स्पष्टसंग बुझिनेगरी चेतावनी दिनु पर्दछ। चेतावनी दिंदा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने मात्र गोली चलाउन सकिने कानुनी व्यवस्था गरिएको छ। साथै परिस्थिति अनुसार देख्ने बित्तिकै गोली हान्ने आदेश पनि दिन सकिने कानुनी व्यवस्था छ।

उक्त कानुनी व्यवस्थाको प्रयोग गर्नु अगाडि कुनै प्रारम्भिक तथा अन्य वैकल्पिक उपाय नअपनाई गोली चलाउनु उक्त कानुनी व्यवस्था विपरीत हुन जान्छ। माथि उल्लेखित कानुनी व्यवस्था कुनै पनि सभा जुलुसले हिंसात्मक वा ध्वंसात्मक कार्य गर्न लाग्दाको अवस्थामा मात्र नियन्त्रणका लागि व्यवस्था गरिएको कानुनी प्रावधान हो। कुनै पनि शान्तिपूर्ण सभा जुलुसमा कुनै पनि प्रकारको नियन्त्रण गर्नु उक्त कानुनी प्रावधानको विपरीत हुन जान्छ। यस्तो कानुनी व्यवस्था विपरीत सरकारले कुनै पनि कार्य गर्न पाउँदैन।

बल प्रयोग सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड

मानिसको जीवन, स्वतन्त्रता र सुरक्षालगायत मानवअधिकारको विश्वव्यापी घोषणापत्रले व्यवस्था गरेका विशेषत: नागरिक तथा राजनीतिक अधिकारको संरक्षणमा राज्यका कानुन कार्यान्वयन गर्ने पदाधिकारीहरूको महत्वपूर्ण भुमिका रहन्छ। कुनै पनि सभा जुलुस शान्तिपूर्ण तवरले भइरहेको छ भने कुनै पनि तरिकाले हस्तक्षेप गर्न पाइँदैन। कुनै पनि सभा जुलुस तथा भिडमा बल प्रयोग गर्नु पर्ने अवस्था उत्पन्न भएको समयमा बल प्रयोग सम्बन्धमा स्पष्टरुपमा बल प्रयोग सम्बन्धी मापदण्ड तय गरिएको छ। सन् १९९० मा अपराधको रोकथाम तथा कानुन उल्लंघन गर्नेहरू प्रति गरिने व्यवहारका सम्बन्धमा संयुक्त राष्ट्रसंघको आठौं सम्मेलनले अनुसरण गरेको *'कानुन कार्यान्वयन अधिकारीहरूका लागि बल तथा बन्दुकको प्रयोगको आधारभूत*

*सिद्धान्त*मा र कानुन कार्यान्वन गर्ने अधिकारीहरूको आचारसंहितामा उल्लेख गरिएको छ। जो निम्नानुसार छन्:

१. कुनै पनि सभा जुलुस भिड नियन्त्रण गर्नु पर्दा सकेसम्म बल तथा बन्दुकको सट्टा अहिंसात्मक वैकल्पिक उपायहरू प्रयोग गर्नु पर्दछ।[४]

२. त्यस्तो बेला मात्र बल प्रयोग गर्नु पर्दछ जहाँ बल प्रयोग गर्नु पर्ने अत्यावश्यक हुन्छ।[५]

३. कानुनले तोकेको प्रक्रिया बमोजिम कानुन कार्यान्वयनका लागि मात्र बल प्रयोग गर्नु पर्दछ।[६]

४. आन्तरिक राजनीतिक अस्थीरता वा संकटको अवस्थालगायतका असहज परिस्थितिमा कानुनबमोजिम मात्र बल प्रयोग गर्न पाईन्छ। गैरकानुनी तरिकाले प्रयोग गरिएको बल कुनै पनि हालतमा न्यायिक मानिदैन।[७]

५. बल प्रयोग गर्दा कानुनको उद्देश्यपूर्तिका लागि संधै समानुपातिक तरिकाले मात्र प्रयोग गर्नु पर्दछ।[८]

६. बल प्रयोगको समयमा सकेसम्म संयमता अपनाउनु पर्दछ।[९]

७. बल प्रयोग गर्दा सकेसम्म कम क्षति हुने तरीकाले गर्नु पर्दछ।[१०]

८. बल प्रयोग तथा बन्दुकको प्रयोग गर्नु पर्ने स्थितिमा बल प्रयोग गर्दा उपयोग गरिने र बन्दुक प्रयोग गर्दा उपयोग गरिने हतियारको भिन्नताका बारेमा स्पष्टरूपमा बल / बन्दुक प्रयोगकर्तालाई जानकारी गराउनु पर्दछ।[११]

९. बल तथा बन्दुक प्रयोग गर्ने सबैलाई अहिंसात्मक उपायको प्रयोगका लागि प्रशिक्षित गरिनु पर्दछ।[१२]

१०. बल प्रयोगका विभिन्न तरीकाका बारेमा सोसँग सम्बन्धित सबैलाई प्रशिक्षित गरिनु पर्दछ।[१३]

११. बल प्रयोगका क्रममा भएको घटनाको जिम्मेवारी उसलाई निर्देशित गर्ने माथिल्लो अधिकारीको रहन्छ।[१४]

१२. बल प्रयोग गर्ने कुनै पनि व्यक्तिले आफू भन्दा माथिल्लो अधिकारीको आदेश पालना गरेको हुँ भन्दैमा घटनाबाट उत्पन्न दायित्वबाट उन्मुक्ति पाउँदैन।[१५]

१३. संकटयुक्त परिस्थितिमा अन्य सबै उपाय प्रयोग पछि मात्र बन्दुक प्रयोग गर्न सकिन्छ।[१६]

१४. घाइतेहरूको उपचारको लागि उपयुक्त व्यवस्था सहयोग गर्नु पर्दछ।[१७]

सात राजनीतिक दलहरूले संचालन गरेको विरोध प्रदर्शनमा सुरक्षाकर्मीहरूद्वारा प्रयोग गरिएको बल उल्लेखित सिद्धान्तहरू विपरीत भएको स्पष्ट छ। कर्फ्यू घोषित क्षेत्र बाहिर शान्तिपूर्ण रूपमा प्रदर्शन भइरहेका जुलुसहरूमा सिधै ताकेर गोली प्रहार गरिएको थियो। घरमा बसिरहेका व्यक्तिहरू माथि पनि गोली प्रहार भयो। गोली हानी मृत्यु भएका सबै घटनाहरू कर्फ्यू घोषणा नभएका क्षेत्रहरू थिए। बल प्रयोगका वैकल्पिक उपायसमेत अपनाएको पाइएन। यो बलको अनावश्यक प्रयोग हातमा रहेको हतियारको उन्माद भएको स्पष्ट देखिन्छ। घटनाहरूमा अन्तर्राष्ट्रिय मान्यता विपरित अनावश्यक रुपमा अत्यधिक बल प्रयोग गरियो।

---

१ स्थानीय प्रशासन ऐन २०२८ को दफा १(क)
२ दफा १(ख)
३ ६(क) ३,४
४ सिद्धान्त ४
५ सिद्धान्त ४ र ५
६ सिद्धान्त ५ र ७
७ सिद्धान्त ८
८ सिद्धान्त २, ५(क)
९ सिद्धान्त २, ५(क) र ९
१० सिद्धान्त ५(ख)
११ सिद्धान्त २,
१२ सिद्धान्त ४ र २०
१३ सिद्धान्त ४, १९ र २०
१४ सिद्धान्त २४
१५ सिद्धान्त २६
१६ सिद्धान्त ४
१७ सिद्धान्त ५ (ख

धर्मशालामा खाना खाइरहेका र कोठामा बसेका सर्वसाधारण तिर्थयात्रीलगायत राजनीतिक कार्यकर्ता गरी दुईसयजना भन्दा बढीलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए। सो क्रममा सुरक्षाकर्मीहरूले वरपर रहेका केही व्यक्तिहरूलाई कुटपिट समेत गरेको थियो । नजरबन्दमा राखिनु भएका नेकपा (एमाले) का महासचिव माधव कुमार नेपालसँग उक्त दिन मानवअधिकारकर्मीहरूलाई भेट गर्न समेत दिइएन।

०६२ माघ १९ गते भएको विरोध प्रदर्शनका क्रममा प्रदर्शनकारीमाथि प्रहरीले अश्रुग्याँस र लाठी प्रहार गरेको थियो। सशस्त्र प्रहरीले लाठी प्रहार गर्दा सुन्तला बिक्रेता नगेन्द्र राईको टाउको फुट्नुका साथै मानवअधिकारकर्मीहरू इन्सेकका विमलचन्द्र शर्मा र मानवअधिकार एलायन्सका समीर नेपाल पनि घाइते भएका थिए। प्रदर्शनको अनुगमन गरिरहेका पत्रकार टंक पन्तलगायतलाई दुर्व्यवहार गरेको थियो भने महिला प्रदर्शनकारीहरूलाई लछार पछार गर्दै दुर्व्यवहार गरेको थियो। प्रदर्शनका क्रममा गिरफ्तार गरिएका विद्यार्थीहरूलाई हिरासतभित्र यातना दिइएको थियो। यसक्रममा ०६२ माघ २० गते किर्तिपुर क्याम्पसबाट गिरफ्तार गरिएका त्रिभुवन विश्वविद्यालय क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनका सचिव रूपेश खतिवडालाई इन्स्पेक्टर रमेश गौतमको निर्देशनमा यातना दिइएको थियो। गौतमले उनको मुखमा थुक्दै तैं होइनस ढुंगा हान्ने भन्दै थिए भने उनको निर्देशनमा अन्यले रूपेशलाई कुट्दै थिए। रूपेशलाई किर्तिपुर वार्ड पुलिस चौकिमा एउटा अँध्यारो कोठा भित्र लगेर दुवै हात र खुट्टा भुईंमा टेक्न लगाई निर्मम तरिकाले २० मिनेटसम्म पिटेका थिए। उनी सँगसँगै वासुदेव पौडेल, राजन खतिवडा र सरोज यादवलाई पनि त्यसैगरी यातना दिइएको थियो। पछि माघ २२ गते नेपाल स्थित संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको कार्यालयका प्रतिनिधि इयान मार्टिनले उहाँहरूलाई भेटी प्रहरीहरूलाई पीडितहरूलाई त्यहाँ नराख्न निर्देशन दिएपछि सबैलाई माघ २३ गते जावलाखेलको महिला विकास तालिम केन्द्रमा राखिएको थियो। उनीहरूलाई उपचारकालागि सरकारबाट कुनै पहल भएन। नेपालअधिराज्यको संविधान २०४७ को मौलिक हक अन्तर्गत र संयुक्त राष्ट्र संघको मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र सन् १९४८ का साथै नागरिक तथा राजनीतिक अधिकार अनि यातना विरूद्धको महासन्धिले पनि थुनामा अनुसन्धानका क्रममा कसैलाई पनि थुनामा यातना दिन नपाइने कुरा उल्लेख गरिएको छ। तर यथार्थमा यसको विपरित कार्यहरू गर्न सरकार हिचकिचाएन।

(इन्सेक फ्याक्सीट-सीपिआर-टी -०१-२००६)

मानिसको बोल्न र हिंडडुल गर्न पाउने अधिकार त उसले यो धर्तीमा पाईला टेक्दा नै पाएको हुन्छ। कसैले यो अधिकारलाई कसरी अंकुश लगाउन सक्छ ? तर शाही सरकारले मानिसले जन्मदै लिएर आएको यो अधिकारमाथि पनि बन्देज लगायो।

देशका विभिन्न भागहरूमा प्रतिगमनका विरूद्ध आयोजना गरिएका आमसभाहरूमा सहभागी हुन आएका विभिन्न राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरू र सर्वसाधारणहरूलाई समेत प्रहरीहरूले हस्तक्षेप गरी उक्त सभामा उपस्थित हुनबाट बंचित गराएको स्थिति यो वर्षको मध्यतिर रह्यो। विभिन्न स्थानबाट हजार भन्दा बढी नेता तथा कार्यकर्ताहरूलाई नेकपा(एमाले) ले नोभेम्वर १९,२००५ मा बुटवलमा आयोजना गरेको आमसभामा सहभागी हुनबाट सरकारले प्रतिबन्ध लगाएको थियो। उक्त दिनको आमसभा बियोल्न लुम्बिनी अञ्चल प्रशासनले सबै स्थानीय निकायहरूलाई परिचालन गराएको थियो। अञ्चल प्रशासनले नेकपा(एमाले)को विरोध प्रदर्शनमा जनता सहभागी नहुनकालागि वातावरण बनाउन आफ्ना सम्पूर्ण सुरक्षा निकायलाई सक्रिय रूपमा नाका नाकामा परिचालन गरेको थियो। उक्त कार्यक्रम बियोल्न "सचेत राष्ट्रवादी जनताहरू र राष्टवादी नागरिक समाज" का नाममा प्रशासनले पर्चा पम्प्लेटिगं गराएको थियो। पर्चामा सभा संविधान विपरीत भएको उल्लेख गरिएको थियो। सभामा माओवादीको समेत उपस्थिति हुने र प्रशासनले गोली चलाउने हौवासमेत प्रचार गरिएको थियो। एमालेले लोकतन्त्र बहालीका लागि भइरहेको सात दलको संयुक्त जनआन्दोलन अन्तर्गत बुटवलमा आफ्नो शक्ति प्रदर्शन गर्न लाग्दा जिल्ला प्रशासन कार्यालय रूपन्देहीले जिल्लामा कार्यरत शिक्षक, कर्मचारी तथा बस व्यवसायीहरू समेतलाई उक्त जनसभामा सहभागी नगराउँनु भनी मातहतका सुरक्षानिकाय र जिल्लाका सबै सरकारी कार्यलयहरूलाई पत्राचार गरेको थियो। बुटवलमा आयोजना गरिएको आमसभामा सहभागी हुन नदिन गुल्मी र पाल्पाबाट आउने कार्यकर्ताहरूलाई सुरक्षानिकायले रोक्ने र विभिन्न अबरोधहरू उत्पन्न गरेको थियो। यसैगरी अर्घाखाँची जिल्लाबाट पनि बुटवलमा सहभागी हुन गइरहेका व्यक्तिहरू चढेका सवारी साधनहरूलाइ सुरक्षाकर्मीले सन्धीखर्कमा नै रोकेर राखेका थिए।

विशाल जनसमुदायको उपस्थिति हुने देखेर तर्सिएको सरकारले सभा बियोनकालागि सहभागीहरूलाई नाका नाकामा रोक्ने मात्रै नगरेर उनीहरूलाई कुटपिट गर्ने , धम्की दिनेसम्मका कार्यहरू गरेको थियो।

राजाले माघ १९ गते सम्पूर्ण राजनैतिक शक्ति संविधानको धारा २७ प्रयोगगरी आफ्नो हातमा लिएपछि, मानवअधिकारको प्रवर्द्धनको कुरा पटक पटक आफ्ना अभिव्यक्तिहरूमार्फत सार्वजनिक गरिएपनि यो यथार्थ नभएको तथ्य सरकारले जनता र उनीहरूमाथि प्रत्यक्ष सरोकार राख्ने गरेका राजनीतिक दलहरूले आयोजना गरेका आमसभाहरूमा मात्र नभएर नागरिक समाजले आयोजना गरेका आमसभाहरूमा समेत सरकारले रोक लगाउने प्रयत्न गर्‍यो। आमसभा आयोजना गरिने थाहा पाउने वित्तिकै उक्त कार्यक्रम हुने स्थानमा निषेधाज्ञा जारी गरियो। नागरिक सभाद्वारा ०६२ भदौ २६ गते कैलालीको टीकापुरमा आयोजना गर्ने भनिएको आम सभा हुन नदिन सरकारले अघिल्लो दिन नै अर्को आदेश नभएसम्मकालागि निषेधाज्ञा जारी गर्‍यो। यसैगरी झापामा पनि नागरिक सभाद्वारा ०६२ असोज १ गते आयोजना गर्ने भनिएको कार्यक्रमक हुन नदिन भदौ २८ गते निषेधाज्ञा जारी गरी आमसभाहरू गर्न प्रतिबन्ध लगाईयो।

सरकारले ०६२ भदौ १९ गतेबाट आयोजना गरेको आन्दोलनका क्रममा पनि व्यापक बल प्रयोग गरी आन्दोलनलाई दबाउने ठूलो प्रयास गर्‍यो।

प्रतिगमन विरूद्ध सात राजनीतिक दलहरूले राजधानीमा गरेको प्रदर्शनी दबाउन सरकारले मानिसलाई जथाभावी कुटने पिटनेलगायत मानिसलाई ताकेर अश्रुग्याँस प्रहार गर्नुकासाथै फोहोर पानीको फोहोरा समेत प्रयोग गर्‍यो। महिलाहरूद्धारा गरिएको विरोध प्रदर्शनमा महिला प्रहरीको साटो पुरूष प्रहरीहरूलाई प्रयोग गरिएको थियो। समातिएका महिलाहरूलाई भ्यानमा हालिसकेपछि पनि जथाभावी दुर्व्यवहार गरेर राज्यले आफ्नो घृणित तस्वीर प्रस्तुत गर्‍यो। ०६२ भदौ १९ गतेदेखि सात राजनीतिक दलहरू प्रतिगमनको विरूद्ध सडकमा ओर्लिएका बेला पनि विभिन्न ठाउँहरूमा प्रदर्शन गर्न रोक लगाउनकालागि निषेधाज्ञा जारी गरी प्रवेश निषेध गरिएको थियो। प्रतिगमनमा उत्रिएका सात राजनीतिक दलहरूले निषेधाज्ञाको परवाह नगरी जुलुश निकाल्दा उनीहरूमाथि सरकार अमानवीय तवरले जाई लागेको थियो। प्रहरीहरूले प्रदर्शनकारीहरूमाथि ढुंगामुढा गर्नुकासाथै जथाभावी लठ्ठी प्रहार गर्दा सैयौं प्रदर्शनकारीरू सख्त घाइते भए।

प्रदर्शनकै क्रममा गिरफ्तार गरिएका महिलामाथि भएको दुर्व्यवहारले जनताका संरक्षक बनेका प्रहरीको कुकृत्यलाई उजागर गरेको छ। दमन गर्ने क्रममा सरकार कति घृणित काम गर्छ भन्ने उदाहरण महिलामाथि ०६२ असोज ३ गते भएको दुर्व्यवहारलाई लिन सकिन्छ। प्रदर्शनका क्रममा पुरूष प्रहरीहरूद्धारा भएको हस्तक्षेपका विरूद्ध महिला नेतृहरूले एक प्रेस सम्मेलनको अयोजना गरी विरोध गरे। उनीहरूले पत्रकार सम्मेलनमा आफूहरूमाथि पुरूष प्रहरीले गरेको घृणित व्यवहार उल्लेख गर्नै नसक्ने बताएका थिए।

प्रदर्शनलाई असफल बनाउन शाही सरकारले प्रदर्शनकारीमाथि अनेकौं बल प्रयोग गरिरहेको थियो भने फिलिपिन्सको अनुभव हेर्ने हो भने प्रदर्शन रोक्ने प्रकृती फरक थियो। फिलिपिनी राष्टद्रपति ग्लोरिया माकापागल आरोयोले फागुन १२ गते संकटकालको घोषणा गर्नु भएको थियो। फिलिपिन्समा यस अवस्थामा कुनै पनि भेला तथा प्रदर्शनमाथि प्रतिबन्ध लगाइएको भएपनि शान्तिपूर्ण र्‍याली निकाल्न भने दिइएको थियो। तर र्‍यालीहरूलाई दंगा प्रहरी, सशस्त्र सैनिक तथा सुरक्षाकर्मीहरूले कडा निगरानी राखेका थिए। फिलिपिन्समा राजनीतिक गतिविधिलाई पूर्ण रूपमा प्रतिबन्ध लगाइएको थियो। राष्ट्रपति आरोयोलाई सत्ताच्यूत गर्न केही सैनिकले विद्रोह गरेको समाचार सार्वजनिक भएलगत्तै फिलिपिन्समा संकटकाल लगाइएको हो। फिलिपिन्समा गैरराजनीतिक प्रदर्शनकालागि कुनै प्रतिबन्ध तथा हस्तक्षेप गरिएको थिएन। तर तुलनात्मकरूपले नेपालको स्थितिलाई हेर्दा अत्तालिएको मनस्थितिले गर्दा सरकारले गैरराजनीतिक मुद्दालाई पनि सोही अनुरूप हेरेको पाइयो। राजनीतिसित सारेकार नराख्ने आन्तिरिक विस्थापितहरूको मुद्दामाथिको सरकारी हस्तक्षेपलाई लिन सकिन्छ। मानिसको आधारभूत अधिकारको प्रप्तिसँग प्रत्यक्ष सरोकार राख्नें मुद्दालाई राजनीतिकरण गरी सरकारले आम जनताको मौलिक अधिकारमाथि हस्तक्षेप गर्‍यो। जुन कुरा कुनैपनि मुलुकमा गरेको देखिंदैन। आन्तरिक शरणार्थी घोषणा गर्नुपर्ने माग राखी आन्दोलनरत आन्तरिक विस्थापितहरूलाई सरकारले अमानवीय रूपमा हस्तक्षेप गर्‍यो उक्त हस्तक्षेपका कारण एकजना विस्थापितको ज्यान समेत गएको थियो। यसलाई मानवअधिकारको उलंघनको पराकाष्टा नभनी के भन्ने त ?

०६१ माघ १९ मा राजाले शेर बहादुर देउवाको सरकार भंग गरी सम्पूर्ण सत्ता आफ्नो हातमा लिएपछि प्रतिगमनका विरूद्ध धेरै विरोध प्रदर्शनहरू भए। ०६२ भदौ १९ गतेबाट भएको, ०६२ माघ ७ गतेबाट भएको र ०६२ चैत २४ गतेबाट भएका विरोध प्रदर्शनहरू राजाबाट हत्याइएको सरकार फिर्ता लिन शाही सरकार विरूद्ध गरिएका महत्वपूर्ण प्रदर्शनहरू हुन्। जनताको व्यापक विरोध र आन्दोलनका बावजुद नेपाली जनताले आफ्नो सरकार आफ्नो हातमा फर्काइ छाडे। जनताको ठूलो त्याग र बलिदान पश्चात् पुन:लोकतान्त्रिक सरकार नेपाली जनतालाई प्राप्त भएको छ। नेपालको इतिहास हेर्ने हो भने प्रजातन्त्रकालागि निरंकुश राजतन्त्रसँग लड्ने अनि प्रजातन्त्र प्राप्त गर्ने फेरी त्यो गुमाउने अनि फेरी आन्दोलन गरी प्राप्त गर्ने क्रम दोहोरि तेहेरी सकेको छ। यस दौरानमा नेपाली जनताको वृहत्तर हित भन्दापनि सत्ताकालागि राजनीतिक चलखेल बढी भयो। तर अब जनता संधै सत्ताकालागि भनेर सहने पक्षमा छैनन्। ०४६ सालको जनआन्दोलनपछिको १६ वर्षको दौरानमा सत्ता प्राप्तिकालागि दलहरू र राजाबीच खिंचातानी भैरह्यो। यस दौरानमा २०४७ सालको संविधानका लगभग सबै धाराहरू प्रयोगमा आए। राजनीतिक अधिकारकालागि जति वर्तमान संविधानको प्रयोग भयो त्यति मानिसका सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको उपयोग गर्ने सम्बन्धमा कम भयो। नेपाल अधिराज्यको संविधान २०४७ ले समावेशीकरणको सिद्धान्तलाई समेट्न भने सकेन। उक्त संविधानले मानिसको नागरिक तथा राजनीतिक अधिकारको सुस्पष्ट व्यवस्था गरेपनि आर्थिक सामाजिक तथा सँस्कृतिक अधिकारलाई भने समेट्न सकेन। वर्तमान अवस्थामा नयाँ संविधान निर्माण गर्ने कुरा व्यापक रूपमा उठिरहेको सन्दर्भमा जनसहभागिताका आधारमा नयाँ संविधान बनाइनु पर्दछ। सात राजनीतिक दलहरूले ०६२ चैत २४ गतेबाट आयोजना गरेको विरोध प्रदर्शनपछि जनताको त्याग र बलिदानका कारण चार वर्षपछि संसद पुनस्थापना भएको छ। तर सरकार बनाउने कुरामा सात राजनीतिक दलहरूमा बेला बेला असहमतीहरू प्रकट भएका छन्। यो सरासर गलत तथा लज्जास्पद स्थिति हो। जनताको आन्दोलनका माध्यमबाट पुनस्थापित संसदले सावधानीकासाथ आफ्ना गतिविधिलाई अगाडि बढाएन भने त्यसबाट निस्किने परिणामलाई जनताले माफ गर्ने छैनन्। १२ बुंदे समझदारीलाई सात राजनीतिक दलहरू र माओवादी पक्षद्वारा अवलम्बन गर्दै जाने हो भने मात्र समस्या समाधान हुने सम्भावना छ होइन भने नेपालको मानवअधिकारको उल्लंघनको स्थिति अझै नबढ्ला भन्न सकिन्न।

गैससको अभियान : सर्वसत्तावाद विरुद्धको संघर्ष र विजय

दीपक अर्याल

सन् १९४५ को राष्ट्रसंघीय बडापत्रसँगै अन्तर्राष्ट्रिय समुदायमा शुरु भएको non-governmental organizationको नेपालीकरण नै गैरसरकारी संस्था (गैसस) बन्न पुगेको छ। बजारमुखी अर्थव्यवस्थाको परिणाम तथा केन्द्रीय तहमा रहेको उपेक्षा गर्ने नीतिले प्रायः दुर्गम क्षेत्रहरु र त्यहाँका बासिन्दाहरुका आधारभूत आवश्यकताहरुको उपेक्षा गरेको हुन्छ र स्थानीय जनतालाई विविध क्षेत्रमा परिचालित गर्न र जागरुक तुल्याउन असफल रहेको हुन्छ। यस अवस्थामा गैरसरकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको हुन्छ। संयुक्त राष्ट्रसंघको घोषणापत्रको धारा ६९ मा आर्थिक तथा सामाजिक समितिले आपनै क्षमतामा निर्भर रहने गैरसरकारी संघसंस्थासित उपयुक्त सल्लाह र सहयोगका लागि राज्यले आवश्यक व्यवस्था मिलाउन सक्छ भन्ने उल्लेख गरिएको छ। राज्यको सहयोगी अङ्गका रुपमा रही काम गर्न गैरसरकारी संघसंस्थाहरुप्रतिको दातृसंस्थाहरुको वैचारिक आर्थिक तथा व्यवहारिक प्रोत्साहनले पनि गैरसरकारी संघसंस्थाहरुको महत्वलाई निकै बढाएको छ।

विशेषगरी धनी राज्यहरुले अल्पविकसित मुलुकका सरकारहरुलाई दिने गरेको सहयोगको उचित सदुपयोग र परिचालन भएन भन्ने गुनासाहरु बढ्न लागेपछि ती राज्यहरुले अल्पविकसित मुलुकहरुका गैरसरकारी संस्थाहरुसँग मिलेर काम गर्ने वातावरण बनेको हो। स्वयंसेवी संघसंस्था र समाजको हितका निम्ति जनताबाट संचालित गैरसरकारी संघसंस्थालाई मुनाफा नलिने संघसंस्थाका रुपमा परिभाषित गर्नसकिने प्रशस्त ठाउँ रहिरहन्छ। तर जब यस्ता संघसंस्थाहरुको कार्य सरकारको एक अङ्गका रुपमा वा सरकार विरोधीका रुपमा देखिन्छ त्यसपछि यस्ता संस्थाहरुबारे स्वतः भ्रमहरु उत्पन्न हुन्छन्। *(हेन्ज बोन्गार्जर, देवराज दाहाल, वि. स. २०५४)*

आर्थिक अभावबाट पीडित जनताको अवस्थामा आवश्यक सुधार ल्याउन तथा सहयोगको विस्तार गर्नका निम्ति यी संस्थाहरुको भूमिका महत्वपूर्ण रहन्छ। घाना, ग्वाटेमाला, युगाण्डा, अफगानिस्तान, अफ्रिका जस्ता देशहरुमा गैसस प्रभाव कतिपय सन्दर्भमा निकै सकारात्मक देखियो। वास्तवमा गैससले सामुदायिक विकास, स्वावलम्बनका क्षेत्र र सरकार तथा जनताका बीचमा रहेको असमझदारी वा समस्या निराकरणका लागि सेतुका रुपमा काम गर्दा निकै सफलता पाएको छ। कर्मचारीतन्त्र तथा राजनैतिक शक्तिको जञ्जालभन्दा भिन्न तवरले पाएको स्वायत्तता यसको सफलताको कारण बनेको हुनसक्छ।

वर्तमान परिप्रेक्ष्यमा गैरसरकारी संस्थाका बारेमा सजिलैसँग छलफल गर्न वा परिभाषित गर्न गाह्रो छ। यो न त सरकारी संस्था हो, न त यसले नीजि कम्पनी वा संस्थाले जस्तै नाफा कमाउँछ। वास्तवमा यसले काम गर्ने क्षेत्रहरुका सम्बन्धमा हेर्ने हो भने त यो के हो भन्न निकै गाह्रो छ। नेपालका सन्दर्भमा गैरसरकारी संस्थाहरुलाई कुनै एक प्रकृति वा स्वभावका हिसाबले कुनै एक परिभाषामा बाँध्न सकिन्न। वास्तवमा यो परम्परागत गुठी पनि होइन, नाफा कमाउने संस्था पनि होइन र पूर्णरुपले समुदायमा आधारित संगठनपनि होइन।

मानवीय विकासका क्रममा सांस्कृतिक, सामाजिक, आर्थिक, राजनैतिक परिवर्तनहरु हुने गर्छन् र यिनै परिवर्तनहरुका क्रममा महत्वपूर्ण भूमिका खेल्ने नीजि क्षेत्र र सरकारले सम्बोधन गर्न नसकेका समाजका चुनौतिहरुको सामना गर्न र ती चुनौति तथा समस्याहरुका बारेमा जनता, सरकार तथा अन्य क्षेत्रलाई सचेत बनाउन गैरसरकारी संस्थाले महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने मान्यता यस खाले संस्थाहरुको विकासक्रममा उठेको थियो। वास्तवमै सरकारी तथा नीजि क्षेत्रबाट विकासका लागि उचित भूमिका खेल्न नसकेको अवस्थामा समुदायमा समर्पित र समुदायसँग नजिक रहने गरी स्थापना हुने संस्थाहरुको कल्पना गरिएको थियो र यसले सरकार र समुदायका बीचमा रही काम गर्नेछ भन्ने मानिएको थियो। गैससले सरकारी तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समुदाय वा समाजका समस्याहरुका बारेमा जानकारी दिनेछ र उक्त समस्या समाधानका लागि भूमिका निभाउन पहल गर्नेछ भन्ने मान्यतामा यसको विकास भएको थियो तर प्रजातान्त्रिक लहरसँगै यसको परिभाषा, विशेषता तथा यसले काम गरिरहेको क्षेत्रहरुमा पनि प्रशस्त परिवर्तन आयो। विस्तारै यसको क्षेत्र विकास निर्माणमा मात्र सीमित रहेन वरु जनतासँग प्रत्यक्ष सरोकार राख्ने सबैखाले विषय जस्तै मानवाअधिकार, कानून, शिक्षा, स्वास्थ्य, महिला, बालअधिकार, वातावरण तथा जातीय, क्षेत्रीय र लैङ्गिक विभेद जस्ता थुप्रै विषयहरुमा सहयोग गर्न, आवाज उठाउने जनतामा सचेतना फैलाउने र संस्थागत हिसाबले आवश्यक सहयोग गर्न वा उक्त सहयोगका लागि सरकार वा अन्तर्राष्ट्रिय स्तरमा लविङ्ग गर्ने तर्फपनि लम्कियो। नीजि क्षेत्र र सरकारी संस्थाका बीचमा देखिने यी संस्थाहरुलाई विभिन्न नामहरु जस्तै- गैरनाफामुखी संस्था, गैरसरकारी संस्था, स्वयंसेवी संस्था, सामाजिक संस्था आदि दिन सकिन्छ।

यी संस्थाहरु पनि कानूनी व्यवस्था, संरचनागत बनोट, दाताको स्रोत, काम गर्ने शैली वा पद्दती, अल्पकालीन तथा दीर्घकालीन उद्देश्यहरुका दृष्टिकोणले फरक-फरक प्रकृतिका देखिए पनि मूलरुपमा यी संस्थाहरु स्वयंसेवी भावनामा आधारित हुनुपर्छ भन्ने मान्यता रहेको हुन्छ। जुनसुकै समाज वा समुदायमा स्वयंसेवी संस्थाहरुको अस्तित्व रहेको हुन्छ र नेपाल पनि यसबाट अछुतो छैन। यसरी स्वयंसेवी क्रियाकलापहरुलाई नेपाल, भारत तथा श्रीलंकामा 'सेवा', बंगलादेशमा 'केला' भनिन्छ भने यी संस्थाहरुमा काम गर्नेहरुका लागि नेपाल, भारतमा स्वयंसेवक, बंगलादेशमा सेवक भनिन्छ। नेपालमा मात्र होइन सबै देशहरुमा यस खाले संस्थाहरुको

युवा शोधकर्ता अर्याल सोशल साइन्स वहाद्वारा प्रकाशित भइरहेको वहा जर्नलका एकजना सम्पादक हुनुहुन्छ ।

एक खाले परम्परा रहेको छ। कामको प्रकृति, परम्परा वा उद्देश्यअनुसार संस्थाहरु फरक रहेपनि धार्मिक, सामाजिक वा राजनैतिकरुपले यस खाले संस्थाहरुको अस्तित्व परापूर्वकालदेखिनै थियो भने पनि हुन्छ। नेपालको सन्दर्भमा पर्म 'पोसाङ्ग', 'मर्चयाङ्ग', 'ढिकुर', 'कीपट' नोग्यार, चोहो, त्थो, रो-धिं, भेजा, ख्याल 'गुठी', परम्परागत स्वयंसेवी संस्थाहरुका उदाहरण हुन्। *(भट्टचन, २०६१ तथा भुवन ब. सिलवाल सन् २००१)*

नेपालको सन्दर्भमा धार्मिक वा मानवीय दृष्टिकोणले 'गैसस'को अस्तित्व परापूर्वकालदेखि नै थियो। सन् १९२६ मा स्थापित 'नेपाल गान्धी स्मारक चर्खा प्रचारक गुठी'लाई नेपालको पहिलो औपचारिक गैर सरकारी संस्था मानिन्छ। यो गुठी स्थापना भएको २१ वर्षपछि अर्थात् सन् १९४८ मा 'परोपकार संस्था'को नामबाट दोस्रो गैरसरकारी संस्थाको स्थापना भयो। सम्भवत: नेपालमा सर्वप्रथम अन्तर्राष्ट्रिय गैरसरकारी संस्था चाहिँ सन् १९५९ मा स्थापित 'रोटरी क्लब' नै थियो भने पहिलो वैदेशिक सहयोगबाट सञ्चालित गैरसरकारी संस्था सन् १९६० मा स्थापित 'नेपाल राष्ट्रिय परिवार नियोजन संघ' थियो। सन् १९७१ मा भएको पहिलो नेपाली गैरसरकारी संस्थाहरुको सम्मेलनले गैससको संस्थागत विकासमा जोड दियो। यसै क्रममा १९७७ मा छुट्टै ऐनद्वारा 'सामाजिक सेवा राष्ट्रिय समिति' स्थापना भयो। यो समिति नेपालमा गैसस संयोजन गर्न संस्थाका रुपमा विकसित भयो। तर ३० वर्ष पञ्चायतकालमा गैससको भूमिका स्वास्थ्य, शिक्षा र विकासमा केन्द्रित थियो तर सन्तोषजनक रुपमा भने होइन।

नेपालको चौथो योजनामा विकाससँग सम्बन्धित स्वयंसेवीसंस्थाहरुको महत्व र भूमिकाका बारेमा सरकारी तवरमा सकारात्मक रुपले उल्लेख गरियो। तर छैठौं योजनामा मात्र यसलाई लागू गर्न प्रयास गरियो र आठौं योजनामा यस सम्बन्धी नीति, संगठन, र नियमकानूनमा सरलीकरण गरियो भने सुदुर क्षेत्रमा समुदायको सहभागिता रहने गरी सेवाहरु प्रदान गर्न र यसका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहयोगमा स्थानीय सामुदायिक संस्थाहरु मार्फत् समुदायमा पुग्न सक्ने कार्यक्रमहरुको योजना गरियो। तल्लो तहबाट विकास निर्माणमा गैससले खेल्ने भूमिकाका बारेमा मन्त्रालयहरु आश्वस्त हुन थाले। नेपालका सन्दर्भमा गैसस कानूनीरुपमा स्थापित गैर-नाफामूलक, स्वयंसेवी, सामाजिक संगठन जो धार्मिक र राजनैतिक रुपले स्वतन्त्र हुन्छन् भन्ने मानिन्छ।

नयाँ परिवेश

२०४६ साल पछिको बहुदलीय व्यवस्थाले खुला राजनैतिक परिवेशको सृजना गरिदियो जसले गर्दा स्वायत्त संघ संस्थाहरुको निर्माणमा सघाउ पुऱ्यायो जसका माध्यमले कालान्तरमा एक किसिमको 'नागरिक समाज'को निर्माण भयो भन्दा अत्युक्ति हुँदैन। वास्तवमा यो राजनैतिक परिवर्तनले संघसंस्थाहरुको वृद्धिमा मात्र सघाउ पुऱ्याएन बरु यिनीहरुका मार्फत् हुने सबैखाले सकारात्मक तथा केही नकारात्मक परिणाममा पनि वृद्धि भयो। विशेषगरी विकाससँग मात्र जोडिएर खुल्न वा सञ्चालन हुन पाउने संघसंस्थाहरुले नेपाली सन्दर्भमा यस्ता थुप्रै विषयवस्तु र समस्याहरुको पहिचान गरे, ती विषयवस्तुहरुको अध्ययन (अनुसन्धान गरे, उठान गरे र केहीहदसम्म उक्त समस्याहरुको समाधान गर्ने प्रयास गरे। नेपाली आधुनिक इतिहासको शुरु भएदेखि सामाजिक, राजनैतिक र आर्थिक रुपले थिचिएका मिचिएका वा अन्यायमा परेका जनताहरुको पक्षमा बोलिदिने-लेखिदिने संस्थाहरुको विकास भयो। यसरी बोल्ने-लेख्ने संस्थाहरुको नियत वा वास्तविकताका बारेमा बेग्लै अध्ययन हुन जरुरी छ तथापि सरकारले वा प्रशाशनले कहिल्यै देख्न नसकेको दलित, उत्पीडित, पितृसत्तात्मक राज्यसंरचनाको अन्यायमा परेका महिला, बालबालिका, गरीब वा कानूनी रुपले न्याय नपाएका जनता अथवा धार्मिक रुपले नै अन्यायमा परेका कतिपय जनताका पक्षमा वकालत गर्ने नाममा विभिन्न संघसंस्थाहरुको जन्म भयो। कतिपय सन्दर्भमा यस्ता संस्थाहरुले सो क्षेत्रमा आजसम्म हुन नसकेका कामहरु पनि गरेका छन्। जनताको चेतनाको स्तर वृद्धि भएको छ र जनतालाई उनीहरुका हक-अधिकारका बारेमा सचेत हुनका लागि उत्प्रेरित गरेकोछ। समाजमा देखिएका विविध सकारात्मक पक्ष वा जनचेतना वृद्धि भए पनि यसको यो अर्थ यो कदापि होइन कि सबै गैससका उद्देश्यहरु असल छन्, यिनीहरुका क्रियाकलापहरु असल कामका लागि मात्र केन्द्रित छन् वा यी आफैंमा परिपूर्ण छन् र यिनीहरुले गरेका कामहरु मात्र हाल देखा परेका प्रगतिका कारक तत्व हुन्। सरकारसँग झञ्झटिला नियम कानूनहरु वा नीति नियमहरु छन् जुन कार्यान्वयन हुँदैनन् वा कार्यान्वयनका लागि जनता वा कर्मचारीले ठूलो झमेला बेहोर्नु पर्छ। नेपालका सन्दर्भमा राज्यले आफूलाई विकास, समानता बाड्ने ठेकेदार मानेको छ। न्याय, समानता, मानवअधिकारको प्रत्याभुति वा विकास-निर्माण तथा दैनिक आधारभूत आवश्यकताहरुका लागि हक दावी गर्ने जनताको अधिकार हो र उक्त अधिकारहरुको प्रत्याभुति दिनु राज्यको दायित्व हो भन्ने कुरा राज्यले कहिल्यै बुझेको छैन। यसबाट भित्रिएका तमाम समस्याहरु कसरी समाधान गर्ने वा राज्यलाई उसको दायित्व र जनतालाई उनीहरुको अधिकारका बारेमा कसरी सचेत बनाउने भन्ने विषयमा गैससले महत्वपूर्ण भूमिका खेल्न सके। सो सन्दर्भमा नेपालमा स्थापित गैससहरुले कति भूमिका खेल्न सक्यो र उक्त भूमिका कति प्रभावकारिता रह्यो भन्ने कुराको विश्लेषण गर्न आवश्यक छ तर यसमा देखिएको कमीको फाइदा माओवादीले उठाएको भने पक्का पनि हो। एकातिर सरकार र जनताका बीचमा बसी दुवैको सहयोगीका रुपमा काम गर्नु पर्ने गैससहरुको भूमिका कतिपय अवस्थामा शंकास्पद देखिएको छ भने अर्कोतिर कैयौं गैससले, राज्यले आफ्ना योजनाहरु आफैंले असफल बनाए जस्तै आफ्ना योजनाहरु असफल बनाइरहेका छन् र अन्य गैससहरु माथि पनि प्रश्न उठाउने वातावरणको सृजना गरिदिएका छन्। *(जीवनराज शर्मा, सुजित कर्ण २०६२)* विदेशी रकम दुरुपयोग तथा गैससका नकारात्मक क्रियाकलाप तथा प्रवृत्तिका विषयमा विदेशी सहायताका विसंगति पुस्तकमा प्रशस्त कुराहरु उठाइएका छन् *(हरिबहादुर थापा, वि स २०६१)*।

त्यसैगरी गैससहरु नियन्त्रित, विकेन्द्रित, पारदर्शी आर्थिक रुपमा आत्मनिर्भर स्वशासित आवश्यकतामा आधारित स्पष्ट र वस्तुगत छैनन् तथा तिनीहरुलाई शहर केन्द्रित, कमजोर सदस्यतामा आधारित भएको, लोभी स्वयंसेवीपनको अभाव भएका जस्ता विश्लेषणका आधारमा पनि चिनाइने गरिन्छ। यसरी जनता र राज्यबीचको दुरी कम गर्ने मूल उद्देश्य रहेको वा उनीहरुका बीचमा सुमधूर सम्बन्धका लागि महत्वपूर्ण भूमिका खेल्न सक्ने यी संस्थाहरुको प्रयासले सम्बन्धमा सुधार भने भएन। राज्य र जनताका बीचमा दूरी बढ्दै गयो शायद यही नै नेपाली समाजको सबैभन्दा ठूलो दुर्भाग्य रह्यो। अब परिस्थिति निकै जटील बन्दै गयो, राज्य (प्रशासन यन्त्र), जनता,

संघसंस्थाहरुका माझ अर्को शक्ती माओवादीको जन्म भयो। यो नयाँ चुनौति थियो संघसंस्थाहरुका लागि पनि र राज्यका लागि पनि। गैससले सरकारसँग सहकार्य गर्दै गाउँ-गाउँ र समुदायमा जानु पर्नेमा नयाँशक्ती माओवादीसँग पनि सहकार्य गर्नु पर्ने देखियो जुन सरकारसँग सहकार्य गर्नु भन्दा गाह्रो काम थियो। विशेषगरी माओवादीले शुरु-शुरुमा सबै खाले संघ-संस्था र गैससलाई एकै दृष्टिकोणले हेर्ने गरेकाले विकास निर्माणमा सक्रिय संघसंस्थाहरुलाई पनि गाउँमा काम गर्न गाह्रो भयो। विशेषगरी अन्तर्राष्ट्रिय स्तरबाट पाउने सहयोगहरु माओवादीविरुद्ध प्रयोग भएको भन्ने जस्ता माओवादीका सामन्य आरोपहरु मात्र होइन अन्य विविध सहयोगहरुको दुरुपयोग भइरहेको छ भन्ने जनगुनासाहरुको उचित जवाफ दिन पनि कतिपय गैससले सकेनन्।

उसो त विदेशी संस्थाबाट रकम लिने सवालमा गैसस विवादमुक्त भने छैन। कतिपय सहयोगी संस्थाका बारेमा प्रश्न उठेका उदाहरण नेपालमा मात्र होइन अन्य राष्ट्रहरुमा पनि देख्न सकिन्छ। जस्तै: एलसाल्भाडोरमा राजनीति केन्द्रित सहायता विवादित बन्न पुग्यो (फोली सन् १९९६)। उदाहरणका लागि अमेरिकी सहायता नियोगले विकासका विषयहरुमा वामपन्थी समूहलाई किनारा लगाई दक्षीणपन्थी संस्थाको स्थापना गऱ्यो। वास्तवमा यी समूह विकासका विषयमा सहभागी हुनेहरु भन्दा पनि सम्भ्रान्त व्यापारीहरु थिए जोसँगको सम्बन्ध बढाउन अमेरिका उत्सुक थियो। यहाँ प्रश्न गर्न सकिन्छ, त्यो सहयोग नागरिक समाज बलियो बनाउने प्रयासतर्फ केन्द्रित थियो वा नागरिक समाजलाई आफूले चाहेजस्तो बनाउने बाटोतर्फ लगभग यही आरोप नेपालमा विद्रोह गरिरहेका माओवादीहरुको पनि रहेको छ। खासगरी उनीहरुका क्षेत्रमा गैसस प्रतिनिधिका नाममा जासुसी गरेको आरोप उनीहरुको रहेको छ र उनीहरु सबैखाले गैससलाई विदेशी पैसाको भरमा विदेशीहरुको हितका लागि चलेको ठान्छन्। अझ, उनीहरुले कर्जा गरेका सैनिक वा प्रहरीहरुलाई छुटाउन अनावश्यक दवाव दिने तर, सरकारले कब्जा गरेका उनीहरुका कार्यर्ताहरु भने छुटाउन नसकेको गुनासो र आरोप उनीहरुको छ। खासगरी इन्सेक जस्ता मानवअधिकार क्षेत्रमा काम गर्न संस्थाहरुले कतिपय क्षेत्रमा अपहरणमा परेका सर्वसाधारण, कर्मचारी तथा सेना प्रहरीहरुलाई माओवादीको कब्जाबाट छुटाउन अनावश्यक दवाव दिने तर माओवादी कार्यर्ताहरु छुटाउन वा उनीहरुको संरक्षणका लागि सरकारसँग कुनै पहल गर्न नसकेको आरोप उनीहरुको छ। गैससलाई लगभग उस्तै तर विपरीत आरोपहरु सरकारले पनि लगाएको छ। खासगरी मानवअधिकारका सम्बन्धमा दोहोरो नीति लिएको आरोप सरकारको रहेको छ। यसको अर्थ हुन्छ यी दुवैले गैससलाई राम्रोसँग विश्वास गर्दैनन्। प्रजातान्त्रिक सरकारका बेलामा पनि यो संकट देखिएको थियो भने अब यो संकट झन चर्कदैछ। विशेषगरी जनताका सबैखाले अधिकारहरु खोस्नमा उद्यत सैनिक शाशनमा आधारित सत्ताले मानवअधिकार क्षेत्रमा काम गर्ने गैससलाई मात्र होइन जनचेतना फैलाउने, जनताका अधिकारका कुरा गर्ने, हक-अधिकार, न्याय-अन्यायका विषयमा जनचेतना फैलाउने उद्देश्यका साथ स्थापित सबै गैससहरुलाई आफ्नो शत्रु देख्नु स्वाभाविक नै हो। हतियार लिने दुवै पक्षले गरेका अन्याय-अत्याचार वा मानवअधिकार उल्लंघनका घटनाका विषयमा आवाज उठाउँदा जनता वा विदेशी समुदायका माझ पर्ने नकारात्मक प्रभावका बारेमा यी दुवै पक्ष सचेत छन्। त्यसैले सरकारी पक्ष कानून बनाएर र विद्रोही पक्ष कानून नबनाई यस्ता संस्थाहरुको नियन्त्रण गर्न चाहन्छन्। यसका लागि तर्क कानूनी आधार, सर्वमान्य सिद्धान्त, वा जनताको हित जस्ता विविध पक्षहरुलाई हेरिने छैन। बरु यस्ता संस्थाहरुले गरेका कामले उनीहरुको उद्देश्यलाई कति हानी गरेको छ वा कति हानी गर्ने सम्भावना छ सो को आधारमा गैससहरुलाई नियन्त्रण गर्ने प्रयास गरिन्छ। यस्तो अवस्थामा निरंकुश राज्यसत्ताले कहिलेकाँही कतिपय स्वच्छ सहयोगलाई पनि विदेशी हस्तक्षेपको आरोप लगाउने र आलोचना गर्ने वा नयाँ कानूनको सृजना गरी संस्थाहरुलाई प्रतिबन्ध लगाउन सक्छ। कैयौं देशमा यसका उदाहरणहरु पनि देख्न सकिन्छ *(Edwards and Hulme 1996)*।

कतिपय विषयहरुमा गैससहरु आलोचनाबाट मुक्त छैनन् जस्तै पारदर्शिताका कुरा, साधारण सभा, साधारण सदस्य, पारिवारवाद वा साथीभाइहरुले भरिएका कुरा र पार्टी हस्तक्षेपका कुराले गैससको भूमिका र कामकारवाही प्रति प्रशस्त शंका गर्ने र प्रश्न उठाउने गरेका छन्। *(Bhuvan B. Silwal 2001, Saubhagya Shah 2003)* जातिगत, क्षेत्रगत वा वर्गगत प्रतिनिधित्व र राजनीतिकरणको सवालमा पनि गैससहरु आरोपबाट मुक्त छैनन्। दाताहरुको नजरमा काठमाडौंबाट चल्ने केही गैसस र अंग्रेजी जान्ने केही व्यक्तिहरुले नै नागरिक समाजको प्रतिनिधित्व गर्ने, कामका लागि गाउँले व्यक्तिहरुलाई महत्व नदिनु र कार्यक्रमहरुको व्यवस्थापन गर्ने जिम्मा 'गेटकीपर'हरुको समूहमा नै रहनु गैससका प्रति विश्वास गर्ने आधारका बाधक हुन सक्छन्। *(Seira Tamang, 2003)*

यस्तै यस्तै कमजोरीलाई निहुँ बनाएर वा यी कमजोरीलाई बढाइचढाइ गरेर नेपालमा निरंकुशताको शुरुवात सँगै गैससलाई नियन्त्रण गर्ने प्रयास गरियो। यहाँ बुझ्नु पर्ने कुरा के छ भने प्रजातान्त्रिक व्यवस्थाको उपयोग गर्दै गैससका क्रियाकलापहरुमाथि प्रश्नहरु गरिए र उनीहरुका कमी-कमजोरीका बारेमा अध्ययन, अनुसन्धान भए र जनसमक्ष आए। ०६१ साल माघ १९ गतेपछि सोही अध्ययन-अनुसन्धानका आधारमा वा त्यसैलाई बहाना बनाएर गैससहरुलाई नियन्त्रण गर्ने प्रयास गरियो। यहाँ के कुरामा स्पष्ट हुन जरुरी छ भने प्रजातान्त्रिक शासन व्यवस्थामा संवैधानिक हक अन्तर्गत प्राप्त अभिव्यक्ति तथा प्रकाशन स्वतन्त्रताको उपभोग गर्दै उक्त व्यवस्था र गैससभित्र देखिएका कमी कमीकमजोरीहरुको व्यापक संकथन निर्माण भयो जसलाई आधार बनाई प्रजातन्त्र अफाप भएको सावित गरियो। त्यसैगरी गैससका कमी-कमजोरी र अन्य खाले आलोचनासहित उठेका संकथनहरुको आधारमा "माघ १९" पछि गैससहरुलाई नियन्त्रण गर्ने प्रपञ्च तयार गरियो। प्रजातन्त्रमा कमी-कमजोरीका बारेमा खुला बहस हुन्छ, आलोचना गरिन्छ र सार्वजनिक संकथनको विषय बन्छ। तर सो परम्परा निरंकुश शासन व्यवस्थामा हुँदैन र त्यहाँ भित्र शान्ति भएको, भ्रष्टाचार नभएको वा सबै कुरा राम्रो भएको देखाइन्छ वा देखाउन सकिन्छ किनभने खराब पक्षहरुलाई बाहिर ल्याउने कुनै माध्यमको अस्तित्वलाई त्यहाँ स्वीकारिदैन। नेपालको परिप्रेक्ष्यमा पनि यही लागू गर्ने प्रयास गरियो। "माघ १९" अघि मिडिया वा गैससले व्यापक रुपमा उठाउने गरेको राजनैतिक भ्रष्टाचार, राजनैतिक खिचातानीको सवाल वा केही राजनैतिक असक्षमताका आधारमा प्रजातान्त्रिक व्यवथा नै नास्ने काम भयो। "माघ १९" पछि निरंकुशतालाई संस्थागत तुल्याउन

अध्यादेशका आधारमा सरकारी असक्षमता, भ्रष्टाचार वा मानवअधिकार उल्लंघनका विरुद्धमा आवाज उठाउने संघसंस्थाहरुलाई नियन्त्रण गर्ने प्रयास गरियो। यसरी राज्यका विरुद्धमा वा जनताका पक्षमा हुने सबैखाले क्रियाकलापलाई कुनै न कुनै बहानामा बन्देज लगाउने प्रयास "माघ १९" पछि व्यापक तुल्याइयो।

यसरी सामाजिक आन्दोलनका विभिन्न रुपलाई फरक-फरक ढङ्गले सघाउन सक्ने मानिएको गैससको भूमिका माघ १९ को कदम र समाजकल्याण परिषद्ले २०६२ कार्तिक २४ गते जारी गरेको गैरसरकारी संस्था सम्बन्धी 'आचारसंहिता'बाट प्रभावित हुन पुग्यो। गैरसरकारी संस्थाहरू उपर सरकारी नियन्त्रण कायम गर्न जारी गरिएको त्यस 'आचारसंहिता' ले अन्यौल श्रृजना गर्ने निश्चित थियो। सामाजिक जागरण, चेतना वा आन्दोलनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका गैससहरुको क्रियाकलाप माथि सरकारी निगरानी भन्दा अघि बढेर हस्तक्षेप समेत गर्ने नियतका साथ उक्त 'आचारसंहिता' जारी गरिएको थियो।

राज्य, गैसस र नागरिक समाज

खासगरी २०४६ सालपछि राज्यले विकासका लागि चारवटा रणनीतिहरु अघि सारेको थियो, जसलाई राज्यले, बजारले, गैरसरकारी संघ-संस्थाहरुले, तथा समुदायमा आधारित संघसंस्थाले नेतृत्व गर्न विश्वास लिइएको थियो। तर यी सबै बीचमा राम्रो समन्वय हुन सकेन जसको परिणामस्वरुप सबैले आ-आफ्नो ढङ्गले विकासको काममा हात हाले तर परिणाम सोचेअनुरुप हुन सकेन।

व्यवस्थापनका विशेषज्ञ पिटर डुकरका अनुसार सिद्धान्तले जतिनै राम्रा कुरा गरेपनि व्यवहारमा के देखिन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ। सरकार वा गैसस बीचको सम्बन्ध वा गैसस र सरकार कसरी चल्यो वा कसरी चल्दैछ र कुन दिशातर्फ उन्मुख हुँदैछन् भन्ने कुरा व्यवहारबाट देखिन्छन्। जनता र राज्यबीचको दुरी कम गर्ने मूल उद्देश्य रहेको वा उनीहरुका बीचमा सुमधुर सम्बन्धका लागि महत्वपूर्ण भूमिका खेल्न सक्ने यी संस्थाहरुको प्रयासले यी दुईका सम्बन्धमा सुधार भने भएन। राज्य र जनताका बीचमा दूरी बढ्दै गयो शायद यही नै नेपाली समाजको सबैभन्दा ठूलो दुर्भाग्य रह्यो। अब परिस्थिति निकै जटील बन्दै गयो, राज्य (प्रशासन यन्त्र), जनता, संघसंस्थाहरुका माझ अर्को शक्ती माओवादीको जन्म भयो। यो नयाँ चुनौति थियो संघसंस्थाहरुका लागि पनि र राज्यका लागि पनि। गैससले सरकारसँग सहकार्य गर्दै गाउँ-गाउँ र समुदायमा जानु पर्नेमा नयाँशक्ती माओवादीसँग पनि सहकार्य गर्नु पर्ने देखियो। यो नयाँ चुनौति नै थियो भने सरकारसँग सहकार्य गर्नु भन्दा गाह्रो काम पनि थियो। विशेषगरी माओवादीले शुरु-शुरुमा सबै खाले संघ-संस्था र एनजिओलाई एकै दृष्टिकोणले हेर्ने गरेकाले विकास निर्माणमा सक्रिय संघसंस्थाहरुलाई पनि गाउँमा काम गर्न गाह्रो भयो। विशेषगरी अन्तर्राष्ट्रियस्तरबाट पाउने सहयोगहरु माओवादीविरुद्ध प्रयोग भएको भन्ने जस्ता सामान्य माओवादी आरोपहरुमात्र होइन विविध सहयोगहरुको दुरुपयोग भइरहेको छ भन्ने गुनासोहरुको उचित जवाफ दिन पनि कतिपय गैससले सकेका छैनन्। यसखाले सङ्किर्ण क्रियाकलापबाट गैससहरु जोगिनु नै पर्छ र यस्ता क्रियाकलापहरुबाट गैससलाई पर राख्न गैर सरकारी संस्था महासंघ नेपालको विधान २०४८ (संशोधित २०५४) को दफा २७ ले दिएको अधिकार प्रयोग गरी गैर सरकारी संस्था, गैरसरकारी संस्थाका पदाधिकारी, सदस्य एवम् कार्यकर्ताहरुको आचारसंहिता निर्देशिका पनि जारी गरिएको छ। उसो त यसलाई कसरी पालन गरिएको छ र यो आफैमा परिपूर्ण छ वा छैन अध्ययनका विषय हुन सक्छन्। तर केही गैससका कमजोरीलाई लिएर सबै गैससलाई उही आँखाले हेर्नु कत्तिको जायज काम हो, प्रश्न गर्न सकिन्छ। कानून सबैले पालन गर्नु पर्छ। तर केहीले कानून पालन गरेनन् भन्ने आधारमा नयाँ कानूनको तर्जुमा गरी सबैलाई बाँध्न खोज्नु आफैमा निरंकुश चरित्र बाहेक केही हुन सक्दैन। सन् १९९० मा २२० एनजिओ दर्ता भएकोमा २००० सम्ममा यसको संख्या करिब १० देखि १५ हजारसम्म पुग्यो जसले यसको लोकप्रियता वा यसप्रतिको मोहलाई दर्शाउँछ *(Layton Montgomery 2002)*। यसरी बढिरहेको गैससभित्र नकारात्मक प्रवृत्तीहरु नदेखिएका वा नभएका भने पक्कै होइनन्। तर यो नै गैससहरुको नियतमा वा गैससहरुको क्रियाकलापमा प्रश्न उठाउने आधार हुनुहुँदैन जसरी एक नागरिकको खराबीले सारा नागरिक खराब भनेर मुछ्न मिल्दैन।

शितयुद्धको अन्त्य र बहुलबादको उदयसँगै दाताहरुले गैरसरकारी संस्थाहरुसँग काम गर्न वा उनीहरुलाई सघाउन खोजेको प्रष्ट उदाहरण केन्या हो। वास्तवमा यहाँ एनजिओलाई विकास, प्रजातन्त्र तथा असल शासनसँग जोडिएको थियो र आज पनि केनियन सामाजिक-आर्थिक तथा राजनैतिक वृत्तमा चल्ने सबैखाले संकथनमा गैरसरकारी संस्थालाई पाखा लगाउन सकिदैन। यस्तैखाले परिवेश नामिबियामा देख्न सकिन्छ *(Cleary, Seamus, 1997)*। नेपालमा पनि गैससहरु यस विकास संकथनबाट प्रभावित छन् तर पनि गैससको परिभाषा र यसको क्षेत्रमा व्यापक परिवर्तन आएको छ र यो स्वाभाविक पनि छ। जसरी राज्यको चरित्र र व्यवहार फेरिदैछ त्यसरी नै नागरिकको सोचाइ, व्यवहार वा माग बदलिन सक्छ। यही नागरिकको चाहनाहरु वा समस्याहरुका आधारमा उनीहरुका नजिक रहेर काम गर्ने संस्थाहरुका क्रियाकलाप, क्षेत्र वा उद्देश्यहरुमा पनि परिवर्तन हुन सक्छ। जस्तै- हिजोसम्म एड्सका लागि काम नभए पनि आजकाल यससँग सम्बन्धित थुप्रै संघ-संस्थाहरु देख्न सकिन्छ। सोही तरिकाले हिजोसम्म मानवाधिकार क्षेत्रमा काम गर्ने संस्थाहरुको कमी रहे पनि आज देशको परिस्थितिअनुसार यस क्षेत्रमा काम गर्ने व्यक्ति तथा संस्थाहरु बढ्नु स्वाभाविक नै हो। समस्याहरु बढ्दै जाँदा विभिन्न पक्षहरु एक आपसमा जोडिन पुग्छन् वा छुट्टिन पुग्छन् र कतिपय पक्षहरुलाई अन्य पक्षहरुसँग काम गर्न अप्ठ्यारो पर्ने पनि हुन सक्छ। यस्तै खाले समस्या राज्य र गैससका बीचमा पनि देखिएको छ।

म्याक्स वेबरका अनुसार राज्य भनेको मानिसहरुको त्यो समुदाय हो जसले एकाधिकारयुक्त न्यायका आधारमा निश्चित स्थानभित्र भौतिक शक्तिको प्रयोग गर्न सक्ने दावी गर्छ। *(Max weber 1919)* म्याकलवरका अनुसार अलमोण्डले राजनैतिक पद्दतीलाई वेबरको राज्यको परिभाषा, इस्टनी विश्वसनीय बाँडफाँडको धारणा र पेर्सनको दृष्टिअनुसार समाजमा राजनैतिक उप-पद्दतिहरुको काम गरी तीन धारणाको समन्वय ठहऱ्याएका छन्। वास्तवमा राज्य समाज भन्दा संरचनागत र व्यवहारका हिसाबले भिन्न छ र यसको अस्तित्व समाजभित्र हुँदाहुँदै पनि यसको रुप भने सामाजिक छैन। राज्यका आफ्नै किसिमका दायित्व र कामहरु हुने गर्छन् ती मध्ये एक समुदाय वा जनताको अभिव्यक्ति स्वतन्त्रतामा कुनै पनि हालतमा आँच आउन नदिनु। तर निरंकुश राज्यका हकमा भने यो

लागू हुँदैन। निरंकुश राज्यव्यवस्थाले उसका विपक्षमा कोही नबोलोस्, नलेखोस् वा हक अधिकारका कुरा नगरोस् भन्ने नै चाहन्छ र यसका लागि आवश्यक पर्ने बल प्रयोग गर्न वा कानून बनाउन हिच्किचाउन्न। निरंकुश शासन व्यवस्थामा जनचेतना, जनजागरण वा मानवाधिकारका पक्षमा आवाज उठाउँदा सरकारलाई गाह्रो नै हुन्छ। स्वायत्तता, हक अधिकार जस्ता कुरा मात्र पनि सरकार, सरकारी क्रियाकलाप र चाहनाका निम्ति अवरोधक ठहरिन्छ। यस सन्दर्भमा के बुझ्न आवश्यक छ भने गैससले विकास-निर्माणका मात्र कुरा गरेका छैनन्। खासगरी बहुदलीय व्यवस्थामा गैससले विकास-निर्माणका कामहरु बाहेक अन्य सामाजिक जनचेतना जगाउने कार्यक्रममा पनि हात हालेका छन्। दलीत, उत्पिडित, जनजाति-आदिवासी, महिलाका हक-अधिकारका बारेमा जनचेतना जगाउने प्रयास गरेको छ र उनीहरुलाई उनीहरुले पाउनु पर्ने अधिकारका बारेमा जानकारी दिएको छ। यसले जनतालाई राज्यसँग उनीहरुका अधिकार माग्नलाई प्रेरित गर्दा जो निरंकुश राज्यका लागि पक्कै पनि चुनौतिको विषय हुन सक्छ।

राजनैतिक रुपले, साधारणतया गैसस 'नागरिक समाज'को अवधारणासँग आवद्ध हुन्छ र गैसस क्षेत्रको विस्तार तथा विकासले नागरिक समाजको दक्षतालाई वृद्धि गर्दछ जुन प्रजातन्त्रको पक्षमा र सर्वसत्तावादी राज्यको विरुद्धमा हुने गर्छ। ओटो तर्क गर्दछन्। गैससले राज्य र बजार बीचमा तेस्रो पक्ष वा प्रणालीको रुपमा प्रतिनिधित्व गर्छ। *(Otto, Diana 1996)* यो अनुमान गर्न सकिन्छ कि गैससले कम्तिमा पनि आर्थिक र औपचारिक राजनैतिक शक्तिका बीचमा मध्यस्थको भूमिका खेल्न सक्छ जो एक विकल्प बन्न सक्छ र पछि सांस्कृतिक रुपान्तरणमा परिणत हुन सक्छ जससँग धेरै राज्यसत्ताहरु डराउने गर्छन्। खासगरी यो धारणाको विकास मानवअधिकार संगठन र वातावरणीय समूहलाई दृष्टिगत गरी बनाइएको हो (क्लर्क एन सन् १९९५; वेपनर १९९५) जसमा ओटो र अन्यले विकासे संगठनहरुलाई पनि समावेश गरे। जस्तो कि, जोन क्लर्क तर्क गर्छन्, उदाहरणका लागि, विकासे संगनठले 'गुड गभर्नन्स' का लागि स्थानीय स्तरमा योगदान पुऱ्याउन सक्छन् जहाँ गरीब जनताका लागि त्यो नै महत्वपूर्ण र बढी रुचिको विषय हुन सक्छ।

राजनैतिक विश्लेषकहरुका बीच नागरिक समाजको अवधारणा पुरानो नै भए पनि यसका बारेमा प्राज्ञिक, नीतिगत तथा सार्वजनिक बहस सन् १९८० पछि मात्र शुरु भएको हो। कविराज तथा खिलनानी (सन् २००२) का अनुसार नागरिक समाजसँग सम्बन्धित बहस, यसको कमी, आश्वासन तथा सम्भावनामा केन्द्रित रहेको पाइन्छ। यो अवधारणालाई सामाजिक तथा राजनैतिक विश्लेषकहरुले आ-आफ्नै ढङ्गले व्याख्या गर्ने गरेका छन् र सामाजिक विज्ञानका अरु अवधारणाजस्तै यसको परिभाषामा पनि मतैक्यता पाइँदैन। यो अवधारणाको बारेमा के मात्र भन्न सकिन्छ भने यो समाज र राज्यको बीचमा रहेको हुन्छ जसलाई उदारवादी विश्लेषकहरुले समाज र राज्यबीचको खाडल जोड्नका लागि समाजको तर्फबाट हुने गरेको सामूहिक कार्यभनी व्याख्या गर्ने गर्छन्। तर नवमार्क्सवादी विश्लेषकहरु भने यसलाई समाजमाथि प्रभुत्व राख्नका निम्ति राज्यको अगुवाइमा बनाइएको एउटा समूह मान्छन्। समग्रमा हेर्दा उदारवादी विश्लेषकहरु यसको सम्बन्धमा निकै आशावादी देखिन्छन् भने नवमार्क्सवादीहरु बढी नै निराश। *(Kaviraj, S. And Khilani, s. 2001)*

रबर्ट पुटन्यामले नागरिक समाजको उपस्थितिलाई प्रजातन्त्र तथा विकासको सफलतासँग जोडेर हेरेका छन् र उत्तरी तथा दक्षिणी इटालीको तुलनात्मक अध्ययनमार्फत् उनले नागरिक समाजलाई प्रजातन्त्र र विकासको पूर्वाधारको रुपमा प्रस्तुत गरेका छन् *(पुटन्याम, सन् १९९३)*। उनले आफ्नो प्रकाशन बाउलिङ अलोनमा अमेरिकी समाजको अध्ययन गरेर नागरिक समाजका संघसंगठनहरुको उपस्थितिलाई सामाजिक पुँजी, विकास तथा प्रजातन्त्रसँग जोडेर हेरेका छन् *(पुटन्याम सन् १९९५)*। त्यसो त जोन ह्यारिसले रोबर्ट पुटन्यामको अवधारणाको खरो आलोचना नगरेका भने होइनन्। उनका अनुसार पुटन्यामले नागरिक समाज भन्ने अवधारणालाई सरलीकरण गरी विकासे प्रयोजनका निम्ति सजिलो पारिदिएका बारेमा व्यापक व्याख्या र विश्लेषण गरेका छन्। उनका अनुसार विश्वव्याङ्कले सामाजिक पुँजी तथा नागरिक समाजको अवधारणलाई आफ्नो अनुकूल व्याख्या गरेर, आफैमा एक राजनैतिक अर्थ बोकेको विकासलाई सामान्यीकरण गरेको बारेमा व्याख्या गरेका छन् *(ह्यारिस, सन् २०००)*। आफैमा अस्पष्ट भइकन पनि नागरिक समाजको अवधारणाले गैससहरुको पुँजीवादीहरुसँगको सहकार्यलाई सहज बनाएको पाइन्छ। यिनै पुँजीवादी संघसंस्थाहरुले आफ्नो स्वार्थपूर्तिका निम्ति गैससहरुलाई माध्यम बनाएका हुन्छन् *(पत्रास र भेलमेयर सन् २००१)*।

माथिका सन्दर्भमा हेर्ने हो भने जहाँ लोकतन्त्र अस्तित्वमा छ त्यहाँ गैससका क्रियाकलापहरु सम्भव छ र जहाँ निरंकुशता छ त्यहाँ गैससका क्रियाकलापहरुलाई शंकाको दृष्टिले हेरिन्छ र आफ्ना पक्षमा भएका गैससहरुलाई मात्र सञ्चालनका लागि अनुमति दिने वा सो का लागि वातावरण तयार पार्ने कार्य राज्यले गरेको हुन्छ। बेलारुस, केन्या, नामिबिया, एल-साल्भाडोर, चिली र अन्य कतिपय अफ्रिकन मुलुकहरु यसका उदाहरणहरु हुन् *(Petras, James, 2005)*। बेलारुसको राज्य नियन्त्रित अर्थ व्यवस्था र निरंकुश राजनैतिक चरित्रले गर्दा स्वतन्त्र अस्तित्व रहने गरी संघसंस्थाहरुलाई विकास-निर्माण र अन्य पक्षमा कामगर्ने वातावरण तयार भएन। यो बेला स्थानीय स्तरमा गैसस दर्ता, सञ्चालन र यसका क्रियाकलापहरु अघि बढाउनका लागि गहिरो राजनैतिक र प्रशासनिक बाधा व्यवधानहरु खप्नु परेको थियो। सन् १९९४ मा लागू गरिएको र १९९५ मा पुनःसंसोधन गरिएको सार्वजनिक संस्था सम्बन्धी कानूनले नाफामूलक र गैर नाफामूलक संस्थाका बीचमा कुनै विभेद गरेन र कर छुटका सम्बन्धमा छुट्टै कुनै व्यवस्था गरेन।

सामाजिक आन्दोलन

सामाजिक विज्ञानका दृष्टिले हेर्ने हो भने, सामाजिक आन्दोलनका विभिन्न रुपहरुमध्ये धार्मिक आन्दोलन, परिवर्तनकारी वा क्रान्तिकारी आन्दोलन केही उदाहरणहरु हुन्। लुण्डबर्ग (सन् १९५८)। ले सामाजिक आन्दोलनलाई जनताहरुको स्वयंसेवी सम्बन्धमा आधारित आबद्धता हो जसले समाजको ठूलो क्षेत्रमा मनोवृत्ति, आचार-व्यवहार र सामाजिक सम्बन्धमा व्यापक परिवर्तन ल्याउनमा केन्द्रित हुन्छ भनेका छन्। वास्तवमा साझा समझदारीले हुने सामाजिक आन्दोलनले नै समाजमा परिवर्तन ल्याउन सक्छ। सामाजिक आन्दोलनका केही विशेषताहरु हुन्छन्। जस्तैः

१. यो समूहको प्रयास हो।
२. यसको उद्देश्य समाजमा परिवर्तन ल्याउने वा परिवर्तनमा अवरोध पैदा गर्ने हुन सक्छ।
३. यो संगठित वा असंगठित हुन सक्छ।

४. यो शान्तिपूर्ण वा हिंसात्मक हुन सक्छ।

५. यसको समय सीमा निर्धारण हुँदैन।

यो लामोसमयसम्म चल्न सक्छ वा तुरुन्तै हराउन सक्छ। नेपालका सन्दर्भमा भन्नु पर्दा बहुदलीय व्यवस्थाको आगमनसँगै थुप्रै सामाजिक आन्दोलनहरुले गती लिँदै थिए। यी सामाजिक आन्दोलनले राजनैतिक, आर्थिक वा सामाजिक विषयवस्तु जस्ता समाजका सबैखाले साना-ठूला क्षेत्रहरुलाई कुनै न कुनै रुपमा आन्दोलित गर्ने प्रयास गरेको थियो। देशमा पहिलो पटक जनताहरु आफ्नो हक, अधिकार वा सामान्य मानवीय कानून र मानवाधिकारका बारेमा सचेत हुँदै थिए र यसका पक्षमा केही हदसम्म जनमतको सृजना हुँदै थियो। वर्षौंदेखि थिचिएका जनजातिहरु, शोषित पीडित र उत्पिडित मानिसहरुले आफ्नो हक अधिकारका बारेमा जानकारी लिने चेष्टा गर्दै थिए अझ भन्नु पर्दा उनीहरु आफ्नो अधिकार र राज्यको दायित्वप्रति सजग हुँदै थिए। गरिबी, शिक्षा, स्वास्थ्य, बसोबास, वा विकासका लागि आउनु पर्ने आन्दोलन शान्तिपूर्णढङ्गले, संगठित वा असंगठित रुपमा हुँदै थियो। गैसस, सरकार, अन्तर्राष्ट्रिय गैसस वा समूहगत हिसाबले सामाजिक आन्दोलनका सामान्य खाकाहरु तयार हुँदै थिए। उसो त यस खालें सामाजिक परिवर्तनमा कतिपयका व्यवधानहरु पनि खडा भए जसमा गैसस वा सरकारकै पनि हात रह्यो र यसखाले व्यवधान वा कमजोरीको परिणाम नै बहुदलीय व्यवस्था पछि सामाजिक आन्दोलनले जति गती लिनु पर्ने हो त्यती लिन सकेन तथा सामाजिक आन्दोलनले तयार पार्नु पर्ने परिवर्तनको खाका तयार पार्न सकेन अर्थात् समाजमा जनताले चाहेको आन्दोलन हुन सकेन र जनताले खोजे जस्तो परिवर्तन आउन सकेन। जसलाई सम्बोधन गर्न संगठित रुपमा हिंसात्मक आन्दोलनको शुरुवात भयो। खासगरी सुदुर पश्चिम क्षेत्र तथा सम्पूर्ण नेपालमा देखिएको जातीय, क्षेत्रीय तथा धार्मिक असमानता तथा गरीबी, अन्याय अत्याचारको अन्त्य गर्ने नाममा नयाँ खाले हिंसात्मक आन्दोलनले पुरानो सुस्त गतीमा भइरहेको आन्दोलनको ठाउँ लियो। यस नयाँ हिंसात्मक आन्दोलन पूर्व नै राज्य, गैसस तथा समुदायले सम्भावित आन्दोलनको खतरालाई सम्बोधन गर्ने गरी आफूहरुलाई तयार गर्नसक्नु पर्थ्यो जुन हुन सकेन यसरी शान्तिपूर्व हुनु पर्ने सामाजिक आन्दोलनहरुमा रहेको कमजोरीको फाइदा हिंसात्मक आन्दोलन गर्नेहरुले उठाए। कुनै पनि सामाजिक आन्दोलनले सजिलोसँग गति लिँदैन यसका लागि केही सामाजिक वेचैन हुनु नै पर्छ जस्तै कि,

१. सांस्कृतिक बहाव

२. सामाजिक अव्यस्वथा वा

३. सामाजिक अन्याय

विभिन्न प्रकारका सामाजिक आन्दोलनहरुलाई यसरी विभाजीत गरी अध्ययन गर्न सकिन्छ तर यहाँ सबै पक्षहरुलाई हेरिने वा व्याख्या गरिने छैन। सामाजिक आन्दोलनका प्रकारहरु:

- वसाइसराइबाट हुने आन्दोलन:
- अर्थूपूर्ण(साङ्केतिक) आन्दोलन:
- आदर्श वा अव्यावहारिक आन्दोलन:
- सुधारात्मक आन्दोलन
- क्रान्तिकारी आन्दोलन
- अवरोधात्मक आन्दोलन
- सबै कुराहरुबाट टाढा भाग्ने र नयाँ उद्देश्यका लागि नयाँ पद्दति अपनाउने तथा हिजो बिताएको जीवन वा सामाजिक परिवेश भन्दा भिन्न परिस्थितिका लागि हुने आन्दोलन नै अर्थपूर्ण आन्दोलन हो। जसको उदाहरण हिप्पीवाद हो र नेपालका लागि कुनै समयमा यो परिचित आन्दोलन पनि हो। सुखद र अत्युत्तम व्यवस्था वा समाजको कल्पना गर्ने तर व्यावहारिक दृष्टिकोणले सम्भव नभएको आन्दोलनलाई आदर्श आन्दोलन मान्न सकिन्छ। यसलाई एक हिसाबले काल्पनिक संसारका रुपमा पनि व्याख्या गरिन्छ। तर वर्तमान अवस्थामा यी कुनै आन्दोलनको कल्पना गरिँदैन र नेपालका सन्दर्भमा हाल यी आन्दोलन अस्तित्वमा छैनन् भन्दा फरक पर्दैन। हालको सन्दर्भमा सबैभन्दा परिचित आन्दोलन सुधारात्मक आन्दोलन हो। जसले समाजको कुनै भाग वा समस्यालाई सम्बोधन गर्ने प्रयास गर्छ र समाजलाई आमूलरुपले परिवर्तन गर्ने भन्दा पनि आंशिकरुपमा विस्तारै सुधारको बाटोतर्फ उन्मुख हुन प्रेरित गर्छ तर यस प्रकारको सुधारात्मक आन्दोलन प्रजातान्त्रिक शासन व्यवस्थामा मात्र सम्भव छ जहाँ जनताको स्वतन्त्रताको सम्मान गरिन्छ र उनीहरुले विद्यमान पद्दतिको विरोध गर्न पाउँछन् तथा परिवर्तपछिको भविष्यप्रति आश्वस्त हुन सक्छन् *(Vidya Bhusan and D.R. Sachdeva 1998)*। दलित आन्दोलन, दाइजोविरुद्धको आन्दोलन, महिला बेचविखनविरुद्धको आन्दोलन, महिला हकहित संरक्षणको आन्दोलन, जनसंख्या नियन्त्रण आन्दोलन यसका उदाहरणहरु हुन्। नेपालको सन्दर्भमा गैससको तर्फबाट हुनसक्ने सबैभन्दा उपयुक्त आन्दोलन यही थियो जुन केही हदसम्म सफल पनि भएको थियो। अझ भन्नु पर्दा राज्यबाट आश गरेर बसिरहेका जनतालाई राज्यले सजिलो तरिकाले उनीहरुको हक नदिएपछि गैससको पहलमा यी हकहरुका लागि कानूनी, आर्थिक वा सामाजिक आन्दोलन भयो जसमा समाजले केही हदसम्म सफलता पायो र समाजले सुधारात्मक आन्दोलनका रुपमा केही पाएको महसुस गऱ्यो भने गैससले पनि आफ्नो भूमिकालाई लिएर गर्व गर्न सक्ने अवसर प्राप्त गऱ्यो। तर यो आन्दोलनका क्रममा गैसस र सरकारका बीचमा समन्वयको भने कमी नै रह्यो। जनताले जति आशा गरेका थिए सो अनुरुपको सहयोग उनीहरुले न त राज्य पक्षबाट प्राप्त गरे न त गैससका तर्फबाट। गैसस सरकार वा राज्यका तुलनामा जनसमुदायसँग नगीच रहेर काम गरे तर यो नै सबैकुरा थिएन। गैसस र सरकार बीच सुमधुर सम्बन्ध हुनु पर्ने र गैससले समुदाय र राज्यका बीचमा देखिएको खाडलमा सेतुको काम गर्नु पर्ने भए पनि सो हुन सकेन। वास्तवमा गैससले जनसमुदायका लागि एकल प्रयास गरे र काम गरे। विशेषगरी सरकारी संयन्त्रमा विश्वास नहुनु, सरकारी संयन्त्रको कमजोरी वा सरकारी तथा गैसस बीचमा तालमेलको अभावले राज्य एकातिर पन्छियो भने गैसस एकातिर र जनसमुदाय अर्कोतर्फ।

आपसी समन्वय, सहयोग तथा विश्वासको कमीले ढिलो भइरहेको सुधारात्मक आन्दोलनमा विश्वास नगर्नेहरुले जनताको नाममा बन्दुक उठाए जसलाई रोक्ने वा कम गर्ने प्रयास सरकार वा गैसस दुवैले गरेनन्। सरकार र गैससबीचमा हुनुपर्ने समन्वय र आपसी विश्वासको कमीले गैससले सरकारी काम कारवाही प्रति औंला

उठाउँदै गयो भने सरकारले पनि गैससलाई आफ्नो प्रतिद्वन्द्वि देख्न थाल्यो। कतिपय सवालमा यी दुवैको कार्यक्रमहरु जुध्ने र उनीहरुका दाताहरु पनि एकै पर्ने भएकाले यो समस्या अझ गम्भीर देखिन थाल्यो।

प्रजातान्त्रिक शासन व्यवस्थामा भएका यसखाले सुधारात्मक आन्दोलनलाई न त विद्रोही समूहले मन पराए न त आन्दोलनको अर्को स्वरुप 'अवरोधात्मक आन्दोलन'मा विश्वास गर्नेहरुले नै मन पराए। वास्तवमा भन्नु पर्दा अवरोधात्मक आन्दोलनको विशेषता के छ भने यसले सबैखाले परिवर्तनहरुमाथि अवरोध हाल्ने प्रयास गर्छ वा पुरानै अवस्थामा कायम रहन प्रोत्साहित गर्छ। माघ १९ को कदम पछिको अवस्था त्यो आन्दोलन भन्दा खतरनाक देखियो। त्यसले नयाँ आन्दोलनलाई अवरोधमात्र सृजना गर्ने प्रयास गरे। बरु विगतका सुधारात्मक आन्दोलका माध्यमद्वारा प्राप्त केही अधिकार वा सुविधालाई पनि निस्तेज बनाउन खोज्यो। जनताका हक अधिकार मात्र होइन विगतमा देखिएको विकास-निर्माणका कार्यहरूमाथि पनि हस्तक्षेप गरियो। सो कार्यका लागि खटिएका गैससलाई सरकारविरोधी संस्थाहरुका रुपमा चित्रीत गर्ने प्रयास गरियो। सामाजिक विज्ञानले मान्ने भन्दा पृथक र उल्टोदिशातर्फको आन्दोलनको नेतृत्व माघ १९ को कदम पछि बनेको सरकारले गऱ्यो। त्यो सुधारात्मक, क्रान्तिकारी, यथास्थिति आन्दोलन कुनैसँग पनि मेल खाने प्रवृत्ति थिएन।

सरकार, गैसस, नागरिक समाज, समुदाय र 'माघ १९' पछिको पन्ध्र महिना

गैसस, नागरिक समाज तथा प्रेसले प्रजातन्त्रको उपभोग गर्न क्रममा राजनैतिक दल र नेताहरुमाथि लगाएको आरोपले प्रजातन्त्र खोस्न ठूलो मद्दत पुऱ्यायो। राजाद्वारा आफ्नो राजनैतिक कदमलाई देशमा व्याप्त कुशासन तथा भ्रष्टाचारका कारणले लिएको निर्णयका रुपमा व्याख्या गरियो। शासन बागडोर आफ्नो हातमा लिने निर्णयलाई भ्रष्टाचार तथा कुशासनलाई निर्मूल गर्ने तथा देशमा शान्ति स्थापना गर्ने आश्वासनसँग जोडेर प्रस्तुत गरियो। माघ १९ मा राष्ट्रको नाममा आएको सम्बोधनमा पार्टीगत राजनीति तथा भष्ट्राचार र सुशासनको मुद्दालाई नै यसरी प्रमुखरुपमा उठाइयो।

"हत्या हिंसा र विध्वंसले देशलाई विनाशको भिरालोमा पुऱ्याउँदा पनि, देश र जनताको नाममा राजनीति गर्नहरुले देश र जनताको हितप्रति आँखा चिम्लिन छाडेनन्। सत्ताका लागि हानाथाप, सत्ता पाएपछि राज्य संयन्त्रको दुरुपयोग तथा देश र जनताको मूल्यमा व्यक्तिगत वा समूहगत स्वार्थपूरा गर्ने प्रतिष्पर्धाले परिस्थिति निरन्तर बिग्रने क्रम चली रह्यो। राजनीतिको नाममा कानुनी राज्यको सर्वमान्य मर्यादा पनि भङ्ग गर्ने प्रयासहरु भए। बहुदलीय प्रजातन्त्रको सार्थक अभ्यासद्वारा हाम्रा प्यारा जनताले सामाजिक, राजनीतिक एवं आर्थिक न्याय पाउन् भन्ने हाम्रो चाहनाले मूर्तरूप लिन सकेन।" राजाले त्यस वखत दावी गरे- "निरन्तर झाङ्गिदै गएको भ्रष्टाचारले राजनीति र प्रशासनलाई दूषित बनाएको मात्र होइन, प्रगतितर्फ अग्रसर हुनुपर्ने देशको पाइला पनि अवरुद्ध पारेको छ। भ्रष्टाचार हाम्रो समाजको लागि धमिरा सिद्ध भइसकेको छ। परिणामस्वरुप कानूनमा आम जनताको विश्वास धरमराउन थालेको छ।"

प्रष्ट देखिएकोछ, नागरिक समाजले राजनैतिक अर्थ बोकेको छ। जसलाई नेपालको सन्दर्भमा अन्तर्राष्ट्रिय विकासे सङ्थनले सरलीकरण गरी प्रजातान्त्रिक पद्दतिसँग जोडेर विकासको मूल मन्त्रको रुपमा प्रस्तुत गर्दै अगाडि सारिएको छ। राज्यको तुलनामा गैससको कार्यक्रम क्षेत्र निकै सानो हुने, कर्मचारीलाई तलब भत्ताको सुविधा राम्रो हुने तथा कार्यक्रमको लामो समयसम्मको प्रतिबद्धता दिनु नपर्ने भएकोले यिनीहरुले प्रदान गर्ने सेवाहरु, सरकारी सेवाको तुलनामा बढी लोकप्रिय रहेको पाइन्छ जसले जनस्तरमा राज्यद्वारा सञ्चालित आधारभूत सेवा तथा विभिन्न कार्यक्रमप्रति नकारात्मक धारणा बढ्ने मौका मिल्यो *(जीवनराज शर्मा र सुजित कर्ण २०६२)*। यस्ता क्रियाकलापले सरकारी कर्मचारी तथा गैससमा काम गर्नेहरुका बीच हुनु पर्ने सुमधुर सम्बन्धमा धक्का दियो। अर्थात् समाज र राज्यका बीचमा बसेर काम गर्नुपर्ने गैसस केही हदसम्म जनताको नजरमा राम्रो देखिएपनि राज्यका दृष्टिमा उनीहरुलाई नराम्रो देखाउने संस्थाका रुपमा चित्रित गरियो। राज्य र गैससका बीचमा दूरी बढ्दै गयो र त्यसो हुनुमा कर्मचारीतन्त्र तथा नीति निर्माताहरुको भूमिका पनि प्रशस्त रह्यो। जसको परिणाम 'माघ १९' पछि गैससले मात्र होइन सामान्य जनता (रोजगारी, सामाजिक आन्दोलन, शिक्षा, स्वास्थ्य, मानवाधिकार र बैङ्किग क्षेत्रका सबैले भोग्नु पऱ्यो। त्यो दर्दनाक अवस्था पन्ध्र महिना कायम रह्यो। त्यसको कतिपय असर देख्न आगामी केही वर्ष कुर्नु नै पर्नेछ। गैससले किनेका सामान वा गैससले गर्ने खर्चका बारेमा कुरा उठाउन हामी सक्षम थियौं किनभने त्यहाँ बहुदल थियो र बहुदलीय व्यवस्थामा संविधानत व्यवस्था गरिएको मौलिकहकका आधारमा सूचना माग्न मिल्छ। तर 'माघ १९' पछिका पन्ध्र महिनामा त्यसअघि उठाइएका वा उठाउन सकिएका विषयवस्तुहरु उठाउन निकै गाह्रो हुन पुग्यो। राज्यले जनताप्रति गरेका दुर्वयवहार, अन्याय, अत्याचार मात्र होइन सामान्य कानूनी शासनको माग गर्न वा मौलिक हकको माग गर्न पनि जनतालाई गाह्रो भयो वा मागिए पनि जिम्मेवारी बहन गरिएन। अझ यस विषयमा आवाज उठाउने जनता वा जनतामा जनचेतना जगाउने क्रियाशील गैससहरु राज्यका नजरमा दोषी ठहरिए।

आजकाल जताततै परिचित 'मानवअधिकार' शब्दले सामाजिक संकथनका रुपमा ५० वर्ष बिताइसकेकोछ। हाल यसले सार्वनिक जीवनमा महत्वपूर्ण स्थान बनाइसकेकोछ। २० प्रतिशत शताब्दिमा गैससहरुले मानवाधिकारका हरेक क्षेत्रहरुलाई समेटेका छन् र सोका लागि आवाजहरु पनि उठाइरहेका छन्। हरेक देशमा सो सम्बन्धी संस्थाहरुको अस्तित्व पाइन्छ र कतिपय मानवाधिकारकर्मीहरुले अभिव्यक्ति स्वतन्त्रता, प्रजातन्त्रका पक्ष तथा धार्मिक तथा जातिगत विभेदका विपक्षमा आफ्नो ज्यान जोखिममा पारी आवाजहरु उठाइरहेको पाइन्छ। कतिपय टर्च, थुना वा अन्यखाले नागरिक हकका बारेमा आवाज उठाइरहेका हुन्छन् *(William Korey, 1998)*। यस अवस्थामा मानवाधिकार उल्लंघन गर्न राज्य होस् वा विद्रोही सबैका आँखामा गैससहरु टाउको दुखाइको विषय बन्नु स्वाभाविक नै हो। कतिपय अवस्थामा मानवअधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरु मात्र होइन विकाससँग सम्बन्धित संस्थाहरुको भूमिकाको निर्धारण राज्य, दाता तथा समुदायसँग संस्थाको सम्बन्धमा पनि निर्भर रहन्छ। *(Lewis 1998)* तर त्यो निर्धारण हुनुमा राज्य कुन पद्दतिमा आधारित छ भन्ने नै महत्वपूर्ण हुन्छ।

गैरसरकारी संस्था, गैर नाफामुलक संस्था वा स्वयंसेवी संस्थाहरु औद्योगिक वा सहयोगप्राप्त गर्ने सबै देशहरुमा उत्तिकै सक्रिय छन् *(Salamon, 1994; Smillie, 1995)*। यिनीहरुले राष्ट्रिय तथा

अन्तर्राष्ट्रियस्तरको नीतिनिर्माण गर्ने संस्थाहरुका माझ पनि प्रभावशाली भूमिका खेलेको छ। विकास सम्बन्धी अध्ययन गर्ने क्रममा खासगरी सन् १९७०-८० का दशकमा राज्यले नेतृत्व गरेका विकास-निर्माण सम्बन्धी अवधारणामा देखिएको असफलताका लागि नयाँ उपायका रुपमा अवलम्बन गरिएको नीति थियो भन्दा हुन्छ जसले 'असल शासनका साथमा नव-उदार आर्थिक नीति अवलम्बन गर्नसकोस्। *(Robinson, 1993)*।

सन् १९९८/९९ मा गैससको लागि अनुमानित बजेट १ करोड ६२ लाख अर्थात् देशको कूल बजेटको १६ प्रतिशत थियो। यो बजेटमा वृद्धि हुने क्रममा नेपाली गैससले वार्षिकरुपमा करिब १००० मिलियन अर्थात् नेपालको कूल बजेटको १० प्रतिशत खर्च गर्छन् (Bhuvan B Silwal 2001)। सन् २००४ को तुलनामा सन् २००५ मा गैससको बजेट १५ प्रतिशतले बढेको छ र ५ अरब ४१ करोडबाट ६ अरब ६६ करोड पुगेको छ। यसको प्रष्ट अर्थ देशमा प्रत्यक्ष वा अप्रत्यक्ष नै भए पनि आर्थिक कारोबारमा गैससले ठूलो भूमिका खेलेको छ। सामान्य सेमिनार, कन्फरेन्स, ट्रेनिङ्ग वा अन्य सामान्य भन्दा सामान्य सामग्रीहरुको खरिदका लागि खर्च गरिने यस रकमले नेपाली अर्थ व्यवस्थामा सकारात्मक परिवर्तन नै ल्याएको छ। यसबाहेक प्रत्यक्ष रोजगारीको वृद्धि र तलबले नेपाली बित्तीय क्षेत्रलाईमात्र टेवा दिएको छैन वरु तलवका रकमहरु नेपाली होटल, रेष्टुरेण्ट, हवाइक्षेत्रमा भएको खर्चको आर्थिक कारोबारमा वृद्धि गरेको छ। गैससलाई राजनैतिक कारणले नियन्त्रण गर्ने प्रयास कायमै रहेको भए यसको नकारात्मक असर एक दुई वर्षपछिको नेपाली अर्थ व्यवस्थामा देखिन थाल्ने थियो।

समग्रमा गैससको भूमिका, महत्व र भविष्य

राजनैतिक, आर्थिक वा सामाजिक रुपले पनि गैससको भूमिकालाई लिएर 'माघ १९' पछिको निरंकुश राज्य व्यवस्था तर्सनु स्वाभाविक नै थियो। राजनैतिक रुपमा गैससका प्रतिनिधिहरु नागरिक समाजका प्रतिनिधि हुन् र सामाजिक चेतना, जागरण, हक अधिकार, न्याय-अन्याय वा मानवाधिकारका वा अन्य हकका पक्षमा रहने यो प्रतिनिधिलाई नियन्त्रण गर्नेले निरंकुश राज्यको भविष्य लम्बिन सक्ने कुरा राज्यले बुझेको थियो। त्यसैले गैससलाई नियन्त्रण गर्नका लागि कानूनी वा प्रशासनिक उपायहरु अवलम्बन गर्ने प्रयास गरियो। तर राज्यले गैससलाई मात्र नियन्त्रण गर्न चाहेको वा खोजेको भने पक्कै थिएन। राज्यले भविष्यमा अन्य कुराको नियन्त्रणका लागि अप्ठ्यारो पार्न सक्ने सबै खाले क्षेत्रमा नियन्त्रणको प्रयास गरेको थियो र त्यसैको शुरुवातमा मिडिया तथा गैसस क्षेत्र परेका थिए।

दार्शनिक तथा अर्थशास्त्री जेम्स मिल र बृटिश फिलोसफर जेरम बेन्थमले बेन्थमको उपयोगिताबाद सम्बन्धी सिद्धान्तको प्रतिपादन गरेका थिए, जसले सरकारको काम बहुसंख्यक जनताको खुशीको रक्षा गर्ने हो भन्ने मान्यता राख्छ। मिलका अनुसार प्रजातान्त्रिक शासन व्यवस्थामा बहुसंख्यक जनताको हातमा शक्ति रहने हुनाले उपयोगितावाद सम्बन्धी उद्देश्य प्राप्त गर्न सम्भव रहेको हुन्छ।

एरिस्टोटलले राज्यलाई सामान्य हिसाबले वर्गिकरण गर्दै 'असल सरकार त्यो हो जसले सर्वमान्य कल्याणकारी सुविधाहरु धेरै भन्दा धेरै जनतालाई प्रदान गर्न सक्छ र खराब सरकार त्यो हो जसले यसको विपरीत कल्याणकारी सुविधाहरु सत्तामा रहेका केही शक्तिशाली व्यक्तिहरुलाई मात्र प्रदान गर्छ, भनेका छन्। एरिस्टोटलले गरेको सरकार सम्बन्धी वर्गिकरण हेर्ने हो भने वर्तमान सरकार, राजतन्त्रात्मक, उच्च वर्गको प्रतिनिधित्वमुलक केही सिमीत छानिएका व्यक्तिहरुले चलाएको सरकार हो। वास्तवमा वर्तमान राज्यले धेरै प्रकारका सरकारहरुको प्रतिनिधित्व एकसाथ गर्छ भन्दा अत्युक्त हुँदैन। एकातिर यो धार्मिक नेताले नेतृत्व गरेको जस्तो देखिन्छ, कतै सैनिक प्रमुखले नेतृत्व गरेको देखिन्छ भने कतै प्रशासनिक संयन्त्रमा मात्र आधारित सरकार जस्तो देखिन्छ। धेरै जसो सरकारका चरित्र देखिएको यस सरकारमा नदेखिने चरित्र भने प्रजातान्त्रिक सरकारको चरित्र मात्र हो।

'सर्वसत्तावाद' निरंकुश राजनैतिक पद्दतिको आधुनिकतम रुप हो। राजनीति विज्ञानका दृष्टिले सर्वसत्तावाद भनेको त्यो सरकारी पद्दति वा विचार हो जसले राज्य सञ्चालकको हितका लागि सामाजिक, राजनैतिक, आर्थिक, वौद्धिक, सांस्कृतिक तथा आध्यात्मिक क्रियाकलापहरुलाई नियन्त्रण गर्ने वा कमजोर बनाउने प्रयास गर्छ।

नेपालमा 'माघ १९' पछि देखिएका सामाजिक रुपले समाजमा काम गर्ने संस्थाहरुको नियन्त्रण, समाजलाई सुसुचित गर्न सञ्चारमाध्यमको नियन्त्रण र कानूनी क्षेत्रमा हस्तक्षेप यसका उदाहरण थिए। त्यसैगरी राजनैतिक क्रियाकलापहरुमा नियन्त्रण गर्नका लागि निषेधित क्षेत्र, कर्फ्यू, धरपकड गरिएको थियो भने आर्थिकरुपले नाफामा रहेको टेलिकममाथिको अनावश्यक हस्तक्षेप, बहुदलीय व्यवस्था पछि फस्टाएका व्यवसाय (प्रेस तथा प्रकाशन) माथि नियन्त्रणको प्रयास गरिएको थियो। त्यसैगरी वौद्धिक क्षेत्रलाई कमजोर पार्ने प्रयास र हस्तक्षेप गरिएको थियो। सांस्कृतिक क्षेत्रमा 'एक भाषा एक भेषका नारा' पुनः अगाडि सारिएको थियो। क्षेत्रीयता, भाषागत हक अधिकार, स्वायत्ततासम्बन्धी माग वा चाहनाहरुलाई कमजोर पार्ने दुष्प्रयत्न गरिएको थियो र सबै निर्णय तथा अधिकारहरु विकेन्द्रित हुनु पर्नेबाट केन्द्रिकृत पार्दै लगिएको थियो। राष्ट्रियताको खोक्रो नारासँगसँगै एकै पोशाक, एकै धर्मका कुरा चलाउन थालियो। अर्थप्रष्ट थियो- सर्वसत्तावादी निरंकुश राज्यसत्ताका लागि आवश्यक सबैखाले संरचना तयार गरिदै थियो। त्यसै अन्तर्गत नेपालको राजनैतिक, आर्थिक, कानूनी, सामाजिक, धार्मिक, क्षेत्रीय, जातिगत सबैक्षेत्रमा नियन्त्रण गरिदै थियो। त्यसै अन्तर्गत मिडिया र गैससहरुलाई नियन्त्रण गर्ने प्रयास गरिएको थियो। त्यस्तो व्यवस्थालाई टिकाउनका लागि आमसञ्चारमा नियन्त्रण गर्ने हातहतियारमाथि अधिकार जमाउन, आर्थिक स्रोत मिलाउन, छुट्टै नीति नियमको तर्जुमा गर्ने शक्तिलाई केन्द्रीकृत गर्न जनतासँग नजिक रहने सामाजिक संघसंस्थाहरुमा नियन्त्रण गर्ने राजनैतिक प्रतिष्पर्धा रोक्न र दुनियाँका सामु आफूले नै वास्तविक जनताको प्रतिनिधित्व गरेको देखाउन आवश्यक हुन्छ। जुन नेपालको वर्तमान सन्दर्भमा पनि लागू हुन्थ्यो। यसरी समग्र नियन्त्रणको उद्देश्यका साथ अगाडि बढेको सर्वत्तावादी राज्यका लागि गैसस नियन्त्रण गर्ने भनेको अन्य जनाधिकार पनि नियन्त्रण गर्ने अभियान अन्तर्गतको एक कदम मात्र थियो। जसका लागि सर्वत्तावादी राज्यसरकारले कानूनी वा प्रशासनिक व्यवस्था मिलाउन खोजेको थियो।

०६३ वैशाख ११ पछि जनताको अजेयशक्तिले त्यो अधिनायकवादी दुस्साहसलाई उल्टाइ दिएको छ। तर नेपालको गैरसरकारी संस्था अभियानले त्यो कालखण्डलाई इतिहासको पाठका रूपमा ग्रहण गर्नेछ।

लोकतान्त्रिक आन्दोलनका

सहिदहरू

(नेपाल सरकारको २०६३ जेठ २१ गतेको निर्णय अनुसार)

देविलाल पौडेल, रूपन्देही
२०५९ चैत २५ गते

उमेशचन्द्र थापा, दाङ
२०६२ माघ २६ गते

होरिलाल राना थारू, कैलाली
२०६२ माघ २६ गते

दर्शनलाल यादव, सप्तरी
२०६२ चैत २३ गते

भीमसेन दाहाल, कास्की
२०६२ चैत २६ गते

तुलसी क्षेत्री, चितवन
२०६२ चैत २७ गते

शिवहरि कुँवर, वनेपा
२०६२ चैत २७ गते

विष्णु पाण्डेय,नवलपरासी
२०६२ चैत ३० गते

हिरालाल गौतम, निजगढ
२०६३ वैशाख ४ गते

सेतु विश्वकर्मा, बाँके
२०६३ वैशाख ५ गते

सुरज विश्वास, झापा
२०६३ वैशाख ६ गते

राजन गिरी, झापा
२०६३ वैशाख ६ गते

वाशुदेव घिमिरे, काठमाडौं
२०६३ वैशाख ७ गते

सगुन ताम्राकार, काठमाडौं
२०६३ वैशाख ७ गते

दिपक कामी, काठमाडौं
२०६३ वैशाख ७ गते

यमलाल लामिछाने, बर्दिया
२०६३ वैशाख ८ गते

गोविन्दनाथ शर्मा, पर्वत
२०६३ वैशाख १२ गते

प्रद्युम्न खड्का
काठमाडौं
२०६३ वैशाख १६ गते

महम्मद जाहागिर
काठमाडौं
२०६३ वैशाख १८ गते

कहिल्यै भुल्ने छैनौ ।

चन्द्रबहादुर बयलकोटी
काठमाडौं
२०६३ वैशाख २३ गते

अनिलकुमार लामा
काठमाडौं
२०६३ वैशाख २३ गते

इन्सेक
insec

References

A review of Ain's contribution to the tenth plan/poverty reduction strategy paper (PRSP 2002-2007), Association of International NGOs in Nepal http://www.lutheranworld.org/What_We_Do/DWS/Country_Programs/Reports/DWS-Nepal-PRSP_Report-2005.pdf, January 17, 2006

Bhushan, Vidya and Sachdeva, D. R., an Introduction to sociology, Kitab Mahal, 1998

Clark, Ann Marie, 1995, Non Governmental Organizations and their Influence on International Society, Journal of International Affairs

Cleary, Seamus, 1997, the Role of NGOs under Authoritarian Political Systems, New York: St. Martin's Press

Edwards, Michael and David Hulme 1996, Too Close for Comfort ? The Impact of Official Aid on Nongovernmental Organizations, World Development http://interconnection.org/ngonetwork/challenges.htm

Kaviraj, S. and Khilani, s. 2001, Civil Society: History and possibilities, Cambridge University Press

Korey, William, NGOs: Fifty Years of Advocating Human Rights, Issues of Democracy, Volume 3, October 1998, source: http://www.globalpolicy.org/ngos/humrghts.htm

Layton Montgomery, NGOS and the Internet in Nepal, Source: http://www.ascusc.org/ Journal of Computer-Mediated Communication January 2002

Lewis, D. 1998, Bridging the Gap: the parallel universes of the non-profit and nongovernmental organisation research traditions and the changing context of voluntary action. London: CVO International Working Paper No. 1.

Lundberg, G.A. Schrag, C.C; Larsen, Otto N., 1958 Sociology, Harper and Brothers, New York,

Max weber, 'Politics as a Vocation' Originally a speech at Munich University, 1918, published in 1919 by Duncker & Humblodt, Munich.

Otto, Diana, 1996, Nongovernmental organizations in the United Nations system: The emerging role of international civil society, Human Rights Quarterly, 18 Feb

Petras, James, Imperialism and NGOs in Latin America, Monthly Review, Volume 49, Number 7, 2005 source: http://www.monthlyreview.org/1297petr.htm, January 17

http://www.monthlyreview.org/1297petr.htm, Monthly Review, Volume 49, Number 7 January 17,

Putnam, R, 1993, making Democracy work: Civic Tradition in Modern Italy, .Princeton, N.J Princeton University Press,

Putnam, R, Bowling alone: Americas Declining Social Capital, Journal of democracy

Robinson, M. 1993. Governance, Democracy and Conditionality: NGOs and the New Policy Agenda. In Governance, Democracy and the Conditionality. What Role for NGOs ? ed. Andrew Clayton. OxfordM INTRAC

Salamon, L. 1994. Partners in public service: Government-nonprofit relations in the modern welfare state. Baltimore, MDM Johns Hopkins.

Shah, Saubhagya, 2003, from evil state to civil society, himalbooks, KathmanduSilwal, Bhuvan B., Status of IYV 2001 in Nepal, IYV National Coordinator National UN Volunteer, Nepal

Smillie, I. 1995. The alms bazaar: Altruism under fire-Non-profit organizationsand international development. London: Intermediate Technology.Tamang, Seira, Civilising civil society: Donors and democratic space in Nepal, Himal southasian, July 2003

Tenth plan/poverty reduction strategy paper (PRSP 2002-2007), Association of International NGOs in Nepal, source: http://www.lutheranworld.org/What_We_Do/DWS/Country_Programs/Reports/DWS-Nepal-PRSP_Report-2005.pdf, browsing date January 17, 2006

Wapner, Paul, 1995, Politics beyond the state: environmental activism and world civic politics, World Politics 47, spring 1995

Clark, Ann Marie, Non-Governmental Organizations and their Influence on International Society Journal of International Affairs, Winter 1995

कृष्णबहादुर भट्टचन, विस २०६१, नेपालमा अन्तर्राष्ट्रिय राष्ट्रिय गैरसरकारी संस्थाहरु, गैरसरकारी संस्था चुनौती र अवसर, सम्पा तोया गौतम, प्रकाशक सहकार्य

जीवनराज शर्मा र सुजित कर्ण वि. सं. २०६२ नागरिक समाज भ्रष्टाचारसम्बन्धी सङ्कथन र प्रजातन्त्र, बहा:जर्न वर्ष २ अङ्क २, सम्पा अमर गुरुङ तथा अन्य, प्रकाशक सोसल साइन्स बहा:हिमाल एसोसिएसन

थापा, हरिबहादुर, सन् २००२, भ्रष्टाचारको शल्यक्रिया, काठमाडौं, प्रकाशक सङ्गीता थापा बोन्गर्ज हेन्ज र दाहाल, देवराज, वि. सं. २०५४, विकास अध्ययन, अनु देवीप्रसाद गौतम, प्रकाशक नेपाल फाउन्डेसन फर एडभान्स्ड् स्टडिज् नेफा

विमलकुमार फुयाँल, विस २०६१, एनजीओको नियत र नियति वस्तुनिष्ठ बहसको खाँचो, गैरसरकारी संस्था चुनौती र अवसर, सम्पा. तोया गौतम, प्रकाशक सहकार्य

शान्ति प्रक्रियाका पूर्वाधारहरूको निर्माण र सशस्त्र द्वन्द्वको शान्तिपूर्ण निकासमा नागरिक समाजको दायित्व

शोभाकर बुढाथोकी*

१. पृष्ठभूमि

२०५२ फागुनमा नेकपा (माओवादी) ले राजतन्त्रको अन्त्य र जनगणतान्त्रिक राज्य व्यवस्था स्थापना गर्ने मूल उद्देश्यले प्रारम्भ गरेको दीर्घकालीन जनयुद्धले १० वर्ष पूरा गरेको छ। सशस्त्र द्वन्द्वले नेपाली समाजमासकारात्मक र नकारात्मक दुवै प्रभाव पारेको छ। एकातिर हिंसा दैनिक जीवनयापनको एक महत्वपूर्ण अंशका रूपमा देशमा विकसित हुन पुगेको छ भने अर्कातिर राज्य पुर्नसंरचनाका सवालमा समाजमा व्यापक बहस प्रारम्भ पनि भएको छ। नेपालमा द्वन्द्वका कारकहरूमा समाजमा व्याप्त आर्थिक, सामाजिक, सांस्कृतिक असमानता र विभेद मानिन्छ भने राजनीतिक अस्थिरता, बेरोजगारी, पक्षपातपूर्ण राज्यका नीतिहरू र नागरिकहरूलाई राष्ट्र निर्माणमा अवसरबाट बञ्चित गरिनुले द्वन्द्वलाई व्याकता दिन सहयोग पुऱ्याएको देखिन्छ। जन-धनको क्षति दुःखद पक्ष हुँदाहुँदै पनि समाज अग्रगामी परिवर्तनतर्फ उन्मुख भएको नकार्न सकिदैंन।

शान्ति सबैको चाहना हो। तर देशमा जारी द्वन्द्वले समाजमा व्याप्त सामन्ती र पुरातनवादी संस्कारका कारण विद्यमान विपन्नता, गरीबी, असमानता, विभेद, शोषण र अत्याचार विरुद्धका भावनालाई प्रतिनिधित्व गर्दछ, जुन मुख्यतया राजनीतिक, सामाजिक र आर्थिक विकृतिको प्रतिविम्व हुन सक्दछन। द्वन्द्वको विकासक्रमसँगै देशका अल्पसंख्यक, तथाकथित दलित, महिला र आदिवासी समूदायको आत्म निर्णयको अधिकार सुनिश्चितताका लागि राज्यले उपयुक्त कदमहरू चाल्नुपर्ने र उनीहरूलाई राष्ट्र निर्माणको अभियानमा संगठित गर्नुपर्ने आवाजहरू सशक्त रूपमा उठ्न गई सशक्तिकरण एवं नागरिकको आत्म निर्णयको अधिकारका पक्षमा व्यापक परिवर्तन देखा परेको छ। तर द्वन्द्वका कारण कारण नै करीब १५ हजार नेपालीले ज्यान गुमाउनु, १ हजारभन्दा बढी वेपत्ताको अवस्थामा रहनु र हजारौं सर्वसाधारण नागरिकहरू द्वन्द्वमा संलग्न पक्षहरूको त्रासका कारण विस्थापित हुनुले मानवअधिकारको स्थिति जर्जर बन्दै गएको स्पष्ट छ।

त्रिपक्षीय रूपमा प्रारम्भ भएको द्वन्द्व माघ १९, २०६१ को शाही कदमसँगै द्विपक्षीय स्वरूप धारण गर्न पुगेको छ। २०५८ र २०५९/६० मा भएका शान्ति वार्ताका प्रयासहरू विना निष्कर्ष टुङ्गिनु र पछिल्लोपटक गत पुस महिनामा माओवादीलाई २०६२ भदौमा घोषणा गरेको एकपक्षीय युद्धविराम फिर्ता लिन राज्यले बाध्य पार्नुले नेपालको सशस्त्र द्वन्द्वका स्वरूपहरू जटील बनाउनमा राज्यको संलग्नता अधीक देखिन्छ। राजाले कार्यकारी अधिकार हडप्ने प्रमुख आधार शान्तिलाई बनाएपनि त्यसतर्फ कुनै प्रगति हुन सकेको छैन। नेपालमा सशस्त्र द्वन्द्वको शान्तिपूर्ण निकास त्यससँग सम्बन्धित कारकहरूको सम्बोधन विना असंभव देखिन्छ।

२.शान्तिपूर्ण द्वन्द्व निकासका समस्याहरू

देशमा जारी सशस्त्र द्वन्द्वले जटील स्वरूप धारण गरेपनि राजनीतिक वार्ताका माध्यमबाट शान्तिपूर्ण निकासका प्रयासहरू भइरहेका छन। सैनिक समाधान असंभव ठानिएको हिंसात्मक द्वन्द्वको न्यायपूर्ण समाधानका लागि राज्य जिम्मेवार रूपमा प्रस्तुत हुनुपर्दछ र नागरिकको प्रथमतः बाँच्न पाउने हकको प्रत्याभूत गर्नुपर्दछ। सशस्त्र द्वन्द्वको निकासका लागि राज्यका तर्फबाट अग्रगामी कदम चालिनुको साटो माओवादी पक्षबाट एकपक्षीय युद्धविराम मार्फत चालेका सकारात्मक पहललाई इन्कार गर्नुले राज्य शान्ति नभई द्वन्द्व चाहेको स्पष्ट हुन्छ, जसलाई निम्न आधारमा विश्लेषण गरी पुष्टी गर्न सकिन्छ।

राजाको निरंकुश शासन व्यवस्था

२०५९ असोज १८ मा प्रारम्भ भएको राजाको सक्रिय राजतन्त्र स्थापना गर्ने महत्वाकांक्षा २०६१ माघ १९ मा चालिएको शाही कदमबाट आम नागरिकमाथि निरंकुशतन्त्र लादिएपछि द्वन्द्वको शान्तिपूर्ण निकासमा राज्य सबैभन्दा बाधक हुन आएको देखिन्छ। राजाको अध्यक्षतामा अवैधानिक रूपमा मन्त्रीपरिषद्को गठनसँगै संकटकालको घोषणा मार्फत जनताका मौलिक हकहरूमाथि लगाइएको बन्देज र स्वतन्त्र सञ्चार माध्यममाथि सैनिक हस्तक्षेप मार्फत् नियन्त्रणमा लिने दुस्साहशले राज्य सैनिक बलका आडमा राज्यसत्ता कब्जामा

** मानव अधिकार तथा द्वन्द्व समाधान विषयमा अमेरिकाको सान डियगो विश्वविद्यालयबाट स्नातकोत्तर बुढाथोकी मानव अधिकार रक्षकका रुपमा एक दशकभन्दा लामो समयदेखि सक्रिय हुनुहुन्छ। संयुक्त राष्ट्र संघीय पीसकिपीङ मीसनमा मानव अधिकार अधिकृतका हैसियतमा कार्यरत रहिसक्नुभएका बुढाथोकी माघ १९, २०६१ को शाही कदमपश्चात् लोकतन्त्रका पक्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जनमत तयार गर्ने उद्देश्यले गठन गरिएको २५ मानव अधिकारकर्मीहरूको समुहका रुपमा परिचित मानव अधिकारकर्मी संस्था तथा व्यक्तिहरूको सञ्जाल मानव अधिकार जोगाऔं आन्दोलन-नेपालका एक संयोजनकर्ता पनि हुनुहुन्छ।*

लिन प्रेरित भएको देखिन्छ। नागरिक समाजमाथि समेत राज्यबाट अवरोधहरू सृजना गरिएको समयमा पनि समाजका सबै पक्षहरू द्वन्द्वको शान्तिपूर्ण निकासका लागि सक्रिय भइरहेको वर्तमान परिवेशमा राज्य आतंककारीका नाममा माओवादीमाथि दमन गर्न उद्दण्ड देखिन्छ।

राजाको अवैधानिक शासन व्यवस्थाको प्रारम्भसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनबाट मान्यता प्राप्त प्रजातान्त्रिक संस्थाहरूमाथि गरिएका आक्रमणबाट देशमा जारी सशस्त्र द्वन्द्वको निकासमा थप जटीलता सृजना भएका छन। मूलत: वर्तमान अवैधानिक शासन व्यवस्थाले २०४६ सालको शान्तिपूर्ण जनआन्दोलनले स्थापना गरेका प्रजातान्त्रिक संस्थाहरू खासगरी राजनीतिक दलहरू, नागरिक समाज; मानवअधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू, नीजि क्षेत्रका सञ्चार माध्यममा विशेषत: सामूदायिक रेडीयोहरूका अलावा स्वतन्त्र न्यायपालिकामाथि गरिएको हस्तक्षेपका कारण नागरिकका मौलिक अधिकारहरूमध्ये संगठनको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुन पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, स्वतन्त्र रूपमा आवागमनको अधिकार अत्यधिक प्रभावित हुन पुगेका छन। न्यायपालिकाले आफ्नो स्वतन्त्र अस्तित्व गुमाएका कारण संकटकालको समयमा समेत निलम्वनमा नपरेको नागरिकको बन्दी प्रत्यक्षीकरणको हक समेत प्रभावित भएको थियो। प्रजातान्त्रिक पद्दतिलाई कमजोर बनाउने ध्येयले भ्रष्टाचार नियन्त्रणका नाममा राजनीतिक दलका नेताहरूलाई बद्नाम गर्ने र संविधानले स्थापना गरेको अख्तियार दुरूपयोग अनुसंधान आयोगलाई समाप्त पार्ने उद्देश्यले सृजना गरेको भ्रष्टाचार नियन्त्रण शाही आयोग २०६२ फागुन १ गतेको सर्वोच्च अदालतबाट खारेज भइसकेतापनि यस्ता अन्य कार्यहरू जारी भएको देखिन्छ। शान्ति प्रक्रियाका आधारस्तम्भका रूपमा मानिने प्रजातान्त्रिक संस्थाहरूमा नेपाल पत्रकार महासंघ र श्रमिक संगठनलाई धरासायी पार्न समानान्तर संस्थाहरू राज्यले स्थापना गरेको छ भने मानवअधिकार आन्दोलन निस्क्रिय तुल्याउन गैसरकारी संस्था आचार संहिता जारी गरिएको छ। विधीको शासन समाप्त पारिएको छ र देश अध्यादेश मार्फत कानुनको जथाभावी संसोधन गरेर चलाइएको छ। कानुनको परिधी नाघेर राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्र अस्तित्व मेटाइनु र आदेशका भरमा क्षेत्रीय तथा अञ्चल प्रशासकहरूको नियुक्ति गरिनुले शासन पद्दतिमा स्वेच्छाचारितालाई प्रश्रय दिएको स्पष्ट हुन्छ।

माओवादीप्रति राज्यको दृष्टिकोण

शान्ति प्रक्रियाको सबैभन्दा बाधक पक्ष माओवादीप्रति राज्यले अंगिकार गरेको आतंककारी दृष्टिकोण रहेको छ। राज्य पुर्नसंरचनाको उद्देश्यका साथ बिद्रोहमा होमिएको माओवादीलाई राजनीतिक शक्तिको मान्यता नदिएसम्म शान्तिपूर्ण निकासका संभावनाहरूको परिकल्पना गर्न सकिदैंन। विडम्वनाको कुरा वर्तमान राज्य व्यवस्था माओवादीले अगाडी सारेका संविधान सभा लगायतका मागहरूमा सकारात्मक धारणा बनाउनुको साटो आतंककारी घोषणा गरी सैनिक दमनमा उत्रिएको छ। राज्यको सैनिकीकरण, माओवादीबाट सञ्चालित सशस्त्र द्वन्द्वप्रति राज्यको राजनीतिक धारणा नबन्नु, सैनिक समाधानमा विश्वास गर्नु र माओवादीबाट २०६२ भदौमा एकपीक्षय युद्धविरामप्रति राज्यले सम्पूर्ण सैनिक गतिविधि बन्द नगर्नुले राज्य शान्तिपूर्ण निकास नभई द्वन्द्वको नाममा निरंकुशतालाई संस्थागत गर्न चाहन्छ।

राज्यको सैनिकीकरण र मानव अधिकारको चरम उल्लंघन

२०५८ मंसीरमा देशमा पहिलोपटक संकटकालको घोषणासँगै राज्यको सैनिकीकरण व्यापक रूपमा हुन थालेको हो। सेप्टेम्बर ११, २००१ मा अमेरिकामाथि अलकायदाबाट भएको विध्वंसकारी आक्रमणपछि विश्वमा सैनिकीकरणले प्रधानता पाएको र नेपालमा पनि माओवादी सशस्त्र द्वन्द्वलाई सैनिक दमनबाट निस्तेज पार्ने उद्देश्यबाट गरेको राज्यबाट भएको सैनिकीकरणको प्रयासले अन्तर्राष्ट्रिय सहयोग व्यापक मात्रामा पाएको हो। अमेरिका, बेलायत, भारत, बेल्जीयम लगायतका देशबाट माओवादी विरूद्ध लड्नका लागि शाही सेनाले अत्याधुनिक हातहतियार अधिकांश निशुल्क र केही सुपथ मूल्यमा सैनिक सहायता प्राप्त गरेको थियो भने अमेरिकी सेनाबाट "काउण्टर इन्सरजेन्सी" तालिम समेत शाही नेपाली सेनालाई प्रदान भइरहेको छ, जुन २०५९ असोजपछि चरमोत्कर्षमा पुगेको थियो। तर राजाको माघ १९, २०६१ शही कदम पश्चात् भारतले केही "नन लीथल" सैनिक सामग्री बाहेक अन्य सबै मुलुकले सैनिक सहायता बन्द गरेपछि सेना "ग्लोवल टेण्डर"बाट हातहतियार खरिद गर्ने अभियानमा जुटेको छ। राज्यको सैनिक खर्च अत्यधिक रूपमा बढाउदै रू. १९ अरब र सेनाको संख्या करिब १ लाख पुऱ्याइएको छ।

सैनिक खर्च व्यापक रूपमा बढेका कारण देशको विकास खर्च घटेको छ र सैनिक खर्चको पूर्ति विकास शिर्षकमा छुट्याइएको रकम समेत रक्षातर्फ पठाएर गरिएको छ। सैनिक खर्चका अलावा देशमा निरंकुशतन्त्रलाई संस्थागत गर्ने क्रममा राज्यको नागरिक प्रशासन ध्वस्त पारिएको छ। नागरिक प्रशासनका व्यक्तिहरू खासगरी प्रमुख जिल्ला अधिकारीलाई लोकतन्त्रको आन्दोलन विरूद्ध दमनमा प्रयोग गरिएको छ भने सुरक्षासँग सम्बन्धित विषय बनाएर सेनाले देश चलाइरहेको छ। राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको गिरफ्तारी, अदालत परिसरबाट पुर्नगिरफ्तारी, माओवादीको आरोपमा व्यक्तिहरूलाई सैनिक व्यारेकमा थुन्नु, सञ्चार माध्यममा सैनिकको उपस्थिति र टेलिफोन बिच्छेदमा सेनाको संलग्नताले देश सैनिकीकरण भएको अनुभूति सहजै गर्न सकिन्छ।

सैनिकीकरणसँगै मानवअधिकारको उल्लंघन चरमरूपमा बढ्न गएको छ भने नेपाल सुरक्षा नियन्त्रणमा लिएपछि

नागरिक वेपत्ता पार्ने मुलुकमा विश्वमै अग्रस्थानमा पुग्न गएको छ। स्वेच्छाचारी गिरफ्तारी, चरम यातना र शान्तिपूर्वक सभा सम्मेलनका सहभागिमाथि निर्मम कुटपिट अत्यधिक मात्रामा बढिरहेका छन्। सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति हत्या अत्यधिक बढ्दै गएर राज्यका तर्फबाट ८२०९ र माओवादीका तर्फबाट ४५४४ गरी कूल १२७५३ नेपालीले ज्यान गुमाउन पुगेका छन। चार महिना लामो युद्धविरामका कारण संख्यामा कमी आएपनि मानवअधिकारवादी संस्था इन्सेकका अनुसार राजाको प्रत्यक्ष शासन प्रारम्भ भएपछि राज्यबाट मान्छे मारिनेक्रम बढेको छ। राजाले प्रत्यक्ष शासन प्रारम्भ गरेयता करीब १५०० मानिस मारिएकोमा राज्यका तर्फबाट मात्रै झण्डै १००० नेपालीको हत्या हुन गएको छ। राज्यले स्वेच्छाचारी गिरफ्तारी तथा हत्यालाई प्राथमिकता दिएको तथ्य माओवादीबाट एकपक्षीय युद्धविराम घोषणा गरेका समयमा ८४ जना नेपाली मारिनुबाट पुष्टी हुने गर्दछ, जुन अवधीमा माओवादीले १९ जना नेपालीको हत्या गरेको इन्सेकको तथ्यांकले देखाउँदछ। मान्छे मारिएको घटनालाई संख्याबाट तुलना गर्न नसकिएपनि व्यक्ति हत्या चरम बृद्धि हुनुका पछाडी सैनिकीकरण जिम्मेवार मान्न सकिन्छ।

३. शान्ति प्रक्रियाका आधारस्तम्भहरू

शान्ति प्रक्रिया अनायास हुने नभई यसका निम्ति आवश्यक आधार स्तम्भहरूको तयारी गरिनुपर्ने हुन्छ। मानवअधिकार, बहुदलीय शासन पद्दति र कानुनको शासन लोकतान्त्रिक शासन व्यवस्थाका आधार स्तम्भहरू भएकोले नेपालका सन्दर्भमा सशस्त्र द्वन्द्वको प्रादुर्भावकर्ता नेकपा (माओवादी) ले उठाएका मुद्दाहरू र देशमा स्थापित निरंकुशतन्त्रको सवाललाई पन्छाएर शान्ति प्रक्रियाका सम्बन्धमा सोच्नु निरर्थक हुन्छ, जसका लागि विश्वासको वातावरण तयार पार्न निम्न आधारहरू सुनिश्चित गरिनुपर्ने हुन्छ।

राजनीतिक प्रक्रियामा जनताको सहभागिता : नागरिकको सूचनामा पहुँच

पारदर्शी समाजमा मात्र नागरिकका भावनाहरूको सम्मान हुने गर्दछ भने शान्ति प्रक्रियाका आधारहरू स्वतन्त्र सूचना प्रवाहमा निर्भर गर्दछ। तर राजाको कदमबाट सञ्चार माध्यम सबैभन्दा बढी आक्रमणमा परेको छ। स्वतन्त्र तथा निष्पक्ष रूपमा समाचार प्रवाह नभएसम्म जनताका सरोकारहरू प्रतिबिम्बित हुन सक्दैनन। सञ्चार माध्यमले समाचार प्रवाह गर्ने मात्र नभई राष्ट्र निर्माणका पक्षमा उपयुक्त जनमत तयार गर्ने भएकोले निर्वाध समाचार प्रवाह गर्न पाउनुपर्दछ र उनीहरूको अस्तित्वलाई राज्यले स्वीकार गर्नुपर्दछ। यसको ठीक विपरित सञ्चारको स्वतन्त्रतालाई बन्देज लगाउन राज्यले सञ्चार अध्यादेश कार्यान्वयनमा ल्याएको छ भने फ्रान्सको रिपोर्टस वीदाउट बोर्डस भन्ने संस्थाका अनुसार पनि नेपाल वर्ष २००५ मा सबैभन्दा बढी पत्रकारहरू थुन्ने राष्ट्रका रूपमा स्थापित भएको छ। पत्रकारलाई समाचार लेखेकै कारण स्पष्टीकरण माग गरिएको छ, समाचार संकलनका क्रममा सञ्चारकर्मीलाई कुटपिट गरिएको छ र आफ्नो पक्षमा समाचार नलेखेकै कारण कारवाहीको सामना गर्नुपर्ने धम्की दिइएको छ। सञ्चार माध्यमको स्वतन्त्रतालाई सम्मान नगरिएसम्म शान्ति प्रक्रियाका लागि आवश्यक आधार स्तम्भ तयार गर्न असंभव हुन्छ। शान्ति प्रक्रिया प्रारम्भ गर्नका लागि समुचित वातावरण बनाउन प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चिततले अत्यन्त महत्व राख्दछ।

शान्ति प्रक्रियाको प्रारम्भ : मानवअधिकार र मानवीय कानुनहरूको पालना

शान्ति प्रक्रियाका लागि आवश्यक विश्वसनीय वातावरणको निर्माण राज्य तथा गैरराज्य पक्षबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित मानवअधिकार तथा मानवीय कानुनहरूको पालनाबाट प्रारम्भ गर्न सकिन्छ। सशस्त्र द्वन्द्वमा संलग्न पक्षहरूको इमान्दारिताको जाँच गर्ने प्रमुख आधार मानवअधिकार तथा मानवीय कानुनको कार्यान्वयनबाट गर्न सकिन्छ। मानवअधिकार उल्लंघन बढ्दै गएपछि राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय स्थापना भई मानवअधिकार स्थितिको अनुगमन र अनुसंधानबाट तयार गरेको प्रतिवेदन जेनेभास्थित उच्चायुक्तको कार्यालयमा पेश गरिरहेको छ। मानवअधिकारको सम्मानको प्रतिवद्धता सहित राज्यले मानवअधिकार सम्बन्धी १६ भन्दा महत्वपूर्ण मानवअधिकार संयन्त्रहरूमा हस्ताक्षर गरेको छ, जसको नेपाल सन्धि ऐनको धारा ९(२) अनुसार नेपाल राज्यपक्ष भएका सम्पूर्ण अन्तर्राष्ट्रिय कानुनहरू राष्ट्रिय कानुन सरह कार्यान्वयन गर्नु राज्यको दायित्वभित्र पर्दछ। हस्ताक्षर गरेका महासन्धिहरूमा नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अभिसन्धी, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी अभिसन्धी, महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि, सबै प्रकारका जातीय भेदभाव निर्मूलन सम्बन्धी महासन्धि र बालअधिकार महासन्धि पर्दछन् भने सशस्त्र द्वन्द्वका समयमा मात्र लागू हुने सन् १९४९ का चारवटा जेनेभा महासन्धिहरूमा पनि नेपालले हस्ताक्षर गरेको छ। त्यसैगरी राष्ट्र संघ समक्ष नेपालले २०६० चैत १३ मा मानवअधिकार तथा मानवीय कानूनको कार्यान्वयनका सम्बन्धमा जाहेर गरेका प्रतिवद्धताहरू, २०६१ चैत २८ मा राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयसँग गरेको समझदारीपत्र र राष्ट्र संघीय मानवअधिकार आयोगको ६१ औं सत्रबाट नागरिकका प्रजातान्त्रिक तथा मानवअधिकार वहालीको लागि सर्वसम्मत रूपमा पारित "एजेण्डा आइटम १९" अर्न्तगत घोषणापत्रका आधारमा पनि राज्य नागरिकका आधारभूत मानवअधिकार सम्मान गर्न वाध्य छ।

आम नागरिकको मानवअधिकारको वहाली र सुनिश्चितताका लागि राज्यको दायित्व बढी भएपनि नेकपा (माओवादी) पनि राष्ट्र संघीय सन्धी, अभिसन्धी र

घोषणापत्रहरूका आधारमा मानवअधिकारका यस्का अपरिहार्य तथा सर्वव्यापी सिद्धान्तहरू खासगरी जीवनको अधिकार, स्वतन्त्रता र सुरक्षाको सम्मान पालना गर्नुपर्दछ। साथै सशस्त्र द्वन्द्वका समयमा मात्र लागु हुने जेनेभा महासन्धिको साझा धारा-३ को पनि माओवादीले पालना गर्न बाध्य छन, जस्मा हतियार छोडिसकेका सैन्यशक्तिका सदस्यहरू र बिरामी, घाइते वा अन्य कारणले लड्न नसक्ने अवस्थामा पुगेका व्यक्तिहरूका अलावा लडाईमा सक्रिय रूपमा भाग नलिने सर्वसाधारणमाथि आक्रमण वा अमानवीय व्यवहार नगर्ने, बन्धक बनाउन नहुने र घाइते व्यक्तिहरूलाई उपचारको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ।

द्वन्द्व निकासका लागि विश्वसनीय वातावरणको निर्माण : १२ बुँदे सहमतीको कार्यान्वयन

शान्तिपूर्ण राजनीतिक निकासका लागि २०६२ मंसिर ७ गते सात राजनीतिक दलका प्रतिनिधिहरू र नेकपा (माओवादी) का वीचमा सम्पन्न सहमतीपत्र शान्ति प्रक्रियाको प्रारम्भ र शान्ति वार्ताका लागि विश्वासनीय वातावरण तयार गर्नमा महत्वपूर्ण मानिन्छ। शुरुवात भएकोले अपुरो भएपनि देशको हिंसात्मक द्वन्द्व राजनीतिक वार्ता मार्फत समाधान गर्ने अवसरहरू खोलेको छ। प्रक्रियाका सम्बन्धमा अस्पष्ट भएपनि संविधान सभाका माध्यमबाट राजनीतिक निकास खोज्ने सहमतीले आम नागरिकको राष्ट्रको राजनीतिक प्रक्रियामा सहभागि हुन पाउने हकको सुनिश्चित गरेको छ। साथमा सहमती मार्फत माओवादीले मानवअधिकार, वहुदलीय शासन पद्दति, कानुनको शासन, सञ्चार माध्यमको स्वतन्त्रता लगायतका नागरिकका आधारभूत हक, अधिकार र स्वतन्त्रताहरूको सम्मानप्रति जाहेर गरेको प्रतिविद्धतालाई व्यवहारमा रूपान्तरण गर्न र भविष्यमा हुन सक्ने शान्ति प्रक्रियाको सफलताका लागि १२ बुँदे सहमतीको कार्यान्वयन अत्यन्त महत्वपूर्ण हुन्छ। माओवादीलाई शान्ति वार्ताका माध्यमबाट वहुदलीय शासन पद्दतिको राजनीतिक मूलधारमा ल्याउने सात राजनीतिक दलहरूको प्रयास र नागरिकको सर्वोच्चता एवं सार्वभौम अधिकारलाई स्वीकार्ने माओवादीको प्रतिवद्धताले सशस्त्र द्वन्द्वको निकासका लागि आधार स्तम्भहरू तयार गर्दछ। शान्ति प्रक्रिया, शान्ति वार्ता र शान्ति सम्झौताको क्रममा आउने अप्ठ्याराहरूलाई सहज बनाउनका लागि द्वन्द्वरत पक्षहरूका बीचमा सैद्धान्तिक तथा व्यावहारिक स्पष्टता आवश्यक हुने भएकोले शान्ति प्रक्रिया प्रारम्भ पूर्व विश्वासनीय वातावरण बनाउनका लागि १२ बुँदे सहमतीको कार्यान्वयन गर्नुपर्दछ भने थप राजनीतिक स्पष्टताकाका लागि निरन्तर वार्ता हुनुपर्दछ।

शान्ति प्रक्रियाको पूर्वाधार : लोकतन्त्रको स्थापना

माओवादीबाट १० वर्षदेखि सञ्चालन गरेको सशस्त्र द्वन्द्वका स्वरूपहरू परिवर्तन हुने क्रममा २०६१ माघ १९ मा राजाले देशमा निरंकुशतन्त्र स्थापना गरेपछि शान्ति स्थापनाका चाल्नुपर्ने स्वरूपहरूमा परिवर्तन हुन आएको देखिन्छ। विश्वका कुनै पनि देशमा विद्यमान निरंकुश तथा तानाशाही व्यवस्थाले सशस्त्र द्वन्द्वका कारक तत्वहरू र जनतासँग प्रत्यक्ष सम्बन्धित विषयमा ध्यान नदिने र आफ्नो शक्ति सुरक्षा तथा राजनीतिक जिवन्तताका लागि आम नागरिकको हीतका विरूद्ध पनि सम्झौता गर्न पछि नपर्ने भएकोले शान्ति प्रक्रियाको प्रारम्भ राज्यका लोकतान्त्रिक शक्तिहरूले गर्नुपर्दछ। शान्ति वार्ताको नेतृत्व र शान्ति सम्झौतामा हस्ताक्षर लोकतन्त्रमा विश्वास गर्ने राजनीतिक दलहरूबाट नभएको खण्डमा सम्झौताको कार्यान्वयनमा कठीनाई उत्पन्न हुन सक्दछन। साथै राजनीतिक दलका प्रतिनिधिहरू जनताप्रति जवाफदेही हुने भएकोले उनीहरू आम नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने द्वन्द्वका कारक तत्वहरू खासगरी आर्थिक र सामाजिक असमानता, जात तथा लिंगका आधारमा गरिने भेदभाव, राजनीतिक समावेशीकरण, रोजगारीको अवसर र अल्पसंख्यक तथा महिलाहरूको प्रतिनिधित्वका सवालमा सोच्न बाध्य हुन्छन। जनताको विश्वास नभएका र जनताप्रति जवाफदेही नहुने निरंकुशतन्त्रका शासकहरू वा सैनिक समाधानमा विश्वास गर्ने तानाशाहहरूले द्वन्द्वका कारक तत्वहरू भन्दा आफ्नो अस्तित्वप्रति बढी ध्यान दिने भएकोले उनीहरूबाट भएको शान्ति सम्झौता भंग हुने अत्यधिक सम्भावना रहने र द्वन्द्व पुनः प्रारम्भ हुने सम्भावना प्रवल रहन्छ। नेपालमा शान्ति प्रक्रियाको प्रारम्भ लोकतन्त्र मार्फत खोजिनुपर्दछ र शान्ति वार्ताका माध्यमबाट माओवादी समेत संलग्न भएको अन्तरिम सरकारको गठन गरी संविधान सभाको निर्वाचन मार्फत देशमा देशमा दीगो शान्ति स्थापनाको वातावरण तयार गर्नुपर्दछ। मानव अधिकारको सुनिश्चितता लोकतन्त्रमा मात्र हुने र मानव अधिकार विनाको लोकतन्त्र पनि लंगडो सावित हुने भएकोले लोकतन्त्रको स्थापना मार्फत शान्ति प्रक्रियाका कदमहरू चालिनुपर्दछ।

४. सशस्त्र द्वन्द्वको शान्तिपूर्ण निकास : नागरिक समाजको दायित्व र भूमिका

नागरिक समाज सदा शान्तिको पक्षमा हुने गर्दछ र देशमा जारी हिंसात्मक द्वन्द्वको वार्ताका माध्यमबाट शान्तिपूर्ण निकासका लागि सकारात्मक कदमहरू चाल्ने गर्दछ। तथापि नागरिक समाजका नाममा हिंसात्मक द्वन्द्वलाई बढावा दिने समूहहरू सृजना नहुने होइनन। सर्वसाधारण नागरिकका सरोकारहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समूदायको ध्यानाकर्षण र द्वन्द्व समाधानका लागि शासकहरूका पक्षमा नभई जनताका पक्षमा अभिव्यक्ति जाहेर गर्नेहरूले मात्र सही अर्थमा नागरिक समाजको प्रतिनिधित्व गर्न सक्दछन। हिंसात्मक द्वन्द्वले जर्जर भएको समयमा त नागरिक समाजको अत्यन्त महत्वपूर्ण भूमिका हुने गर्दछ। किनकी निष्पक्ष सूचनाको अभावमा यथार्थमा द्वन्द्वका कारक तत्वहरूको विश्लेषण सम्भव हुन सक्तैन। गलत

सूचनाका आधारमा गरिने विश्लेषणले द्वन्द्वका पक्षपातीहरूलाई सहयोग पुऱ्याउने सम्भावना रहन्छ भने आम नागरिकको शान्तिपूर्ण निकासको चाहनामाथि कुठाराघात हुने संभावना प्रवल रहन्छ।

द्वन्द्वले जटील स्वरूप धारण गर्दै गएपछि नेपालमा राजनीतिक वार्ताका माध्यमबाट शान्तिपूर्ण निकासका लागि नागरिक समाजले सक्रिय तथा सकारात्मक भूमिका खेल्दै आएको छ। पछिल्ला दुवै शान्ति वार्ताका समयमा नागरिक समाजका व्यक्तिहरूले सहजकर्ताको हैसियतमा रूपमा शान्ति वार्तामा सहयोग पुऱ्याएका थिए भने वार्ताको उपयुक्त वातावरण निर्माणमा पनि उल्लेखनीय योगदान पुऱ्याएको यथार्थता हाम्रा सामु सार्वजनिक भइसकेका छन। राज्य पुर्नसंरचनाको मुद्दा लिएर हिंसात्मक द्वन्द्वमा संलग्न भएको नेकपा (माओवादी), पूर्ण प्रजातन्त्रको मुद्दा अगाडी सारेर सडकमा उत्रिएका सात राजनीतिक दलहरू र सैनिक समाधानमा विश्वास गर्ने राजतन्त्र बीचको संघर्षको जटील अवस्थामा मरेतुल्य भएको संविधानको अधीनमा राखेर माओवादीलाई जर्वजस्ती राजनीतिक मूल धारमा आउन आदेश दिने राज्यले अव्यवहारिक रणनीति अंगिकार गरेको समयमा संविधानसभा मार्फत देशमा जारी द्वन्द्वको शान्तिपूर्ण निकासका लागि नागरिक समाजको पहल र सक्रियता अपरिहार्य भएको छ। शान्तिपूर्ण निकास सबैको चाहना भएपनि राज्यसत्ताको हठ प्रमुख बाधक बनेको वर्तमान परिवेशमा नागरिक समाजको ध्यान पनि देशका प्रमुख राजनीतिक शक्तिहरूको रणनीति विश्लेषण गरी सर्वसाधारण जनताको क्षती न्यूनिकरणका लागि सशस्त्र द्वन्द्वको शान्तिपूर्ण निकासका लागि नागरिक समाजले द्वन्द्वमा संलग्न पक्षधरहरूसँग निम्न गतिविधिहरू सञ्चालन गर्न सक्दछन।

सशस्त्र द्वन्द्वका समयमा

सशस्त्र द्वन्द्वमा प्रत्यक्ष रूपमा संलग्न पक्षहरू (नेपालका सन्दर्भमा सेना र माओवादी) लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका मानवअधिकार तथा मानवीय कानूनको पालना गर्न सचेत गराउने र झडपका समयमा सर्वसाधारण नागरिकमाथि कुनै पनि प्रकारको क्षति नगर्न आह्वान गर्ने।

सार्वजनिक सेवाका क्षेत्रहरू खासगरी विद्यालय, अस्पताल, खानेपानी, विद्युत, सञ्चारका लगायत आवादी क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गर्ने।

झडपका समयमा कब्जामा लिइएका सेना तथा विद्रोही समूहका व्यक्तिहरूलाई दुवै समूहले मानवोचित व्यवहार गर्ने र जेनेभा महासन्धि अनुसार युद्धबन्दी सरहको व्यवहार गर्न दवाव दिने

द्वन्द्वका समयमा भएका मानवअधिकार उल्लंघन लगायतका सूचनाहरू संकलन गर्ने र अभिलेख राख्ने, जुन शान्ति सम्झौता पश्चात् सञ्चालन गरिने न्यायिक सुनुवाईका क्रममा उपयोग गर्न सकिन्छ। साथै मानवअधिकार उल्लंघनका घटनालाई अन्तर्राष्ट्रिय मञ्चहरूमा सार्वजनिक गर्ने।

नागरिक तथा मानवअधिकारसँग सम्बन्धित विषयलाई राष्ट्रिय कानुनी संरचनामा ल्याउने र मानवअधिकारका प्रचलित मुल्य र मान्यताहरूको सम्मान अन्तर्राष्ट्रिय मान्यता अनुसार व्यवहारमा उतार्न दवाव दिने।

द्वन्द्वका नाममा नागरिकहरूलाई वञ्चित गरिएका अभिव्यक्तिको स्वतन्त्रता, स्वतन्त्र भेला हुन पाउने अधिकार, स्वतन्त्र आवागमनको अधिकार जस्ता मानवअधिकारहरूको वहालीका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अभियान चलाउने।

शान्ति प्रक्रिया प्रारम्भ गर्नका विश्वासनीय वातावरण बनाउन द्वन्द्वरत पक्षहरूलाई सबै प्रकारका आक्रामक सैनिक गतिविधिहरू बन्द गर्न र शान्ति प्रक्रिया बिथोल्न सक्ने कुनै पनि प्रकारका सैनिक गतिविधिहरू सञ्चालन नगर्न आह्वान गर्ने।

शान्ति प्रक्रियाका लागि विश्वासनीय वातावरण निर्माणका समयमा

सशस्त्र द्वन्द्वको शान्तिपूर्ण निकासका लागि शान्तिको महत्व र आम नागरिकको सकारात्मक भूमिकामा सक्रियता ल्याउन शिक्षामूलक कार्यक्रम मार्फत जनमत तयार गर्ने।

शान्ति सबैको चाहना भएकोले मृत नभई न्यायपूर्ण शान्तिका लागि सर्वसाधारण नागरिकलाई जागरूक वनाउन स्थानीय तथा राष्ट्रिय तहमा शान्तिपूर्ण सभा सम्मेलन र वहस सञ्चालन गरेर शान्ति प्रक्रियाका पक्षमा जनमत तयार गर्ने, जसले सुशासन, संक्रमणकालीन न्याय, जनताको अधिकार सुनिश्चित गर्न मद्दत पुऱ्याओस।

द्वन्द्वरत पक्षधरहरूका बीचमा प्रारम्भिक सहजकर्ताको भूमिका खेल्न र विश्वासनीय वातावरण निर्माणका लागि सूचना आदान प्रदानमा सहभागि हुने, जसको मत्लव उनीहरू शान्ति वार्ताका समयमा मध्यस्थकर्ता वा सहजकर्ता नहुन र निर्णय प्रक्रियामा उनीहरूको कुनै भूमिका नहुन पनि सक्दछ।

शान्ति प्रक्रिया प्रारम्भ गर्नका लागि अन्तर्राष्ट्रिय दवाव सृजना गर्ने र आवश्यक्तानुसार तेस्रो पक्षको संलग्नताका लागि पहल गर्ने, जुन मध्यस्थकर्ता, सहजकर्ता वा पर्यवेक्षक कुनै पनि हैसियतमा हुन सक्दछ।

शान्ति वार्ता प्रक्रियाको मुख्य आधार स्तम्भ युद्धविराम हुने भएकोले सो घोषणा गरी द्वन्द्वरत पक्षहरूलाई विश्वासनीय वातावरण निर्माण गर्ने क्रियाकलाप सञ्चालन गर्ने, जसमा सैनिक दस्तालाई नेतृत्वको नियन्त्रणमा राख्ने, मानवअधिकारको सम्मान गर्ने प्रतिवद्धता सार्वजनिक गर्ने र शान्ति वार्ताका क्रममा सम्झौता हुन सक्ने विषयमा छलफल चलाउने हुन सक्दछन्।

शान्ति वार्ताका समयमा

शान्ति वार्ताका क्रममा नागरिक समाजको प्रतिनिधित्वका लागि दवाव दिने, जसले नेतृत्व तहको वार्ताका क्रममा जनताका सवालहरूको प्रतिनिधित्व गर्दछन।

शान्ति सम्मेलन मार्फत सशस्त्र द्वन्द्वका कारक तत्वहरूको पहिचान गरी

शान्ति सम्झौतामा सम्बोधनका लागि सक्रिय रहने। (हाम्रो सन्दर्भमा माओवादी जनयुद्धका कारक तत्वहरू आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विषयमता एवं भेदभाव, महिला र अल्पसंख्यक समूदायहरूको आत्मसम्मानका अलावा नीति निर्माणमा पहुँच तथा अवसर, विकास र राजनीतिमा समान सहभागिता, गरिबी र पछौटेपन जस्ता विषय हुन सक्दछन।)

नागरिक समाजले सामन्यतया मध्यमवर्गको प्रतिनिधित्व गर्ने भएको र यसको नेतृत्व तह (नीति निर्माताहरू, राजनीतिक तथा सैनिक) र कार्यान्वयन तह (समूदायका नेताहरू, राजनीतिक दलका स्थानीय नेताहरू, आदिवासी समूदायका प्रमूखहरू) संग प्रत्यक्ष सम्पर्क हुने भएकोले शान्तिका वार्ताका क्रममा जनताका सरोकारहरूमा सम्बोधनका लागि समन्वय गर्ने।

शान्ति वार्ताका क्रममा समावेशीकरणको सिद्धान्त अनुसार महिला तथा अल्पसंख्यक समुदायहरूको प्रतिनिधित्वका लागि दवाब दिने र उनीहरूका मुद्दालाई कुनै पनि अवस्थामा शान्ति सम्झौतामा संलग्न गराउन अभियान चलाउने।

"नागरिक शान्ति प्रक्रिया" प्रारम्भका लागि पहल गर्ने, जसले शान्ति प्रक्रिया र द्वन्द्वसँग सम्बन्धित आम नागरिकका सवालहरूका विषयमा स्थानीय स्तरमा छलफल मार्फत संकलन गरेका सुझावहरूलाई शान्ति वार्ताका क्रममा औपचारिक रूपमा प्रश्तुत गर्ने।

शान्ति वार्तामा कार्यान्वयनका समयमा

शान्ति सम्झौतामा हस्ताक्षर दीगो शान्ति स्थापनाका सवालमा प्रारम्भ मात्र हुने भएकोले शान्ति सम्झौताको कार्यान्वयनका लागि जनमत तयार गर्ने र सकारात्मक प्रचार पसारका लागि उपयुक्त वातावरण तयार गर्ने।

राजनीतिक तथा सुरक्षा शक्तिहरूलाई सशस्त्र लडाकु दस्ताहरूलाई निसस्त्रीकरण, राष्ट्रिय सेनामा एकीकरण र उनीहरूको समाजमा पुर्नएकीकरणका लागि सहयोग पुऱ्याउने।

स्थानीय स्तरमा शान्ति सम्झौताका विषयमा निरन्तर रूपमा छलफल चलाउने, जसले शान्ति सम्झौताको कार्यान्वयनका आधार स्तम्भहरू तयार गर्दछ।

शान्ति सम्झौताको कार्यान्यनमा सहायता पुऱ्याउन शिक्षामूलक तथा जनचेतनामूलक कार्यक्रम स्थानीय तहमा सञ्चालन गर्ने, जसले शान्ति सम्झौतामा संलग्न गरिएका विषयहरूमा जानकार हुन सहज बनाउदछ।

शान्ति सम्झौताको कार्यान्वयनका क्रममा आइपर्ने वाधा अवरोधहरू हटाउन रणनीति तयार गर्ने र सम्बन्धित पक्षहरूलाई नियमित रूपमा जानकारी गराउने।

स्थानीय स्तरमा द्वन्द्व प्रभावित समूदायका समस्याहरू पहिचान गरी दातृ समूदायलाई जानकारी गराउने र सहायताका लागि सामूहिक पहल गर्ने।

शान्ति सम्झौताको कार्यान्वयनका क्रममा सम्बोधन नगरिएका वा नयाँ प्रादुर्भाव हुने समस्याहरूका सम्बन्धमा औपचारिक तहको (सम्झौतामा हस्ताक्षर गर्ने नेतृत्व) निरन्तर ध्यानाकर्षण गराउने।

उपसंहार

नेपालमा जारी राजनीतिक अस्थिरता र सशस्त्र द्वन्द्वको मीलन लोकतन्त्रको स्थापना गर्ने, जनताको सर्वोच्चता कायम राख्ने र जनताको निर्णयको आधारमा राष्ट्र निर्माण गर्नेमा हुनसक्ने भएकोले सो उद्देश्य प्राप्तिका लागि शान्तिपूर्ण निकासको माध्यम सात राजनीतिक दलहरू र माओवादीका बीचमा हस्ताक्षर भएको १२ बुंदे सहमतीपत्र हुन सक्दछ। लोकतन्त्रको स्थापना र जनतालाई देशका राजनीतिक प्रक्रियामा संलग्नता गराउने माध्यम संविधानसभाको निर्वाचन मात्र हुन सक्दछ, जुन प्रक्रिया संयुक्त राष्ट्र संघ लगायत विश्वका अत्यन्त प्रजातान्त्रिक मुलुकहरू अमेरिका, भारत र फ्रान्सले समेत अंगिकार गरेको इतिहास हाम्रा सामु छर्लङ्ग छ।

नागरिक समाजको दायित्व वर्तमान अवस्थामा मानवअधिकारको स्थिति परम्परागत रूपमा अनुगमन गर्ने मात्र नभई देशमा दीगो राजनीतिक व्यवस्थाको स्थापनामा सहयोग पुऱ्याउनु पनि हुन आएको छ। सशस्त्र द्वन्द्वले केही सीमित वर्गलाई प्रभावित पारेपनि राजनीतिक द्वन्द्वले देशका प्रत्येक वर्ग र समूदायलाई असर पार्ने गर्दछ, जसमध्ये मुख्यतया प्रजातान्त्रिक शासन पद्दतिबाट सृजना गरिएका नागरिक समाजका संस्थाहरूलाई अत्यधिक प्रभावित पार्ने भएकोले नागरिक समाज सशस्त्र द्वन्द्वको शान्तिपूर्ण निकासका सवालमा निस्क्रिय र तटस्थ भएर बस्न मिल्दैन। त्यसैले देशमा जारी द्वन्द्वको शान्तिपूर्ण निकासका लागि नागरिक समाजको दायित्व पनि लोकतन्त्रको स्थापना र अन्तरिम सरकारको गठनका माध्यमबाट संबिधान सभाको निर्वाचन मार्फत खोज्न जनसमूदाय परिचालन गर्नु हुन आएको छ भने द्वन्द्वरत पक्षहरूलाई शान्तिपूर्ण निकासका न्यूनतम बुंदामा सहमत गराउन दवावमूलक कार्यक्रम संचालन गर्न जरुरी देखिन्छ। लोकतन्त्रमा मात्र नागरिक समाजका संस्थाहरू फस्टाउने र मानव अधिकारको जगेर्ना हुने भएकोले लोकतान्त्रिक शक्तिहरूबाट सम्पन्न शान्ति सम्झौताको कार्यान्वयन हुन सक्दछ। समझदारी र सम्झौताका आधारमा गरिएका सबै राजनीतिक परिवर्तनहरू नेपालको इतिहासमा असफल भइसकेको सन्दर्भमा आम नागरिकहरूको राजनीतिक प्रक्रियामा प्रत्यक्ष सहभागि सुनिश्चितता मार्फत लोकतान्त्रिक राजनीतिक पद्दति र दीगो शान्ति स्थापनार्थ नागरिक समाज सक्रियता अपरिहार्य हुन आएको छ।

(पश्चिम नेपाल शान्ति नेटवर्कद्वारा मिति २०६२ फागुन १२ र १३ गते नेपालगञ्जमा आयोजित पश्चिम नेपाल शान्ति सम्मेलनमा प्रश्तुत कार्यपत्र)

वैयक्तिक स्वतन्त्रता : चाणक्य र जेएस मिलका दृष्टिकोण

निर्मलमणि अधिकारी

विषय प्रवेश

जीवन र जगत्का बारेमा वैदिक हिन्दू अवधारणा र पश्चिमा अवधारणामा आधारभूत अन्तर छ भन्ने तथ्य सबैले मानिआएकै कुरा हो। यस्तो दार्शनिक पृथक्ताको प्रभाव गहन हुनु स्वाभाविकै हो। हामीले दैनन्दिन व्यवहारमा विशेष ख्याल नराखिकन स्वत: गरिरहेका साना साना कार्यहरूमा पनि हाम्रा सांस्कृतिक पृष्ठभूमि र तिनलाई पनि निर्देशन गर्ने दार्शनिक मान्यताहरूले भूमिका निर्वाह गरिरहेका हुन्छन्।

हिन्दू संस्कृतिको मुख्य विशेषताका रूपमा मानिने आध्यात्मिकतासँग व्यक्तिको सामाजिक हैसियतको परिभाषा निरपेक्ष रहन सक्दैन भने आधुनिकता (मोडर्निज्म) भनिने "प्याराडाइम" (Paradigm) को सापेक्षता नहेरी पश्चिमा सोच प्रष्टिंदैन। कम्तीमा पनि कति चाहिँ भन्न सकिन्छ भने सहस्राब्दियौंदेखि प्रवाहमान मान्यताहरूलाई यथेष्ट नबुझी कुनै समाज विशेषमा व्यक्तिको भूमिकालाई कसरी परिभाषा गर्ने भन्ने सवालमा स्पष्टता आउँदैन। वैयक्तिक स्वतन्त्रताको हिन्दू मान्यता र पश्चिमा मान्यता आ-आफ्ना बृहद् परिप्रेक्ष्यबाट निरपेक्ष रहेर परिभाषित हुन सक्दैनन्।

त्यसो त *हिन्दू अवधारणा* र *पश्चिमा अवधारणा* भन्ने शब्दावलीहरू आफैंमा निक्कै व्यापक अर्थ दिने शब्दावलीहरू हुन्। यिनका मूर्त परिभाषा दिनै पनि कम्ती गाह्रो छैन। तथापि, यिनीहरू एक-आपसमा स्वायत्त अर्थ दिने शब्दावलीहरू भएको अस्पष्ट छैन। यहाँ चाणक्यको मतलाई *हिन्दू अवधारणा* तथा जेएस मिलको मतलाई *पश्चिमा अवधारणा*का प्रतिनिधि मानेर वैयक्तिक स्वतन्त्रताको अवधारणाको तुलनात्मक अध्ययन गरिएको छ।

चाणक्य

दार्शनिक आचार्य चाणक्यलाई कौटिल्य, विष्णुगुप्त तथा वात्स्यायन नामले पनि चिनिन्छ। उनको समय इशापूर्व ३५०–२७५ मानिएको छ। कौटिल्यको नामबाट लिखित अर्थशास्त्र, चाणक्यको नामबाट लिखित नीतिशास्त्र एवं वात्स्यायनको नामबाट लिखित कामसूत्र विश्वभरि नै प्रसिद्ध छन्। उनी आचार्य चणकका छोरा हुन्। तक्षशीला विश्वविद्यालयका आचार्यका रूपमा युवावस्थामै ख्याति कमाएका चाणक्यले तत्कालीन समयमा हजारौं टुक्रामा विभाजित भारतवर्षको एकीकरण गराई एउटै बलियो केन्द्रीय सत्ताको मियोमा बाँधेका थिए।

ग्रीसेली ऐतिहासिक दस्तावेजहरूका आधारमा उनी सिकन्दर महान् (अलेजक्जाण्डर द ग्रेट) भनिने सम्राटका समकालीन ठहरिएका छन्। सिकन्दरले भारतमाथि आक्रमण गर्नु पूर्व नै त्यसको सङ्केत पाएर चाणक्यले भारतवर्षको एकीकृत शक्ति बनाएर विदेशी आक्रमणकारीको प्रतिरोध गर्नु पर्नेमा जोड दिएका थिए। पाटलिपुत्रमा सत्तारुढ नन्दवंशी राजाले सिकन्दरविरुद्ध युद्धमा जान अस्वीकार गरेपछि चाणक्यले सर्वप्रथम नन्दवंशलाई सत्ताच्यूत गराएर आफ्नो विद्रोही अभियानलाई गति दिएका थिए। विश्वविजयी भनिएका सिकन्दरलाई परास्त गर्ने सेनाको गठन चाणक्यद्वारा नै भएको थियो। करिब सन् ३२७ तिर चाणक्यको सेनाले ग्रीसेली सेनालाई परास्त गरेको मानिन्छ।

विजय पताका फहराएपछि चाणक्यले आफ्ना शिष्य चन्द्रगुप्त मौर्यलाई स्वाधीन एवं अखण्ड भारतवर्षको सम्राटका रूपमा प्रतिष्ठित गराए। त्यसपछिका केही वर्ष चाणक्य भारतवर्षका महामन्त्रीका रूपमा रही साम्राज्यलाई सुदृढ गराए र साम्राज्यको स्थिरतामा उनी आश्वस्त भएपछि अन्त्यमा तक्षशीलामै फर्केर अध्यापनमा रमाए। बहुआयामी व्यक्तित्वका धनी एवम् अद्वितीय विद्वान चाणक्यले सिद्धान्त र व्यवहार दुवैमा सफलता पाएको देखिन्छ। यस्तो दृष्टान्त प्राय: दार्शनिकको जीवनमा पाइँदैन।

आचार्य चाणक्यलाई पश्चिमाहरू मेकियावेलीसँग तुलना गरेर बुझ्ने गर्छन्। तर यसरी तुलना गर्नु अनुपयुक्त भएको भारतवर्षीय दर्शनका ज्ञाताहरूको ठहर छ। जीसस क्राइस्टलाई "लाइट् अफ् वर्ल्ड" र भगवान् बुद्धलाई "लाइट् अफ् एसिया" भनेर बुद्धलाई पश्चिमाहरूले न्यूनाङ्कन गरेजस्तै गलत मनशाय वा संस्कृत शब्द "धर्म" को अंग्रेजी उल्था "रेलिजन" (Religion) भनेर गरेजस्तै अज्ञानता चाणक्यलाई मेकियावलीसँग तुलना गर्नुमा पनि छ भन्ने गरिएको पाइन्छ। यस लेखको विषय-परिधि भन्दा बाहिर पर्ने भएकाले हामी त्यस बारेमा विस्तृत चर्चा गर्दैनौं। यहाँ हाम्रो चर्चाको केन्द्रबिन्दु चाणक्य नीतिशास्त्रमा आचार्यले वैयक्तिक स्वतन्त्रता र सामाजिक सम्बन्ध बारेमा सारा वैदिक दर्शनको सारलाई एउटै श्लोकबाट कसरी खिचेका छन् भन्ने चाहिँ हो। त्यस बारेमा उनको मतलाई प्रसिद्ध पश्चिमा दार्शनिक जोन स्टुआर्ट मिलको मतसँग तुलना समेत गरिएको छ।

जेएस मिल

प्रसिद्ध अंग्रेज दार्शनिक जोन स्टुआर्ट मिल उपयोगितावाद (Utilitarianism) तथा वैयक्तिक स्वतन्त्रता (Individual Liberty) का मसीहाका रूपमा प्रसिद्ध छन्। दार्शनिक जेम्स मिलका छोराको रूपमा उनको जन्म सन् १८०६ मे २० तारिखमा र मृत्यु सन् १८७३ मे ८ तारिखमा भएको थियो। उनको शिक्षादीक्षा

तीन वर्षकै उमेरमा सुरु भएकोमा १३ वर्ष पुग्दा नपुग्दै उनले अध्यापन कार्य प्रारम्भ गरेका थिए।

दार्शनिक जेरेमी बेन्थमका अनुयायी तथा लण्डन रिभ्यू र वेस्टमिन्स्टर रिभ्यूका सम्पादकका रूपमा बौद्धिक जगतमा ख्याति कमाएका मिल १७ वर्षको उमेरमा इस्ट इण्डिया कम्पनीका कर्मचारी बने भने कम्पनी बन्द भएपछि राजनीतिमा प्रवेश गरी सांसद भएका थिए। सांसदका रूपमा उनको भूमिका उल्लेख्य रह्यो– उनले महिला मताधिकार, मजदुर वर्गको हित र भूमिसुधार सम्बन्धमा विशिष्ट योगदान पुऱ्याए। बहुआयामी व्यक्तित्वका धनी यी दार्शनिकको बारेमा एकजना लेखकले भनेका छन् – उन्नाइसौं शताब्दीका सबै भन्दा बुद्धिमान र सबै भन्दा उदार व्यक्तिहरूमध्ये जेएस मिल एक हुन्।

मिलको लेखनक्षेत्र विस्तृत रहेको देखिन्छ। राजनीतिशास्त्र, अर्थशास्त्र, तर्कशास्त्र, न्यायशास्त्र आदि अनेक विधाहरूमा उनको कलम चलेको छ। पुस्तक "अन लिबर्टी" (सन् १८५९) वैयक्तिक स्वतन्त्रताको पक्षमा सबै भन्दा महत्वपूर्ण आवाजका रूपमा प्रतिष्ठित छ। स्वतन्त्रता सम्बन्धमा संसारका कुनै पनि भाषामा लेखिएका पुस्तकहरूमध्ये उक्त पुस्तकलाई सर्वश्रेष्ठ मान्ने गरिएको छ।

शरीर र मस्तिष्कमाथि व्यक्तिको सम्प्रभुता

मिल भन्छन्– कुनै पनि व्यक्तिको व्यक्तित्वको पूर्ण विकासका लागि स्वतन्त्रता अपरिहार्य हुन्छ। उनको दर्शनको सार हो – "प्रत्येक व्यक्तिको आफू, आफ्नो शरीर र आफ्नो मस्तिष्कमाथि सम्प्रभुता हुन्छ।"[१] व्यक्तिको स्वतन्त्रतामाथि कुनै दैवी शक्ति, कुनै व्यक्ति, कुनै राज्य वा कुनै लोकप्रिय सरकारले समेत बाधा पुऱ्याउन नसक्ने भन्दै वैयक्तिको स्वतन्त्रताको पक्षमा मत उनले व्यक्त गरेका छन्।

विभिन्न व्यक्तिको सुखानुभूति विभिन्न कुराबाट हुन्छ। यसमा अर्काले दमन गरेर वा लादेर हुने होइन। त्यसैले मिल भन्छन्– एकैजना व्यक्तिको पनि विचारलाई दमन गर्न पाइँदैन। वैचारिक स्वतन्त्रता व्यक्तिको मानसिक स्वास्थ्यका लागि अत्यावश्यक शर्त हो। यदि एकजना व्यक्तिबाहेक अरु सबैजनाको एकमत छ भने पनि त्यो फरक मत हुने व्यक्तिलाई बलपूर्वक मौन गराउने अधिकार छैन। विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रत्येक व्यक्तिको जन्मसिद्ध अधिकार हो।

दार्शनिक मिलले आन्तरिक स्वतन्त्रता (विचारको स्वतन्त्रता) का साथै बाह्य स्वतन्त्रता (कार्यको स्वतन्त्रता) पनि अत्यावश्यक भएकोमा जोड दिएका छन्। मिलका अनुसार, कार्य पनि उत्तिकै स्वतन्त्र हुनु पर्छ, जतिकि विचार। वास्तवमा प्रत्येक व्यक्तिलाई आफ्नो विचारअनुसार कार्य गर्ने स्वतन्त्रता हुनै पर्छ। त्यसैले प्रत्येक व्यक्तिले आफ्नो सुखका लागि उपयुक्त कर्म गर्न पाउनु व्यक्तिको अधिकार हो भन्छन् यी दार्शनिक।

उनले मनुष्यका सबै कार्यलाई दुई प्रकारमा विभाजन गरेका छन्– व्यक्तिगत कार्य र सार्वजनिक कार्य। यसमध्ये पहिलोको सम्बन्ध व्यक्तिको व्यक्तिगत जीवनसँग छह जस्तै– लवाइखवाइ, धार्मिक आस्था आदि। व्यक्तिगत कार्यमा सामान्यतया (अपवादबाहेक) व्यक्तिलाई असीमित स्वतन्त्रताको प्रत्याभूति हुनु पर्ने पक्षमा उनी रहेका छन्। उनी जोड दिन्छन्– प्रत्येक व्यक्तिलाई आफ्नो इच्छाअनुसार स्वतन्त्रतापूर्वक जीउन दिनु नै मानवजातिको लागि हितकर हुन्छ। वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति व्यक्तिका लागि साथै समाजका लागि समेत हितकारी हुन्छ भन्नेमा उनी दृढ छन्।

सार्वजनिक कार्यका सम्बन्धमा भने उनी असीमित स्वतन्त्रताका पक्षपाती होइनन्। मिल भन्छन्– "व्यक्ति आफ्ना कार्यका लागि त्यति हदसम्म मात्र स्वतन्त्र छ जबसम्म उसको कार्यले अन्य व्यक्तिलाई हानी पुऱ्याउँदैन।"[२] मिलको वैयक्तिक स्वतन्त्रताको आधार *सुखसिद्धान्त* हो भन्ने यहाँनेर हामीले ख्याल राख्नु पर्छ। उनले व्यक्तिले आफ्नो सुखका लागि स्वतन्त्र विचार राख्न पाउने र स्वतन्त्र कर्म गर्न पाउने अधिकारको पक्षमा पैरवी गरेजस्तै एक व्यक्तिले राखेको विचार र गरेको कर्मले समाजका अन्य व्यक्तिले दुःख नपाऊन् भन्नेमा पनि जोड दिएका छन्। यसरी हेर्दा उनले पैरवी गरेको वैयक्तिक स्वतन्त्रता नैतिक बन्धनयुक्त छ।

सामाजिक कार्यमा समाजप्रधान व्यक्तिगत कार्यमा व्यक्ति प्रधान

चाणक्य भन्छन्– "कुलको भलाइकोलागि एउटालाई त्याग्नू, गाउँकोलागि कुललाई त्यागिदिनू। देशको हित हुन्छभने लागि गाउँलाई त्याग्नू र आत्म-कल्याणकोलागि समस्त पृथ्वीको त्याग उचित हुन्छ।"[३]

यसआधारमा सरसरी हेर्दा हिन्दू विचारधारा समष्टि-प्रधान रहेको छ- किनभने यसले भन्दैछकि कुलको भलाइको लागि एउटालाई त्याग्नू, गाउँको लागि कुललाई त्यागिदिनू तथा देशको हित हुन्छ भने त्यसका लागि गाउँलाई त्याग्नू। योभन्दा ठूलो समूह-प्राधान्य कहाँ हुनसक्छ ! तर "आत्म-कल्याणकोलागि समस्त पृथ्वीको त्याग उचित हुन्छ" भनेकोलाई कसरी हेर्ने नि ! यता मीमांसा-दर्शनको धारणा छकि सारा संसार एकातिर र वेदको आदेश एकातिर छभने पनि वैदिक मत नै मान्य हुन्छ। वैयक्तिकताका यस्ता साक्ष्यहरूलाई देख्दादेख्दै "पूर्व" समष्टि-प्रधान वा समूहवादी रहेको भन्ने मत प्रथम-दृष्ट्या उपयुक्त लागेपनि सारमा एकाङ्गी निष्कर्ष हुनेछ।

वास्तवमा वैयक्तिकता र सामुहिकताको समन्वित रूप नै हिन्दूत्वमा रहेको हुन्छ। एकातिर सामाजिक व्यवहारमा हिन्दू संस्कृति समष्टि-प्रधान रहेको छभने अर्कोतिर आध्यात्मिक प्रयोजनमा यो सदैव व्यष्टि-केन्द्रित रहेर चिन्तन गर्दछ। यसको समुचित कारण छ।

हामीले व्यवहारमा पनि बुझ्न सक्ने कुरा होकि एक जनाको कारणले सारा समाजलाई हानि पुग्न सक्दछ वा फाइदा पनि पुग्न सक्दछह किनकि समाजका सदस्यका रूपमा हरेक व्यक्ति-व्यक्ति अन्तरनिर्भर र सम्बद्ध छन्। तर आध्यात्मिक प्रयोजनमा यस्तो हुँदैन। प्रत्येक जीवात्मा मोक्ष वा पतनकोलागि आफूमात्र जिम्मेवार हुन्छ। मनुस्मृतिमा भनिएको छ- "परलोकमा आमा-बुबा, श्रीमती, पुत्र वा हितैषी-मित्रजनहरू कोही

पनि सहायक हुँदैनन्ह केवल धर्म मात्र साथमा हुन्छ। यो जीव एक्लै आउँछ र यहाँबाट एक्लो नै जान्छह एक्लैले पुण्य-पापको फल पनि भोग्दछ।"[४] त्यसैले आध्यात्मिक प्रयोजनमा वैयक्तिक स्वतन्त्रता पूर्णरूपेण प्रदान गरिएको हो।

हिन्दू जीवनमा मानवको लक्ष्य "धेरै जान्नु" होइन, उसको लक्ष्य त "सत्य जान्नु" हो। हिन्दूधर्मको लक्ष्य परम् सत्यको साक्षात्कार नै हो। यस क्रममा सत्यान्वेषणकोलागि इन्द्रियजन्य बोध सक्षम छैन भन्ने पनि उसलाई बुझाइएको हुन्छ। अझ भन्नुपर्दा इन्द्रिय-सुखले सत्य-साक्षात्कारको यात्रामा मानिसलाई दिग्भ्रमित पार्दछ भन्ठानिन्छ। गीतामा भनिएको छ– "इन्द्रियका इन्द्रियार्थमा राग र द्वेष दुवै छुपेका हुन्छन्, ती दुवै मानिसका शत्रु हुन्, तिनका वशमा नपर्नू।"[५] त्यसैले "जुन योगी बाह्य विषयहरूलाई त्यागेर आत्मसुखमा रमाउँछ त्यो ब्रह्मयोगयुक्त योगी अक्षय सुख पाउँछ।"[६] यहाँ इन्द्रियहरूलाई निषेध गरिएको होइन, किन्तु तिनको अपूर्णतालाई सम्झाइएको हो।

देह र आत्माको पृथक्ता, देहको अनित्यता र आत्माको नित्यता, आत्माको चैतन्यता तथा देहमाथि आत्माको शासन जस्ता मौलिक मान्यताहरूले वैदिक हिन्दू दर्शनलाई अन्य दर्शनहरू भन्दा पृथक् विशिष्ट स्वरूप दिएका हुन्। पश्चिमा अवधारणामा "आत्मा"रूपी शरीरको शासक छैन, जसले अचेतन वा अर्धचेतनमाथि समेत नियन्त्रण राखोस्। तर हिन्दू अवधारणामा आत्मा अचेतन वा अर्धचेतन मनद्वारा निर्देशित क्रियाकलापमाथि समेत नियन्त्रण गर्न सक्षम छ र त्यहीको आत्माको शासनमा इन्द्रियलाई राख्नुपर्ने, स्वच्छन्द छोड्नु नहुने हिन्दू मत रहेको छ। त्यस्तै, हिन्दू सोच अनुसार आध्यात्मिक वा धार्मिक कर्म नै लक्ष्य हुनुपर्दछ, किनभने आध्यात्मिक समुन्नतिको लागि लक्ष्य गर्दा त्यसबाट भौतिक लाभ त आनुषङ्गिक रूपमा स्वत: प्राप्त भइहाल्छ।[७]

व्यक्ति जस्तै समाज पनि अन्तर्मुखी र बहिर्मुखी हुन्छन् भन्ने मान्दा पश्चिमी सभ्यता मूलत: बहिर्मुखी सभ्यता हो भने पूर्वीय सभ्यता मूलत: अन्तर्मुखी सभ्यता हो। त्यसैले यहाँ आत्मिक उन्नतिमाथि जोड दिइयो, उता वैज्ञानिक तार्किक विकासमाथि जोड दिइयो। हिन्दू विचारक विज्ञान पनि जान्दछ, तर ऊ त्यसमा अल्झँदैन। विज्ञानलाई ज्ञान प्राप्तिको खुड्किलो बनाएर अमृतत्व पाउनु नै उसको अभीष्ट हुन्छ।[८] श्वेताश्वतरोपनिषद्मा ब्रह्मतत्व भन्दा ठूलो जान्नुपर्ने/जान्नयोग्य तत्व नभएको बताइएको पनि यहाँनेर स्मरणीय छ।[९] यस्तो परमतत्वको प्राप्तिका लागि लाग्ने भएकाले मुमुक्षुलाई संसारका कुनै नियमले नछुने निष्कर्षमा चाणक्य पुगेका हुन्। त्यसैले त उनले भने– आत्मकल्याणको लागि समस्त पृथ्वीको त्याग गर्न पनि तयार रहनू।

निष्कर्ष

पृथक् पृष्ठभूमिका दार्शनिक भए तापनि वैयक्तिक स्वतन्त्रताका सम्बन्धमा चाणक्य र जेएस मिलका विचारहरू धेरै नै निकट रहेको हामीले देख्यौं। फरक कति मात्र होकि जेएस मिलले वैयक्तिक स्वतन्त्रताको सवाललाई व्यक्तिको भौतिक तह र मानसिक तहमा हेरेका छन् भने चाणक्यले त्यो भन्दा पल्तिर आध्यात्मिक तहसम्म दृष्टि पुऱ्याएका छन्। जुन सांस्कृतिक पृष्ठभूमि तथा धार्मिक मान्यतामा उनीहरू हुर्के, त्यसलाई विचार गर्दा यो भिन्नता स्वाभाविक हो।

उता पश्चिमा मतमा यताजस्तो "मोक्ष" वा "निर्वाण" सँग मिल्दोजुल्दो अवधारणा छैनह त्यहाँ उद्धार (साल्भेसन) को अवधारणासम्म चाहिँ पाइन्छ। त्यसैले दार्शनिक मिल शरीर र मस्तिष्कमाथिको सम्प्रभुतालाई जोड दिन्छन्। वैदिक हिन्दू जीवनमा मोक्ष एउटा अनिवार्य एवम् परम् तत्वको रूपमा रहेको छह यद्यपि यसको प्राप्तिको प्रक्रियाबारेमा मत-विविधता अवश्यै छन्। त्यसैले दार्शनिक चाणक्य वैयक्तिक स्वतन्त्रताको सर्वोत्कृष्ट सार्थकता मोक्षप्राप्तिमा देख्छन्। तर यहींनेर ख्याल राख्नु पर्ने कुरा के छ भने हिन्दू जीवनमा मोक्षप्रतिको अत्यधिक आग्रहको अर्थ भौतिक जगत्प्रतिको निरपेक्षता होइन। इन्द्रियजन्य मोह वा भ्रमप्रति अनिच्छा भएतापनि मानव चेतनाप्रति वैदिक मतमा अगाध श्रद्धा रहेको छ। त्यसैले चाणक्य सामाजिक व्यवहारमा व्यक्तिको हितलाई भन्दा समाजको हितलाई महत्व दिन्छन्।

अन्त्यमा फ्रेन्च दार्शनिक रोमाँ रोलाँलाई उद्धृत गर्दै बिट मारौं, जसले भनेका छन्– "खासगरी केही वर्ष यता म युरोप एसियाको चेतनालाई एक-अर्काको निकट ल्याउनु पर्ने आवश्यकता महसुस गरिरहेको छु। चिन्तनका यी दुई गोलार्द्ध हुन्। यी दुईलाई एक बनाउनु आउने युगको महान् उद्देश्य हुनु पर्छ।"[१०]

---

१. Over himself, over his own body and mind, the individual is sovereign.

२. Everyone should be free to pursue his line of action provided he doesnot harm to oters.

३. अर्थात्, "त्यजेदेकं कुलस्यार्थे ग्रामस्यार्थे कुलं त्यजेत्। ग्रामं जनपदस्यार्थे आत्मार्थे पृथिवीं त्यजेत्।।" (चाणक्यनीति ३।१०)

४. मनुस्मृति ४।२३९–२४०

५. "इन्द्रियस्यन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ। तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ।।"(श्रीमद्भगवद्गीता ३।३४)

६. "बाह्यस्पर्शेष्वसक्तात्मा विन्त्यात्मनि यत् सुखम्। स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते।।" (श्रीमद्भगवद्गीता ५।२१)

७. यही सोचलाई प्रतिबिम्बित गर्ने आपस्तम्ब-धर्मसूत्रमा भनिएको छ– "नेमम् लौकिकमर्थं पुरस्कृत्य धर्माश्चरेत्। निष्फला ह्यभ्युदये भवन्ति। तद्यथाम्रे फलार्थे निमित्ते छाया गन्ध इत्यनूत्पद्येते,एवं धर्म चर्यमाणमर्था अनूत्पद्यन्ते।।"

८. तुलनीय : "विद्यां चाविद्यां च यस्तद्वेदो भय ँ सह। अविद्यया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते।। –ईशोपनिषद् ११

९. "नात: परं वेदितव्यं हि किञ्चित्" – श्वेताश्वतरोपनिषद् १।१२ चाणक्यनीतिको सातौं अध्याय, २१ औं

श्लोकमा भनिएको छ–
"पुष्पे गन्धं तिले तैलं काष्ठं वह्निः पयो घृतम्।
इक्षौ गुडं तथा देहे पश्यात्मानां विवेकतः।।"
अर्थात्, "जसरी फूलमा गन्ध, तिलमा तेल, काठमा आगो, दूधमा घिउ, ऊखुमा गुलियो हुन्छ, त्यस्तै गरी शरीरमा स्थित आत्मालाई पनि ध्यानले हेर।"

१०. सत्यनारायण शर्मा(अनु.); *रोमैं रोलां का भारत* (खण्ड–एक); पूर्वोदय प्रकाशन, नई दिल्ली; सन् १९८४; पृ. ५–६

प्रमुख सन्दर्भ सामग्री :

हनुमानप्रसाद पोद्दार, चिम्मनलाल गोस्वामी (सम्पा.); *कल्याण उपनिषद् अङ्क*; गीताप्रेस, गोरखपुर; सन् १९४९
हनुमानप्रसाद पोद्दार, चिम्मनलाल गोस्वामी (सम्पा.); *कल्याण हिन्दू संस्कृति अङ्क*; गीताप्रेस, गोरखपुर; सन् १९५०
हनुमानप्रसाद पोद्दार, चिम्मनलाल गोस्वामी (सम्पा.); *कल्याण धर्माङ्क*; गीताप्रेस, गोरखपुर; सन् १९६६
श्रीअरविन्द; *भारतीय संस्कृति के आधार*; श्रीअरविंद सोसायटी, पांडिचेरी; प्रथम संस्करण, सन् १९६८
उमाशंकर शर्मा "ऋषि" (अनु.); *सर्वदर्शन संग्रह*; चौखम्बा विद्या भवन, वाराणसी; सन् १९६४
चंद्रदेव प्रसाद; *महान राजनीतिक विचारक जान स्टुअर्ट मिल*; भारती भवन पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, पटना; सन् १९८८
चूडानाथ भट्टराय; *मीमांसा मयूख*; नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं; वि.सं. २०३१
पं. रुद्रमणि अधिकारी; *आत्मज्ञान*; जुक्तराज शाही, तनहुँ; वि.सं. २०४४
डा. सर्वपल्ली राधाकृष्णन्; *भारतीयदर्शन* (प्रथमखण्ड); राजपाल एण्ड सन्ज, दिल्ली; सन् १९९८
"आयोदधौम्य" निर्मलमणि अधिकारी; *मीमांसा-दर्शन निर्देशन*; प्रशान्ति पुस्तक भण्डार, काठमाण्डौ; वि.सं. २०६२
निर्मलमणि अधिकारी; *हिन्दू अवधारणामा सञ्चार प्रक्रिया* (अप्रकाशित शोधपत्र)
http://www.philosophy.ru/library/asiatica/indica/authors/kautilya/canakya_niti_sastra.html
http://www.utilitarianism.com/jsmill.htm
http://www.answers.com

आमा, त्यो आउँछ र ?

"हो, बा, त्यो आउँछ।

त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ।

त्यसको कम्मरमा झुन्डिएको शीतजस्तै टल्कने

तिमी एक हतियार देख्नेछौं,

त्यसैले ऊ अधर्मसित लड्नेछ !

त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर

छामछुम गर्नेछौ, तर तयो हिउँ र आगोभन्दा पनि

बढ्ता छोइने भएर आउँछ।"

– *गोपालप्रसाद रिमाल*

महिला अधिकार संरक्षण र नीति निर्माणमा सहभागिता

सम्झा श्रेष्ठ

पृष्ठभूमी

संख्यामा आधाभन्दा बढी रहेका नेपाली महिलाहरू पुरुषको तुलनामा शिक्षा, स्वास्थ्य, सञ्चार, राजनीति, कर्मचारीतन्त्र आदि क्षेत्रमा धेरै पछाडि छन्। नीति निर्माणको तहमा पनि महिलाको सहभागिता न्यून छ। लिंगका आधारमा नागरिकहरूबीच विभेदको खाडल सृजना भएको अवस्थामा महिलाहरू नीति निर्माणको तहमा पुग्नु ठूलो चुनौतीको विषय हो। महिलाको सामाजिक तथा आर्थिक सशक्तिकरणकालागि नीति निर्माणको तहमा उनीहरूको सहभागिता अनिवार्य हुन्छ। स्थानीयदेखि केन्द्रीय तहसम्मको नीति निर्माणमा महिलाको सहभागिताबिना समाजमा समानता, विकाश र शान्ति सम्भव हुँदैन। प्रजातान्त्रिक राज्य व्यवस्थामा नीति निर्माणको क्षेत्रमा महिला सहभागिता भन्नाले नीति तर्जुमा, त्यस अनुसारको कार्ययोजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनका क्षेत्रमासमेत महिलाहरूको निर्णायक तथा प्रत्यक्ष संलग्नता खोजिन्छ। कुनै पनि विषयको निर्णय प्रक्रियामा महिलाहरूको विचार, धारणा र सोचले प्रभाव पार्नु, समस्या समाधानका उपायहरू पत्ता लगाउनु र जनपक्षीय नीति बनाउन राज्य सञ्चालनको सबै स्तरमा महिलाको भूमिका हुनुलाई महिला सहभागिता भन्न सकिन्छ। श्रोत साधन बाँडफाँडसम्मको प्रक्रियामा महिलाको सवालहरूलाई सम्बोधन गर्ने अवधारणासहितको सक्रिय र निर्णायक सहभागितालाई पूर्णरुपमा महिला सहभागिता मान्न सकिन्छ।

नीति निमार्णहमा महिला सहभागिताको आवश्यकता

जनसमुदायको सहभागिताबाट बनेका नीति र योजनाहरूबाट नै वास्तविक जीवनमा सार्थक परिवर्तन ल्याउन सकिन्छ। यसकालागि नीति निर्माणको तहमा महिलाको अर्थपूर्ण सहभागिता जरुरी हुन्छ। नीति निर्माणमा महिला सहभागिताले मात्र हरेक क्षेत्रमा ३३ प्रतिशत सहभागिताको नीतिलाई महत्वकासाथ अघि बढाउन र एक हदसम्मको समान सहभागितालाई बल प्रदान गर्न सक्दछ। महिला, अल्पसंख्यक, जनजाति आदिका सहभागितालाई अनिवार्य गराई उनीहरूका प्रत्येक समस्यालाई सम्बोधन गर्दै व्यवहारमा लागु गर्न नीति निमार्णको क्षेत्रमा महिला सहभागिता जरुरी छ।

नीति निर्माण तहमा महिलाको पहुँच कम हुनाका प्रमुख कारणहरू

क. राजनीतिक कारणः राजनीतिक पार्टीहरूको नीति, कार्यक्रम र नेतृत्व आवश्यक मात्रामा जेण्डर सचेत हुन सकेको छैन। जसका कारण राजनीतिक क्षेत्रमा महिलालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा परम्परागत मान्यताले ठूलो प्रभाव पारेको छ। राज्य संरचनामा महिला सहभागिता वृद्धिले सामाजिक परिवर्तनमा ल्याउन सक्ने परिवर्तनका बारेमा हाम्रो देशको राजनीति गम्भीर र प्रष्ट हुन सेकेको छैन। राजनीतिकरुपमा सक्षम महिला नेता-कार्यकर्ता तयार गर्न पार्टीहरूसँग स्पष्ट सोच, कार्यक्रम र योजना छैन। विभिन्न निर्वाचनमा महिलाकालागि कानूनले तोकेको निश्चित प्रतिशत आरक्षणभन्दा बढी कोटा छुट्टाउनेतर्फ राजनीतिक क्षेत्रले ध्यान दिएको पाईदैन।

ख. आर्थिक कारणः आर्थिक परनिर्भरता तथा साधन र श्रोतमा पहुँच कम हुनाले वा हुँदै नहुनाले नीति निर्माणको तहमा पुग्न महिलालाई बाधा पुगेको छ। अशिक्षा, चेतनाको अभाव र रोजगारीमा अवसरको न्यूनताले गर्दापनि यस क्षेत्रमा महिलाको पहुँच कम भएको छ। पैतृक सम्पत्तिमाथि महिलाको अधिकार नहुँदा उनीहरूको आर्थिक स्थिति कमजोर र असुरक्षित छ। मानव विकास प्रतिवेदन २००४ ले उल्लेख गरे अनुसार केवल ३.९ प्रतिशत घर तथा जग्गाका मालिक महिला छन्। त्यसैगरी ०.८ प्रतिशत घरमालिक महिला छन्। महिलाको आर्थिक दुरावस्थाको यो एउटा सानो उदाहरण मात्र हो। हाम्रो समाजमा महिलाले गर्ने घरायसी कामको आर्थिक मूल्यांकन गर्ने परिपाटी त झन बन्नै सकेको छैन।

ग. सामाजिक तथा सास्कृतिक कारणः पितृसत्तात्मक समाज, धार्मिक एवं सांस्कृतिक विभेद, सामाजिक तथा पारिवारिक समस्या आदिले गर्दा महिलाहरूले पनि प्रमुख पदमा रहेर काम गर्न सक्छन् भन्ने मान्यता समाजमा स्थापित हुनै पाएको छैन। नीति निर्माणको तहमा महिलाको पहुँच कम हुनुमा अन्य प्रमुख कारणहरूमध्ये उनीहरूमा अत्यधिक पारिवारिक कार्यबोझ, लैंगिक हिंसा, पारिवारिक तथा सामाजिक निरुत्साहन र उनीहरूमा पर्याप्त चेतना र सूचनाको अभाव पनि हो। एकातर्फ महिलाको शैक्षिक स्थिति कमजोर त छँदैछ अर्कोतर्फ इच्छा हुँदाहुँदै र सचेत एवम् शिक्षित भएरपनि सामाजिक पछौटे चिन्तनका कारण महिलाहरू विभिन्न क्षेत्रमा पछि परेका छन्।

घ. कानुनी कारणः संविधानमा महिला र पुरुष बराबर छन् भन्ने व्यवस्था गरिएको छ। तर, संविधानका कतिपय

प्रावधान र प्रचलित कानूनहरू विभेदकारी छन्। सम्पतिमाथिको अधिकार, नगरिकता आदिमा महिला र पुरुषका बीच कानूनी विभेद छ। यी विभेदहरूले महिलाको सशक्तिकरणमा बाधा पुऱ्याएका छन्। मूलुकी ऐनका कतिपय महलहरू महिला अधिकारको पक्षमा छैनन्। महिलाका पक्षमा भएका कतिपय अर्न्तराष्ट्रिय कानुनहरूमा राज्यले अनुमोदन गरेता पनि त्यस अनुरुप देशको कानून परिमार्जन गरिएको छैन। उदाहरणकोलागि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडे) महिलाहरूलाई पुरुष सरह अधिकार सम्पन्न गराउन र हालको अवस्थाबाट माथि उठाउन सकारात्मक विभेदको अवाश्यकतालाई समेत जोड दिएको छ। तर राज्यले त्यस अनुरूप नीति बनाएको पाईदैन।

निर्णायक तहमा महिला सहभागिताको स्थिति

महिलाको नेतृत्व स्वीकार नगर्ने र महिलालाई आरक्षणभित्र मात्रै सीमित गराउने गलत परिपाटीले महिलाहरू राजनीतिमा संलग्न भएपनि कार्यकर्ता र मतदातामै सीमित रहन पुगेका छन्। राजनैतिक पार्टीहरूको नेतृत्व तहमा महिलाहरूको सहभागिता न्यून छ। प्राची, पूर्णाङ्क ३६ अनुसार २०५४ को स्थानीय निकायमा स्वायत्त शासनले गरेको आरक्षण व्यवस्था अनुसार २० प्रतिशत अर्थात करीब ४० हजार महिलाहरू निर्वाचित भएका थिए। तर आरक्षित पदभन्दा बाहेकका पदहरूमा महिलाको सहभागिता शुन्य प्राय: रहेको थियो। त्यसैगरी तीनवटै प्रतिनिधिसभा र राष्ट्रियसभामा महिला सहभागिता न्यून रह्यो। २०४८ सालको निर्वाचनमा प्रतिनिधी सभामा २०५ मध्ये ७ जना महिला र राष्ट्रिय सभामा ६० मध्ये ३ जना महिला पुगेका थिए। त्यस्तै २०५१ सालमा सम्पन्न भएको मध्यावधि निर्वाचनमा प्रतिनिधि सभामा ७ जना र राष्ट्रिय सभामा ५ जना महिलाको प्रतिनिधित्व रहेको थियो। २०५६ सालको प्रतिनिधि सभामा १२ र राष्ट्रिय सभामा ९ जना महिला प्रतिनिधित्व रहेको थियो। प्रधानमन्त्री, संवैधानिक अंगका प्रमुख, सर्वोच्च अदालतको प्रधान न्यायाधिस, सभामुख जस्ता महत्वपूर्ण पदमा अहिलेसम्म महिलाको पहुँच पुग्न सकेको छैन। ०५८ को जनगणना अनुसार महिला न्यायाधिस जम्मा २.०४ प्रतिशत मात्र रहेको देखिन्छ। सोहि तथ्याङ्क अनुसार कर्मचारीतन्त्रको विशिष्ट श्रेणीमा केवल १.३ प्रतिशतमात्र महिला थिए।

महिलाको मौलिक हक बारे सम्वैधानिक व्यबस्था

नेपाल अधिराज्यको संविधान २०४७ ले लैंगिक भेदभावलाई अन्त्य गरी मानवअधिकारको वहाली गर्ने व्यवस्था गरेको छ। संविधानको यो व्यवस्थालाई सबल र सकारात्मक पक्ष मान्न सकिन्छ। मौलिक अधिकारहरूको उपभोगमा लैंगिक भेदभाव नगरिने संवैधानिक व्यवस्था अन्तर्गत संविधानको धारा ११ देखि २३ सम्मका समानता, स्वतन्त्रता, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौजदारी न्याय सम्बन्धी हक, निवारक नजरबन्द विरुद्धको हक, देश निकाला विरुद्धको हक, गोपनीयताको हक र मौलिक हक प्राप्तिका लागि माग गर्न पाउने संविधानको धारा ८८ ले तोकेको संवैधानिक उपचारको हक समेत पर्दछन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडे) मा महिला सहभागिता सम्बन्धी व्यवस्था

संयुक्त राष्ट्रसंघ महासभाले सन् १९७९ डिसेम्वर १८ का दिन महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि (सिडे) पारित गरको थियो। यो महासन्धिलाई महिला अधिकारको अर्न्तराष्ट्रिय कानुनको रुपमा लिइएको छ। यो महासन्धिको धारा ७ मा महिलाविरुद्ध राजनीतिक र सामाजिक जीवनमा हुने भेदभाव अन्त्य गर्नकालागि मत दिन पाउने, निर्वाचनकालागि योग्य हुने, सार्वजनिक पद धारण गर्ने, नीति निर्माणमा संलग्न हुन पाउने, गैरसरकारी संस्था र राजनीतिक संगठनमा सहभागी हुन पाउने समान अधिकारको व्यवस्था गरिएको छ। यो महासन्धिले महिलाहरूलाई पुरुष सरह अधिकार सम्पन्न गराउन र हालको अवस्थाबाट माथि उठाउन सकारात्मक विभेदको अवाश्यकतालाई समेत जोड दिएको छ।

बेईजिङ विश्व महिला सम्मेलन

सन् १९९५ मा चौथो विश्व महिला सम्मेलनमा सहभागि भएपछि नेपालले लैगिंक समानता र महिला सशक्तिकरणको लागि बेईजिङ घोषणापत्र कार्यनीतिका सुझावको पूर्ण कार्यान्वयनको प्रतिवद्धता व्यक्त गरेको छ। यो सम्मेलमा महिलासँग सरोकार राख्ने १२ बुँदे सवालहरूमध्ये शक्ति संरचना र निर्णय तहमा महिला विषय पनि उठाईएको छ। र, यसले शक्ति संरचनामा महिला सहभागिता वृद्धि गर्नकालागि राज्य, राजनैतिक दल, सामाजिक संघ संस्थाहरूलाई रणनैतिक सुझाव पनि दिएको छ।

संसदमा महिला आरक्षण:

लैंगिक भेदभावले गर्दा राजनीतिमा महिलाहरूको सहभागिता अत्यन्तै कम छ। अत: राजनीतिमा महिला सहभागिता बृद्धि गर्न वर्तमान संविधानको धारा ११ (३) को विशेष व्यवस्था (आरक्षण) ले राष्ट्रिय राजनीतिमा महिलाको सहभागिता अनिवार्य गराएको छ। जसअनुसार संसदका दुई सदनहरू-प्रतिनिधिसभा र राष्ट्रियसभामा महिला उम्मेदवार तथा निर्वाचित सदस्य रहनु पर्ने संवैधानिक व्यवस्था गरिएको छ। प्रतिनिधि सभाकोलागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेदवारहरूमध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनु पर्ने व्यवस्था संविधानको धारा ११४ मा गरिएको छ। संविधानको धारा ४६ (ख) मा संसदको माथिल्लो सदन राष्ट्रिय सभामा जम्मा ६० सदस्यमध्ये १० जना श्री ५ बाट मनोनित हुन्छन् र बाँकी ५० जना निर्वाचनद्वारा छानिन्छन्। निर्वाचनद्वारा छानिने मध्ये ३५ जना प्रतिनिधिसभाद्वारा समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुन्छन्। यिनै ३५ जनामध्ये कम्तिमा तीन जना महिला सदस्यहरू हुनुपर्ने सम्बैधानिक व्यवस्था छ। तर श्री ५ बाट मनोनित हुने १० जनामा एक जनापनि महिला हुनैपर्ने प्रावधान छैन। संविधानको धारा ११ (३) मा

महिला, बालक र बृद्ध, शारीरिक मानसिक रुपले अशक्त व्यक्तिहरूको संरक्षण वा विकासको लागि कानुनद्वारा व्यवस्था गर्न सकिनेछ भन्ने उल्लेख गरिएको छ। प्रतिनिधिसभाको निर्वाचनमा महिलाकालागि अनिवार्य गरिएको ५ प्रतिशतको प्रावधानलाई बढाएर ३३ प्रतिशत पुऱ्याउन सके सदनमा महिलाको प्रतिनिधित्वमा बृद्धि हुने मात्र होइन राजनीतिक क्षेत्रमा उनीहरूको कद बृद्धि पनि हुन जान्छ। महिला सहभागिता बृद्धि गर्न महिलाहरूकालागि छुट्टै चुनाव क्षेत्रपनि छुट्टयाउन सकिन्छ। त्यसैगरी संसदको माथिल्लो सदनमापनि महिला आरक्षणको कोटा बृद्धि गराउनु उपयुक्त देखिन्छ।

स्थानीय निकायमा महिला आरक्षण :

स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले स्थानिय तहमा महिला सहभागिता बृद्धि गर्नकालागि महत्वपूर्ण व्यवस्था गरेको छ। गाउँ विकास समितिको नौ वडाबाट एक-एक जना महिला सदस्य चुन्नु पर्ने व्यवस्था छ। यो कानुनी व्यवस्थाबाट वडाका पाँच पदमध्ये एक पद महिलाकोलागि सुरक्षित गर्ने प्रावधानले एउटा गाविसमा नौ जना महिलाको प्रतिनिधित्व अनिवार्य गरेको छ। त्यसैगरि गाउँ परिषदमा नौ जना निर्वाचित महिलाहरू सहित एक जना मनोनित महिलाको प्रतिनिधित्व अनिवार्य हुन्छ। गाउँ विकास समितिमा गाँउ परिषदले मनोनित गर्ने दुई जना सदस्यमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था छ।

नगर विकास समितिमा नगरपालका भित्रका विभिन्नि क्षेत्रबाट मनोनित गरिने सदस्यहरूमध्ये ४० प्रतिशत महिला अनिवार्य मनोनित गर्नुपर्ने व्यवस्था गरिएको छ। नगरपालिकामा नगर परिषद्का सदस्यहरूमध्येबाट मनोनित हुने दुई सदस्यहरूमध्ये एक जना महिला हुनै पर्ने व्यवस्था छ।

त्यसैगरी जिल्लापरिषदमा मनोनित हुने प्रतिनिधिमध्ये एकजना महिला अनिवार्य हुनु पर्दछ। जिल्ला विकास समितिमा जिल्लापरिषदले मनोनित गर्ने दुई जना सदस्यहरूमध्ये एक जना महिला हुनै पर्दछ।

महिला सहभागिताका क्षेत्र

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र अनुसार प्रत्येक नागरिकलाई आफ्नो देशको शासनमा सहभागी हुने अधिकार छ। जीवनका हरेक क्षेत्रमा दीर्घकालिन विकास र पारदर्शी तथा सक्षम सरकारको निम्ति महिलाहरूको स्वायत्तता, सशक्तिकरण तथा उनीहरूको राजनीतिक, आर्थिक, सामाजिक हैसियतमा सुधार आउनु जरुरी छ। प्रजातन्त्र र विकासकालागि राष्ट्रका सबै क्षेत्रमा जनताको समतायुक्त सहभागिता अनिवार्य हुन्छ। यसैले राजनैतिक, सामाजिक र राजकीय क्षेत्रको नीति निर्माणको तहमा महिलाको सहभागिता महत्वपूर्ण छ। राजनीतिक पार्टीहरूको नेतृत्व, विधायिका, न्यायीक निकाय, कर्मचारीतन्त्र जस्ता प्रमुख क्षेत्रहरू र सामाजिक संघ संस्थाहरूको नीति निर्माण तहमा महिलाको सहभागिता बृद्धि गर्नुपर्ने आवस्यकता छ। यिनीहरू मध्य पनि राजनीतिक निर्णयको स्थानमा समानता अत्यन्त आवश्यक छ, किनभने राज्यको निर्णयमा समान सहभागिता विना महिलाले प्राप्त गर्ने अन्य समानता पूर्ण हुन सक्तैन। सबै निर्णायक तहहरूमा महिला तथा महिलाको धारणा समावेश नभई समानता, विकास र शान्तिको लक्ष्य प्राप्त हुदैन। महिलाको सवलीकरणकोलागि सबै क्षेत्रमा महिलाको अर्थपूर्ण र सक्रिय सहभागिता आवश्यक हुन्छ।

महिला सहभागितामा बृद्धिका केही उपाय

महिला अधिकारको वहालीले महिलामात्र लाभाविन्त हुने नभई यसबाट समग्र समाज र राज्य पनि सशक्त बन्न पुग्दछ। यसो भएकाले राष्ट्रिय जीवनका हरेक क्षेत्रमा महिला समानता कायम गर्न सबै पक्षबाट प्रयत्न हुनु पर्दछ। प्रजातान्त्रिक समाजमा राजनीतिक दलहरू महत्वपूर्ण हुन्छन। त्यसैले राजनीतिक क्षेत्रमा महिलाको सहभागिता बृद्धि गर्न पार्टीका विभिन्न कमिटीहरूमा महिलाकालागि कम्तिमा ३३ प्रतिशत स्थान तोक्ने वैधानिक व्यवस्था गर्नुपर्छ। राजनैतिक पार्टीका विधानमा महिला हक अधिकार संरक्षण गर्ने धाराहरू पनि राख्नु पर्दछ। प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा संविधानमा महिलालाई दिएको ५ प्रतिशत आरक्षणबाट ३३ प्रतिशत पुऱ्याउनु पर्छ। जनआन्दोलनबाट पुनगठित प्रतिनिधिसभाले सबै षेत्रमा ३३ प्रतिशत महिला सहभागिता हुने निर्णय भएको छ। तर तयसलाई कसरी लागू गनृ त्यो भने अझै अनिर्णित छ। महिलालाई पैतृक सम्पत्तिमाथि समान अधिकार दिलाउन राज्यले कानुन निमार्ण गर्नु पर्छ। संविधानमा रहेका पुरुष र महिलालाई विभेद गर्ने धाराहरूलाई हटाउनु पर्छ र नीति निर्माणको स्थानमा महिलाको उपस्थिति अनिवार्य हुनु पर्ने संवैधानिक व्यवस्था गर्नु पर्छ। संविधानमा भएको नागरिकता सम्बन्धी व्यवस्थामा लैंगिक भेदभाव नहुनेगरी विद्यमान संविधानको धारा ९ मा संशोधन हुनु पर्छ। संविधान अनुसार बनेका मुलुकी ऐन लगायत अन्य ऐन नियमहरूमा भएका असमान कानुन खारेज गरी लैंगिक समानतायुक्त कानून निर्माण गर्नु पर्दछ। सबै राजनैतिक पार्टीहरूले महिला विरुद्ध हुने सबै खाले भेदभाव उन्मूलन गर्न बनेका अर्न्तराष्ट्रिय कानून (सिड) कडाईका साथ पालना र लागू गर्ने प्रतिबद्धता जनाउनु पर्छ। राज्यले महिलाकालागि सकारात्मक विभेद नीति अवलम्बन गर्नुपर्छ। महिलालाई नीति निर्माणको तहमा पुग्न सक्षम बनाउन नेतृत्व र क्षमता विकासकालागि क्षमता-विकास प्रशिक्षण र तालिमहरू सञ्चालन गर्नु पर्दछ। नीति निर्माणमा महिला सहभागिताको आन्दोलन समानता प्राप्तीका लागि हो। यो महिला अधिकार रक्षाको आन्दोलन पनि हो र समान अस्तित्वको लडाई पनि हो।

सन्दर्भ सामग्रीहरू:

१. नेपाल अधिराज्यको संविधान, २०४७
२. स्थानीय स्वायत्त शासन ऐन, २०५५
३. यूयनडिपीको मानव विकास प्रतिवेदन २००४
४. इन्सेकको प्रकासन- प्राची
५. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्वन्धी महासन्धि (सिड)
६. Women's Political Participation and Good Goverennces: 21th Century Challenges- UNDP
७. बेईजिङ घोषणा-पत्र र कार्ययोजना

संयुक्त राष्ट्रसंघीय सन्धिजनित निकायहरूले दिने सुझाव तथा सिफारिशको अनुगमन

विद्या चापागाई

विषय प्रवेश

मानवअधिकार सम्बन्धी ठूला ६ महासन्धिहरूलाई अनुमोदन गरी पक्ष भएको राष्ट्रले महासन्धिका प्रावधानहरूको पालना गरेको छ, छैन भनी अनुगमन गर्नका लागि महासन्धिहरूले नै अनुगमन गर्ने निकायको व्यवस्था गरेको हुन्छ, जसलाई सन्धिजनित निकाय भनिन्छ । यस्ता निकायहरूले प्रमुखतः निम्नानुसारका कार्यहरू गर्दछन् ।

- राज्यका तर्फबाट प्रस्तुत आवधिक प्रतिवेदन लिने
- त्यस्तो प्रतिवेदनमा सुझाव दिने र सिफारिश गर्ने
- नागरिककातर्फबाट उजुरी लिने र त्यसमाथि सुनुवाई गर्ने

कुनैपनि राष्ट्रले ठूला ६ महासन्धिको पक्ष भएपछि सम्बन्धित सन्धिजनित निकायहरूमा पहिले एउटा प्रारम्भिक प्रतिवेदन र त्यसपछि आवधिक रूपमा प्रतिवेदनहरू बुझाउनु पर्ने हुन्छ। यस्ता प्रतिवेदनमा सन्धि अनुरुपको व्यवहार राज्यमा भए नभएको, सन्धिमा प्रत्याभूत नागरिक अधिकारको अवस्था, सोसँग सम्बन्धित कानुनी प्रावधान आदिका बारेमा यथेष्ट सूचना दिनु पर्दछ। यसरी प्रतिवेदन बुझाउने समयावधि सन्धिमा नै तोकिएको हुन्छ र यस्तो अवधि सन्धि अनुसार फरक फरक हुन्छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, यातना विरुद्धको महासन्धि, महिला विरुद्ध हुने भेदभाव उन्मूलन सम्बन्धी महासन्धिमा प्रत्येक चार वर्ष, बालअधिकार सम्बन्धी महासन्धि र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धिमा प्रत्येक पाँच वर्ष र जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धिमा प्रत्येक दुई वर्षको समयावधि तोकिएको छ।

यसरी तोकिएको समयमा राज्य पक्षद्वारा बुझाइएको प्रतिवेदनमा सन्धिजनित निकायहरूले आफ्नो बैठकमा छलफल गर्दछन्। जसमा सम्बन्धित राज्यमा रहेका गैरसरकारी संस्था तथा नागरिक समाजले पनि सूचना दिने अधिकार निकायले दिएको छ। राज्य पक्ष र नागरिक समाजकातर्फबाट प्राप्त भएका सूचना, सरकाराका प्रतिनिधिहरूसँगको सवालजवाफका आधारमा समितिले राज्य पक्षलाई टिप्पणी गर्दछ। यस्ता टिप्पणीमा राज्य पक्षलाई केही निश्चित कदम चाल्नका लागि सुझाव र सिफारिस गरिएको हुन्छ।

सन्धिजनित निकायका सुझाव तथा सिफारिस

मानवअधिकार महासन्धिहरू बाध्यात्मक प्रकृतिको हुन्छन्। ती दस्तावेजले कानुनी हैसियत राख्दछन्। तसर्थः सन्धिजनित निकायहरूले दिएका सुझाव तथा सिफारिसहरू सरकारलाई अन्तराष्ट्रिय प्रतिबद्धता पालना गर्न उत्तरदायी बनाउने महत्वपूर्ण औजार हुन्। यति भएता पनि आफूले दिएको सुझाव तथा सिफारिसहरू पालना गर्न लगाउने कुनै बलियो संयन्त्र निकायहरूसँग नभएको कारणले गर्दा गैरसरकारी संस्था तथा अन्य निकायहरूले राज्य पक्षलाई सन्धिको पालना र सन्धिजनित निकायले दिएका सुझाव तथा सिफारिसहरू कार्यान्वयन गर्न लगाउन उल्लेखनीय भूमिका खेल्दछन्। जस्तो नागरिक समाजले आफूहरूबीच कुनै सञ्जालको निर्माण गरी राष्ट्रमा सबन्धित महासन्धिको कार्यान्वयनको स्थिति र विद्यमान समस्याहरूका बारेमा सम्बन्धित सन्धिजनित निकायहरूमा सूचना दिन सकिन्छ। र, साथै नागरिक समाजका प्रतिनिधिहरू सन्धिजनित निकायहरूको बैठकमा नै सहभागी भै निकायका सदस्यहरूलाई लिखित तथा मौखिकरूपमा अनौपचारिक जानकारी दिन सक्दछन्।

समितिहरूले आफ्नो बैठकको अन्त्यमा राज्यहरूलाई सुझाव तथा सिफारिस दिने गर्दछन्। समान्यतया यस्तो सुझाव तथा सिफारिस निम्नलिखित ढाँचामा प्रस्तुत गरिएको हुन्छ।

- राज्यद्वारा सन्धिको कार्यान्वयनका सम्बन्धमा चालिएका सकारात्मक कदमहरूको छोटकरीमा विवेचना
- सन्धि कार्यान्वयनका बाधक तत्वहरू
- सन्धि पालनाका सम्बन्धमा समितिले चासो देखाएका विषयहरू

सुझाव तथा सिफारिसहरू

सन्धिजनित निकायहरूले दिने सुझाव तथा सिफारिसहरूको संख्या तथा स्तर महासन्धि तथा राज्यमा सम्बन्धित महासन्धिको कार्यान्वयनको स्थिति अनुसार फरक फरक हुन्छ। यस्तो सुझाव तथा सिफारिसहरूमा फरक पर्नाको प्रमुख कारण राज्य, गैरसरकारी संस्था तथा अन्य निकायहरूस जस्तो अन्तर्राष्ट्रिय गैरसरकारी सस्था, संयुक्त राष्टसंघीय विशिष्टिकृत निकायहरूद्वारा दिइएको सूचना र साथै स्वंय सन्धिजनित निकायको अग्रसरताले पनि फरक पार्दछ।

मानवअधिकार महासन्धिहरू बाध्यात्मक प्रकृतिको हुन्छन् । ती दस्तावेजले कानुनी हैसियत राख्दछन् । तसर्थः सन्धिजनित निकायहरूले दिएका सुझाव तथा सिफारिसहरू सरकारलाई अन्तर्राष्ट्रिय प्रतिबद्धता पालना गर्न उत्तरदायी बनाउने महत्वपूर्ण औजार हुन् ।

सुझाव तथा सिफारिसहरूको कार्यान्वयन

सन्धिजनित निकायहरूले सन्धिका पक्ष राष्ट्रलाई आफूद्वारा दिइएको सुझाव तथा सिफारिस कार्यान्वयन गराउनका लागि केही उपायहरूको विकाश गरेका छन्। उदाहरणको लागि नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत रहेको मानवअधिकार समितिले पक्ष राष्ट्रलाई आफ्ना सुझाव तथा सिफारिसहरू कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गरी बुझाउनका लागि निश्चित समयावधि तोकिदिएको छ। संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले पनि सन्धिजनित निकायहरूले दिएका सुझाव तथा सिफारिस कार्यान्वयन गराउन छुट्टै संयन्त्रको स्थापना गरेको छ। जसलाई सिफारिस शाखा भनिन्छ। यस शाखाले सूचना संकलन गरी निकायका सुझाव तथा सिफारिसहरू राष्ट्रिय स्तरमा कार्यान्वयन गर्न सहयोग गर्दछ।

यति भएतापनि साधन र स्रोतको कमीले गर्दा सन्धिजनित निकायका कार्यहरूमा नकारात्मक प्रभाव परेको छ। यस्का साथसाथै सन्धिजनित निकायमा कार्यान्वयन गराउने संयन्त्रको अभाव रहेको कारणले गर्दा राज्यलाई अन्तराष्ट्रिय उत्तरदायित्व वहन गराउन गैरसरकारी निकाय तथा अन्य निकायहरूले आवश्यक भूमिका खेल्न सक्दछन्।

सरकारी क्रियाकलापको अनुगमन

राज्यलाई सन्धिजनित निकायहरूले दिएका सुझाव तथा सिफारिसको पालना र कार्यान्वयन गराउनमा नागरिक समाजको प्रमुख भूमिका रहेको हुन्छ। जस्मा सो को कार्यान्वयनको लागि दबाव दिनु एक महत्वपूर्ण र प्रभावकारी हुन्छ। सरकारलाई दबाव दिन निम्नानुसारका काम गर्न सकिन्छ।

- राष्ट्र प्रमुख र सम्बन्धित सन्धिको आवधिक प्रतिवेदन बनाउन तोकिएको मन्त्रालयलाई पत्र पठाएर
- सम्बन्धित मन्त्रालयका प्रतिनिधिहरूसँग सम्बन्धित विषयमा छलफल गर्ने
- सन्धिजनित निकायहरूले दिएका सुझाव तथा सिफारिसको पालना र कार्यान्वयन गर्ने सम्बन्धमा सरकारका प्रतिनिधिसँग भेटघाट गर्दा अथवा सो सबन्धमा पत्र लेख्दा निम्नलिखित कुराहरू खुलाउन सकिन्छस् आफ्नो संस्था केन्द्रित रहेको विषयमा सन्धिजनित निकायहरूद्वारा दिएका सुझाव तथा सिफारिसहरूको स्वागत गर्ने
- सरकारले सो सुझाव र सिफारिस आफ्नो कार्यक्रममा कसरी समाहित गर्छ जस्तो: सरकारी योजनामा समावेश गरेर, सन्धिजनित निकायहरूले दिएका समयवधिभित्र प्रतिवेदन बुझाउन चालिने सम्भावित कदम, समयावधिको निर्धारण कसरी गर्ने, सुझाव तथा सिफारिसलाई प्राथमिकता दिने आधार के हुने, त्यस सम्बन्धमा गैरसरकारी संस्थासँग छलफल गरिने वा नगरिने, ती सुझाव तथा सिफारिस कार्यान्वयनका लागि छुट्याइएका बजेट र सरकारको कुन निकाय सो कार्यका लागि उतरदायी छ आदि कुराहरूका बारेमा जानकारी माग्ने
- सो कार्यमा अन्य सरोकारवालाहरू जस्तै प्रतिनिधिसभा सदस्य, संगठित संस्थाहरू (बार एशोसिएसन, श्रम संगठन), राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधिलाई समावेश गराउने योजना भए नभएको
- सन्धिजनित निकायहरूले दिएका सुझाव तथा सिफारिसहरू सर्वसाधारण तथा सम्बन्धित सरकारी प्रतिनिधिलाई जानकारी दिन स्थानीय भाषामा अनुवाद गरेर प्रचार प्रसार गर्ने योजना छ, छैन, भए कसरी गर्ने ?

निकायहरूले दिएका सुझाव तथा सिफारिसहरूको प्रचार प्रसार

निकायहरूको काम कारवाही संयुक्त राष्ट्रसंघको प्रमुख कार्यालय जेनेभा र न्यूयोर्कमा हुने गर्दछ, जुन निष्पक्ष हुन्छ र त्यसमा कसैको हस्तक्षेप हुँदैन। निकायहरूको काम कारबाहीप्रति राष्ट्रियस्तरमा रहेका गैरसरकारी संस्थाहरू जागरुक हुँदैनन् र सरकारले सन्धिजनित निकायहरूमा बुझाउने प्रतिवेदनहरू निर्माण गर्दा पनि राज्य पक्षले पूरा गर्नुपर्ने शर्तहरू पूरा गरेको हुँदैन्। राज्यपक्ष र गैरसरकारी संस्थाबाट प्राप्त सूचनाको आधारमा दिएको सुझाव र सिफारिसको कार्यान्वयन राज्यले गर्दछ भन्ने आसा सन्धिजनित निकायहरूले राखेका हुन्छन्। जुन कुरा सन्धिजनित निकायहरूले दिने सुझाव तथा सिफरिसमा नै स्थानीय भाषामा अनुवाद गरी प्रचारप्रसार गर्नु र आफ्ना योजनामा समाहित गरी कार्यान्वयन गर्नु भनी स्पष्ट उल्लेख गरिएको छ। उदाहरणको लागि सन् २००४ मा जातीय विभेद उनमुन सम्बन्धी समितिले र सन् २००५ मा यातना विरुद्धको समितिले तत् महासन्धिका बारेमा नेपाल सरकारले बुझाएको प्रतिवेदनमाथि छलंफल गरी दिएको सिफारिशमा नै ती सुझाव तथा सिफारिसहरूलाई नेपाली भाषामा अनुवाद गरी प्रचारप्रसार गर्नु भनी स्पष्ट निर्देशन दिइएको छ।

निकायले यस्तो आग्रह गरेतापनि राज्य पक्षले त्यस कुराको मनन् गरी व्यवहारमा उतारेको भने पाइँदैन। यस्तो अवस्थामा राज्यका गैरसरकारी संस्थाहरूले ती सुझाव तथा सिफारिसहरूको अनुवाद गरी आफ्ना आवद्ध संस्था तथा अन्य गैरसरकारी संस्था र सरोकारवालाहरूलाई प्रचार प्रसार गर्ने कार्यमा संलग्न गराउन उल्लेखनीय भूमिका खेल्न सक्दछन्। सोही अनुरूप नेपालका मानवअधिकार सस्थाहरूको सञ्जालले सो सुझाव तथा सिफारिसहरूलाई नेपाली भाषामा अनुवाद गरी प्रचारप्रसार गर्दै आएकोछ। आफ्नो संस्था अथवा कुनै गैरसरकारी संघ संस्थाहरूले पनि ती सुझाव तथा सिफारिसहरूको कार्यान्वयनमा कुनै सूचना भए सम्बन्धित निकायहरूका सचिवलाई प्रारम्भिक सूचनाको रुपमा दिन सकिन्छ। यस्तो समयमा गैरसरकारी संस्थाहरूको सञ्जाल निमार्ण गरी सन्धिजनित निकायहरूमा सूचना/ प्रतिवेदन पठाउन र प्राप्त सिफारिसको प्रचार प्रसार गर्न सकिन्छ। साधन, श्रोत, र विशेषज्ञ भएका यस्ता सञ्जालहरूले सरकारमाथि दवाव सृजना गर्नको लागि सक्रिय भूमिका निर्वाह गर्दछन्।

राष्ट्रिय स्तरमा रहेका सञ्चारमाध्यमले सन्धिजनित

निकायहरूद्धारा प्रतिवेदन स्वीकार गरेको देखि लिएर अन्य सूचनाप्रवाह गर्न महत्वपूर्ण भूमिका खेल्दछन्। गैरसरकारी संस्थाहरूले निकायहरूले दिएका सुझाव तथा सिफारिस बारे लेख। प्रकाशनमार्फत सर्वसाधारणको जानकारीमा ल्याउनका लागि सञ्चार माध्यमलाई चनाखो बनाउन सक्दछन्। सञ्चार माध्यमको प्रयोग गर्दा गैरसरकारी संस्थाले सो को प्रचार गरेर सरकारबाट कस्तो किसिमको कदम चाहेको हो, त्यसमा ध्यान दिई सोही अनुरुपको तरीका अपनाउनु पर्दछ। उदाहरणको लागि राज्यको व्यवस्थापिका र न्यायपालिका राजनीतिक दलका प्रतिनिधितर्फ लक्षित छ भने उनीहरूले बढीमात्रामा प्रयोग गर्ने सञ्चार माध्यमको सहयोग लिनु पर्दछ। त्यस्तै सर्वसाधारणको चेतना जगाउने उद्देश्य हो भने विभिन्न पत्रपत्रिका तथा रेडियोमार्फत सन्देश प्रवाह गर्न सकिन्छ। त्यस्तै संचारकर्मीसँगको नियमित छलफल, पत्रपत्रिकाका सम्पादकहरूसँगको नियमित पत्राचार भरपर्दो उपाय हो।

राज्यलाई आफूद्वारा दिइएको सुझाव तथा सिफारिसहरू कार्यान्वयन गराउन लगाउन सन्धि जनितनिकायहरूले नियमित अनुगमन गरिरहेका हुन्छन्। राज्य पक्षद्धारा पनि विभिन्न समयमा सम्बन्धित निकायहरूले मागेका सूचनाहरू पुऱ्याउन पर्ने हुन्छ। संयुक्त राष्ट्रसंघीय प्रणालीमा रहेको जटिलताको कारणले गर्दा निकायहरूका र यसका काम कारबाहीबारे स्वंय संयुक्त राष्टसंघका प्रतिनिधिहरूलाई पनि पूर्णरूपमा जानकारी नहुन सक्छ। गैरसरकारी संघसंस्था तथा अन्य निकायहरूले आफ्ना राज्य क्षेत्रभित्र रहेका संयुक्त राष्ट्रसंघीय आवासीय कार्यालय र यसका प्रतिनिधिहरूसँग सन्धिजनित निकायहरूले दिएका सुझाव तथा सिफारिसहरूलाई आफ्नो कार्यहरूमा समाहित गर्ने उपायहरूको जानकारी माग गर्न सक्दछन्।

निष्कर्ष

सन्धिजनित निकायहरूको प्रमुख कार्य राष्ट्रिय स्तरमा मानवअधिकार सन्धिहरूको पालना भए नभएको अनुगमन गर्नु हो। जसले संयुक्त राष्ट्रसघीय

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले पनि सन्धिजनित निकायहरूले दिएका सुझाव तथा सिफारिस कार्यान्वयन गराउन छुट्टै संयन्त्रको स्थापना गरेको छ। जसलाई सिफारिस शाखा भनिन्छ। यस शाखाले सूचना संकलन गरी निकायका सुझाव तथा सिफारिसहरू राष्ट्रिय स्तरमा कार्यान्वयन गर्न सहयोग गर्दछ।

प्रणालीको कार्यान्वयनमा रहेको कमी कमजोरीलाई पूरा गर्दछ। जुन कुरा राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयको कार्ययोजनामा स्पष्ट उल्लेख गरिएको छ। यस्तो अनुगमनको लागि सन्धिजनित निकायहरूको काम कारबाहीले प्रत्यक्ष असर गर्ने पक्ष, जस्तैस गैरसरकारी संस्था र नागरिक समाजलाई मानवअधिकार सन्धिको र सन्धिजनित निकायहरूको सुझाव तथा सिफारिस कार्यान्वयनको प्रकृयामा समावेश गराइनु पर्दछ। यसअतिरिक्त गैरसरकारी संस्था, सन्धिजनित निकाय र राज्य पक्षबीच सशक्त कार्यान्वयनका लागि छलफल आदि प्रमुख कुरा हुन्। यस्ता कुरा सन्धिजनित निकायहरूको सुझाव तथा सिफारिस पालनाको सम्बन्धमा मात्र नभई सन्धिजनित निकायहरूको काम कारबाहीका विभिन्न प्रक्रिया र चरणमा पनि लागु गर्न सकिन्छ। त्यसैकारणले गर्दा राष्ट्रिय स्तरमा रहेका गैरसरकारी संस्थाहरूलाई सन्धिजनित निकायहरूमा प्रतिवेदन बुझाउनेदेखि अन्य क्रियाकलापमा सहभागी हुन प्रोत्साहन गर्नुपर्दछ। जसको उद्देश्य नागरिक समाजकोतर्फबाट छाँया। वैकल्पिक प्रतिवेदन बुझाउन लगाउनु हो। नागरिक समाजकोतर्फबाट प्रस्तुत गरिएको वैकल्पिक प्रतिवेदनमा सम्बन्धित सन्धिजनित निकायहरूले दिएका सुझावहरूको कार्यान्वयन भए नभएको बारेमा जानकारी दिन सकिन्छ। सन्धिजनित निकायले आफ्नो निष्कर्ष सुझावमा बारम्बार उठाउने गरेको कुराहरूका बारेमा विस्तृत जानकारी दिन सकिन्छ। उदाहरणको लागि यातना विरुद्धको समितिले नेपाल सरकारलाई यातनाको रोकथामको लागि यातनालाई महासन्धिको भावना अनुरूप परिभाषा गरी अपराध घोषणा गर्न भनी दिएको सुझावलाई पालना गर्न नेपाल सरकारले कुनै पहल नगरेको विषयमा जानकारी दिइएको थियो। फलस्वरुप निकायले यथाशीघ्र यातनालाई अपराध धोषित गरी कानुन निमार्ण गर्न सुझाव दिएको छ।

आफूले दिएका सुझाव तथा सिफारिसको कार्यान्वयनका लागि सन्धिजनित निकायहरूले नै सशक्त अनुगमन संयन्त्रको विकास गर्नुपर्दछ। यसअतिरिक्त सन्धिजनित निकायहरूले राज्य पक्ष र गैर राज्य पक्षसँग रचनात्मक संवाद गरी प्रतिवेदन प्रस्तुत गर्ने कार्यमा समावेश गर्नुपर्दछ। सन्धिजनित निकायहरूले दिएका सुझाव तथा सिफारिसहरूको कार्यान्वयनमा उदासिन रहनुको प्रमुक कारणको रूपमा राज्य र नागरिक समाजको बीचमा रहेको खाडल रहेको छ, जसले गर्दा गैरसरकारी संस्थाले राज्यलाई आफ्नो उत्तरदायित्व बहन गराउन सकेका छैन्न्। सन्धिजनित निकायहरूको काम कारबाहीमा संलग्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू बाहेक राष्ट्रमा रहेका अन्य निकाय, संसदका प्रतिनिधि, बौद्धिक वर्ग, विशेषज्ञ, संयुक्त राष्ट्र संघीय उच्चायुक्तको आवासीय कार्यालयहरू, राष्ट्रमा रहेका संयुक्त राष्ट्रसंघीय टोलीका साथै संयुक्त राष्ट्रसंघका विशेष समाधीक्षकहरूलाई पनि सरकार पक्षसँग संवादको लागि आमन्त्रण गर्नुपर्दछ। यसका लागि राज्यमा रहेका राष्ट्रिय मानवअधिकार आयोगलगायत अन्य मानवअधिकार संघसस्थाले सुझाव तथा सिफारिसको व्यवहारिक कार्यान्वयनका र सम्भावित उपलब्धिका बारेमा छलफल। बहस चलाउन सहजकर्ताको भूमिका खेल्नुपर्दछ।

जनआन्दोलन पर्यवेक्षणका १९ दिन- एक अनुभूती

उषा थपलिया

सुरुवातका केही कुरा

०४६ सालको जन-आन्दोलनको क्रममा वालसुलभ कौतुहलता तथा अपरिपक्व मानसिकताका वावजुद जहाँ रहियो, आन्दोलनकै मर्मबमोजिम व्यक्तिगत रुपमा आफूलाई समाहित गरिएतापनि त्यतिबेला राजधानीमा उर्लिएको आन्दोलनको सरगर्मीलाई केवल सुनेर र पढेर मात्रै चित्त बुझाउँनु पर्‍यो। तर अहिलेको आन्दोलनमा जनतासँग प्रत्यक्ष एकाकार हुँदै, आन्दोलन पर्यवेक्षण मार्फत जिन्दगीमा बिरलै बटुल्न सकिने अनुभव संगाल्ने अवसर र यसै मार्फत परिवर्तनकालागि आफूले पनि केही योगदान दिन सकें भन्ने आत्मसंन्तुष्टि प्राप्त गर्ने मौका आफू कार्यरत संस्थाले जुन उपलब्ध गरायो, यसप्रति अनुग्रहित हुनै पर्दछ।

अनुभुतिका हिसाबले पर्यवेक्षणका हरेक दिन पृथक रहे। कुनैदिन सहकर्मीहरूको ठूलो उपस्थितिका कारण केही सहजपनाको अनुभूति त, कुनै दिन एक्लै हुँदा आफ्नो पहिचानकासाथ निर्धक्क आफ्नो भूमिका निर्वाह गर्ने क्रममा आइपरेको कठिनाई, यी दुवैको आ-आफ्नै ठाउँमा विशेष महत्व रहेको छ। यस बाहेक हरेक ठाउँमा हरेक दिन फेरिएका बेग्लाबेग्लै प्रकृतिका घटनाहरू र यसबाट उब्जिएको अनुभुति त यति धेरै मात्रामा रहे कि त्यसको विवरण कोर्दा एउटा ठेली नै तयार हुन्छ। त्यसैले यी विभिन्न परिरिस्थिति बीचका केही प्रतिनिधिमूलक घटनाहरू, जसको सजीव चित्रण अझै पनि आफ्नो मानसिकताबाट पटक्कै बाहिर जान मन गर्दैन, तिनै कुराहरू मुलभूत रुपमा समाहित गराउन खोज्दैछु।

केही प्रतिनिधिमूलक घटनाहरू

सुरुवात कलंकीबाट गरौं। चैत २९ गते दिउँसो कलंकीमा झडप भइरहेको र मानवअधिकारकर्मीको उपस्थिति जरुरी भएको खबर प्राप्त हुनासाथ मलगायत ४/५ जनाको टोली त्यतातिर लागेको थियो। त्यहाँ पुग्दा पुलिसहरूले आन्दोलनकारीलाई लाठी प्रहार गर्दै ढुंगाअड्डातर्फ धपाई रहेको र हामीलाई देख्नासाथ "ल ल अब भयो हामी फर्कौं" भन्दै स्वभाविक किसिमले कलंकीचोकतर्फ फर्केको दृश्य देखियो। आन्दोलनकारीको जमात निकै तलसम्म छरिएको थियो, हामी अन्तिम विन्दुसम्म पुगेर अवलोकन गर्‍यौं। पुलिसले वर्षाएको लाठी प्रहारबाट जिउभरी रातानिला सुम्लाको वेदनाले छटपटाएका एक आन्दोलनकारीको रेडक्रसका स्थास्थ्य टोलीद्वारा उपचार भइरहेको थियो। घटनाले आन्दोलनकारीलाई असाध्यै उत्तेजित बनाएको थियो।

यही बेला एउटा ट्याक्सी थानकोट पट्टिबाट घटनास्थलभित्र प्रवेश गर्‍यो। आन्दोलनकारीमध्ये केही त्यस ट्याक्सीतर्फ उन्मुख भए र पहिला अवस्थाबारे बुझ्न अनुरोध गर्दै हामी पनि सँगसँगै दौडियौं। ट्याक्सीमा एक ८-९ वर्षीया बिरामी बालिका पछाडिको सिटमा सुताइएकी थिइन भने उनीसँगै एक १२-१३ वर्षीया बालिका दाहिनेपट्टिको झ्यालनिर बसेकी थिइन्। त्यस्तै ट्याक्सीको अगाडिसिटमा एक बालकसहित एक अधवैशे महिला थिइन, सम्भवत: आमासहित ३ बालबालिका हुनुपर्छ ट्याक्सीभित्र। अवस्था बुझेपछि आन्दोलनकारीले ट्याक्सीलाई अगाडि बढ्न अनुमति दिए। अगाडि बढेको ट्याक्सी करीव दुईसय मिटरको दुरी पार गरिसकेपछि एकाएक रोकियो र त्यहाँ रहेका आन्दोलनकारीद्वारा घेरियो। विस्तारै हिंडिरहेका हामीहरू दौडिएर त्यहाँ पुग्यौं। अवस्था राम्ररी नबुझी आन्दोलनकारीमध्ये केहीले ट्याक्सीमाथि प्रहार गरिसकेछन् जसकारण ट्याक्सीको पछाडिपट्टिको सिसा छ्यामझुरुम फुटेर बिरामी बालिकाको जिउभरी र अनुहारभरी छरिएको थियो। तर पनि सिकिस्त बिरामीको कारण उनले आँखा उघारेकी थिइनन्। फुटेको शिशाको टुक्राले सँगै बसेकी बालिकाको अनुहारमा चोट लागेर रक्ताम्मे भएका कारण उनी रोइरहेकी थिइन् त्यस्तै अघिल्लो सिटमा एकदमै हतासिएको मनस्थितिमा बसेकी महिलाले जब हामीलाई देखिन, केही राहत महसुससँगै हामीलाई पनि ट्याक्सीभित्र बसेर छिटो भन्दा छिटो उम्काई दिन अनुरोध गरिन्।

त्यहिबेला धेरै अगाडिको सडकसम्म छरिएका आन्दोलनकारीहरूले हान्नैपर्ने ट्याक्सीलाई हानिएको भन्ने ठानी होहल्लाकासाथ ट्याक्सीको प्रतिक्षा गरिरहेको प्रत्यक्ष बुझिन्थ्यो। त्यसैले रोकिएका

ट्याक्सीलाई अगाडि बढ्न लगाउदै, अगाडिका आन्दोलनकारीहरूले ट्याक्सीमा थप प्रहार नगरुन् भन्ने अभिप्रायले हामीहरू ट्याक्सीका दायाँबायाँ दुवैतर्फबाट सँगसँगै दौडियौं। मध्यान्नको चर्को घाम र टायर बालिएर थप उष्ण वातावरणबीच करिव २५० मिटर गुडिरहेको ट्याक्सी सँगसँगै दौडनु त्यति सहज त थिएन तर यही दृश्यको कारण परपरसम्म छरिएर रहेका आन्दोलनकारीहरूले स्थितिको गाम्भीर्यता बुझि आफ्ना साथीहरूलाई बाटो छाडिदिन अनुरोध गर्दै सहयोग गरेका कारण ट्याक्सीलाई थप क्षति हुन नदिई कलंकीचोकबाट कटाउन सकिएको थियो। उक्त घटनाको सुरुवात र समाप्तीको अवधि धेरै लामो नभएपनि पछाडिपट्टिको सिसा फुटेर ह्वाङ्गै भएको ट्याक्सी र ट्याक्सीभित्र हतास मनस्थितिमा अत्तालिएका यात्रीहरूको अनुहारको झझल्कोलाई मैले अहिले पनि विर्सन सकेको छैन।

अर्को घटना वैशाख १० को हो। वसुन्धारा पुग्दा त्यहाँ एकत्रित जुलुस चावहिल पुग्ने लक्ष्यकासाथ अगाडि बढ्यो। सुरुमा एक्लै भएको हुँदा के गर्ने भन्ने द्विविधा भएपनि केही क्षणपछि एलायन्सका महासचिव शान्ति अधिकारी र सचिव समिर नेपालसँग भेट भएपछि जुलुस सँगसँगै हामी पनि उतै लाग्यौं। सुरुमा निलो ज्याकेट लगाउन शान्तिजीले मान्नु भएको थिएन तर तीनजना भइसकेकोले ज्याकेटमै हिँड्ने भन्दै मैले लगाएँ। त्यसपछि उहाँहरूले पनि लगाउनु भयो। कर्फ्युको समय भएपनि बाटाभरी कतै अवरोध थिएन। तर जब जुलुस गोपिकृष्ण हल कटेर अगाडि बढ्दै थियो, जुलुसको अगाडि र पछाडि दुवैतर्फबाट एकाएक पुलिसहरू तैनाथ गरिए र एकैछिनमा अन्धाधुन्द लाठीप्रहार सुरु भयो। चावहिलको जुलुसमा मिसिने व्यग्रताकासाथ अगाडि बढेका आन्दोलनकारीहरूले शायद बिचैमा अवरोध होला भन्ने सोचेका थिएनन् त्यसैले भागदौड मच्चियो। हेर्दाहेर्दै सडकमा दुईतर्फबाट मिसिएका पुलिसहरू र निलो ज्याकेटधारी हामी तीनजना मात्र रह्यौं। एकजना प्रदर्शनकारी लाठीप्रहारबाट घाइते भए, उनलाई ओम हस्पिटल पठाइयो। शायद निलो ज्याकेट नलगाएको भए त्यतिबेला हामी पनि आन्दोलनकारी झैं कि ज्यान बचाउन उनीहरूसँगै भाग्नु पर्दथ्यो कि पुलिसको लाठी खानु पर्दथ्यो। तर आइसकेपछि चावहिलसम्म पुग्ने भन्दै अगाडि बढ्यौं। बाटाभरी पुलिसहरू मुमुर्रिएर आफ्ना घर र पेटीमा बसेका मान्छेहरूलाई अपशब्द प्रयोग गर्दै भित्र पस्न अह्राइरहेका थिए। तर निलो ज्याकेटकै कारण बिनाअवरोध हामीहरू चावहिलका सहकर्मीहरूमाझ मिसिन सकेका थियौं।

त्यसैदिन चावहिलको घटना पनि अविस्मरणीय रह्यो। हामी पुगेको एकछिन पछि नै आन्दोलनकारीको जमातबाट एकपछि अर्को गर्दै चारजना भिजिलान्तेहरू आन्दोलनकारीबाट कुटिए। सुरुमा मन एकदमै अशान्त भयो- "कतै भिजिलान्तेको आरोपमा हरेक दिन घामपानी नभनी लोकतन्त्रकैलागि घाँटी सुकाउदै चिच्याउने कम जानपहिचानको आन्दोलनकारी नै त परेन ?" तर जब उनीहरूको नजिक पुगियो उनीहरूको बोलीचाली, हाउभाउ र पुलिसहरूसँगको कुराकानीबाट उनीहरू आन्दोलनकारी हैनन् भन्ने स्पष्ट भयो। त्यसमाथि झन त्यस्तो अवस्थामा पनि "मलाई कुट्ने सब नेताहरूलाई मैले चिनेको छु, म पछि पनि बाँकी राख्दिन" भन्ने उनीहरूको बरबराहट र "ए, चुप लाग" भन्ने पुलिसहरूको भनाईबाट उनीहरूको असली परिचय बाहिर आउँनुकोसाथै आन्दोलनलाई उत्तेजित बनाउन व्यापक रुपमा भाडाका भिजिलान्ते प्रयोग गरिएको चर्चालाई यथेष्ट प्रमाण जुटाइदिएको थियो।

जनप्रदर्शनको अगाडीपट्टीको भागमा ४ जना भिजिलान्तेहरू कुटिएर उपचार गराई रहेका बेला बिचतिर रहेका प्रदर्शनकारीलाई नाङ्गो तरवार सहित सिध्याउने धम्की दिदै केही भिजिलान्तेहरू सडकसँगै जोडिएको एक घरभित्र पस्छन्, जसकाकारण सडकमा संयमपूर्ण तरीकाले प्रदर्शन गरिरहेका प्रदर्शनकारीहरू त्यही घरतर्फ लक्षित भए र ढुंगा प्रहार सुरु भयो। एकातिर घरको छतबाट एक वृद्ध र एक अवधैशे महिला आत्तिदै बाहिर निस्किएर मानवअधिकारकर्मी भएतिर इशारा गर्दै घर बचाई दिन अनुरोध गर्दै थिए भने अर्कोतिर आन्दोलनकारीहरू अत्यन्तै आक्रोशकासाथ घरतर्फ ढुंगा प्रहार गरिरहेका थिए, उनीहरू कसैका कुरा सुन्ने मनस्थितिमा थिएनन्। स्थिति अत्यन्तै असामान्य बन्दै गइरहेको थियो। घरको छतबाट कसैले आन्दोलनकारी पार्टीहरूको झण्डा फहराएर सांकेतिक रुपमा आन्दोलनकारीलाई बुझाउन खोजिएको पनि देखियो। त्यतिबेला मानवअधिकारकर्मीहरूको उपस्थिति बाक्लै भएपनि यकिन रुपमा के गर्ने भन्ने अन्यौल हटेको थिएन। केही मानवअधिकारकर्मीहरूले संगैको स्थानीय घरमा घटनाबारे जानकारी लिनु भयो। अधिकांशको भनाई बमोजिम स्थानीय भिजिलान्तेहरू हतियारसहित भित्र पसेको तर प्रयोग गरिएको घर उनीहरूको नभई आन्दोलनकै समर्थकको रहेकोले घर बचाईदिनु पर्ने सुझाव दिए। सोही बमोजिम त्यहाँ भएका सबै मानवअधिकारकर्मीहरू आन्दोलनकारीहरूले प्रहार गरेको ढुंगाको परवाह नगरी घरको अगाडी उभियौं र आन्दोलनकारीलाई ढुंगा नहान्न अनुरोध गर्दै केही प्रतिनिधिहरू घरभित्र पसेर यथार्थ स्थिति बुझ्ने प्रयास गर्न थाल्यौं। तर त्यसको निकैबेरसम्म पनि ढुंगा वर्षाउने क्रम रोकिएन।

करिव आधा घण्टाको अन्तरालपछि मानवअधिकारकर्मी, पत्रकार र आन्दोलनरत दलका प्रतिनिधि लगायत करिव ६-७ जनाको टोली घरभित्र गई हेर्नकोलागि घरवालासँग सहमति भयो र टोलीलाई भित्र पठाइयो। टोलीले निरीक्षण पश्चात ३ जना व्यक्तिहरू हतियारसहित भित्र पसे लगत्तै घरको पछाडीपट्टिबाट बाहिर भागिसकेको र घरमा महिला र बृद्धामात्र रहेको कुरा बाहिर ल्यायो। जब यथार्थ स्थिति बाहिर आयो, त्यतिबेला धेरैले ती कुरालाई आत्मसात गरे पनि आन्दोलनकारी मध्ये केहिले मानवअधिकारकर्मीले भिजिलान्ते भगाए भनेर गरेको टिप्पणीले असाध्यै नमिठो महसुस गराएको थियो।

सुरक्षाकर्मीहरूको शक्ति उन्मादको स्थिति

चैत्र २५ गते वसुन्धारामा निषेधित क्षेत्रभन्दा बाहिर रहेर शान्तिपूर्ण प्रदर्शन गरिरहेका व्यक्तिहरूलाई पुलिसहरूद्वारा उहीं गएर छानीछानी लाठी र बुट प्रहार गर्दै समात्न थालियो। यस सम्बन्धमा संयमतापूर्ण शैलीमा कुरा राख्दा त्यहाँ खटाइएका जनपद प्रहरीका एसपी यादव अधिकारीले "तपाईको प्रश्नको जवाफ दिनुपर्छ भन्ने म ठान्दिन। तपाईहरू यी सबै दृश्य केवल हेर्नुहोस् र आफ्नो ठाउँमा रिपोर्ट लेखेर पेश गर्नुहोस्, त्यसमा

मलाई कुनै आपत्ति छैन" भन्दै दिएको जवाफले त्यसलाई पुष्टि गर्दछ। त्यस्तै हातमा कालो लागेको आधारमा २९ गते कलंकीमा एक युवकलाई प्रदर्शनकारी ठम्याई १२/१५ जनाको पुलिसको जमातले लाठी र बुट प्रहार गर्दै ट्रकमा कोचेको सन्दर्भमा थप नकुट्न अनुरोध गर्दा त्यहाँ खटिएका पुलिस हाकिमले कड्किएर भने- "हामीले जे जे गर्छौं त्यो चुपचाप हेरेर मात्रै बस्ने हो तपाईहरूको काम, बढी भएको खण्डमा तपाईहरूमाथि नै चार्ज लगाई दिन सक्छौं।"

सबै ठाउँको आन्दोलनमा आन्दोलनकारीहरू आफैमा संयम र शान्तिपूर्ण रुपमै प्रस्तुत हुने गर्दथे झन त्यसमाथि पुलिस आर्मी आफ्नै दाजुभाई भएकोले कुनै द्वैष नभएको र आन्दोलन सफल पार्न उनीहरूको पनि सहयोग चाहिएको जस्ता सुरक्षाकर्मीहरूलाई नैतिक रुपमा आन्दोलनप्रति ऐक्यबद्ध हुन तथा आन्दोलनकारीलाई पनि दाज्युभाईकै रुपमा लिन उत्प्रेरित गर्ने खालका नाराहरू जब आन्दोलनकारीहरूले लगाउथे, त्यतिबेला म सोच्दथें कि यसबाट सकारात्मक पाठ सिकेर अब पुलिसहरूले आन्दोलनकारीमाथि चर्को दमन नगरे हुने नि ! तर यस चाहना विपरीत एकजना आन्दोलनकारीमाथि १५/२० जनासम्म पुलिसहरू धुईरिएर निर्मम तरिकाले टाउकोमै लक्षित गरी लाठी र बुट बजार्न कुनैदिन पनि पछि परेनन्।

हरेक दिन दिनभरी सडकमा प्रत्यक्ष देखिएका यस्तै घटनाहरू जस्तै कान्तिपुर टेलिभिजनको समाचार बुलेटिनमा कपाल सेतै फुलेका एक बृद्ध आन्दोलनकारीले "सेना पुलिस दाज्यूभाई, सहयोग गर हामीलाई" भनिरहेकै बेला पुलिसहरूले लछार्दै र बुटले हिर्काउदै लगिरहेको दृश्यले उनीहरूभित्रको मानवताविहिन मनस्थितिलाई थप उजागर गरेको महसुस गरें मैले। सडकका प्रदर्शनकारीहरूलाई दमन गर्ने नाममा त पुलिसहरूले सिमा नाँघे नाँघे, यस बाहेक ती स्थान वरपरका सर्वसाधारणका घरभित्र राती राती गएर महिला, बृद्ध, बालबालिका केही नभनी जथाभावी रुपमा कुट्ने र घाईते बनाई आतंकको श्रृजना गर्न समेत उनीहरूले कुनै कसर बाँकी राखेनन्।

जनसमुदायबीच आन्दोलनको सर्वव्यापकता

यसपटकको आन्दोलनले जनताबीचबाट यति सर्वव्यापकता पायो कि आफ्ना बालबालिकालाई कुनैपनि अभिभावकले घरमा थुनेर राख्न सक्नु त परै जावस, बृद्धबृद्धा र सामान्य गृहिणी समेतले सडक नओर्लि चित्त बुझाएनन्। यसमाथि झन काखीमा आफ्ना दुधे बालक समेत च्यापेर नारा लगाउदै सडकमा हिंड्ने महिलाहरूको कमि देखिएन भने टोलटोलका बालबालिकाहरूले जानी नजानी आन्दोलनकै नारा घन्काएर आन्दोलनलाई आफ्नो खेलकुदमा रुपान्तरण गरे। दिनभरीको आन्दोलन पर्यवेक्षण मार्फत उर्लिएको जनउभार सम्बन्धमा यस्तै कुराहरू मनन गर्दै साँझतिर घर फर्कदा "लोकतन्त्र" भन्ने आवाज सुन्नासाथ अलिअलि मात्र बोल्न थालेकी मेरी २० महिनाकी छोरीले पनि "जिन्दावाद" को तोते उच्चारण सहित हात उठाउँथी। यसले पनि आन्दोलनको सर्वव्यापकतालाई अझ पुष्टि गरेको आभास पाउँथे म।

मानवअधिकारप्रतिको हेराईमा विभिन्नता

मानवअधिकारकर्मीहरूप्रति व्यक्ति तथा समुदायले हेर्ने फरक फरक दृष्टिकोणको मापनस्थल पनि बन्यो यो जनआन्दोलन पर्यवेक्षण। एकातिर मानवअधिकारकर्मीहरूको प्रवेश हुनासाथ उत्साह थपिएको महसुस गर्दै सोही बमोजिम व्यवहार प्रस्तुत गर्ने आन्दोलनकारीहरूले आफ्नो भोक र तिर्खा सबै बिर्साइदिएको महसुस हुन्थ्यो भने कतिपय स्थानमा प्रदर्शनकारीकै जमातबाट तिखा टिप्पणी समेत सुन्नुपर्दा उत्साह नै मरेर गएको भान हुन्थ्यो। कतै आफुमाथि पर्न लागेको ढुंगा, लाठी छल्न खोज्दा "ए, मानवअधिकारवादी त भाग्नु भएन नि, लाठी ढुंगा सबै चाख्नुपर्छ" भन्ने आन्दोलनकारीकै आवाज, भने कतै "तपाईहरूले पनि दिनरात केही नभनी असाध्यै दुःख पाउनु भयो हगि ? हाम्रा निम्ति" भन्ने आन्दोलनकारीकै अभिव्यक्ति। "मानवअधिकारकर्मीहरूको उपस्थिति भएका बेला पुलिसहरू पनि अलि डराउँदा रहेछन्, दमन गर्न" भन्दै सडक पेटीमा बसेर आन्दोलन हेरिरहेका स्थानीय बासिन्दा सकारात्मक टिप्पणी गर्दै थिए। ठूलो जमातबीचमा यी सबैखाले प्रतिक्रियालाई सामान्य ढंगबाट लिईनुपर्ने मान्यता सही भए पनि कार्यक्षेत्रको उर्जाशीलताकालागि भने यस्ता भनाई तथा व्यवहारले तात्विक असर पुऱ्याउने तथ्यलाई चाँही नकार्न सकिदो रहेनछ।

महिला आन्दोलनकारीप्रति सुरक्षाकर्मीको व्यवहार

महिलाहरूप्रति सुरक्षाकर्मीहरूको व्यवहार उच्छृंखल हुने गरेको आम बुझाईलाई पुलिसहरूले यस आन्दोलनको क्रममा थप पुष्टि गरिदिएका छन्। आन्दोलनमा अग्रसर हुने महिलाहरूको बारेमा गलत टिप्पणी त उनीहरूकालागि अति सामान्य कुरा हुने रहेछ, यस संगसंगै केही महिलाहरूको हुलिया बताउदै "यिनीहरूलाई पक्रन पाए त हामीले जान्या थियौं" भन्नेलगायत आन्दोलनमा अग्रसर हुने महिलातिर लक्षित गर्दै, "करा करा, घाँटी सुकुन्जेल कुरा, बेलुकासम्ममा हाम्रै फन्दामा परिहाल्छेस्, त्यतिबेला मालिस भेट्लिस्" भन्ने उनीहरूको अति तल्लो स्तरको भनाईसहितको बसिबियाँलो र मज्जा लिने शैलीले महिलाहरूलाई हेर्ने दृष्टिकोणलाई धेरै ठाउँमा उजागर गरेको थियो। आफ्नो व्यवहार सम्बन्धमा कसैले पर्यवेक्षण गरिरहेको छ भनेर जान्दा जान्दै र त्यही समुदाय नजिक बसेर त महिलाहरूप्रति यति अभद्र किसिमबाट प्रस्तुत हुने यिनीहरू गाउँका अशिक्षित र असहाय महिलाहरूप्रति कुन प्रकारको व्यवहार प्रस्तुत गर्लान् त्यो उनीहरू आफैले थप उजागर गरे, आन्दोलनको क्रममा।

गुनासो आफ्नै सहधर्मीप्रति पनि

ठूलो र आपत्कालीन अभियानमा लागेका बेला झिनामसिना व्यवस्थापकीय टिप्पणी गर्नुको कुनै अर्थ रहदैन, यो सर्वस्वीकार्य कुरा हो। खुशी यसमा छ कि, सबै ठाउँमा इन्सेकले निर्वाह गरेको भूमिकाको जनताले खुलेर प्रसंशा गरे। जुन, केही समान सहकर्मी संस्थाहरूलाई समेत बेचैन बनाउने विषयवस्तु बन्यो। व्यवस्थापन सुधारपट्टी हाम्रो आफ्नै सामूहिक क्रियाशीलता रहेको भए, आन्दोलनमा त्यत्तिकै सशक्त योगदान पुग्न सक्ने थियो भन्ने मैले महसुस गरें।

लोकतन्त्र र जनताका सवालहरू

देवेन्द्रप्रसाद अधिकारी

२०४६ साल चैत २४ गते राति भएको सम्झौता पर्याप्त नरहेको र नेपाली जनता सो सम्झौताले सार्वभौम नभएको हाल आएर पुष्टि भएको छ। शक्ति दुई ठाउँमा बस्न नसक्ने कुरा सत्य सावित भइसकेको छ। शक्तिको बाँडफाडले राजनीतिक वृत्तमा ठूलो महत्व राख्ने कुरा सैनिकको नियन्त्रण र परिचालनको अख्तियारी कसमा रहेको छ भन्ने कुराले निर्णय हुने इतिहासले देखाई सकेको छ। नेपाली जनताको तत्कालीन चाहनाबमोजिम काँग्रेस वाममोर्चा सम्झौता भएको भनी आत्मसन्तुष्टि लिने बानी हामीमा परे पनि यथार्थ त्यस्तो नभएको स्थिति अझै प्रष्ट भएको छ। काँग्रेस, वाममोर्चा र राजाबीचको सम्झौता धोका हो भन्ने आवाज त्यतिखेर सडकमा नगुन्जिएको पनि हैन। त्यसैले नेपाली जनताको वास्तविक चाहना, उद्देश्य प्राप्तिकालागि गरिने लक्षित राजनीतिक कार्यक्रममा राजनीतिक वृत्तमा यथेष्ट गृहकार्य होस्, नागरिक समाजको आवाज़ सुनियोस्, पछाडि पारिएका वर्ग, जातजाति, धर्म, सम्प्रदायका आधारमा भएका विभेद र यसले श्रृजना गरेको वर्तमान सामाजिक संरचना र यसले समाजमा पारेको प्रभाव र समाधानका उपायहरूका बारेमा गम्भीर बहस र छलफल गरी राजनीतिक निकासकालागि पहल गरिएमा नै वास्तविक रूपमा नेपालीले सोचे अनुरुपको शासन पद्धति स्थापित हुन सक्छ। आन्दोलनलबाट प्राप्त लोकतान्त्रले स्थायित्व प्राप्त गर्न सक्छ।

२०४६ सालमा राजा वीरेन्द्रले जनताको अगाडि झुकेर बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्था स्थापनाकोलागि राजनीतिक पार्टीहरूसँग सम्झौता गरेर संवैधानिक राजा भएर बस्न राजी भएको अवस्था राजनीतिक पार्टीहरूले स्वीकार गरे कै हुन्। नेपाली जनताको चेतनाको स्तर र राजनीतिक तथा नागरिक समाजको कठोर मेहनतका कारण २०४६ सालको जनआन्दोलन सफल भई निरंकुश पञ्चायती राज केही हदसम्म प्रजातान्त्रिक भएको महसुस नेपाली जनताले गरेका थिए तर ती भोगाईहरू एक दशक मै मिथ्या सावित भए। जसको परिणाम नेपाली जनता फेरी पूर्ण प्रजातन्त्र प्राप्तिको अभियानमा लाग्न बाध्य भए। विगतमा नेपाली जनताले प्राप्त गरेका प्रत्येक उपलब्धिलाई नेपालको सामन्ती राज्य सत्ताले कुनै न कुनै बहानामा असफल पार्ने प्रयात्नहरू गरेर नेपाली जनतालाई सदियौंसम्म दुःख सास्ति भोगाउन लागिपर्ने र त्यसैमा आफूलाई आनन्दानुभूति प्राप्त भएको ठानी बस्ने शासकको प्रवृतिले नेपाली जनताको विकासको क्रमलाई अवरुद्ध पारेको छ।

नेपालको लोकतान्त्रिक आन्दोलनलाई अगाडि बढाउनका लागि २०४६ सालको सफलता र त्यस बेलाका घटनाक्रम तथा सात राजनीतिक दल र माओवादीबीच भएका १२ बुँदे सहमति र त्यसले श्रृजना गर्न सक्ने राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक सवालहरूका सम्वन्धमा पूर्वतयारीका साथ सोच्नैपर्ने अवस्था छ। २०४६ सालको जनआन्दोलनका प्रमुख घटक नेपाली काँग्रेस, वाममोर्चा र संयुक्त जनआन्दोलन संयोजन समितिले निर्वाह गरेको भूमिका र पछि तीबीच के कति कारणले असमझदारी भयो भन्ने सम्बन्धमा सोच्नु आवश्यक छ।



२०४६ सालको जनआन्दोलनपश्चात् निर्वाचित सरकारले सामाजिक, आर्थिक, साँस्कृतिक क्षेत्रमा दिन नसकेको यथेष्ट योगदानका कारण पनि वर्तमानमा राजाका आसेपासेले टाउको उठाउन पाएका हुन्। २०४६ सालको आन्दोलन दबाउनकालागि लागि परेका मतियारहरूले दण्ड नपाउनु अर्थात ज्यादै उदार भएर दण्डहीनताको अवस्था श्रृजना गर्नु हाम्रो अर्को ठूलो गल्ती थियो। मल्लिक आयोगले दोषी ठहऱ्याएकाहरूलाई दूधले नुहाएर सबैको जीत भयो भनी सहयात्री बनाएको पीडा आज नेपाली जनताले भोगिरहेका छन्। विगत १२-१५ वर्षको अवधिमा देशले द्रूत गतिमा विकास गर्न नसक्नु, प्रजातान्त्रिक निकायहरू चुस्त दुरुस्त हुन नसक्नु, जनताको चेतनास्तर आशातित रूपमा उठ्न नसक्नुका पछाडि देशमा विद्यमान सामन्ती सामाजिक संरचना र यसै जगको आधारमा टिकेको सामन्ती राजले नेपाल र नेपाली नागरिकलाई विश्व मानचित्रमा विचित्रको देश र २१ शताव्दीमा पनि विचित्रको शासन प्रणाली भएको देशका रूपमा चिन्न थालेका छन्। त्यसैले यस्तो अवस्था चाडै अन्त्य गर्नकालागि र पटक-पटक एउटै पुरातन शक्तिसँग एउटै मोडल र एउटै उद्देश्य प्राप्तिकालागि लड्न नपरोस् भन्नकालागि राजनीतिक पार्टीहरूका बीचमा स्पष्ट कार्यदीशा र जनताको चाहना अनुसार नेतृत्व गर्न जरुरी छ। अहिले माओवादीले (राजनीतिक आस्थाका आधारमा गरेकाको वाहेक) कब्जा गरी भूमिहीन जोताहालाई बाँडेका जग्गा फेरी फर्काएर भूमिपतिलाई नै फर्काउने नीति बन्छ वा अरु केही हुन्छ ? प्राकृतिक श्रोत र साधनमा सबैको हक बराबर हुन्छ ? सार्वजनिक जंगल धनी, गरीब सबैको हो। खोलामा बगेको पानीमा सबैको बराबरी हक हो। त्यसो हो भने सबै भन्दा बढी जंगल प्रयोग गर्नेले सबै भन्दा कम जंगल

उपयोग गर्नेलाई कर तिर्ने कि नतिर्ने ? सबै भन्दा बढी पानी प्रयोग गर्नेले सबै भन्दा कम पानी प्रयोग गर्नेलाई क्षतिपूर्ति दिने कि नदिने ? हावा सबैको हो। यदि त्यसो हो भने सबै भन्दा बढी उद्योग धन्दा स्थापना गरेर सबै भन्दा बढी वातावरणीय प्रदुषण गर्ने उधोगले सबै भन्दा कम वातावरणीय प्रदुषण गरी उधोग सञ्चालन गर्नेलाई क्षतिपूर्ति दिने कि नदिने ? प्राकृतिका श्रोत र साधनको समुचित प्रयोग गर्ने र दुरुपयोग गर्नेबीचको सम्बन्धलाई कसरी व्यवस्थापन गर्ने ? यी सवालको लोकतन्त्रमा कसरी सम्बोधन के हुन्छ ?

क) राजनीतिक प्रजातन्त्रको अभ्यासका सवालहरू

हाल नेपाली जनताले बुझेको कुरा केहो भने राजनीतिक पार्टीहरू अझै पनि जनताले चाहे अनुरुप प्रजातान्त्रिक बन्न सकेका छैनन् भन्ने नै हो। जबसम्म पार्टीहरूलाई अति प्रजातन्त्रमुखी, अतिअधिकारमुखी र अतिसमावेशी ढाँचाको रूपमा विकास गर्न सकिन्न तबसम्म नेपाली जनताले राजनीतिक रूपमा देश र जनताकालागि चाहेर पनि केही गर्न नसक्ने अवस्था आउँछ। आज जनताले चाहेको कुरा भनेका कसरी जनतालाई वास्तविक रूपमा सार्वभौम बनाउने भन्ने हो। राज्य सञ्चालनको प्रमुख जिम्मेवार रहेका राजनीतिक दलहरू भित्र नेता, कार्यकर्ता र जनताका समस्याहरूलाई हल गर्ने प्रजातान्त्रिक अभ्यासहरू भए भने मात्रै सोही अभ्यासले राज्य सञ्चालनको अवस्थामा प्रजातान्त्रिक मूल्य, मान्यतालाई केन्द्रमा राखेर समस्याको हल खोज्ने अभ्यासहरू शुरु हुन सक्छ। अन्यथा सो अभ्यासहरू नभएको अवस्थामा र आन्तरिक रूपमा आफैलाई पोख्त नबनाएको अवस्थामा राज्य सञ्चालनको ठूलो दायरा भएको ठाउँमा पुगेपछि झन अन्यौलमा पर्नु पर्ने अवस्था आउन सक्छ। पार्टीभित्र समावेशी प्रजातन्त्रको अभ्यास भएन भने यसले राज्य सञ्चालनमा जटिलता श्रृजना गर्ने र पछाडि पारिएका वर्गहरू नीति निर्माण तहमा नपुग्ने र राज्यका श्रोत र साधनको उपयोग र वितरणमा उनीहरूको सहभागिता नभएको अवस्थामा उनीहरूको क्षमता विकास हुन नसक्ने हुन्छ। जसले गर्दा वास्तविक प्रतातन्त्रको अभ्यास गर्न गाह्रो पर्दछ। यसको प्रभाव स्वरुप समाजमा फेरी पनि तानाशाही निरंकुश सामन्ती संरचनालाई नै बल पुग्न जान्छ जुन हामी चाहदैनौ। तसर्थ पार्टीहरूको आन्तरिक जीवनमा पूर्ण प्रजातन्त्रको अभ्यास केन्द्रदेखि जिल्लासम्म अगाडि बढाउनु पर्ने देखिन्छ। राजनीतिक पार्टीहरूले आफ्ना विधान र घोषणापत्रमा उल्लेख भएका विषय वस्तुहरूलाई गम्भीरताका साथ पालना गर्नु पर्दछ। एकातिर पार्टीलाई जीवन्त राख्नका गरिने पार्टीका राष्ट्रिय सम्मेलन तथा राष्ट्रिय महाधिवेशनहरूमा पराजित भएका व्यक्ति तथा कार्यकर्ताको पंक्तिमा अलोकप्रिय रहेको नेताहरूलाई मनोनयन गर्ने परिपाटीले पार्टीहरू भित्रको जीवन्ततामा यक्ष प्रश्नहरू उठ्दै गएका छन् र यसलाई सुधार गर्दै जानु पर्ने देखिन्छ। पार्टीका भातृ संगठनहरूलाई उनीहरूको क्षेत्रका आधारमा सरोकारको क्षेत्रमा लाग्नकालागि चाहिने योग्यता, क्षमता र बढी सम्बन्धित क्षेत्रमुखी हुनमा प्रेरित गर्नु पर्ने र उनीहरूलाई स्वतन्त्र संस्थाको रूपमा काम गर्न दिन पर्नेमा सो नभएको पाइन्छ। तसर्थ राजनीतिक वृतमा काम गर्ने प्रत्येक राजनीतिककर्मीले पार्टीको नेता भएर बस्न रुचाउने वा जनताको नेता भएर राष्ट्रलाई योगदान दिने भन्ने कुरा बुझ्न जरुरी छ। जनताहरूका माग र चाहनालाई आत्मसात गर्न सक्ने र जनताको माझमा स्थापित हुँदै गएका कार्यकर्ताहरूलाई नेतृत्व सुम्पेर उपयुक्त नेतृत्व विकास गर्दै जानु पर्नेमा जनता माझ स्थापित कार्यकर्ताहरूलाई उल्टो पार्टी अनुशासनको ठण्डा देखाएर कारवाही गर्दै जाने जुन प्रवृत्ति राजनीतिक पार्टीहरूमा देखिएको छ सो राम्रो अभ्यास होइन।

ख) राजनीतिक पार्टीहरूको क्षमता तथा आचरणका सवालहरू

समुन्नत राष्ट्र निर्माणकालागि राजनीतिक पार्टीहरूको दक्षतापूर्वक परिचालन हुन सक्ने क्षमता कुन स्तरको छ त्यसमा नै राष्ट्रको विकासको गति र प्रजातान्त्रिक अभ्यास कसरी स्थापित हुन्छ भन्ने कुराको छिनोफानो हुने हुन्छ। राजनितिक पार्टीहरूभित्र रहेको परम्परागत व्यवस्थापकीय दक्षता, भएका नेता तथा कार्यकर्ताहरूमा रहेको क्षमता पहिचानमा देखिएका कमिकमजोरीहरू, क्षमता पहिचान गरिएका नेता तथा कार्यकर्ताहरूको योग्यता र क्षमता अनुसार जिम्मेवारी बाडफाँडमा देखिएको कमजोरीपनले पार्टी व्यवस्थित चल्न सक्ने अवस्था रहेर पनि हुन सकेको पाइदैन। राजनीति पार्टीहरू जसले देशको समग्र आर्थिक समृद्धि र सामाजिक समुन्नतिमा महत्वपूर्ण योगदान पुऱ्याउछन्। उनीहरूको परम्परागत अध्ययन शैलीका कारण अनुसन्धानमुखी भएर नीति निर्माण गर्ने अभ्यास छैन। हिजोका अध्ययनबाट निर्माण गरिएको धारणा कै आधारमा आज पनि चल्ने परिपाटीले राष्ट्रलाई २१ औं शताब्दी अनुरुप द्रुत गतिमा अगाडि बढाउन गाह्रो पर्छ। दार्शनिक किताबहरू र रेड बुकहरूको अध्ययन र अध्यायपनले मात्र अब राष्ट्र हाक्न सक्ने क्षमता बन्न गाह्रो छ तसर्थ समयानुकूल अध्ययनका क्षेत्रहरू पनि बढाउदै लग्नु आवश्यक छ।

राजनीतिक पार्टीका भातृ संगठनहरूलाई संगठित भएको क्षेत्रसँग सम्बन्धित भएर नै समस्याहरूको उठान गराउन भन्दा पनि राजनीतिको मूल मुद्दामा नै एकै पटक तानिएको अवस्था छ। जनताका वास्तविक समस्यालाई पहिचान गर्न र तिनीहरूलाई जनताको माग बमोजिम उठान गर्न ढिलाई भएको अवस्था छ। बेला बेलामा जनता भन्दा राजनीतिक पार्टीहरूको बुझाई ढिलो भएको अवस्था देखिन्छ। आफ्ना विधान र चुनावी दस्तावेजहरूमा उल्लेख गरिएका विषय वस्तुलाई कार्यान्वयन गर्न उदासिन रहेको अवस्था छ। मानवअधिकार र मानवीय कानुनका कुराहरूलाई राज्य सञ्चालनको जिम्मा पाएको अवस्थामा तिरस्कार गरिएको देखिन्छ। विषयवस्तुको गाम्भीर्यता र महत्वका आधारमा वादविवाद र सम्वाद अगाडि बढनु पर्नेमा त्यस्तो नभएर कसले विषय वस्तुको उठान गऱ्यो त्यसको आधारमा निर्णय र बहसमा सहभागी हुने परम्पराको गलत अभ्यास भएको छ। अव्यवस्थित शक्ति प्रर्दशन र अस्वस्थ

प्रतिस्पर्धा बेला बेलामा देखिन्छ। शक्तिमा पुगेपछि जनताको हितमा काम गर्नमा बढी लगाव देखिनु पर्नेमा त्यस्तो नभएर शक्तिको प्रयोग गलत रूपमा हुने गरेको अवस्था छ। यसो हुनको पछाडि राष्ट्रको समस्यालाई प्रमुख रूपमा लिनु पर्नेमा पार्टी, त्यसमा पनि आफ्नो समूह त्यसमा पनि आफ्नो नेता भित्रका मान्छेको इच्छा र आकाक्षालाई बढी प्राथमिकता दिएर यसो भएको भन्ने जनताको मतलाई पनि आगामी दिनमा ध्यान दिनु पर्ने अवस्था छ।

ग) राजनीतिमा पछाडि पारिएका वर्गहरूको प्रतिनिधित्वको सवाल

पछाडिपारिएका वर्गहरूको योग्यता, क्षमता नभएको कारण उनीहरूलाई राजनीतिक प्रकृयामा उचित स्थान दिन नसकिएको कुरालाई आधार मानेर उनीहरूलाई राजनीतिक मूलधारबाट बेवास्ता गर्न मिल्दैन। अवसर र जिम्मेवारीबाट नै मानिस खारिंदै जाने हो । तसर्थ उनीहरूको क्षमता विकासमा उचित ध्यान दिंदै जिम्मेवारी अवसरहरू पनि उचित मात्रामा दिनु पर्ने हुन्छ। महिला, दलित र जनजातिहरूमा पर्याप्त क्षमता नभएको कारण राजनीतिमा सहभागी हुनकालागि इच्छुक नभएको अवस्था पनि उस्तै छ। यसो हुनको पछाडि उनीहरूमा रहेको अशिक्षा, गरीबी, अभाव, सामाजिक तिरस्कार नै रहेको पाइन्छ। उनीहरूको समावेशकालागी संस्थागत प्रयासहरूको थालनी व्यवस्थित रूपमा हुनु जरुरी छ। उनीहरू जिम्मेवारी लिन नै हिचकिचाउने र जिम्मेवारी लिएकाहरूले पनि तोकिएको जिम्मेवारी सम्हाल्न गाह्रो पर्ने अवस्थाबाट उनीहरूलाई माथि उठाउनु जरुरी छ। तसर्थ उनीहरूलाई सहभागी गराउने वातावरणको श्रृजना गर्न पर्ने देखिन्छ। नीति निर्माणमा पछाडि पारिएका वर्गको सहभागिता नगन्य छ। राजनीतिमा महिला, दलित जनजातिको सहभागिता कम हुनको प्रभाव नीति निर्माणमा पनि परेको देखिन्छ। नीति निर्माणको तहसम्म पुग्नकालागि उनीहरूको सहभागिता बृद्धि गर्नुपर्ने र उनीहरूको सहभागिता बृद्धि भए पछिको अवस्थामा मात्र उनीहरूको नीति निर्माणमा सहभागीता बढ्ने र वास्तविक समस्याहरूको सम्बोधन हुन सक्ने छ। उनीहरूभित्र रहेको कमजोरी र राज्य संरचनाको कुनै पनि निकायमा सहभागीता हुन नदिइएका कारणले उनीहरूमा हीनताबोधको अवस्था छ। बाहुनवादले गर्दा उनीहरूलाई तिरस्कार गरेको अवस्था छ। पछाडि पारिएका वर्गहरू आर्थिक प्राय : गरीब र अशिक्षित व्यक्तिहरू हुने भएकाले उनीहरूले चाहेर पनि राजनीतिमा खासै सहभागिता बढाउन सकेको अवस्था छैन। पितृसतात्मक संरचनाका कारण पनि यस्तो भएको हुन सक्छ। यसको न्यूनीकरण र निदानकालागि दलित, महिला, जनजाति लगायतका वर्गलाई सहभागी गराएर अगाडि बढाउन पर्ने नीति राजनीतिक पार्टीहरूमा हुनु जरुरी छ।

घ) राज्यका संरचनामा विभेदको सवाल

व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा वास्तविक जनप्रतिनिधिमूलक निर्वाचन प्रणालीको व्यवस्था छैन्। राजनीतिमा अति जनसहभागिता र न्यून जनसहभागिता दुवै खराब हुन्छ भन्ने भनाई पाइन्छ। त्यो स्थिति नेपालको राजनीतिक वृत्तमा पनि देखा पर्न थालेको अवस्था छ। यसो हुनुमा राज्य सञ्चालनको जिम्मेवारी पाएकाहरूले उपयुक्त रुपमा सत्ता सञ्चालन गर्न नसक्नु नै हो। ५१ प्रतिशत महिला रहेको समाजमा ३ प्रतिशत प्रतिनिधित्वको प्रावधान छ। कूल जनसंख्याको १२ प्रतिशतले शासन गर्ने परिपाटी छ। दलित, जनजाति, महिलाहरूको संख्याको आधारमा प्रतिनिधित्वको व्यवस्था छैन। जननिर्वाचित संस्थाले निर्माण गर्ने नियम कानूनहरूको उपयुक्त प्रकृया पुऱ्याएर गर्नै परिपाटिको कमी छ। बहुमतको आधारमा शासन गर्ने परिपाटीको गलत रूपमा प्रयोग भएको अवस्था छ। अल्पमतका विचारहरूलाई बवाएर नै लिएर जाने कुराले राज्य सञ्चालनमा समस्या खडा गरेको छ। राज्यका महत्वपूर्ण निकायहरूमा नियुक्तिको जुन प्रक्रिया छ जसले जनमुखी र कानुन सम्मत निर्णय दिनुको वदला व्यक्तिमुखी भएर निर्णय दिने प्रवल सम्भावना रहेको छ। न्यायपालिकाको महत्वपूर्ण पदहरू नियुक्तिको अभ्यास छ। जसले निर्णय प्रक्रियामा निष्पक्षता नहुने अवस्था रहन्छ। एकातिर पर्याप्त सम्वैधानिक निकायहरू नभएर निर्णय प्रक्रिया छिटो छरितो हुन सकेको छैन भने भएका सम्वैधानिक निकायहरू पनि जननिर्वाचित नभएका कारण उनीहरूमा कुनै जिम्मेवारी बोध नभएको पाइन्छ। कानुनको मर्मको आधारमा निर्णय प्रकृयाहरू अवलम्वन नगरिएको अवस्था छ। कानुनी रूपमा दलित, महिला र जनजातिकालागि विशेष व्यवस्था छैन। व्यवस्था गरिएका कतिपय आरक्षणको व्यवस्थाहरू पनि यो वा त्यो वहानामा सकारात्मक विभेद नीतिको नामा कुण्ठित गरिएको अवस्था छ। आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई मौलिक अधिकारको रुपमा नराखिएको कारण सामाजिक आर्थिक र साँस्कृतिक क्षेत्रका समस्याहरूलाई राज्यले जन चाहना अनुरुप सम्बोधन गर्न नसकेको अवस्था छ। सामन्ती संरचना र सोही अनुसारको सञ्चालन पद्धति रहेका कारण अग्रगामी अभ्यासहरू हुन सकेको छैन। यस किसिमका विभेदको अन्त्य गरी उपयुक्त संस्कृतिको विकास गरेर नव युवाहरूलाई राजनीतिमा संलग्न गराउन सकियो भने हाल देखिएका समस्याहरूलाई केही हदसम्म कम गर्न सकिने अवस्था छ।

टुंग्यौनी

माथि उठान गरिएका विषय वस्तुलाई सम्बोधन गर्न सकिएन भने लोकतान्त्रिक आन्दोलनको सफलता केवल केही पार्टीहरूकोलागि, व्यक्तिहरूकालागि मात्र हुन जान्छ। र, त्यो पार्टी र व्यक्तिको स्वार्थपूर्ति हुने वित्तिकै एउटा स्वार्थमा गएर टुंगिन्छ। अनि लोकतन्त्र आम जनसमुदाय, नागरिक समाज र गाउँले किसानले भनेको जस्तो हुँदैन। र फेरी अर्को कुनै तन्त्रको नाममा नेपाली जनताले आन्दोलनको शुरुवात गर्नु पर्ने अवस्था आउछ। तसर्थ माथि उल्लेख गरिएका विषय वस्तुलाई ध्यानमा राखेर राजनीतिक पार्टीहरू र अगुवा नागरिक समाजले तल्लो वर्गले चाहनालाई मध्यनजर गरेर लोकतन्त्र सुदृढीकरण गर्नु पर्ने देखिन्छ।

बडघरले हाँके राजापुर

दशबाह्र वटा खटियामा गाँउलेहरू अटाइ नअटाइ बसिरहेका छन्। भिम्मापुर गाविस-२ गोड्याना गाउँका बड्घर मंगल चौधरीको आँगनमा।

छिमेकी गाँउ दीपनगर, छोट्की भिम्मापुर, चैनपुरका बड्घर पनि उपस्थित छन्। ०६२ मंसिर ३ गते, बिहान ८ बजे, उपस्थित सबैलाई बड्घर मंगल चौधरीले स्वागत गर्दै बैठकको एजेण्डा अघि सार्छन्।

"गाँउले दाजूभाइ तथा दिदीबहिनीहरू, आजको बैठकको विषय मुख्य दुईवटा छन्। पहिलो हाम्रो गाउँठाउँको नदी, खोला, कुलोमा विष हालेर माछा मार्ने समूहलाई कसरी रोक्ने, दोस्रो बिजुली बत्ति नाम मात्रैको बल्छ। यी समस्याको समाधान कसरी गर्ने ?"

– यसरी खोलामा विष हालेको पानी खाँदा हाम्रा गाइवस्तु बिरामी भए। हाम्रै बालबच्चा खोलाको पानी खाएर मर्न सक्छन्।

- खोलामा विष हालेको माछा खाने व्यक्तिको स्वास्थ्यमा नराम्रो असर पर्छ भनेर किन नसोचेको होला ?

- त्यसरी विष हाल्दा जग्गा जमिन रुखबिरुवालाई पनि त हानि पुऱ्याउछ नि।

महिलाहरू पनि जोडतोडकासाथ सहभागिता जनाइरहेका थिए- "आउने आइतबारदेखि छोराछोरीको जाँच छ। मधुरो, नाम मात्रको बिजुली बलेर पढ्नै सक्या छैनन्। लाईनमात्रै भएर के गर्नु, लालटिन नबाली सुख्खै पाइन्न।"

करीब १ घण्टासम्म चर्काचर्की बहस चल्यो। छलफलको निचोड रह्यो, सबैको जानकारीको लागि सार्वजनिक स्थलमा साइनबोर्ड राख्ने, त्यसरी खोलामा विष हालेर माछा मार्ने समूहलाई आइन्दा एक हजार रुपैयाँ जरिवाना गर्ने। गाउँका दुईओटा मिल बेलुकी ६ देखि ९ बजेसम्म बन्द गर्ने, थप विद्युतीकरणको लागि विद्युत प्राधिकरणमा डेलिगेसन जाने। अर्को थप निर्णय पनि भयो, हलोसहित ट्रेक्टर हिडाउदाँ गल्ली पनि जोतिने भएकोले त्यसरी हलो उठाएर नलैजानेलाई जरिवाना गर्ने। अनुगमनको लागि नौ सदस्यीय समिति पनि बनाइयो र छिमेकी गाँउका बड्घरलाई पनि यसबारे जानकारी पठाउने निर्णय गरियो।

बड्घर मंगल चौधरी भन्छन् - "जनप्रतिनिधि नभएको यो अवस्थामा त्यसको परिपूरकको रूपमा हामीले गाउँ चलाएका छौ, हाम्रो निर्णय गाँउलेले सहज रूपमा लिएका छन्।"

ख्याल समूह

वर्षभरि गरिने सामाजिक कामको नेतृत्व गर्न थारु गाँउमा निकै पहिलेदेखि बड्घर बनाउने चलन छ। बड्घरलाई भलमन्सा, ककनदार पनि भनिन्छ। २०५८ साल मंसिरमा संकटकाल लागेपछि बर्दिया, राजापुर क्षेत्रको बड्घरहरूलाई माओवादीलाई खाना दिएर आश्रय दिएको आरोपमा सुरक्षाकर्मीले कुटपिट गऱ्यो भने बडघरको जनअदालतमा किन निर्णय गरेको भन्दै माओवादी पक्षले कारबाही गऱ्यो।

बड्घरहरूलाई काम गर्न अप्ठ्यारो भएपछि उनीहरू एकजुट भै ख्याल समूह गठन गर्न अग्रसर भए। ख्याल समूह गठन गर्नमा इन्सेकको "शान्तिका लागि अभियान" कार्यक्रमले सघायो। राजापुर (भौंराटप्पा) क्षेत्रको ११ गाविसमध्ये बदालपुर, मानपुरटपरा, खैरीचन्दनपुर, भिम्मापुर, राजापुर, दौलतपुर, मनाउ गाविसमा बडा र गाविस स्तरीय ख्याल समूह गठन भएको छ। सो अभियानका सहजकर्ता संयोजक श्याम नारायण चौधरीका अनुसार ख्याल समूहमा बड्घरलगायत पाका उमेरका व्यक्तिहरूको बाहुल्य भएपछि महिला, युवा र बाल समूह गरी छुट्टाछुट्टै समूह पनि गठन गरिएको छ। ती सबै समूहले आ-आफ्नो स्तरमा जनचेतना जगाउने अभियानमा लागि परेका छन्।

थारु भाषामा ख्याल भनेको बैठक हो। गाँउघरमा झैं-झगडा कुनै दैवीय विपत्ति परेपछि मात्रै बड्घरले बैठक डाक्ने गर्थे। तर ख्याल समूहको गठनपछि समस्या नआए पनि मासिक बैठक बस्न थालेको छ। यसले गाँउ घरको विकास -निर्माणमा टेवा पुगेको छ।

खैरीचन्दनपुर गाविस स्तरीय ख्यालका अध्यक्ष विष्णुराम चौधरी भन्छन्- "ख्यालमा विकास निर्माणको प्रसंग मात्रै होइन, हाम्रो परम्परागत नाचगान गीत जोगाउने छलफल पनि हुन्छ। संकटकालपछि नाचगान विरलै हुन्थ्यो। ख्याल समूह गठन भएपछि त्यसले निरन्तरता पाएको छ।"

बड्घरको बेगारी

एक दशक अघिसम्म सामाजिक काममा लागेबापत बड्घरको एकदिन धान रोपिदिन, काटिदिने गर्थे गाँउलेहरू। यसलाई बड्घरको घर बेगारी जाने भनिन्थ्यो। अहिले बड्घरले बेगारी लिन सकेका छैनन्।

दौलतपुर गाविस-७ का बड्घर ठग्गु थारु दुखेसो पोख्छन्- "बेगारी लिँदा गाउँलेले गुनासो गरे, त्यसैले बेगारी लिन छाडिदिएँ।" उनका बुबा हिरालाल थारुले बड्घर छाडेपछि बड्घरको जिम्मेवारी उनको काँधमा आइपऱ्यो। प्रत्येक वर्ष माघीमा नयाँ बडघर चयन गरिन्छ। लगातार दुई वर्ष बड्घर भएपछि ठग्गुलाई बड्घरको काम गर्न अप्ठ्यारो लागेर राजीनामा दिए। बड्घर बन्न कोही नमानेपछि चिट्ठा हालियो। ठग्गु भन्छन् "चिट्ठा पुनः मेरैमा परेपछि बड्घर बन्दिन भनेर सुखै पाइन।"

भिम्मापुर गाविस अर्न्तगत चैनपुरका पूर्वबड्घर पल्टू चौधरीलाई किन बड्घर छाडेको भन्दा शुरुमा उनले त्यसै छाडेको भनेर टारे। समूहको बैठकमा आएका छोटकरी भिम्मापुरका बड्घर लालबहादुर थारुले असलियत खोले "उहाँलाई २०६० चैतमा माओवादीले कारबाही गरेकोले बाध्य भएर छाड्नु भयो।

भिम्मापुर गाविस-७ रामपुरका बड्घर जागेश्वर चौधरीलाई पनि माओवादी जनअदालत हुँदाहुँदै किन गाउँघरको मुद्दा मामिला फैसला गरेको भनेर माओवादीले कुटपिट गरेका थिए। शान्तिको लागि अभियान कार्यक्रमका संयोजक सुशील चौधरी भन्छन् "माओवादीले आयोजना गरेको बैठकमा बड्घरहरूले आवाज उठाए- तपाँइहरूको ज्यादती सहन सक्दैनौ, अब सबैले बड्घर छाड्छौं भनेपछि बड्घरलाई कुटपिट गर्ने माओवादी कार्यकर्ताले गल्ती स्वीकारेर माफी मागे। त्यसपछि बड्घरहरूमा काम गर्ने विश्वास आयो।"

राजापुर क्षेत्रका (१० नं एरिया) नेकपा (माओवादी) का सहायक इन्चार्ज जीवन्त राजापुर क्षेत्रको ११ गाविसमा सुरक्षा क्याम्पबाहेक सबै जनता आफ्नो पक्षमा रहेको दावी गर्छन्। तर बड्घरको कतिपय कार्यशैली, निर्णय स्वीकार्न माओवादी पक्षलाई

पनि कर लागेको छ। त्यसो त स्थानीय राजपुर सुरक्षा क्याम्पले संकटकालताका वड्घरहरूलाई हायलकायल पारेपनि अहिले उनीहरूसँग सहयोगको याचना गरेको छ। गत कार्तिक तथा मंसिर ४ गते सुरक्षा क्याम्पले ११ गाविसकै वड्घरहरूलाई छलफलमा बोलाई शान्तिसुरक्षाका लागि साथ दिन अनुरोध गरेको छ।

भिम्मापुर-५ दीपनगरका बडघर तथा ख्यालसमूहका सदस्य धनबहादुर चौधरी भन्छन् "पहिले आफ्नै गाउँको सानो क्षेत्रको समस्या मात्रै हेरिन्थ्यो। ख्याल समूहमा आवद्ध भएपछि आफ्नो गाविसका सबै वडाका बडघरहरूसँग भेटघाट हुन्छ। नौ गाउँले एकै ठाउँमा भेला भएपछि समस्या समाधानका उपाय चाँडै भेटिन्छ। सहकार्य गरेर काम गर्दा हामीलाई सजिलो भएको छ।"

बडघरहरू ख्याल समूहमा आवद्ध भएको डेढ वर्ष मात्रै भयो। तर यस बीचमा उनीहरूले जनप्रतिनिधीहरूले उठाउने मुद्दा चिनिसकेका छन्। पहिले आफ्नै गाँउठाउँको साधनस्रोत मात्रै उपयोग गर्ने बडघरहरूले गाविसको बजेट फ्रिज हुन नदिन बजेटबारे चासो दिन थालेका छन्। भिम्मापुर गाविस स्तरीय ख्याल समूहले आगामी वर्षको गाविसको सबै बजेट विद्युत्तिकरणको लागि माग गरेको छ। बदालपुर गाविस स्तरीय ख्याल समूहका अध्यक्ष रामऔतार चौधरी भन्छन् "विद्युत्तिकरण मात्रै होइन बाटोघाटो, सरसफाई, स्वास्थ्यको क्षेत्रमा ख्याल समूहले सक्रियता देखिएको छ। द्वन्द्व पीडितका परिवारहरूलाई पनि ख्याल समूहले सक्दो मद्दत पुऱ्याएको छ।"

२०५२ फागुनदेखि माओवादी जनयुद्ध सुरु भएयता बर्दियामा राज्य पक्षबाट २५४ र माओवादीपक्षबाट ८६ गरी ३०४ व्यक्तिको मृत्यु भएको इन्सेकको तथ्याडमा छ। जसमध्ये राजापुर क्षेत्रमा मात्रै दुईसय बढीमा स्थानीय बसिन्दा मारिएको तथ्याङ्क रहेको इन्सेकका अधिकृत सुशिल चौधरीले जानकारी दिनु भयो। सो क्षेत्रमा अपहरण गरिएका दर्जनौ परिवारका सदस्य अपहरणमा परेको भन्ने तथ्याङ्कसमेत छैन। शान्तिका लागि अभियान कार्यक्रमका सहजकर्ता संयोजक श्यामनारायण चौधरी भन्छन्- "राजापुरका जनतामा खासगरी संकटकालताका भएको कारबाहीदेखि निकै डर पैदा भएको थियो। १२ किमी पूर्व कोठियाघाटमा सुरक्षाकर्मीको गाडी आएको खबरले मात्र खेतमा काम गरिरहेका जनता घरभित्र लुक्न बाध्य हुन्थे। स्थानीय बजार सुनसान हुन्थ्यो। जनता दोहोरो कुराकानी गर्न सक्दैनथे। गाविस भरिका बडघरहरू ख्याल समूहमा आबद्ध भएपछि मात्र उनीहरूमा माओवादी-सुरक्षाकर्मी दुबै पक्षसँग कुराकानी गर्ने आँट आएको छ।"

बडघरहरूलाई संगठित गर्ने क्रमको शुरुवातताका काम गरेको क्षण सम्झिदै भिम्मापुर गाविसका सहजकर्ता अशोक कुमार चौधरी जनाउँछन्- "गाउँमा नौलो मान्छे देख्यो कि गाउँलेहरू डराउँथे। सुरक्षाकर्मी हो कि माओवादी पक्षको हो। आफन्तहरूलाई पनि कार्यक्रमबारे बुझाउन गाह्रो भयो। बडघरहरूले कुरा बुझेपछि उनीहरूले गाँउलेलाई सम्झाउँदा अहिले राजापुर क्षेत्रको जनजीवन सहज बनेको छ। व्यक्तिगत होस् या आफ्नो गाउँको सामूहिक समस्या लिएर सरकारी निकाय तथा माओवादी कार्यकर्ताहरूसँग गाउँलेहरू निर्धक्क सवालजवाफ गर्न सक्ने भएका छन्।"

मनाउ गाविस स्तरीय ख्याल समूहका सचिव तथा लोहागढ गाउँका बडघर चालुराम चौधरीको अनुभवमा गाउँमा एकता राख्न, विकास निर्माणका सवाल उठाउन बडघरको सक्रियता अपरिहार्य छ। उनी भन्छन् "मुलुक जनप्रतिनिधीविहीन कहिलेसम्म हुने थाहा छैन। माओवादीले युद्धविराम कतिसम्मलाई गर्छन् त्यो पनि थाहा छैन। तर गाउँलेहरू सुख शान्तिका साथ बाँच्नु त पऱ्यो। त्यसैले गाउँलेहरूको अभिभावकको रूपमा बडघरले काम गर्नु परेको छ। हामीले नगरे कसले गर्ने ?"

ख्याल समूहमा हाल ८० जना बडघरको उपस्थिति छ। जसमध्ये आधा दर्जन गैरथारु समुदायको बडघर पनि रहेका छन्। मनाउ-५ प्रसेनीका बडास्तरीय ख्याल समूहका अध्यक्ष तथा बडघर वसन्तराज भट्ट थारुहरूको परम्परागत बडघर प्रणालीलाई डोऱ्याउन पाएकोमा दंग छन्। तर उनको दुखेसो पनि छ "यो परिस्थितिमा समन्वय गर्न गाह्रो छ। समूहको बैठकमा अगाडि केही भन्न नसकेपनि पिठ्यू पछाडि कुरा काट्छन्।"

माओवादीद्वारा धानको मूल्य निर्धारण

बडघरहरूको निर्णय शिरोधार्य गर्ने भने पनि माओवादीले आफ्नो एक पक्षीय निर्णय लाद्न भनेपछि परेका छैनन्। दुई साता पहिले कैलाली + वर्दिया (एरीया नं. १० इलाका नं. १) समितिले अघिल्लो सिजनमा राजापुर क्षेत्रको सार्वजनिक स्थल, पसलमा धानको मूल्य निर्धारण गरेको हाते पर्चा टाँसेका थिए।

मोटा धानको मूल्य गाउँमा ८०० देखि ८५० प्रति क्वीन्टल तथा मसिनो धानको मूल्य रु. ९५०।- देखि १०००।- प्रति क्वीन्टल तोकेको छ। त्यस्तै राजमार्गदेखि सदरमुकामसम्म मोटा धानको मूल्य रु. ८५०।- देखि ९००।- तथा मसिनो धानको मूल्य रु.१०००।- देखि १०५०।- तोकिएको छ। चामलको मूल्य मोटा रु. १४००।- देखि १४२५।- तथा मसिनो रु. १८००।- देखि माथि प्रति क्वीन्टल निर्धारण गरिएको छ। त्यस्तै प्रति विगहा खेत ट्रेक्टर जोताई रु. ६५०।- रेट कायम गरिएको थियो।

राजापुर क्षेत्रलाई थारु भाषामा भौरा टापु भनिन्छ। भौरा टापु ट्रेक्टर व्यावसायी समितिका उपाध्यक्ष बलबहादुर गुरुङले भने "डिजल रु. ३६ प्रति लिटर हुदा प्रति बिघा ट्रेक्टर खेत जोताई ५५०।- रुपैया थियो। अहिले १०० रुपैया नबढाउदा त हाम्रो पर्ता नै पर्दैन। धानको मूल्य निर्धारणमा भने आफू पनि किसान भएकोले चित्त बुझेको छैन।"

मानपुर टपरा गाविस- २ भोगपुरका एक किसानले नाम उल्लेख नगर्ने सर्तमा भने- "महंगो मूल्य हालेर बीउ, मलखाद किन्यो, जोतायो। तर माओवादीले एकतर्फी ढंगले मनपरी धानको मूल्य निर्धारण गरिदिंदा हामी किसानलाई साह्रै मर्का परेको छ। व्यापारीले भ्राउ बढाएर किन्न नपाएपछि उनीहरूलाई झन हाई सन्चो भएको छ।"

जाइकाको सहयोगमा नेपाल खाद्यसंस्थानको सबै भन्दा ठूलो राइस मिल राजापुरमा रहेकोमा तीन वर्ष पहिले माओवादीले मिलमा आगजनी गरेका थिए। पायक पर्ने मिल सञ्चालन नभएपछि कृषकहरूले सोचेको मूल्यमा धान चामल बिक्री गर्न सकिरहेका छैनन्। मिल सञ्चालन गर्न दिने निर्णय माओवादी पार्टीको छ कि छैन भन्ने प्रश्न राख्दा राजापुर क्षेत्र

हेर्ने (माओवादी) का एरिया सहायक इन्चार्ज जीवन्तले राजापुरमा त्यस्तो मिल भएको बारे आफूलाई थाहै नभएको बताए- "खै म यहाँ आएको ८ महिना भयो, यस बारेमा मलाई जानकारी भएन।"

चौरमा विद्यार्थी

बर्दियाका अन्य बजार क्षेत्रमा बोर्डिङ स्कूल सञ्चालनमा माओवादीको अवरोध छैन। तर राजापुर क्षेत्रमा बोर्डिङ स्कूल सञ्चालन गर्न दिइएको छैन। त्यसैले सरकारी स्कूलमा विद्यार्थिहरूको चाप तीन वर्षयता हृवात्तै बढेको छ। त्यस क्षेत्रमा सबैजसो विद्यार्थीलाई भवनको समस्या छ। विद्यार्थीहरू चौरमा बसेर पढ्न बाध्य छन्।

बर्दिया उद्योग वाणिज्य संघका सचिव नवराज खनाल दुखेसो पोख्छन् "बजारमा स्कूल नहुँदा हाम्रा ग्राहक स्वात्तै घटेका छन्। बोर्डिङ स्कूल चल्ने वातावरण भैदिए हुन्थ्यो।" डिएफआइडीको सहयोगमा गणेश मावि प्रसेनीपुर, मनाउमा कक्षाकोठा निर्माण हुदै गरेकोमा माओवादीले रोक लगाएको छ। सो विद्यालय व्यवस्थापन समितिका सदस्य सन्तोष पौडेल माओवादीले मनाउ गाविसलाई नमूना गाविस घोषित गरे पनि विद्यालय निर्माण गर्न किन रोक लगाएको होला भन्ने प्रश्न गरे, "मावि सञ्चालन गरेपछि चारवटा कक्षाका विद्यार्थी चौरमै बस्छन्। यो जाडोमा झुपडी नबनाई भा' छैन" सदस्य पौडेलले भने। सो क्षेत्रका एक जिम्मेवार माओवादी कार्यकर्ताले भने स्कूल निर्माणमा अवरोध नगरिएको बताए।

नेपाल राष्ट्रिय निमावि मंगलपुर, खैरी चन्दनपुरको हल र भवन इन्सेक तथा दलित सेवा संघले निर्माण गर्दै गरेकोमा माओवादी पक्षले अवरोध गरेको थियो। सो विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दयाशंकर रत्गैया पटक पटकको वार्तापछि बडो मुश्किलले विद्यालयको कोठा थप्न सकिएको बताए।

राजापुर क्षेत्रका नेकपा (माओवादी) सहायक इन्चार्ज जीवन्तले मानवअधिकार संस्थाको आड लिएर, कोही बाटो विद्यालय बनाउने निहुँले यस क्षेत्रमा छिर्न खोजेको बताउदै भने "सर्च्चा मानवअधिकारवादी संस्था हुन भने स्वायत्त सरकारमा दर्ता गर्न किन हिच्किचाउने ? दर्ता गराएर आए काम गर्न दिन्छौ।"

राजापुर क्षेत्रमा मुक्त कमैयाहरूको बसोबासको समस्या पनि टड्कारो छ। उचित्त बसोबासको अवस्थाको लागि दबाब दिन मुक्त कमैयाहरू यही कार्तिकको पहिलो साता राजापुर बजार नजिकै करीव ७ विगहा जग्गा कब्जा गरेका छन्। राष्ट्रिय वनको रूपमा रहेको छेदिया वनको नामले चिनिने त्यहाँ ९ सय ९४ घर परिवार बसिरहेका छन्। मुक्त कमैया समाजकी उपाध्यक्ष कृष्णी चौधरीले भनिन् "जनताको आवाज उठाउँछु भन्ने माओवादी तथा जनताको जिउ धनको सुरक्षा गर्छु भन्ने सुरक्षाकर्मी दुवै पक्षले यहाँबाट उठनु पर्छ भनेका छन्। सम्बन्धित पक्षले बस्ने ठाउँ देखाए यहाँ बस्ने हाम्रो रहर छैन।"

गाउँघरको बाटोघाटो, विद्युत्तिकरण, सरसफाई मुद्दामामिला मिलाउने काममा बडघरहरूले अग्रसरता देखाए पनि मुक्त कमैयाहरूको बसोबासको सवालमा उनीहरूको सहभागिता छैन। एक बडघरले भने "त्यो जटिल काम हो। हामीबाट सम्भव पनि छैन।" गाँउघरका विवाद मिलाउन सजिलो होस् भनेर बडघरलाई मध्यस्तकर्ता तालिम पनि दिइदै आएको छ। तालिमका प्रशिक्षकमध्ये एक नेपालगञ्ज मिडिया सेन्टरका प्रबन्धक एकराज चौधरी भन्छन् "बडघरहरू ख्याल समूहमा आबद्ध भएपछि सामूहिक कामबाट आएको रकम चुक्की (पिकनिक) जस्ता खानपिन कार्यक्रममा नलगाई विकास कार्यमा खर्च हुन थालेको छ। सरकारी बजेट योजना विकासमा उनीहरूले ध्यान दिन थालेका छन्। राजनीतिक सचेतता पनि बढेको छ। सम्पन्न र प्रभावशाली मात्रै बडघर बन्ने अवस्थाको अन्त्य भएको छ।"

अधिकाँश बडघरहरू पाका उमेर भएकोले शिक्षाको अभाव छ। एसएलसी पास बडघर नाम मात्रका छन्। त्यसैले नियम-कानुनको कुरा एकपल्ट सुने पनि बिर्सिन्छन्। आइए पास गरेका दौलतपुरका २१ वर्षीय रामलाल थारुले आफू बडघर बन्ने चाहना राखेको जनाउछन्। पहिले पहिले बैठकमा निर्णय मौखिक हुने गरेकोमा ख्याल समूहको निर्माण पछि बैठकको निर्णय रजिष्टरमा माइनुटिङ्ग गरिने गरिएको छ।

अधिकाँश गाउँमा जग्गाधनीका अधिया बटैया लगाउनेहरू पनि बडघरको भूमिका निभाई रहेका छन्। पूर्वगाविस जनप्रतिनिधीहरू बस्ने अवस्था नभएपछि बडघरको जिम्मेवारी अझ बढेको छ। पशुपतिनगर गाविसका पूर्व अध्यक्ष टेकबहादुर थारु गाँउमा बस्ने अवस्था नभएपछि उनी गुलरीया बजारमा स-परिवार चिया पसल गरेर बसिरहेका छन् "गाउँ फर्किने सोच बनाउदै थिएँ, दशैमा माओवादीले गोरु गाडा लुटेको सुनेकोले जाने आँट आएन।" चौधरी भन्छन्।

अघिल्लो युद्ध विराम सकिनु तीन दिन अगावै माओवादी कार्यकर्ताले थारु कल्याण कारिणीसभा बर्दियाका सभापति गोविन्द चौधरी तथा कोषाध्यक्ष परशुराम चौधरीलाई अपहरण गरे। गोविन्द चौधरी जिविस बर्दियाका मनोनित सदस्य पनि हुन्। सभाको जिल्लाअधिवेशन सदरमुकाम गुलरियामा मंसिर १५ गते हुने भएकोमा १४ गते बिहान सोरहवाबाट ती दुबैलाई अपहरण गरिएको थियो।

राजापुर क्षेत्रमा सञ्चालित शान्तिका लागि अभियान कार्यक्रमका संयोजक सुशील चौधरीको ठहर छ "मुर्दा शान्ति रहेको राजापुरमा थारुहरूको परम्परागत सामुदायिक संगठनलाई प्रयोग गर्दा राम्रो प्रतिफल रह्यो। वास्तवमा राजापुर क्षेत्रलाई बडघरहरले नै हाँकेका छन्।" मानपुर टपरा-५ भोगपुरका बड्घर चक्रबहादुर चौधरी राजापुरक्षेत्रको मुख्य समस्या अझैपनि ज्यूका त्यूँ रहेको बताउदै भन्छन "राजापुर क्षेत्रमा एकमात्र टेलिफोन लाइन भएकोले फोन गर्न दिन भरि कुर्नु पर्छ, हुलाक नहुँदा एउटा चिट्ठी खसाल्न असी रुपैयाँ खर्च गरेर सदरमुकाम पुग्नु पर्छ, छोटी भन्सार, इलाका प्रशासन, गाविस कार्यालय कुनै पनि छैनन्, गेरुवा नदीमा वर्षातमा एक मात्र विकल्प डुँगा तथा अघिपछि पन्टुनब्रिज हालिएपनि भरपर्दो छैन, ब्रिजमा प्वाल परेको सुनिएको छ। भौरा टापु बड्घरहरूको भरोसामा मात्रै अडिएको छ।"

परम्परागत संगठनलाई ब्युँताउँदा स्थानीय जनतामा देखिएको राम्रो नतिजाले उत्साहित भएर सो अभियान बर्दियाका थप गाविस, बाँके, दाड, सुर्खेत, कञ्चनुर, जाजरकोट, प्युठानमा समेत सञ्चलन गरिने भएको छ।

कृष्णराज चौधरी
राजापुर , बर्दिया

पूर्वी दर्शनमा मानवअधिकार अवधारणा

केशव पहाडी

मानवअधिकार मानवताको मुहान हो। एउटा मान्छेले मान्छेकारूपमा जीवन यापन गर्नका लागि उसले अधारभूत मानवअधिकारहरूको उपभोग गर्न पाउनै पर्दछ। यो उसको जन्मजात अधिकार हो। विना अधिकार मानिसले "क्षमता" प्राप्त गर्न सक्दैन। क्षमता नै मानिसको उर्जा हो। अनि अधिकारले नै मानिसलाई क्षमतावान वा सक्षम बनाउँदछ। मानव सभ्यताको उषाकालदेखि वर्तमानसम्मको मानव - अनुभवको श्रृङ्खलाको सार कुरा यही हो। मान्छे सामाजिक प्राणी हो। अर्थात् पारस्परिक निर्भरताको मान्यतालाई दह्रोसँग पक्डेरमात्र मानव सभ्यताको परिकल्पना गर्न सकिन्छ। वसुधैब कुटुम्वकम् अर्थात सिङ्गो पृथ्वी नै एउटा परिवार हो भन्ने सोचको आधुनिक रूप नै अहिलेको भूमण्डलीकरण हो। यसका लागि एउटा मान्छेले अर्को मान्छेलाई मद्दत र सम्मान दुवै गर्नु पर्दछ। यसो गर्नु भनेको एकले अर्कोको अधिकारको सम्मान गर्नु हो। एकले अर्काको अधिकारयुक्त बनाउन सहयोग पुऱ्याउनु हो। यस्तो भावना, वातावरण र व्यवहार चल्न खेल्न पाउने मानव संस्कृतिलाई नै मानवअधिकार संस्कृति भनिन्छ। अनि मानवअधिकार संस्कृतियुक्त समाज, राष्ट्र र विश्वको निर्माणमा लाग्नु भनेको मान्छेले मान्छेलाई सम्मान र सहयोग गर्ने संस्कारको विकासमा लाग्नु नै हो।

वर्तमान युगमा मानवअधिकार सबैका लागि खानै पर्ने तातो रोटी जस्तो भएको छ। अनि मानवअधिकारको अवधारणारूपी तातो रोटी चाँही हामीले पाश्चात्य दर्शनहरूबाट प्राप्त गरेको हो भन्ने मान्यता हाम्रो देशमा पनि बलियो हुँदै गएको छ। निश्चय पनि गएको वर्तमान शताब्दिमा मानवअधिकार आन्दोलनले पाश्चात्य दर्शन र देशबाट अधिकतम उर्जा र महत्व प्राप्त गरेको हो, तर यसको अर्थ अवधारणगतरूपमा नै यो अवधारण पाश्चात्य हो भन्नु भनेको चाँही आफ्नो आङ्को भैसी नदेख्ने अर्काको आङ्को जुम्रा देख्ने संस्कृतिले थिचिनु मात्र हो। हुन त यो उखानलाई नेपाली संस्कृतिमा अर्काको गल्ती देखाउने सूत्रकोरूपमा प्रयोग गर्ने गरिएको छ तर पनि आफूसँगै भएको ठूलो उपलब्धीलाई नदेख्ने तर अर्काको सानो उपलब्धीमा पनि मोहित हुने हीन मनोवृतिको व्याख्या गर्न पनि यो उखानलाई प्रयोग गर्न सकिन्छ। खासगरी भाषिक दृष्टिले अर्काको उपनिवेश हुँदै गएको पूर्वीय दर्शनले वेहोर्नु परेको जोखिमप्रति सजग गराउन एकजना कविले उहिल्यै लेखेको यो पंति वर्तमानमा हाम्रा लागि अति सान्दर्भिक छ।

आङ्गलाना तु को राजा कतिवाटं ब्यमूत्रयेत्।
इति सर्वे विजानाति नजानाति स्वकं गृहे।।

अर्थात् अंग्रेजहरूको मुलुक (अर्काको मुलुक) मा को को राजा छन् र तिनीहरूले दिनमा कति पटक मलमूत्र त्याग गर्दछन् भन्ने कुराको समेत हेक्का राख्नेहरू आफ्नै घरमा चाँही के के छ र के भइरहेको छ भन्ने कुराको सुँईकोसम्म पनि पाउँदैनन्। मानवअधिकारको अवधारणालाई विदेशी अवधारणा मान्ने र आफूलाई पूर्वीय सभ्यतामा हुर्के बढेका मान्छे भन्नेहरूका लागि उक्त भनाई नै पर्याप्त छ।

मानवअधिकार संस्कृतिको चुरो कुरो भनेको समानुभूति [Empathy] को सोच, वचन, र व्यवहार नै हो। जुन कुराको उल्लेख संस्कृत साहित्य र दर्शनमा हजारौं वर्ष पहिले भइसकेको थियो। -आत्मनः प्रतिकूलानि परेषां न समाचरेत) अर्थात् आफूलाई प्रतिकूल वा राम्रो नलाग्ने व्यवहार अरुसंग पनि गर्नु हुँदैन भन्ने सोच नै मानवअधिकार र मानव सम्मानको मुख्य श्रोत हो। संस्कृत भाषा र साहित्यलाई जजमानी गरेर पेट भर्ने माध्यमकोरूपमा प्रयोग गर्ने बाहुनवादी संस्कृतिले उक्त भाषा र साहित्यमा रहेको मानवअधिकार संस्कृतियुक्त समाजको निर्माणमा अत्यन्तै उपयोगी हुने उर्जाहरूलाई कहिल्यै बाहिर आउन दिएन। जसले गर्दा आफू स्वयं जे कुरामा धनी छौं त्यही कुरा अरुबाट मागेर काम चलाउन सकेकोमा नै हामी गर्व गरिरहेका छौं। मानवअधिकार संस्कृतिको मुख्य उर्जा भनेको परोपकारको संस्कार हो। जब की पूर्वीय दर्शनको सार कुरा भनेकै परोपकार संस्कृतिको संरक्षण र सम्वर्द्धन हो। हाम्रो संस्कृतिमा स्पष्ट लेखिएको छ।

अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम्।
परोपकार पुण्याय पापाय परपिडनम्।।

ब्यासद्वारा रचित अठार पुराणको मुख्य सार भनेको दुईओटा कुरा मात्र हो। पुण्य वा धर्मको अर्को नाम परोपकार हो भने पापको अर्को नाम परपीडन अथवा अर्कालाई दुःख दिनु हो। सम्पूर्ण धर्मको सार नै परोपकार हो भन्ने जस्तो पवित्र कुरालाई पूर्विय दर्शनलाई मागी खाने भाँडो बनाउन पल्केका बाहुनवादी पण्डाहरूले कहिल्यै उजागर गरेनन् र अहिले पनि उनीहरू त्यसो गर्न चाहिरहेका छैनन्। यसो नभएर परोपकार संस्कृतिले फस्टाउने मौका पाएको थियो भने सारा पश्चिमी मुलुकहरूले मानवअधिकार संस्कृतियुक्त समाजको निर्माणका लागि गरिने र भैरहेका आन्दोलन र प्रयासका लागि हामीलाई नै गुरु थाप्नु पर्दथ्यो। तर हामी त मानवअधिकारको पक्षमा भएका राम्रा राम्रा भनाइहरूको पाठ गरेर जीविका गुर्जानमा नै ब्यस्त रह्यो जस्ले गर्दा आफूसँगै भएका अनमोल रत्नहरू अन्यत्र खोज्नमा हाम्रो समय र साधनको ठूलो अपब्यय भयो र अहिले पनि भइरहेको छ।

सिङ्गो धर्तीमा रहेका मान्छेहरूको हित र सम्मानको पक्षमा उहिल्यै लेखिएको यो नीतिवचन हेरौ तः -

सर्वे भवन्तु सुखिनः सर्वेसन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चित दुःखभारजनः।।

सबै मानिसहरू सुखी होऊनु, सबै मानिसहरू निरोगी होऊन, सबै

मानिसहरूले सधैं कल्याण (सुख समृद्धि) को भोग गर्न पाउन अनि कसैले पनि कुनै पनि प्रकारको दुःख र अपमान सहनु नपरोस्।

हाम्रो देशको जेठो पत्रिका गोर्खापत्रको टाउकामा प्रत्येक दिन दोहोरिरहने यी भनाइहरूमा हाम्रो आँखा परे पनि मनन गर्न भने सकेनौ। तर यही आशयका अंग्रेजी भनाइहरू बुझ्न हामीले हाम्रो धेरै समय र पैसा खर्च मात्र खर्च गरिरहेका छैनौं। विदेशीलाई गुरू थापेर पूज्ने पनि गर्दछौं। मानवअधिकारको व्यवस्थापन, संरक्षण र सम्वर्द्धनको अभियानमा लागेका हामी नेपालीहरूका लागि जजमानी संस्कृतिले थिचेको हाम्रो समाजलाई रूपान्तरण गर्न संस्कृत भाषाका श्लोकहरू जति प्रभावकारी हुन सक्दछन् अरु भाषाबाट सापट लिएका "राम्रा कुराहरू" पनि त्यति प्रभावकारी नहुन सक्दछन्। हाम्रो समाजमा मानवअधिकार विरोधी संस्कृतिलाई हुकाउनेहरूले संस्कृत भाषा र संस्कृतिलाई हतियारकोरूपमा सदियौंदेखि प्रयोग गर्दै आएका छन्। जसको आडमा धेरै श्राद्धहरूमा अनावश्यकरूपमा बिरालाहरू बाँधिदै आएका छन्। जातपात् र लैङ्गिक विभेदको संस्कृतिलाई हुर्काउन पेटपालनका लागि पुरोहित्याँइ गर्नेहरूले पूर्वीय संस्कृतिको दुरूपयोग आज पनि गरिरहेकै छन्। सांस्कृतिक रूपान्तरणको माध्यमबाट मानवअधिकारको अभियानलाई अघि बढाउन हाम्रो आफ्नो धर्म र संस्कृतिलाई चोटिलो हतियारकारूपमा प्रयोग गर्न आजपनि हिचकिचाई रहेका छौं। जसले गर्दा भाषिक दृष्टिले आफैं उपनिवेशवादी संस्कृतिको शिकार भएका हामीहरू एकपछि अर्को गर्दै परनिर्भरताको अनन्त गहिराईतर्फ धकेलिइरहेका छौं। यो अवस्थामा त्यही भाषा र संस्कृतिभित्र भएका राम्रा कुराहरूलाई मानवअधिकार संरक्षण र सम्वद्धन गर्न प्रयोग गर्नु पर्दछ।

मानवअधिकार संस्कृतिको सबैभन्दा ठूलो बाधक तत्व भनेको हामीमा रहेको "निरपेक्ष निजी स्वार्थ" को भावना नै हो। यसले हामीलाई परोपकारतर्फ होइन "मै खाउँ मै लाउँ" को संस्कृति निर्माण गर्ने वाटोतर्फ अग्रसर गराइरहेको छ। त्यो स्वार्थी संस्कारको केन्द्रबिन्दुमा धनसम्पत्ति मान- सम्मानप्रतिको लोभ रहेको छ अर्थात आफू धनी र मान्य हुनका लागि हामी अरुलाई तन्नम बनाउन, अरुको अपमान गर्न लेसमात्रपनि हिचकिचाउँदैनौं। त्यस्तो घोर मानवता र मानवअधिकार विरोधी भावनाउपर चोटिलो प्रहार गर्दै वेदब्यासले श्रीमद्भागवतमा उहिल्यै उद्घोष गरेका थिए।

यावत् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम्।
अधिकम् योऽभिमन्येत सस्तेनो दण्डर्महाति।।

जति सम्पत्तिले एउटा मानिसको गुजारा चल्दछ त्यति सम्पत्ति मात्र उसले आर्जन गर्नु पर्छ। यो भन्दा बढी धनसम्पत्ति आफूसँग राख्न जो चाहन्छ त्यो समाजका लागि चोर समान भएको हुनाले त्यसलाई राज्यले दण्ड दिनुपर्छ।

सम्पत्तिको अप्राकृतिक केन्द्रिकरणका कारणले विश्वमा मौलाउँदै गएको शास्त्रीय पूँजीवादी पद्धतिको विरुद्धमा विद्रोहको शंखघोष गर्ने मनिषी कार्लमार्क्सको दास क्यापिटलले दिएको सन्देश र वेदब्यासको उक्त सन्देशमा व्यक्त भावनाहरू उस्तै छन्। फरक यत्ति हो, कार्लमार्क्सले सूत्रमा लेखेका कुराहरूलाई उनका चेलाहरूको ब्याख्या विश्लेषण गर्दै शास्त्रीय पूँजीवादका खराबीहरूका विरुद्धमा अभियाननै चलाए। जस्ले गर्दा सन् १९३० को महान आर्थिक मन्दी पछिको दिनहरूमा पूँजीवादले आफूलाई सुधार गरेर श्रमिकहरूको पक्षमा उभ्याउन बाध्य हुनु पर्‍यो। विश्व श्रम संगठन यसको ताजा प्रमाण नै हो। तर वेदब्यासद्वारा रचित भागवत पाठ गरेर पेट पाल्न पल्केका पण्डाहरूले भने मानवता र मानवअधिकारको पक्षमा रहेको उक्त श्लोकमा अर्न्तनिहित लोभीपापीहरूप्रतिको चरम घृणालाई बारम्बार पाठ चाँही गरिरहे र अहिले पनि गरिरहेका छन्। अनि ती पण्डाहरू नै महिर्षि कार्लमार्क्सलाई धर्म विरोधी व्यक्तिकोरूपमा चित्रण गरिरहेका छन्। वास्तवमा पाश्चात्य मुलुकहरूमा त्यहाँको दर्शन र अन्य मुलुकहरूको दर्शनलाई बीउकारूपमा संरक्षण गर्ने र त्यसलाई बढी भन्दा बढी ठाउँमा छरेर राम्रा कुराहरूको बाली सपार्ने संस्कृतिको विकास भएको छ। पाश्चात्य संस्कृतिमा मानवअधिकार फस्टाउनुको मूल कारण यही हो। तर हामीहरू भने आफ्नै र अर्काको संस्कृतिबाट प्राप्त गरेका राम्रा कुराहरूलाई बीउ झैं संरक्षण गर्ने र बाली लगाउनेतर्फ भन्दा पनि बीउलाई भुटेर खाने संस्कृतिलाई हुर्काउदै आएका छौं र त्यो काम अहिलेपनि जारी छ। भरमाररूपमा आफनै भाषा र संस्कृतिमा छरिएर रहेका मानवअधिकार संस्कृतिको पक्षपोषण गर्ने कुराहरूलाई नचिनेर र नखोजेर केवल अरुको पछि लाग्दै जानु यसको ठोस प्रमाण हो।

हुनपनि हाम्रो मुलुक गजबको नै छ। साधन र श्रोतको दृष्टिले हाम्रो देश नेपाल संसारकै धनी राष्ट्रहरूमा पर्न सक्दछ। तर हामी नेपालीहरू भने संसारकै गरीब मानिसहरूको कोटीमा पर्दछौं। हाम्रो भाषा र संस्कृति संसारकै प्राचिनतम् भाषा र संस्कृतिमा पर्दछन्। अनि ज्ञानगुनको अनन्त भण्डारकोरूपमा हाम्रो भाषा र संस्कृतिलाई अरुलेसमेत मान्ने गर्दछन्। हाम्रो भाषा र संस्कृतिका विद्वानहरूको कमी पनि हाम्रो मुलुकमा छैन तर देशमा बिजुलीको आपूर्ति बढाउनका लागि विदेशबाट बिजुली आयात गर्ने काममा लागेका हामी नेपालीहरू हामी आफूसँगै भएको मानवअधिकार संस्कृतिको अनन्त भण्डारलाई नचिनेर अनि चिनेर पनि उपयोग नगरेर मानवअधिकार संस्कृतिको आयात गरेर गौरवान्वित भइरहेका छौं।

आजसम्म जे भयो, भयो। विगार धेरै भए पनि सम्पूर्णरूपमा बिग्रिसकेको छैन। प्रशंसायुक्त सकारात्मक खोज संस्कृतिको अनुशरण गरौं। आफ्नै भाषा र संस्कृतिमा भएका राम्रा राम्रा कुराहरूको खोज गर्ने, उपयोग गर्ने र अरुलाई पनि बाँड्ने काममा लगौं। यसो गर्नका लागि अरु भाषा र संस्कृति सिक्ने हाम्रो ईच्छा न त बाधक नै हुन्छ न त अरु भाषा र संस्कृतिप्रतिको हाम्रो सद्भावमा कमी आउँछ। हाम्रो आफ्नै भाषा र संस्कृतिलाई माया गर्ने र बलियो बनाउने अभिष्ट पनि पूरा हुन्छ। मानवअधिकार संस्कृतियुक्त समाजको निर्माणमा यो भन्दा राम्रो सोच र प्रवृत्ति अर्को हुनै सक्दैन।

पुस्तक परिचय



बाँसका लठ्ठी र प्लास्टिकका पाइपले पिट्ने,बुटले हान्ने, कानमा विद्युतीय झड्का दिने, फलामका रडले हान्ने, तिघ्रा र खुट्टामा उफ्रिने,निरन्तर उभिन लगाउने पैतालामा कुट्ने,आँखामा पट्टी बाँधेर लामो समयसम्म राख्ने जस्ता यातनाका तरीकाहरू सँयुक्त राष्ट्र संघका यातना सम्बन्धी विशेष समाधीक्षक म्यानफर्ड नवाकले ०६२ भदौ २५ गतेदेखि ३१ गतेसम्म नेपाल भ्रमणको क्रममा बुझे।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र शाही नेपाली सेनाद्वारा योजनाबद्ध रूपमा यातना दिने गरिएको र कानुनी मान्यतालाई बेवास्ता गरिएको निष्कर्षमा आफू पुगेको नवाकले संयुक्त राष्ट्रसंघ सम्बन्धी विशेष ६२ औं सभामा प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ।

उक्त प्रतिवेदनको सारांशका साथै यातना विरुद्ध समितिले नेपालका सन्दर्भमा दिएको निष्कर्ष, सरकारद्वारा समितिमा प्रस्तुत दोश्रो, तेश्रो र चौथो प्रतिवेदनको सारांश र तिनको वैकल्पिक प्रतिवेदन पनि मानवअधिकार सन्धि अनुगमन समिति (सचिवालय इन्सेक) द्वारा प्रकाशित यस पुस्तक मा समावेश गरिएको छ ।

इन्सेक अध्यक्ष सुबोधराज प्यकुरेलको यो भनाइले नै पुस्तकको उपादेयता प्रष्ट पार्छ "बहुदलीय बहुदलीय व्यवस्थाको पुनर्स्थापनाको डेढ दशकपश्चात् पनि नेपालमा यातना व्यापक र योजनाबद्ध अवस्थामै रही रहेको तथ्य राष्ट्रिय अन्तराष्ट्रिय मानवअधिकार संस्थाहरूले उजागर गर्दै आएका छन्। संयुक्त राष्ट्रसंघका यातनासम्बन्धी विशेष समाधीक्षकको प्रतिवेदनमा पनि यस्तो अवस्थाप्रति दुःख व्यक्त गरिएको छ। यातनाविरुद्धको महासन्धिसम्बन्धी संयुक्त राष्ट्रसंघीय समितिको ०६२ कार्तिकमा बसेको पछिल्लो बैठकको निष्कर्ष र सुझावमा पनि यी सवालहरूलाई प्रष्ट शब्दमा उठाइएको छ। समितिले संसद्को अभावका कारणसमेत महासन्धिका प्रावधानहरू लागू हुने सवालमा जटिलता उत्पन्न भएको तथ्य औंल्याएको थियो। तर आजको नेपालमा जनताको शक्तिका आधारमा प्रतिनिधिसभा पुनस्थापित भइसकेको छ। यस्तो परिस्थितिमा नेपालमा यातनालाई उन्मूलन गर्ने अभियानले नयाँ उर्जा प्राप्त गरेको छ। हामी त्यही नयाँ उर्जाका साथ मानवअधिकार अभियानलाई अघि बढाउन उत्साहित भएर यो सानो पुस्तिका प्रकाशन गरेका छौं।"

यातना क्षतिपूर्ति ऐन २०५३ मा रहेका कमी कमजोरी हटाउन र यातना विरुद्ध महासन्धिको इच्छाधीन आलेखलाई नेपालले तत्काल अनुमोदन गर्नुपर्छ भन्ने अवधारणालाई सशक्त बनाउन पुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ।

पुस्तकको नाम : *यातना विरुद्धको महासन्धि र कार्यान्वयन स्थिति*
पृष्ठ ६५
प्रकाशक : सन्धि अनुगमन समन्वय समिति सचिवालय इन्सेक

लघुकथा

भ्वाङ

सुधीर यादव

साँझ घर फर्किनासाथ उसको मूड खराब भयो। बैठकमा बसेर उसको बाबु सुरुवाल सिउन लागेको थियो। अधिल्लो दिन पनि उ झर्किएको थियो, "के बिजोक गरेर बसेको हो यो ? काम न काजसँग। अरु कसैले देखे भने कस्तो बेइज्जत। अर्काको भए पनि इज्जतको ख्याल त गर्नु पर्छ नि मान्छे भएपछि। यत्रो भ्वाङ परेको सुरुवालको पनि कत्रो माया हो।"

बाउले इज्जत राख्दै भन्यो, "हेर न बाबु। अलिकति घुँडामा प्वाल परेको रहेछ। सिएर काम चल्छ।"

उसले बाबुको हातबाट सुरुवाल खोस्यो र आफ्नो कोठाको कुनामा फ्याँकिदियो। आमा बितेपछि बाबु बेला बेलामा गाउँबाट आइरहन्छन्। नभए दशैंको बेला घर जाँदा मात्र भेटघाट हुने गर्दथ्यो। पहिले पहिले घर कहाँ भन्दा उ गाउँ र जिल्लाको नाम लिने गर्दथ्यो। आजकाल भने यही "काठमाडौं हो भन्ने गर्छ। काठमाडौंमा घर हुनाको बेग्लै सान छ। यस्तो सान देखाउने मौका मिलेको दुई वर्षमात्र भयो। वर्षौं-वर्ष डेरा खोज्ने र सर्ने झन्झटबाट उ मुक्त भएको थियो। तीनकोठे भए पनि घर भनेको घर नै हो।

गाउँमा उसको बाबुले आफन्तसँग फूर्ति गर्न पाएको थियो, "'शहरँ' छोराले घर बनाछ। चर्पी बनाउने खर्च नपुगेर मैले पच्चीस हजार पठाइदिएँ।" पैसाको बन्दोबस्त गर्न एक रोपनी बारी बेच्नु परेको दुःख बाबुले यसैगरी छोप्ने गर्दथ्यो। सन्चो बिसन्चो बुझ्न बाबु बेला बेलामा छोराकहाँ आइरहन्थ्यो। त्यतिखेर उसको बैठक कोठा पाहुना कोठामा परिणत हुने गर्दथ्यो। बाबु भने बैठकमा बसेर प्वाल परेको सुरुवाल टाल्दै थियो। उ मनमनै मुर्मुरायो- कस्तो ताल न सुरको मान्छे होला। एउटा जाबो सुरुवालको पनि त्यत्रो माया। छि ! मान्छेले देख्यो भनेपनि के भन्लान् ? अधिकृत जस्तो मान्छेको बाबु रे ! सुरुवाल टालेर बस्दा रहेछन्। उसले तीन चार जोर सुरुवालको कपडा किनेर ल्याउने निधो गऱ्यो।

भोलिपल्ट घर फर्कंदा उसको झोलामा सुरुवालको कपडा थिएन। सुरुवालको कपडा किन्न गएको पनि हो। बजारमा एकजना नेताजी भेट भयो। सुब्बाबाट बढुवा गर्न नेताजीले निकै सहयोग गरेका थिए। आजकाल मान्छेहरूको विश्वास गर्न अप्ठेरो पो छ त। पैसा खर्च गऱ्यो। काम पनि हुन्न। तर, नेताजी त्यस्ता थिएनन्। उसको बढुवा भयो। नभए अझै सुब्बा साप' भनेर चिनिनु पर्दथ्यो। नेताजीलाई सत्कार गर्न क्याबिन रेस्टुरातिर लगेको, दुई घण्टा र दुई हजार कसरी सकियो पत्तै भएन। नेताजीसँग छुट्टिएर सुरुवालको कपडा किन्न पसलभित्र छिरेकोमात्र के थियो , उसले झुण्ड्याइ राखेका तयारी सुरुवाल कुर्ता देख्यो। नयाँ डिजाइनको रहेछ। पैसा पनि सस्तै हो। उसले दुई तीन जोर किन्यो। एक आध पेग खाँदा त स्वास्नीले चाल पाउँथी। नेताजीको करले अलि बढी नै भयो। कुर्ता सुरुवाल देखेपछि नरिसाउली।

घर फर्कनासाथ उसले देख्यो, बाबु त्यही सुरुवाल लगाएर बसेको थियो जुन हिजो उसले फ्याँकिदिएको थियो। उ झनक्क रिसायो, "ल, अहिले नै खुरुक्क खोलिहाल्नुस्, त्यो सुरुवाल। लुगै नभएको जस्तो। अर्काको बेइज्जत गर्ने। "

हाकिम छोराको रिस देखेर बाबुले चुपचाप सुरुवाल खोलेर दिँदै भन्यो, "मेरो सबै भन्दा नया सुरुवाल यही हो बाबु।"

छोराले सुरुवालको प्वाल हेऱ्यो- अधिल्लो दिनको भन्दा ठूलो भएको रहेछ।

कविता

शब्दकोष

- विमल निभा

हिजोआज शब्दहरूले
एउटै अर्थ दिन थालेका छन्
उदाहरणको लागि
तपाई संसदलाई संसद् भन्नोस्
अथवा सुपर मार्केट
आन्दोलनलाई आन्दोलन भन्नोस्
अथवा धोका
मनीषीलाई मनीषि भन्नोस्
अथवा गड्यौंला
संविधानलाई संविधान भन्नोस्
अथवा चुटकिला
साहुकारलाई साहुकार भन्नोस्
अथवा रक्तजीवी
विचारलाई विचार भन्नोस्
अथवा वीर्यपात
नायकलाई नायक भन्नोस्
अथवा भारदार
न्यायलाई न्याय भन्नोस्
अथवा गाली
भद्रजनलाई भद्रजन भन्नोस्
अथवा दलाल
झण्डालाई झण्डा भन्नोस्
अथवा मखुण्डो
सिंहदरबारलाई सिंहदरबार भन्नोस्
अथवा जुवाघर
व्यवस्थालाई व्यवस्था भननोस्
अथवा जङ्गल
रक्षकलाई रक्षक भन्नोस्
अथवा अपराधी
राजनीतिलाई राजनीति भन्नोस्
अथवा ठेकेदारी
देशलाई देश भन्नोस्
अथवा वधस्थल
कुनै फरक पर्नेछैन
चलाखी, महल, सिद्धान्त
जननायक, साइकल, लामखुट्टे
बहुमत, घुस, घास
दुङ्गा, कफर्यू, फूल
पहलमान, वंशावली, रात
बारुद, लाइसेन्स, जय नेपाल
समीकरण, गमला, गीत
मन, कमरेड, दमकल
पासपोर्ट, मानिस, हिमाल
पार्टी, श्रीपेच, खेल
दलबदल, आलोचना, पैसा
अभियान, बल, समाजवाद
अमेरिका, भकारी, अविश्वास
इतिहास, कूटनीति, दलदल आदिमा
अब कुनै भेद छैन
म निरन्तर पाना पल्टाएर हेरिरहेछु
लोकतन्त्रको शब्दकोशमा
शब्दहरूले अर्थ हराएकाछन्।

साभार : नेपाली कविता डट कम

मानवअधिकार सामान्य ज्ञान

तलका प्रश्नहरुको ठिक उत्तरमा ठिक चिन्ह लगाउनुहोस ।

१. संयुक्त राष्ट्र संघको आह्वानमा कहिले अन्तर्राष्ट्रिय आदिवासी दिवश मनाइयो ?
क. सन् १९९३ मा ख. सन् १९९७ ग. सन् १९६६ घ. सन् १९७५

२. संयुक्त राष्ट्र संघको आह्वानमा कहिले अन्तर्राष्ट्रिय वृद्ध वर्ष मनाइयो ?
क. सन् १९९९ ख. सन् १९९१ ग. सन् १९९० घ. सन् १९८९

३. नेपालमा कहिले मानवअधिकार आयोग ऐन बनेको हो ?
क. सन् २००० मे २६ ख. सन् १९९९ मे २६ ग. सन् १९९७ मे २६ घ. सन् १९९६ मे २६

४. संयुक्त राष्ट्र संघले सम्पूर्ण आप्रवासी श्रमिक तथा उनीहरुको परिवारका सदस्यहरुको अधिकार रक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी कहिले पारित गरेको हो ?
क. सन् १९५० मा ख. सन् १९९० डिसेम्बर १८ मा ग. सन् १९९५ मा घ. सन् १९६४ मा

५. यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धी संयुक्त राष्ट्रसंघको साधारणसभाले कहिले पारित गरेको हो ?
क. सन् १९८७ को डिसेम्बर १८मा ख. सन् १९८५ को डिसेम्बर १४ मा ग. सन् १९९० डिसेम्बर १६ मा
घ. सन् १९८४ डिसेम्बर १० मा

६. संयुक्त राष्ट्रसंघको महासभाले कहिले विकासको अधिकार सम्बन्धी घोषणापत्र जारी गरेको हो ?
क. सन् १९८६ डिसेम्बर ४ मा ख. सन् १९८७ डिसेम्बर १२ मा ग. सन् १९८८ डिसेम्बर घ. सन् १९९० को डिसेम्बर १५ मा

७. प्रत्येक व्यक्तिलाई विचार स्वतन्त्रता र प्रकाशनको अधिकारलाई मानवअधिकारको विश्वव्यापी घोषणा पत्रको कुन धारामा उल्लेख गरिएको छ ?
क. धारा २० ख धारा २४ ग. धारा १९ घ. धारा १३

८. "राष्ट्रिय स्वतन्त्रता खोस्न चाहने कसैले वाक स्वतन्त्रता हनन गरेर आफ्नो काम शुरु गर्दछ" यो कस्को भनाइ हो ?
क. पुष्पलाल श्रेष्ठ ख. वी पी कोइराला ग.अमेरीकी पूर्व राष्ट्रपति विल क्लिन्टन
घ. अमेरिकी संविधानका एक मस्यौदाकार बेञ्जामिन फ्रेंकलिन

९. अफ्रिकाको विण्डोकमा भएको एक सम्मेलनले प्रेश स्वतन्त्रतालाई फराकिलो पार्नका लागि घोषणापत्र पारित गरेको थियो त्यो कहिले थियो ?
क. सन् १९९१ मा सने ख.सन् १९९० मा ग. सन् १९९२ मा घ. सन् १९९३ मा

१०. विण्डोक घोषणापत्र जारी भएपछि हरेक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने गरिन्छ त्यो कुन मितिमा पर्छ ?
क. जनवरी ३ ख. मार्च ३ ग. मई ३ मा घ. अगष्ट ३

११. कुन देशमा सन् १९७१ को नेभेम्बर २४ र २५ का दिन भएको अन्तर्राष्ट्रिय सम्मेलनले पत्रकारहरुको अधिकार र दायित्व सम्बन्धी घोषणपत्र जारी गरेको थियो ?
क. बेलायतको लण्डनमा ख. फ्रान्सको पेरिसमा ग. डेनमार्कको कोपनहेगनमा घ. जर्मनको क्युनिखमा

१२. नेपालमा पहिलो पल्ट क्षतिपूर्ती सम्बन्धी ऐन कहिले बनेको हो ?
क. २०५३ सालमा ख. २०५६ सालमा ग. २०५७ सालमा घ. २०५८ सालमा

१३. खेलकुदमा रंगभेद विरुद्धको अधिकारलाई संयुक्त राष्ट्रसंघले कहिले पारित गरेको हो ?
क. सन् १९८८ मा ख. सन् १९८७ मा ग.सन् १९८६ मा घ.सन् १९८५ मा

१४. संयुक्त राष्ट्रसंघीय मानवअधिकार समिति कहिले स्थापित भएको हो ?
क. सन् १९७६ ख. सन् १९८७ ग.सन् १९७७ घ. सन् १९९०

१५. संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिमा कति जना सदस्य हुन्छन् ?
क. १५ जना ख. १८ जना ग. २१ जना घ. २७ जना

१६. पहिलो पटक बेलायतमा महिलाहरुले मतदान गर्ने अधिकार कहिले प्राप्त गरेका हुन् ?
क. सन् १९३५ मा ख. सन् १९१५ मा ग. सन् १९१८ मा घ. सन् १९२५ मा

१७. पूर्वी यूरोपमा मानवअधिकारको सांकेतिक तगारोको रुपमा रहेको वर्लिनको पर्खाल कहिले ढलेको हो ?
क. २८-७ सेप्टेम्बर २००० ख. सन् १९८९ को नोभेम्बरमा ग. २८-७ सेप्टेम्बर २००३ घ. २८-७ सेप्टेम्बर २००४

१८. नेपालमा कहिले र कसले यातना क्षतिपूर्ती ऐन पारित गरेको हो ?
क. २०५३ मा संसदबाट ख. २०५४ मन्त्रिपरिषद्बाट ग. २०५५ मा संसदबाट घ. २०५६ मा संसदबाट

१९. यातना रोकथामका लागि राष्ट्रिय स्तरमा एक वा एकभन्दा बढी स्वतन्त्र राष्ट्रिय प्रतिरोधात्मक प्रणालीहरुको स्थापना गर्न सकिने व्यवस्था इच्छाधीन आलेखको कुनकुन धारामा उल्लेख गरिएको छ ?
क. धारा १५ र १६ मा ख. धारा ३ र १७ मा ग. धारा १९ र २० मा घ. धारा २२ र २३ मा

२०. यातना विरुद्धको महासन्धिलाई सही रुपमा पालना गर्न र महासन्धिको उद्देश्य प्राप्तिका लागि नियन्त्रण प्रणालीको विकास गर्नका लागि इच्छाधीन आलेखलाई संयुक्त राष्ट्रसंघको महासभाबाट कहिले पारित गरेको हो ?
क. सन् १९७६ १८ डिसेम्बर ख. सन् २००३ डिसेम्बर १८ ग. सन् २००२ डिसेम्बर १८ घ. सन् १९९० डिसेम्बर १८

उत्तर : क, क, ग, ख, घ, क, ग, घ, क, ग, घ, क, घ, ग, ख, ग, ख, क, ख, ग

प्रस्तोता : शिव खकुरेल

प्रेसले द्वन्द्व समाधानको प्रयासलाई मद्दत पुऱ्याउन सक्छ

नेपाली सञ्चारमाध्यमबारे समय-समयमा टिकाटिप्पणी भइरहन्छ- यो मर्यादित भएन, उच्छृङ्खल छ, आफ्नो दायित्व निर्वाह गर्न गम्भीर छैन । उता सञ्चारकर्मीको आफ्नै गुनासो छ- प्रेस स्वन्त्रत छैन । यिनै विषयमा प्राचीका लागि वरिष्ठ पत्रकार एवं आमसञ्चारविद् रामकृष्ण रेग्मीसँग ०६३ वैशाख ११ गते अगाडि मदन पौडेलले गर्नु भएको प्राची वार्ता ।

वर्तमान समयमा हाम्रो देशमा प्रेस स्वतन्त्रताको अवस्था कस्तो छ ?

अहिले प्रेसको अवस्था दयनीय छ। किनभने यसकालागि आवश्यक पर्ने जुन स्वतन्त्रताको मूल्य र मान्यता छ , त्यसको राम्ररी अभ्यास गरिएको छैन। प्रेस स्वतन्त्रता भनेको प्रेसले पत्रिका छाप्न पाउने, रेडियोहरूले कार्यक्रम प्रसारण गर्न पाउने मात्र होइन समाचारदाता र सम्पादकहरूले आफ्नो काम निर्धक्क गर्न पाउने स्थितिलाई प्रेस स्वतन्त्रताको अवस्था भनिन्छ।

सञ्चरकर्मीले गरेको कामको कारणले कुनै प्रशासकले केही सोधपुछ गर्ने, उसलाई थुन्न सक्ने, उसको कार्यालयमा बिनाअनुमति आएर कुनै गतिविधि गर्नसक्ने जस्ता भाव सञ्चारकर्मीमा आइरहने वातावरण रहेको अवस्थामा प्रेस स्वतन्त्रता छ भन्न सकिँदैन।

सञ्चारकर्मीलाई अन्य नागरिकको तुलनामा थप अधिकार हुन्छ भन्न खोज्नु भएको हो त ?

समाचारदाता र सम्पादकहरूले पाउने अधिकार अरू नागरिक सरह नै हो। उनीहरू पनि आम नागरिक नै हुन्। तर उनीहरूको कामको प्रकृतिको आधारमा उनीहरू विशेष देखिएका मात्रै हुन्।

भारत, बेलायत र अमेरिकामा भन्दा नेपालमा प्रेस स्वतन्त्रता बढी नै छ भन्ने अभिव्यक्ति पनि पाइन्छ नि त ।

त्यो भनाइ मात्र हो। अमेरिकामा लेखेको कारणले कोही दण्डित भयो भने त्यो गम्भीर विषय बन्दछ। अमेरिका र बेलायतको उदाहरण दिनेहरूले पत्रकारहरूको मनमा भय छ कि छैन भनेर पनि विचार गर्नु पर्‍यो। त्यहाँ भय छैन, नियमानुसार काम गर्नेहरूले काम गरिरहेका हुन्छन्। नेपालको परिस्थितिमा भने मूल कुरा नै भय हो। कति खेर प्रशासनले के गर्ने हो त्यस्तो भयातुर अवस्थामा कसरी काम गर्ने ? अहिले जारी अध्यादेशले सूचना प्रवाह गर्ने कामलाई नै दण्डित गर्न खोजिएको छ। अमेरिका र बेलायतमा सूचना रोक्ने प्रयास नै हुँदैन।

नेपालमा सरकारले बेलाबखत के आरोप लगाउने गर्दछन् भने नेपाली प्रेसले हिंसालाई प्रश्रय दिने खालका समाचार प्रसार गर्छ। नेपाली सञ्चार माध्यमले राष्ट्रको हितलाई ध्यानै दिदैन त ?

यो पनि सही कुरा होइन। नेपाली राष्ट्रियतासँग गाँसिएका मूल्य र मान्यतालाई नेपाली प्रेसले उठाइरहेकै छ। त्यसैले नेपाली प्रेसले राष्ट्रियताप्रति ध्यानै दिएको छैन भन्ने कुरा वस्तुगत तथ्य होइन। कुनै मन्त्री वा कुनै खास सरकारका सम्बन्धमा बढाइचढाइ गरेर लेखेन भनेर वा प्रचार प्रसार गरेन भनेर यस्ता गुनासा पोख्ने चलन छ।

पत्रपत्रिकामा प्रकाशित सबै कुरा राम्रा छन् नराम्रा केही छैन भन्न खोजेको होइन। नेपाली प्रेसले द्वन्द्वका कुरामात्र लेखे भन्नु गलत हो। किनभने द्वन्द्व समाजमा व्याप्त छ त्यसैले त्यो समाचारको विषय पक्कै बन्छ। कल्पना गरौँ, नेपाली प्रेसले द्वन्द्वकोबारेमा केही लेख्दै लेखेन अरे। त्यसबाट समस्याको समाधान हुन्छ त ? हुँदैन। त्यस समस्याको समाधानका निन्ति पनि जनसमक्ष सूचना पुग्नु पर्छ।

नेपाली प्रेस मर्यादित भएन त्यसैले सञ्चार ऐनमा संशोधन आवश्यक छ भन्ने खालका कुरा पनि आइरहेको छ।

मर्यादित भनेर टुङ्गो लगाउने कसले ? यहाँ प्रश्न उठ्छ। सरकारलाई असहयोग हुने केही सामग्री प्रकाशन गरेकै कारण सञ्चारमाध्यम अमार्यादित भयो भनेर हल्ला गर्नेहरू नभएका होइनन्। प्रेसमा आएका आलोचना र टिप्पणीले सुधने अवसर प्रदान गर्दछ। त्यसो नगरेर उल्टै प्रेस मर्यादित भएन भन्नु उचित होइन।

प्रेसलाई मर्यादित बनाउन भनेर जस्तो कानुन बनाइएको छ त्यसले नियन्त्रण मात्र गर्न खोजेको छ। प्रेसलाई स्वतन्त्रता प्रदान गरेर ऊ आफैलाई मर्यादित बन्न दिनु पर्छ। यो विषयमा वा यो प्रसङ्गमा मर्यादाको अतिक्रमण भएको छ भनेर बरू सचेत गराउन सकिन्छ।

आफूलाई सजिलो भयो भने प्रेसले राम्रो गऱ्यो भन्ने। आफ्नो टीकाटिप्पणी भयो भने अमर्यादित भयो भनेर पन्छिने प्रवृति रहिआएको छ। सरकारले कुनै काम तीन महिनामा गर्छु भनेर पूरा नगरेको अवस्थामा प्रेसबाट आलोचना त हुन्छ नै। हो, प्रेसले पनि के समाचार हो, के विचार हो, कुन विषयलाई कुन हदसम्म महत्व दिने हो भन्ने कुरामा सुधार्नु पर्ने अवस्था छ। त्यस्ता बुँदालाई नऔँल्याइकन, प्रेसलाई आवश्यक सहयोग पनि नगरिकन उल्टै भय सृजना गरेर प्रेसलाई तह लगाउन खोज्नु त हुन्न।

सञ्चार अध्यादेशले नेपाली सञ्चार माध्यमलाई कस्तो असर पार्ला त?

एफ एम रेडियोले हालका केही वर्षमा राम्रो प्रगति गरेको छ। जनताको जीवनमा यी रेडियो स्थापित भएसकेका थिए। कसैले सुन भनेर बाध्य गराएको थिएन। जनतामाझ सूचना पुऱ्याएर तिनले सेवा गरिरहेका छन्। एफ एमलाई मनोरञ्जनात्मक कार्यक्रम बजाऊ र यो यो कार्यक्रममात्र प्रसारण गर भनेर तोक्ने काम भयो। तर संविधानले त त्यसो भनेको छैन। संविधानले सूचनाको हकलाई सुरक्षित गरेको छ।

तपाईको विचारमा सञ्चार अध्यादेशले प्रेसलाई कसरी असर पुऱ्याउँछ?

यसले गरिनै सक्यो। पहिलो कुरो आमसञ्चार माध्यममा अहिले धेरै उदाहरण देखिँदैन। जस्तो एफ. एम. हरू यो हालसालका वर्षहरूमा राम्रो प्रगति गरेको थियो। एफएमहरू जनताका प्रिय भए। कसैले सुन भनेर बाध्य गराएको होइन। देशका विभिन्न भागमा एफएमहरूले जनताको सेवा गरिरहेका छन्। त्यो सेवा के हो भने तिनीहरूले सूचना प्रदानको सेवा गरिरहेका छन्। त्यसलाई मान्छेले रूचाएका छन्। कुनै दिन पत्रिका पढ्न रूचाउँथे अहिले सूचना सुन्न मन पराउँछन्। तर एफएममा आउने केही भाषाहरू, केही प्रसंगहरू कसैलाई मन परेन भन्दैमा एफएम सेवालाई नै प्रश्न उठाउन मिल्दैन। आमसञ्चार माध्यम जस्तो एफएमलाई आम सञ्चार माध्यम होइन। एफएमहरू गीत बजाउने साधन मात्र हौं भन्ने कुरा निरर्थक हो। संसारमा एफएमलाई अहिलेसम्मको परिभाषामा आमसञ्चार माध्यम नै भनिएको छ। अनि त्यही एफएमलाई हाम्रा यहाँ गीत बजाउनु, अनि तोएिका केही कार्यक्रम मात्र बजाउनु भनिन्छ। तर संविधानले त त्यसो भनेको छैन नि। संविधानले सूचना प्रवाह र सूचनाको हकलाई सुरक्षित गरेको छ। अब त्यसपछि आएका नियमहरू कानुनहरूले चाहिँ यो यो सूचना दिनु यो यो सूचना नदिनु भनेकाले अप्ठ्यारो त आयो नि। फेरि यो एफएममा मात्र यसको असर छैन, भनिएको हैन यसको असर त प्रिन्टमा पनि पर्छ नि। एफएममा परेको जस्तो असर भोलि पत्रिकामा नपार्ला कहाँ भन्न सकिन्छ र ? विज्ञापनमा एकद्वार प्रणालीको संकेत पनि नियन्त्रण तिर जान लागेको हो कि जस्तो देखिन्छ। समाचार कक्षमै सरकारको प्रवेश जस्तो कुरा पनि त राम्रो हैन। सरकारको नीति नियम त प्रेसले मानेकै हो तर जुन प्रकारले समाचार कक्षमा गएर उपकरण लुट्ने व्यवहार सरकारले गऱ्यो त्यो व्यवहार ठीक भएन र त्यो व्यवहारका कारण प्रेस दच्किएको छ, तर्सिएको छ। सञ्चारमाध्यमका प्रतिनिधिहरूलाई प्रशासकहरूले समय समयमा बोलाएर सोध्ने लगायतका काम भएका छन्। पत्रकारलाई यसरी सोध्ने काम एक प्रकारको यातना हो।

अब अवस्था यस्तै कायमै रहने हो भने नेपालको प्रेसको भविष्य कस्तो होला ?

भविष्यमा नेपाली प्रेस नाममा नेपाली प्रेस रहन्छ तर त्यहाँका सूचनाहरूले जनताको सेवा गरेका हुँदैनन्। खास सूचना पाउन हामीले फेरि भारतीय पत्रिका पढ्नु पर्ने हुन्छ, फेरि एकपटक हामीले भारतीय रेडियोहरू सुन्नपर्ने हुन्छ। जानी नजानी नेपाली प्रेसले, नेपाली सूचनाको प्रवाह नेपाली प्रेसबाटै हुनसक्छ भन्ने मान्यता स्थापित गरेको हो। एफएम तथा टिभीहरूले पनि यही मान्यता स्थापना गरेकै हुन्। वर्तमान अवस्था विद्यमान रहने हो भने हाम्रो प्रेसमा खास कुरो केही रहँदैन। पञ्चायतकालमा नेपालको बारे थाहा पाउन भारतीय पत्रिका र रेडियो सुन्नु पर्थ्यो। वीवीसी सुन्नु पर्थ्यो। तर नेपाली कुरा सुन्न विदेशी सञ्चार माध्यममा भर पर्नु पर्ने कुरा आयो भने त अप्ठ्यारो हुन्छ। एकदिन यस्तो आउँछ हामी आफै आफैले सेन्सर गर्न थाल्छौं। त्यसबेला मैले के सोच्छु भने, के के कुरा गर्दा मलाई सिडिओले प्रश्न नगर्ला, के के कुरा लेखिन भने सरकारले प्रश्न नउठाउला। आमसञ्चारमा के मान्यता राखिन्छ भने शुरु हुन दिनु हुन्न शुरु भएपछि निरन्तरता दिनु पर्छ । त्यसैले समाचारदातामा सम्पादकमा, प्रकाशकमा सुरु हुन थाल्छ। विषयवस्तु नबुझ्ने दिन आउँछ। भविष्यमा सूचनामा संकट आउनेछ र अन्ततोगत्वा नेपाली समाजले यसबाट दुःख पाउने नै भयो।

पत्रकार महासंघ अहिले प्रेस स्वतन्त्रताका लागि आन्दोलित छ नि यसलाई कसरी लिनु भएको छ ? कतिले यो आन्दोलनको औचित्य छैन पनि भनेका छन् ?

अहिले नेपालमा स्वतन्त्रता भएन, प्रजातान्त्र भएन भनेर जुन आन्दोलन चलिरहेको छ त्यो गाँसिएर चलिरहेको छ। प्रजातन्त्र नै नभएको बेलामा प्रेस स्वतन्त्रता पनि छैन भन्ने आधारमा पत्रकार महासंघले गरेको आन्दोलनका बारेमा टिप्पणी नगरौं। मलाई के लाग्छ भने पत्रकारिताको कुरो पत्रकारहरूले पत्रकारिताकै माध्यमबाट उठाउनु राम्रो हुन्छ। राजनीतिज्ञहरूले गर्ने विरोध र पत्रकारले गर्ने विरोधमा फरकपन हुनु पर्दछ। पत्रकार भएरै विरोध होस् भन्ने मलाई लाग्छ।

पत्रकार महासंघले कस्तो भूमिका निर्वाह गर्नुपर्ला त ?

म पत्रकार साथीहरूलाई के अनुरोध गर्छु भने पत्रकार हो वा राजनीतिक कार्यकर्ता यसमा फरक चाहिँ ल्याउनु पर्छ। त्यो हाम्रो दायित्व हो। पत्रकारले राजनीतिक कार्यकर्तालाई पनि प्रश्न गर्छ। जब पत्रकार नै राजनीतिक कार्यकर्ता जस्तो बनेपछि त्यो राजनीतिक कार्यकर्ताको प्रश्न पत्रकारले गर्न नसक्ने हो। पत्रकार मित्रको स्वन्त्रता चाहिँ गुमाउनु हुँदैन।

द्वन्द्वको न्यूनीकरणका लागि नेपाली प्रेसका भूमिका कस्तो हुनुपर्छ ?

द्वन्द्वको प्रभाव नेपालको सबै पक्षलाई छोएको छ। हामी सूचनाका क्षेत्रमा काम गर्ने सुचनाकर्मीहरूले के ठान्छौ भने यदि हामीले हाम्रो समाजमा रहेका विभेद, विसंगति, समाजले मान्छे नै नगनेका व्यक्तिहरू पनि छन् उनीहरूका कुराहरू उजागर गरेर र तिनीहरूलाई मूल प्रवाहमा समावेश गर्ने वातावरणका लागि हामी काम गर्दै थियौं। हाम्रो देशमा विस्थापितको समस्या छ विस्थापितका बारेमा लेखौं सरकारले तिमीहरू द्वन्द्वका कुरा मात्रै लेख्छौ भन्छ नलेखौं समाजको यति ठूलो सरोकारको विषय हाम्रो अगाडि छ। द्वन्द्वको प्रभाव ठूलो छ, त्यो प्रभावका बारेमा आज नलेखौंला तर त्यसको प्रभावबाट नेपाली समाज अछुतो त रहन सक्दैन। पत्रकारहरूले लेख्न थाले भने समस्या समाधानका लागि पहल हुन सक्छ।

केही विषयवस्तुहरू यस्ता छन्। जसका बारेमा लेखेर समाजलाई सही जानकारी गराउनु पत्रकारको मुख्य जिम्मेवारी हुन सक्छ। पत्रकारिताको क्षेत्र भनेको समाजमा सूचनाको आवश्यकतासँग सम्बन्धित हुन्छ। पत्रकारिताको माध्यमबाट शान्ति स्थापनाका लागि कार्य गर्दा कहिलेकाँही प्रशासनका मान्छेलाई चित्त नबुझ्दो हुन सक्छ। त्यसबेला सरकारले प्रश्न उठाए हुन्छ तिमीहरू यहाँनिर अमर्यादित भयौं भनेर। प्रेसले द्वन्द्वलाई समाधान गर्न सक्दैन तर समाधानको प्रयासलाई मद्दत पुऱ्याउन सक्छ। प्रेसले भन्ने वित्तिकै द्वन्द्व सकिँदैन। समाज राजनीति पनि जिम्मेवार हुन्छ। प्रेसले सहजीकरणको भूमिका निर्वाह गर्न सक्छ। प्रेसले बोल्नै नचाहेकाहरूलाई बोल्ने परिस्थिति सिर्जना गरिदिन्छ। त्यसैले प्रेसलाई हेर्ने दृष्टिकोणलाई नै फरक गर्नुपऱ्यो।



इन्सेकमा उपलब्ध केही प्रकाशनहरू

का. जि. का. द. नं. २१/४९/५०

BY AIRMAIL

नेपालमा पहिलो

मानवअधिकार समाचार अनलाइन

नेपाली र अंग्रेजी भाषामा

www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरु समेटिएको
यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको ताजा
जानकारी लिनुहोस् ।